

# समष्टि



११८

कृषि विकास बैंक लिमिटेडको साहित्यिक प्रकाशन



Got Opportunity to
STUDY
ABROAD?
You can get
EDUCATION
LOAN
HASSLE-FREE PROCESSING
REASONABLE INTEREST RATE
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

जि.का.द.नं. ४४-३६/३७

कृषि विकास बैंक लि. को साहित्यिक प्रकाशन

# समष्टि

साहित्य, कला, संस्कृतिको अर्धवार्षिक

वर्ष ४६ २०८१ पुस अङ्क ११८

**संरक्षक**
गोविन्द गुरुङ

**सम्पादन समूह**:
अध्यक्ष : प्रताप सुवेदी
सदस्य : वाशु अधिकारी
सदस्य : नारायण प्रसाद आचार्य
सदस्य : खेमराज काफ्ले

**सदस्य सचिव/कार्यकारी सम्पादक**
कृष्ण प्रसाद ज्ञवाली

**प्रकाशक**:
कृषि विकास बैंक लि.
मुख्य कार्यालय

**आवरण**:
टच क्रिएसन प्रा.लि.

**मुद्रक**:
वेष्टन प्रिन्टिङ्ग सपोर्ट प्रा.लि.
काठमाडौं
मो. : ९८५१०५७१२९

**सम्पर्क**
**समष्टि अर्धवार्षिक**
**कृषि विकास बैंक लिमिटेड**
सामान्य सेवा विभाग
Out Sourced Service
Management Section
मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं, नेपाल
ईमेलः banknews@adbl.gov.np

# सम्पादकीय

कृषि विकास बैंक लिमिटेडद्वारा प्रकाशित साहित्यिक पत्रिका समष्टिको प्रकाशन आरम्भ नेपाली साहित्यको उर्वर समय ३० को दशकमा भएको थियो। यसले आफ्नो अनवरत यात्राको करिव ४७ वर्ष पुरा गरेको छ। यो लामो यात्रामा समष्टिका ११७ अंक प्रकाशन भइसकेका छन भने पाठक समक्ष ११८ औं अंक पस्किने जमर्को गरिएको छ। नेपाली साहित्यको आकाशमा उदाउदै अस्ताउदै गरेका थुप्रै साहित्यिक पत्रिकाहरुको भिडमा ११८ अंक सम्म निरन्तर प्रकाशन हुनु निश्चित रुपमा समष्टिको किर्तिमानी यात्रा हो। नेपाली कला र साहित्यको जगेर्ना गर्दै समष्टिको अनन्त यात्राको लागि कृषि विकास बैंक लिमिटेड अझै प्रतिवद्ध रहेको छ।

कृषि विकास बैंक लिमिटेड नेपालको बैंकिङ्ग ईतिहासमा विशिष्ट पहिचान वोकेको बैंक हो। नेपालको गरिबी निवारण र ग्रामिण विकासको लामो अनुभव हासिल गर्दै अत्याधुनिक बैंकिङ्ग सेवामा समर्पित कृषि विकास बैंक लिमिटेड नेपाली समाजको हरेक पक्षसँग प्रत्यक्ष जोडिदै आएको छ। कुनै पनि समाजको विकास आर्थिक विकाससंगै सामाजिक, सांस्कृतिक विकासको समेत जरुरत पर्ने विषयलाई आत्मसाथ गरी कृषि विकास बैंक लिमिटेडले सम्पादन गरेको थुप्रै कामहरु मध्ये समष्टिको प्रकाशन पनि एक हो। जसले नेपाली साहित्य र कलाको विकासमा उल्लेखनीय योगदान पुऱ्याएको छ। यसमा कृषि विकास बैंक लिमिटेडले गर्वानुभूति गरेको छ। बैंकिङ्ग व्यवसायको निकै चुनौतिपूर्ण र जवाफदेहीपूर्ण कृयाकलापसंगै साहित्यिक यात्रालाई समेत निरन्तरता दिनुलाई प्रशंसनीय कार्यको रुपमा लिन सकिन्छ।

कृषि विकास वैंक लिमिटेडको यो साहित्यिक यात्रामा नेपाली साहित्यका मुर्धन्य साहित्यकारहरुको योगदान स्मरणीय छ। विभिन्न साहित्यिक रचनाहरु तथा समय समयका प्राप्त सुझाव र सल्लाहको लागि उहाँहरु प्रति समष्टि परिवार हार्दिक आभार प्रकट गर्दछ। आउने दिनहरुमा समेत उहाँहरुको साथ र सहयोगको अपेक्षा गर्दछौ। साथै प्रस्तुत ११८ औं अंकमा आफ्नो अमूल्य रचना उपलब्ध गराउने सम्पूर्ण लेखक/स्रष्टा महानुभावहरु प्रति समेत अभार प्रकट गर्दै यहाँहरुको उज्जवल साहित्यिक भविश्यको लागि शुभकामना व्यक्त गर्दछौं।

# विषय-सूची

कविता/गजल/गीत


| | | | |
|---|---|---|---|
| १. | **भ्रमण र अनुभूति : कर्णाली प्रदेश** | सञ्जीव पौडेल | १ |
| २. | **रनमल होटल र रनभुल हामी** | प्रताप सुवेदी | १२ |
| ३. | **घले गाऊँ-स्वर्गको एक टुक्रो** | बाबुकाजी थापा | २१ |
| ४. | **गाउँको खोजी** | इन्द्रकुमार श्रेष्ठ | २५ |
| ६. | **पहिरोमा सगरमाथा** | सानुराजा श्रेष्ठ अञ्जान | २८ |
| ७ | **मलाई पनि माया गर्ने गर** | अमृत प्रसाद पौड्याल | २९ |
| ८ | **मन भित्रको भावना** | सम्पदा ज्ञवाली | ३० |
| ९ | **ककनी** | सुरज श्रेष्ठ | ३१ |
| १० | **दोष कस्को** | सन्तोष भुजेल | ३२ |
| ११ | **टाढा हुँदैछु** | सुस्मिता बिसुंखे | ३३ |
| १२ | **मन जित्न सकुँ** | रोशन भुजेल | ३४ |
| १३ | **माया** | सुरज रन्जित | ३५ |
| १४ | गजल | ढाकाराम अधिकारी | ३६ |
| १५ | **व्यवहार** | आरति खत्री | ३७ |
| १६ | **कसैगरी बिसेक हुदैन घाउँहरु !** | नारायणलाल श्रेष्ठ | ३८ |
| १७ | दिदि | नविन काफ्ले 'अभि' | ४० |
| १८ | **समयको अन्तरालमा हजुरआमा** | जयन्ती स्पन्दन | ४१ |
| १९ | **सहज चार कर्जा** | शान्तिराम भट्टराई | ४३ |
| २० | **बिना नाम को 'म'** | पोषराज सुवेदी | ४४ |
| २१ | **हाम्रो घाम छायाँ** | गीता आचार्य | ४५ |
| २३ | **तिम्रो सरकार ढलेपछि लिन आऊ आफन्त** | सोम बहादुर गुरुङ | ४६ |
| २४ | **गीत** | रामेश्वर जलन | ४८ |

| कथा/निबन्ध/समालोचना/हास्यव्यङ्ग्य/कृति समीक्षा/ लेख/यात्रा संस्मरण | | | |
|---|---|---|---|
| १ | आत्मकथा लेख्ने कथा | कृष्ण धरावासी | ४९ |
| २ | किन्तु...परन्तु...तर... | दिलीप शाह | ५५ |
| ३ | एउटा किम्बदन्ति जस्तो जिन्दगी | रमेश प्रसाद खनाल | ६४ |
| ४ | विविधतायुक्त रोचक कथाहरुको सङ्गालो | मीनराज पोखरेल | ७२ |
| ५ | ल्याब ब्वाइ ! | अनिता कोइराला | ७७ |
| ६ | पन्नालाल (लघुकथा) | डा. श्यामप्रसाद न्यौपाने | ८४ |
| ७ | अर्जुन चित्रकार बन्नेछन् | सनतकुमार आचार्य | ८६ |
| ८ | यदि म मरेँ भने ? | वासुदेव गुरागाईं | ८८ |
| ९ | अधिकार मात्रै कि कर्तव्य पनि? | राजेशमान के.सी. | ९३ |
| १० | ती दिन !! | विमल भौकाजी | ९६ |
| ११ | अद्भुत प्रेम | दशराज शाक्य | ९९ |
| १२ | नेपाली लोकसाहित्यका उद्भट्प्रतिभा जनकविकेशरी धर्मराज थापा | डिल्लीराम मिश्र ‘कलमजीवी’ | १०३ |
| १३ | कवि सुवेदी र उनको काव्यकारिता | शिवप्रसाद भट्टराई | ११३ |
| १४ | बाह्र महिनाको नयाँ कृति | ज्ञाननिष्ठ ज्ञवाली | १२१ |
| १५ | स्वागतम् ! स्वागतम् !! स्वागतम् !!! | ईश्वर पोखरेल | १२४ |
| १६ | ‘छोटु’ र सञ्जीवको जीवन सङ्घर्ष | वासुदेव अधिकारी | १२६ |
| १७ | अन्तरदृष्टिमा दृष्टिगोचर गर्दा | अरुणबहादुर खत्री “नदी” | १३५ |
| १८ | घरघरको कथा | रत्न प्रजापति | १३८ |
| २० | उज्यालो औँसीको अध्याँरो पक्ष | दुर्गा प्रसाद, घिमिरे | १४३ |
| २१ | माघे सङ्क्रान्तिको महत्व र गोरु जात्रा | त्रिचन्द्र श्रेष्ठ | १४५ |
| २२ | गीत संगीत र मेरो बालापन | राजेन्द्र श्रेष्ठ | १४९ |
| २३ | विपश्यना ध्यान र मेरो अनुभवः | रुक्मिणी भट्ट | १५७ |
| २४ | फणीश्वरनाथ रेणु - छोटो चर्चा | मधु पोखरेल | १६१ |
| २५ | पहिलोपल्ट दरबार पस्दा | अनिल पौडेल | १६४ |
| २६ | ‘ठाँगे उक्लेपछि’को कष्टप्रद यात्रा | प्रा. कपिल अज्ञात | १६९ |
| २७ | पुप्पराजको तेह्रदिने युद्ध तथा श्रीधरको खाट | सञ्जीव उप्रेती | १७२ |
| २८ | लेख्न बाँकी कुरा ... | अनिता पन्थी | १७८ |

# भ्रमण र अनुभूति : कर्णाली प्रदेश



❖ सञ्जीव पौडेल

सञ्चालक समितिको बैठकमा भाग लिन काठमाडौँ गएको थिएँ । वरिष्ट साहित्यकार अनिल पौडेलले फोन गर्नुभयो । कुराकानीकै क्रममा उहाँले भन्नुभयो, “हामी त पर्सी रारातिर जान लागेको, जाने हो ? ” हँ ... रारा ! ‘रारा’ भन्नेबित्तिकै मेरो रारा जाने धेरै अघिदेखिको चाहना पुनः ब्यूँतियो । मैले भनेँ, “यस्तो हतारमा योजना भएको रहेछ, म सल्लाह गरेर तपाईँलाई खबर गर्छु । ” समितिको बैठक सकिएपछि मैले बोर्ड बैठकमा उपस्थित हुनुभएका साथीहरूसँग रारा जाने कुराको बारेमा जानकारी लिएँ । साथीहरू प्रायः सबै जना त्यहाँ गइसक्नुभएको रहेछ । केही समयपहिले बैङ्कका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ रारा पुगेर आउनुभएको रहेछ । उहाँले भन्नुभयो, “म केही दिनअगाडि मात्रै गएर आएको । अहिले मौसम पनि ठिक छ । जानु भए हुन्छ । ” उहाँले  काठमाडौँबाट सुर्खेतसम्म हवाईजहाजमा जाने । त्यहाँबाट रारा जाने तरिका र बास बस्ने ठाउँहरूको बारेमा विस्तृत जानकारी गरिदिनुभयो । उहाँले बैङ्कले लगानी गर्ने र गरिसकेका केही परियोजनाहरूको बारेमा कुरा गर्नुभयो । रारा जाँदा कृषि विकास बैङ्क र त्यससँग सम्बन्धित कार्यालयहरूको बारेमा समेत जानकारी दिनुभयो । बैकका सिइओ गोविन्द गुरुङ्ग र  संचालक समितिका सदस्य डा. राजेन्द्र मिश्र कर्णाली प्रदेशमा कृषि मन्त्रालयको सचिवको जिम्मेवारीमा रहि सक्नु भएकोले उहांको कुराले समेत मलाई छोटै समयमा भए पनि रारा जान उत्प्रेरणा मिल्यो । जाने निर्णय गरेँ । धेरै समयदेखिको रारा पुग्ने रहर यो पटक पूरा हुने भयो भनेर म हर्षित भएँ ।

सोही दिन साँझपख मैले अनिल दाजुसँग सल्लाह गरी सुर्खेतसम्मको जहाजको टिकटको व्यवस्था गरिहालेँ । म रारा जाने कुरा सुनेपछि भाइ गोकुलले “म पनि तपाईँहरूसँगै जान पाए हुन्थ्यो ?” भनेर आफ्नो जिज्ञासा मलाई सुनाए । मैले “किन नपाउनू, जाने भए जाऊँ न त । ” सल्लाह मिल्यो र अनिल पौडेल, भावना पौडेल, गोकुल खत्री र सञ्जीव पौडेलको टोली तयार भयो । के कसरी जाने भन्ने बारेमा योजना बन्यो । सोही समयमा सुर्खेतका कृषि विकास बैङ्कका निर्देशक सुरज टण्डनसँग पनि सल्लाह भएको थियो । उनि पनि त्यो समयमा काठमाण्डौमा नै

आएका रहेछन् । हाम्रो टोलीमा उनी पनि सहभागी हुने र रारासम्म सँगै जाने सल्लाहा भयो । योजना बनेको दिन थियो २०८१ साल बैशाख २५ गते ।

भोलिपल्ट अर्थात् बैशाख २६ गते मातातीर्थ बैशाख कृष्ण औँशीको दिन रहेछ । तिथिले औँशी परे पनि हामी चार जनाको मुहार रारा जाने खुसीमा पूर्णिमाको जूनझैँ उज्यालो बनेका थियो । हाम्रो योजना अनुसार २६ गते बिहान ७:४५ को बुद्ध एयरको जहाजबाट हामी चार जनाको टोली सुर्खेततिर लाग्यौँ । सुरज टण्डनजी बिहान ७:०० बजे नै श्रीएयर लाइन्सको जहाजबाट सुर्खेत जानुभएको थियो ।

हामी भन्दा अगाडी नै सुरजजी सुर्खेत पुगि सक्नु भएको थियो । सुरजजी र कृषि विकास बैङ्क सुर्खेतका साथीहरूले एयरपोर्टमै हामीहरूलाई न्यानो स्वागत गर्नुभयो । हामीहरूले उहाँहरूको न्यानो स्वागतसँगै कृषि विकास बैङ्क प्रदेश कार्यालय सुर्खेतमा नै बिहानको खाना खायौँ । त्यहाँबाट रारा जानका लागि बैङ्कको सवारी साधनभन्दा त्यही बाटोमा हिँडिरहेका सवारी साधनमा जान उपयुक्त हुने कुरा काठमाडौँमै बैङ्कका सिइओले भनी सक्नुभएको थियो । सुर्खेतका साथीहरूले पनि त्यही प्रकारको सल्लाह दिनुभयो । सोही अनुसार ०२४ च ४६४२ नम्बरको  भाडाको स्कारपिओ गाडीलाई लैजाने सल्लाह भयो । सवारी चालक थिए सन्देश बि.क. ।

हामीहरू त्यहाँबाट करिब ११:०० बजेतिर रारालाई लक्ष्य बनाई अगाडि बढ्यौँ । पहाडी बाटो, उकालो चढाइ र वरिपरिका रमाइला प्राकृतिक दृश्य हेर्दै कटकुवा, रतीखोला, छेदा, लाते, सिद्धपाइला, रातानाङ्ला हुँदै रानीमत्ता पुगेपछि सुर्खेत जिल्लाको सिमाना समाप्त हुँदो रहेछ । सुर्खेतबाट माथि कर्णाली राजमार्गको उकालो माथि स्टेभ्याली पुगे पछि सुर्खेततिर फर्केर हेर्दा बजार पूरै देखिँदो रहेछ । सुर्खेतलाई दृश्यावलोकन गराउने उद्देश्य राखी विभिन्न व्यवसायीहरूले डाँडामाथि होटल तथा लजहरू खोलेका रहेछन् ।

दैलेख जिल्ला लागेपछि गुराँस गाउँपालिका प्रवेश गरियो । बाटोमा पर्ने ठाउँहरु कानीमत्ता, घोडावास, गाईवान्ना, तालपोखरी, रिट्ठा, चिसापानी, शियाकोट, रतिखोला, काउलेखोला, तल्लो डुङ्गेश्वर हुँदै गुराँस गाउँपालिका सकिने रहेछ । त्यसपछि दुल्लु नगरपालिका सुरु हुने रहेछ । गाडी आफ्नै गतिमा अगाडि बढ्दै थियो । हामीहरू कुराकानी गर्दै प्राकृतिक सौन्दर्यपान पनि गर्दै रहेका थियौँ । बाटोमा पर्ने दरबारे, गिट्टीखोला, नाउली, सियाला, कालेखोला, पादुकाखोला, डाव, असराघाट, सिस्ने, आठबिस, टुनीबगर, साइगाउँ हुँदै राकमकर्णली  पुगियो । त्यही चिया, खाजा खाइयो । त्यहाँ कृषि विकास बैङ्कको शाखा कार्यालय पनि रहेछ । त्यहाँका प्रबन्धक र कर्मचारी साथीहरूसँग बैङ्कको बारेमा छोटो जानकारीसमेत लिइयो । त्यहाँबाट अगाडि बढेपछि साइखोला, वसुन्धारा, आकाशगर्ग हुँदै आठबिस नगरपालिका सुरु

भयो । कर्णाली राजमार्ग कहीँ पिच, कहीँ भत्केको पिच, साँघुरो बाटो भएकाले कहीँ कहीँ त विपरीत दिशाबाट आएका सवारीलाई साइड दिन पनि कठिन हुने रहेछ ।

सेरीघाटबाट फेरि उकालो सुरु हुने रहेछ । खिड्की जिउला, ददि खोला हुँदै त्यो दिन हामी कालिकोटको सदरमुकाम मान्मामा वास बस्न पुगियो । झमक्क साँझ पर्दा त्यहाँ पुगेका थियौँ । वास बस्नका लागि हामी 'कोट दरबार' भन्ने होटलमा पुग्यौँ । हामीले कालिकोटको कृषि विकास बैङ्कमा पहिल्यै सम्पर्क गरिरहेको हुनाले हामी सोझै होटल गएका थियौँ । कालिकोटको कृषि विकास बैङ्कमा सुदर्शन अधिकारी प्रबन्धक रहेछन् । उनलाई भेटेर त्यहाँको व्यवसाय र कार्यालयका समस्याहरूका बारेमा केही समय छलफल भयो । सुर्खेतका निर्देशक हाम्रो टोलीमा सँगै भएका हुनाले कार्यालयमा परेका समस्या सुन्ने र समाधान गर्नेसमेत काम भएको थियो । त्यहाँ बैङ्कको घरबेटीको कर्जाको बारेमा केही समस्य भएको कुरासमेत त्यहाँ जानकारी भयो ।

मलाई कर्णालीको भूगोल, त्यहाँको संस्कृति र मानिसहरूको अवस्थासमेत आफ्नै आँखाले देख्ने इच्छा थियो । त्यही भएर हामी धेरै ठाउँमा रोकिँदै-रोकिँदै गएका थियौँ । त्यो बाटोमा हिँड्दा तराई या मध्य पहाडी जिल्लातिरजस्तो बाटामा सानासाना पसलमा चिया-नास्ता पाइने रहेनछ । दुधको चिया त सुर्खेतबाट हिँडेपछि मान्मा पुगेर मात्र देखियो । फर्कँदा पुनः जुम्लामा पुगेर मात्र देख्न पाइयो ।

यात्राको दोश्रो दिन अर्थात २७ गते बैशाख बिहान मान्माबाट अगाडि बढ्यौँ । त्यहाँबाट हिँड्दा पारिपट्टि डरलाग्दो भीर देखिएको थियो । आखिर हामी जाने बाटो त पूरै तै  भीरैभीर पो रहेछ ! हामी अगाडि बढ्दै जानेक्रममा ताडी, शुभकालिका हुँदै बिहानीबजार भन्ने ठाउँमा पुगियो । नाम बजार भए पनि खासमा बजार भने थिएन । राताडाव तेस्रोबजार, सेराबाडा, खाडाचक्र, तिलागुफा र वाफीघाट हुँदै अगाडि बढियो । डरलाग्दा पहाड, साँघुरा बाटा, कतैकतै मानिसहरू भेटिने पातला काठले छाएका घरहरू पनि देखिए ।

गाडी आफ्नै रफ्तारमा अगाडि बढिरहेको थियो । अगाडि बढ्ने क्रममा भैँसीगौँडा, टिमुरे, गल्जेबजार, खल्लागाउँ, राँचुली, नमघाट, भिग्मा हुँदै हाम्रो गाडी नाग्मा पुग्यो । यहाँ केही पसलहरू रहेको देखियो । यहीँ हामीहरू सबैले बिहानको खाना खायौँ । खाना खाएर हामीहरू पुनः अगाडि बढ्यौँ । यो बाटो हिँडी रहँदा कालिकोटको पिली पहाड पर्दोरहेछ । यही पहाडमा माओवादी द्वन्द्वकालमा भएको युद्धमा ठुलो सङ्ख्यामा सेनाको हताहती भएको जानकारीसमेत त्यहीँका मानिसहरूबाट प्राप्त भयो । युद्ध भएको ठाउँमा अहिले एउटा टावर बनाइएको रहेछ । यसैपनि डाँडाबाट चारैतर्फ देखिने भएकोले सायद टावर बनाउनु आवश्यक थिएन कि ? भन्ने सोच मेरो मनमा लाग्यो । खै, के सोचेर स्थानीय निकायले यो ठाउँमा टावर बनाएको हो, मैले बुझ्न

सकिनँ । बाटोहरु डाँडाको विचबाट भए पनि पुरै भिरको  बाटो हुनाले गाडीबाट तलतिर हेर्न सक्ने सामर्थ्य कसैको पनि थिएन । यसो केही गरी तलतिर हेरियो भने टाउको रिँगाउने खालको रहेछ ।

खाना खाएपश्चात् लगभग ११:०० बजेतिर हामीहरू त्यहाँबाट आफ्नो गन्तव्य छोट्याउने तरखरले अगाडि बढ्यौँ । हाम्रो योजनाअनुसार हामीहरू रातको वास रारा नजिकै गरिने थियो । अगाडि बढ्दै जाँदा बागबजार, भूगोलपाटा, बाँजागाड, कोइरेली, बड्की, हिमा, आचारलिही, नरकोट, चुलेलगाँउ हुँदै सिन्जा पुग्यौँ । कालिकोट सकिएर जुम्ला जिल्ला लागियो ।

सिन्जा पुग्दा नेपाली भाषाको उत्पत्ति भएको स्थान भनेर पढेका थियौं । आफूले बोलिरहेको भाषाको उत्पत्तिस्थल पुग्दा मेरो मनमा कौतूहल पैदा गरायो । त्याहा केहिबेर ओर्लेर केही सोधपुछ गरौँ भनेको खासै त्यस्तो व्यक्ति भेटिएन । अरू बाटोको अवस्था जे जस्तो भए तापनि सिन्जामा भने फराकिलो र भरखर राम्रो पिच भएको बाटो देखियो । हामीहरू त्यहाँ केही समय गाडी रोकेर सुस्तायौँ । सिन्जा छोडेपछि फेरि बाटोको दुर्दशा भोग्नुपर्‍यो । कच्ची बाटो भए तापनि ग्राभेल भएकाले केही राम्रै मान्न पर्‍यो । सिन्जा कटेपछि पाण्डवचोक, गौरी चौर, गोठीज्यूला पुगेपछि जुम्ला जिल्लाको सिमाना सकिने रहेछ र मुगु जिल्ला प्रवेश गरिँदो रहेछ ।

मुगु प्रवेश गर्दैगर्दा बोतागाउँ,भूलभूले कटे पटि रारा राष्ट्रिय निकञ्ज शुरु हुने रहेछ । पिना भन्ने ठाउँ कटे पछि ताल्चा विमानस्थल आउँदो रहेछ । ताल्चा विमानस्थलबाट रारा जान  बायाँतिर सल्लेरी तिर जानु पर्ने र मुगुको सदरमुकाम जांदा दायाँतिर ओरालो जानु पर्ने रहेछ । ब्रह्मकुण्ड र गल्लापानी हुँदै मुगु जिल्लाको सदरमुकाम गमडढि पुगिँदो रहेछ । गमगढी ताल्चा विमानस्थलबाट निकै तल खाल्टोमा पर्दोरहेछ । भिरालो जमिन, कतै एउटा ठुलो घर बनाउने ठाउँ पनि नहोलाजस्तो । त्यहाँ कृषि विकास बैङ्कका प्रबन्धक र कर्मचारी साथीहरूसँग त्यहाँको बैङ्किङ, व्यवसाय र अन्य समस्याहरूका बारेमा छलफल गरियो । फापरको रोटीको खाजा खाएर गमगढीबाट पुनः अघि आएको बाटो फर्कँदै ताल्चा विमानस्थल हेरियो । त्यो विमानस्थल डाँडामा भएको कारणले बाह्र बजेपछि हावा चल्ने हुँदा बाह्र बजे अघि नै विमान आउने रहेछ । नेपालगन्जबाट उडान हुने जहाजहरूको मौसममा भर पर्नुपर्ने अवस्था रहेछ । त्यो दिनमा हामी सल्लेरी गएर साङ्ग्रीला होटलमा बास बसियो । त्यहाँ पुग्दा साँझको साढे सात बजेको थियो । हामीले पहिला नै खबर गरेकोले होटलमा हाम्रोलागि खाना बस्नको व्यबस्था भएको थियो ।

तेस्रो दिन होटलबाट तयार भएर बिहान ६:०० बजे नै निस्कियौँ । होटलबाट केही पर मिलीचौरसम्म गाडीमा गयौँ । त्यहाँबाट गाडी नजाने भएकाले या त पैदल हिँड्नुपर्ने या त घोडा चढ्नुपर्ने रहेछ । त्यहाँबाट रारातालसम्म पुग्न लगभग आधा

घण्टा लाग्ने रहेछ । हामी २८ गते विहनाको करिव ७ बजे  हाम्रो अन्तिम गन्तब्य रारा पुग्यो । आहा ! विहनीको झुल्के घाम मनमोहक अनि शान्त, निलो, सफा वरिपरि हरियो जंगल विचमा ताल त्यो सौन्दर्यको वयान कुन शब्दले गरुँ ? ताल पहिलो पटक देखे पछि सबैको मुखबाट आएको हो आवाज आहा रारा !

नेपालको प्राकृतिक सम्पति साच्चै  अनुपम उपहार छन् । नेपालको सम्पति भनेकै प्रकृतीले दिएको उपहार हो । रारा पनि प्रकृतिको उपहार मध्येको सर्वोकृष्ट मनमोहक उपहार रहेछ । हाम्रो भ्रमण टोली राराको छेउमा पुगेर एकटकले ताल नियाली रह्यो । त्यती अग्लो भुभागमा चारैतिर हरियाली जंगल बिचमा निलो,सफा कन्चन पानी । जति हेरयौ त्यती मुखबाट अनायास निस्कन्छ आहा रारा ! तै बस्दा कविता फुर्‍यो :

हे नेपाल आमा सुन्दर प्रकृतीकी खानी ।
दिएकी छौ चांदीसरी हिमाल र पानी
यती अग्लो जमिनमा बसेकी रारारानी ।
काँहाबाट जम्मा गर्‍यौ यति धेरै पानी ।।

कविता भनने वितिकै कवि मविवि शाहको रारा कि अप्सरा कविता सम्झनामा आयो । उनले  भनेका थिए । कविताको केही अंश :

रारा भनेको तिमी को हौ?
स्वर्ग कि अप्सरा ?
अथवा इन्द्रको कोपले गर्दा
झर्यौ पृथ्वीमा, धेरै बर्षअधिदेखि
रहि आयौ यस सुनसानमा उपेक्षित?
भन ! भन विन्ती छ मेरो
अथवा स्वर्ग नै ठान्यौ तिमिले झुक्केर
आइ अनि बस्यौ यस र्पथ्वीमा
एसियाको धुकधुकीमा रारा मा नेपालमा ।

तालको पारिपट्टि जानका लागि डुङ्गा ८:०० बजेपछि मात्र वारी आउने रहेछ । हामीहरू बिहानको हिँडाइ पनि हुने भयो भनेर खुसी हुँदै तालको देब्रे किनाराबाट किनारै किनार करिब एक घण्टा तालको सौन्दर्य दृश्यावलोकन गर्दै हिड्यौ । करिव एक घण्टामा तालको पारिपट्टि रहेको डुङ्गा चढ्ने ठाउँमा पुग्यौँ । त्यहाँ नेपाली सेनाको एउटा सानो टुकुडी पनि बस्दो रहेछ । हामीहरूले त्यहीँका आर्मीका अफिसरसँग बसेर चिया पियौँ । उहाँबाट तालको बारेमा धेरै जानकारी प्राप्त गर्न सफल भयौँ । हिउंदमा हिउंले ढाक्ने र जेष्ठको आधा आधि देखि श्रावण महिना सम्म वरिपरी फुलले ढाक्छ हुन्छ भन्ने पनि जानकारी लिइयो ।

२०२० साल फागुन २० गते राजा महेन्द्रको त्यस ठाउँमा भ्रमण भएपछि त्यो

ताललाई 'महेन्द्रताल' नामकरण भएको रहेछ । तर अहिले पनि यो राराकै नामले चिरपरिचित भइ नै रहेको छ । समुद्र सतहदेखि २९९२ मिटर उचाइमा अवस्थित यो ताल १६७ मिटर गहिराइ, लम्बाइ अधिकतम ५.१ कि.मि. र चौडाइ अधिकतम ३.२ कि.मि. रहेका छ । यो तालको क्षेत्रफल १०.८ वर्ग कि.मि. रहेको कुरा *रारा विकिपिडीया*मा उल्लेख भएको पाइन्छ ।

रारातालको वरिपरि हरियो जङ्गलले ढाकेको र बिचमा सफा, सुन्दर, स्थिर र शान्त देखिने ताल प्रकृतिअनुसार रङ्ग फेरिरहन्छ । वरिपरि जङ्गल भए तपानि पातपतिङ्ग तालमा एउटा पनि देखिँदैन । हरेक दिन मध्याह्न पछि आउने हावाले तालमा भएका पातपतिङ्गरहरू किनारामा पुर्‍याइदिन्छन् भनेर त्यहाँका डुँगा चलाउने बोटेहरु भन्दैथिए । रारा राष्ट्रिय निकुञ्जको १०६ वर्ग कि.मि. भित्र यो ताल रहेका छ ।

*'पश्चिम नेपालको अप्सरा'* भनेर परिचित यो ताल त्यहाँका पुराना वासिन्दाहरूका लागि केही दु:ख पनि रहेछ । यो कुरा *सुनिल उलकले २०७९ साल मङ्सिरमा* लेखेको लेख *'राराको सौन्दर्यपछाडि लुकेको रोचक तथ्य र पीडा'* भन्ने शीर्षकमा *Tourism pana.com* मा उल्लेख गरेका छन् । उनका अनुसार २०२० साल फागुन २० गते मङ्गलबार राजा महेन्द्र पहिलो पटक रारादह पुगेका थिए । उक्त अवसरमा उनले लेखेको कविता थियो - *सुन्दरताको भण्डार सारा के खनाया यसै रारामा राराकी अप्सरा.... ।*

उनि अगाडी लेख्छन् ँराजा पुग्नु केहीका लागि खुसिको कुरा थियो । केही राजाका कविताले रमाए तर केहीका लागि भने यो राजाको आगमन अभिसाप भएर आयो । राजाको त्यो भ्रमण सम्झनै मन नलाग्ने कथा भएर आयो । ताल नजिकै तीन बस्तीहरु मुर्मा,रारा र छाप्रु थिए । ती बस्तीहरु त्यहाबाट हटाउने विषयमा छलफल भयो

महेन्द्रलाई यस तालको सुन्दरतालाई कायम राख्न र संरक्षण गर्नुपर्दछ भन्ने सोच आयो । पञ्चायती व्यवस्थाको समयमा राजाले बोलेपछि पुगीहाल्ने । राराको वरिपरि भएका मुर्मा, रारा र छाप्रु गाउँका करिब २३२ घरधुरी मा रहेका १५०० जनसङ्यालाई त्यहाँबाट हटाई बाँके र बर्दियाको जङ्गलमा सार्ने र त्यहाँ राष्ट्रिय निकुञ्ज बनाउने योजना बन्यो । तर त्यो योजना लागु गर्न केही समय लाग्यो । राजा महेन्द्रको सोचअनुसार नै राजा वीरेन्द्रले २०३२ सालमा राष्ट्रिय निकुञ्जनको स्थापना गरे । त्यहाँका बासिन्दाहरूलाई २०३५ सालमा बाँके र बर्दियाका जङ्गली क्षेत्रमा बसाइँ सर्न आदेश दिइयो । आफ्ना पितापुर्खादेखि बसेको ठाउँ छाडेर हिँड्नुपर्दा ती १५०० जनतालाई पीडाबोध भएको कुरासमेत उक्त लेखमा प्रस्तुत गरेका छन् ।

यो १०.८ वर्ग कि.मि. को तालको पारिपट्टि सैनिकहरूको क्याम्प रहेको छ । त्यहाँ जाने पर्यटकहरू बस्नको लागि होटलहरु पनि छन् । हामीहरूलाई बोटेहरूले

सुनाएअनुसार राजनैतिक पहुँचका भरमा  निकुञ्जभित्र होटेलहरू खुलेका छन् । साँचो के हो थाहा भएन । तालभन्दा केही टाढा होटेलहरू पनि रहेको कुरा तिनै नाविकहरूबाट जानकारी पाइयो ।

त्यो समयमा प्रदेशस्तरीय खेलकुद प्रतियोगिता चलिरहेकाले डुङ्गामा विभिन्न स्कुलका बालबालिकाहरू गीत गाउँदै, रमाइलो गर्दै घुमिरहेका थिए । डुङ्गा सीमित सङ्ख्यामा रहेका र विद्यार्थीहरूको भीडभाड भएकाले वारि आउनका लागि केही समय पर्खिनुपर्ने भयो । केही समयपछि मात्र हामीले डुङ्गा चढ्ने अवसर पायौँ । एउटा डुङ्गमा दुई जना चलाउने मानिसहरू रहँदा रहेछन् । उनीहरूसँग कुराकानी गर्दै, हामीहरूले पनि डुङ्गा खियाउँदै फोटाहरू खिच्दै, रमाउँदै झण्डै ४५ मिनेटपछि तालको वारिपट्टि आयौँ । हामीहरू वारिपट्टि आइपुग्दा बिहानको १०:०० बजिसकेको थियो । 'पृथ्वीको स्वर्ग' भनेर चिनिएको र धेरै समयदेखि आउन चाहेको रारातालको नयनाभिराम सुन्दरतालाई केही समय नियाल्यौँ । मन नलागी–नलागी पाइला फर्कायौँ । करिब आधा घण्टाको पैदल यात्रापछि पुनः मिलीचौरमा आइपुग्यौँ । हामीहरूले गाडी त्यहीँ ल्याउनका लागि चालकलाई भनेका थियौँ । गाडी त्यहाँ आइसकेको रहेछ ।

डुङ्गाबाट आउदा नाविकहरुसंग कुराकानीमा उनीहरु भन्दै थिए "हामले थाहा पाएसम्म कुनै पनि डुङ्गाबाट दुर्घटना भएको छैन । एक पटक बाहिरबाट आएको हेलिकप्टर झरेको हो । यो कुरा सुन्ने वित्तिकै हामीले पनि प्रेक्षा राज्य लक्ष्मी शाह चढेको  हेलिकप्टर दुर्घटना भएको सुनेको हो । फेरी हामले सोध्यौ "कहानेर हो ?' जवाफमा उ त्यो उत्तर पुर्वको कुनामा हो हामीले त्यो भनिएको कुना फर्कि फर्कि हेरयौ । के देखिनु हो र । सन २००१ को नोभेम्बर १२ मा फिस्टेल एयरको हेलिकप्टर राराताल खसेको र  दुर्घटनामा प्रेक्षा सहित ३ जना अन्य यात्रीहरुको मृत्यु भएको कुरा *Prekshya shah Wikipedia* मा पाइन्छ । हामीले पनि सोधखोज गर्ने प्रयास गरेउ । राराले कुन कुनामा लुकाएर राख्यो होला ती यात्रीहरुलाई ? किन लियो होला राराले आफु भित्र ? प्रश्न अनुत्तरित नै थियो । सायद यो दुर्घटनाको राज खुलेको छैन होला ।

तालबाट मिलीचौर जङ्गलको बाटोमा केही सिँढीहरू पनि बनाइएको रहेछ । त्यहाँ हिँड्न नसक्ने मानिसहरू घोडा चढेर जाने र आउने गर्ने हुनाले धेरै घोडाहरू देखिए । तर दुर्भाग्य त्यो बाटोमा हिँड्ने घोडाहरूले पूरै बाटो लिदीले भरिएको थियो । सफा गर्ने कोही नभएर हो कि क्या हो बाटैभरि लादीको दुर्गन्धले हिँड्न निकै समस्या पार्ने रहेछ । हामीहरू भने पैदलै हिँडेर नै मेलीचौर पुगेका थियौँ । बिहानको खाना बास बसेकै होटल साङ्ग्रीलामा तयार गर्नका लागि भनेका थियौँ । समयको सदुपयोग गर्ने विचारले खाना तयार हुने समयसम्म सल्लेरीमा बैङ्कले लगानी गरेका र  गर्नुपर्ने परियोजनाहरूको हेर्ने काम गर्‍यौँ । बैङ्कले स्थानीय जनताप्रति गरेको

कामको अवलोकन गरेपछि हामीहरू प्रसन्न बनेका थियौँ ।

सल्लेरीबाट करिब ११:१५ मा खाना खाएर अगाडि बढ्यौँ । करिब दुई घण्टामा भूलभूले भन्ने ठाउँमा पुगियो । त्यहाँबाट जुम्ला जाने बाटो बनाउनका लागि ट्र्याक खोलिँदै रहेछ । यो बाटो फोर ह्विल गाडी जान्छ । नाग्माबाट जानुभन्दा झण्डै दुई घण्टा छिटो जुम्ला पुगिन्छ भन्ने कुरा थाहा पायौँ । चालकले पनि जान सकिन्छ, त्यही बाटा जाऊँ भनेर हामीहरू डाँफेको लेकको बाटो अगाडि बढ्यौँ । भूलभूलेबाट ओरालो अनि डाँफेको लेकको उकालो पर्दो रहेछ । अगाडि बढ्दै जाँदा हाम्रो गाडी कनकसुन्दरी नगरपालिकामा पुग्यो । त्यहाँसम्मको ओरालो बाटो त केही ठिकै थियो तर जब उकालो लाग्यो, तब के को बाटो हुनू ! पूरै भीरैभीर रहेछ । गाडी अगाडि बढ्ला भन्यो, पछाडि फर्कन्छ । घुम्तीमा एकै पटकमा गाडी घुम्दैन । ब्याक गरीगरी घुमाउनु पर्दछ । हामीहरू सबैको अनुहार मलिन भएको थियो । भावना भाउजूको अनुहार त झन् बिग्रेको थियो । अनिल दाजुको पनि अनुहार हेर्नलायक थियो । मेरो आफ्नो कस्तो थियो कुन्नि ? म पनि 'कहाँ जुम्लाको भीरमा आएर' भन्ने भएको थियो । गोकुल भाइ सवारी चालक भएर होला, अलि कम आत्तिएका थिए । खै, यो बाटो पार लगाउन सकिँदैन कि ! जस्तो भएको थियो । डाँफे लेकको उकालो चढ्दा गाडी नै हिँड्न सकेन । चालकले "खै, गाडीले पिकअप नै लिँदैन" भनेर जङ्गलको बिचमा गाडी रोके ।

चालकले कताकता फोन गरे, के के भने इन्जिनतिर हेर्छन् "ठिकै छ" भन्छन् । करिब आधा घण्टापछि "बसौँ गाडीमा बिस्तारै जाऊँ" चालक भाइ सन्देशले भने । गाडी त अलिअलि गर्दै फेरि राम्रैसँग हिँड्यो । खै, के भएको थियो ? केही बनाएको पनि देखिएन । त्यही चालक र गाडीलाई नै थाहा होला । जे होस् हामी त्यहाँबाट डाँफे लेकको भन्ज्याङमा पुगियो । त्यहाँ एउटा चिया पसल रहेछ । जडिबुटी चिया भनेर खाइयो ।

डाँफे लेकबाट ओरालो झर्नुपर्ने रहेछ, जुम्ला जानका लागि । ओरालो झर्दै गर्दा दायाँबायाँ लालीगुराँस फुलेका देखिए । राता मात्र होइन, त्यहाँ त सेतो र रातो मिसिएको लालीगुराँस पनि देखियो । ओरालो झर्दै गर्दा असिना र पानी मज्जाले पर्‍यो । कतैकतै बाटो आफै बनाउँदै, ढुङ्गा राख्दै हिँड्नु पनि पर्‍यो ।

जुम्ला उपत्यका तिला कर्णालीको काखमा रहेछ । मैले सोचेको जुम्ला भिरालो जमिन होला, स्याउ हुने ठाउँ भनेको त कति राम्रो उपत्यका रहेछ । तिला कर्णालीको किनारमा प्रायः स्याउका विरुवाहरू । आहा ! कति रमणिय रहेछ । हाम्रो टोली बेलुका करिब साढे चार बजे जुम्लाको 'होटल चौतारी'मा बास बस्न पुग्यौँ ।

समयमा नै पुगेकाले जुम्ला बजार घुमियो । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका त्यहाँका मुख्यमुख्य ठाउँहरू घुमियो । जुम्लाको डिल्लीचौरका

प्रबन्धक साथीले प्रेमपुर्वक फापरको रोटी हालेर होटलमै लिएर आउनुभयो । आहा, कति स्वादिष्ट ! प्रेमपूर्वक खाइयो । भ्रमण अवधिमा म आफू शाकाहारी भएको र सबै ठाउँमा शाकाहारी भोजन नै खाने कुरामा टोलीका सबै साथीहरू सहमत हुनुभयो । रोटी, ढिडो जहाँ जे बन्छ त्यही बनाउन लगाएर खाइयो ।

चौथो दिन बिहान आफ्नो इच्छाअनुसार चिया वा कफी पिएर चन्दननाथ मन्दिरमा र भैरवनाथको दर्शन गरियो । त्यहीँको एक स्थानीय सहकारीले सञ्चालन गरेको पसलबाट जुम्लाको चिनो भनेर मार्सी चामल, सिमीलगयत किनीयो भने केहीले उनीको स्विटर पनि किने ।

त्यो दिनमा हामी दैलेख हुदै सुर्खेत पुग्नु पर्ने भएकोले अरु अलमल नगरि त्याहाबाट हिडियो । मिचा उपत्यका, श्रीदुस्का हुँदै तातोपानी गा.पा.को ऐरेनी पुगियो । ऐरेनीबाट करि २३५ कि.मि. टाढा रहेको सुर्खेत पुग्नुपर्ने भएकाले चालकले आफ्नो वाहनको गति तीब्र बनाएका थिए । तिला कर्णालीको किनारैकिनार जर्मि, लिताकोट, रोका, कुडारी, त्रिवेणी, लिही हुँदै एक घण्टापछि कर्णाली राजमार्गको नाग्मा बजार कर्णली राजमार्गमा पुगियो । साँघुरो बाटो भए तापनि पिच गरिएको हुनाले सजिलो थियो । नाग्मा भनेको तिला र कर्णाली नदी मिलेको ठाउँ रहेछ ।

त्यो दिनको बिहानको खाना हामीले पहिलो दिन बास बसेको होटल ‘कोट दरबार’ मान्मा, कालिकोटमा भनेका थियौँ । करिब साढे दसमा हामी खाना खाने होटलमा पुग्यौँ । करिब एक घण्टा खाना खाने, आराम गर्ने गरी करिब साढे एघार बजे त्यहाँबाट हिँड्यौँ । मान्माबाट ओरालो झरेपछि मलाई इलामबाट घुम्तीयुक्त ओरालो झरेजस्तै अनुभूति भयो । यसरी ओरालो र घुम्तीबाटो काट्दै हाम्रो वाहन तिला कर्णालीको तिरैतिर हुइँकिएर हुल्म बजारमा पुग्यो । अगाडि बढ्दै जाँदा कालेखोला भन्ने ठाउँबाट हुम्ला जाने बाटो छुट्टिने कुरा थाहा भयो । दहीखोलाबाट कालिकोट जिल्ला सकिएर दैलेख जिल्ला सुरु भयो ।

हामी फर्कने क्रममा दैलेखमा तेलखानीको उत्खनन गर्दै गरेको स्थानमा पनि अवलोकन गर्ने योजना थियो । त्यसै योजनाअनुरूप रामघाट भन्ने ठाउँबाट कर्णाली राजमार्ग छोडी मध्यपहाडी लोकमार्ग भेट्ने गरी हिँडियो । करिब दुई कि.मि. को कच्ची बाटो हिँडेपछि मध्यपहाडी लोकमार्ग आयो । त्यहाँबाट हामी दैलेखमा भएको तेल उत्खनन् परियोजना हेर्नका लागि अगाडि बढ्यौँ । लोकमार्ग राम्रोसँग पिच भएको बाटो रहेछ । अगाडि बढ्दै जाँदा लैनचौर, ओमकोट, जम्मुकांध, हुँदै बाटोमा ऐंसेलु टिपिरहेका सानासाना नानीहरू भेटिए । हामीहरू पनि गाडीबाट उत्रिएर उनीहरूसँग ऐँसेलु टिप्न लाग्यौँ । ती नानीहरूले आफूले टिपेका ऐंसेलु हामीलाई खान दिए । त्यसको बदलामा हामीले पैसा दिएको त उनीहरूले लिन मानेनन् । उनकै समीपमा रहेकी अल्लि पाको मानिसले “हुन्छ, बुबाहरूले दिएको पैसा लिनू” भनेपछि बल्ल

लिइन् । गाउँघरको सस्संकार कति अनुशासित भन्ने लाग्यो ।

ऐंसेलु खाएपछि पुनः यात्रा सुरु भयो । खापरथान, बडला, भोटेचौतारा, चामुण्डा हुँदै थापाथली भन्ने ठाउँमा पुग्यौँ । अगाडि बढ्दै जाँदा चगत्रा, पोखरास्थान, रावतकोट, खालीबजार, खामखोलेडाँडा, सौनुगाउँ, कोटेश्वर, जहाँरमाडी, खोलिबजार, जलजले हुँदै तेलखानी उत्खनन गरिरहेको ठाउँमा पुगियो । बाहिरबाट फोटाहरू पनि लियौँ । हामी गएको अघिल्लो रातिबाट मात्रै ड्रिल गर्न सुरु गरिएको रहेछ । केही समय अवलोकन गरेपछि मैले मनमनै सोचेँ - अब नेपालमा पनि तेलखानी फेला परोस्, अग्रिम शुभकामना !

तेल खानीभन्दा करिब एक कि.मि. पर शिरस्थान मन्दिर रहेछ । त्यस मन्दिरमा दुई ठाउँमा आफै ग्याँसबाट बत्ती बलिरहेको भनेर पनि देखाइयो । भित्रबाट आफै ग्याँस आउँछ र कहिल्यै निभेको छैन भने त्यहाँ रहेका मानिसहरू भन्दै थिए । हामीले पनि त्यो ज्वालाको तस्बिर लियौँ । त्यसपछि दैलेखमा रहेको कृषि विकास बैङ्कमा काम भएकाले हामी त्यहाँबाट दैलेखको सदरमुकामलाई गन्तव्य बनाएर अगाडि बढ्यौँ ।

त्यहाँबाट अगाडि बढ्ने क्रममा घामघाट खोला, माल्ली पोखरी, खम्ब, रोपे गाउँ, जहारकोट, सालटाकुरा, रुजास धारा, कोलटाकुरा, कृष्ण चौतारी, जिम्वालटोल, डेकेन्द्रचोक हुँदै ४:१५ बजे नारायण नगरपालिकामा रहेको दैलेखको सदरमुकाम 'दैलेख बजार' पुगियो । त्यहाँ रहेको कृषि विकास बैङ्कमा चिया खाएर त्यहाँबाट ५:०० बजे हाम्रो यात्राले पुनः अगाडि बढ्ने क्रम प्रारम्भ गर्‍यो । त्यहाँबाट सुर्खेतको दुरी ६५ कि.मि. रहेछ । अगाडि बढ्ने क्रममा दुईखम्बा, झुप्रेसाल, बाँसकोट, मौलाडाँडा, बाध्थला, कोटिलागेट, चुप्रा बजार (लोहोरे खोला), चिसापानी हुँदै कर्णाली राजमार्ग भेट्यौँ । सोही राजमार्ग हुँदै हाम्रो यात्रा सुर्खेत बजारतर्फ अगाडि बढ्यो । स्टेभ्यालीमा केही समय विश्राम गर्‍यौँ । त्यहाँबाट सुर्खेत बजार पूरै देखिने हुनाले हामीहरूले केही फोटाहरू पनि एकल र सामूहिक रूपमा खिच्यौँ र सुर्खेततर्फ अगाडि बढ्यौँ ।

करिब ७:३० बजे पुनः कृषि विकास बैङ्कको प्रदेश कार्यालयमा पुगेर सुस्तायौँ । आजको बास पनि यही स्थानमा भयो । भोलिपल्ट बिहान सुर्खेतका बुलबुले ताल (नाम मात्रै ताल, सुख्खा भएको रहेछ) र काँक्रेविहार घुमेर बिहान ९:३० बजेको बुद्ध एयरकै जहाजबाट पाँचौ दिनमा काठमाडौँ फर्कियौँ ।

म आफु बैंकको संचालक भएको र बैँकको प्रदेश निर्देशक पनि संगै भएकोले बाटोमा पर्ने बैकका कार्यालयहरु राकम कर्णाली,कालिकोटको मान्मा,मुगुको गमगढि, दैलेखको दैलेखबजार र जुम्लाका कार्यालयहरुको बारेमा व्यबसायमा परेका समस्या र समाधान गर्ने काम पनि भएको थियो । केही थप ब्यबसायको अनुगमन समेत गरिएको थियो । विभिन्न कार्यालयका ठुला कर्जाहरुको लगानी संभाब्यता अध्ययन समेत भएको थियो ।

यसरी कर्णाली प्रदेशका सुर्खेत,दैलेख,कालिकोट,जुम्ला र मुगु गरि पांच जिल्लाको केही भाग भए पनि भ्रमण गर्ने अवसर मिल्यो । उक्त भ्रमणमा रारा आहा ! नै लाग्यो । भ्रमणमा चाख राख्ने सबैले एउटा ठाँउ रारा बनाउदा भ्रमणाबाट खुसि प्राप्त पक्कै हुन्छ । कर्णाली जिल्लाका दस जिल्लामध्ये अरू पाँच जिल्लाको बारेमा जानकारी भएन । यिनै घुमेका जिल्लाहरूको भौगोलिक र प्राकृतिक अवस्था, रीतिरिवाज, संस्कार र संस्कृति, रहनसहनबारे थोरै भए पनि जानकारी लिने अवसर पाइयो । कालिकोट, मुगु र दैलेख जिल्लाका पुरुषहरूले प्रायः कोट लगाउने गरेको देखियो । त्यो बाटोमा हिँड्दा अधिकांश छोरा मान्छेले जतिसुकै फाटेको किन नहोस् कोट लगाएको देखियो । प्रायः कोटहरूको रङ्ग कालो देखिएकाले मैले यो ठाउँको नाम नै 'कालिकोट' राखिएको होला भन्ने मनमनै सम्झिएँ । सूचना र प्रविधिले कर्णालीजस्तो विकट क्षेत्रमा पनि गाई चराउन जाँदा होस् या काम गर्न हिँडेका, पसलमा बसेका धेरैजसोको हातमा स्मार्ट फोन बोकेको देखियो । मानिसहरु निडर, आफ्नो कुरा मज्जाले राख्ने निकै चलाख जस्ता लाग्ने ।

रारालाई पर्यटकको गन्तव्य बनाउनका लागि रारा जाने बाटोको स्तरउन्नत गर्नु पर्ने । राराको वरिपरी बाटोको राम्रो व्यबस्था भई पुरै ताल घुम्ने व्यबस्था भएमा पर्यटकको आकर्षण अझ बढ्न सक्छ । पर्यटकहरुका लागि बस्ने र चिया खाजा खाने ठाउंहरु पर्याप्त छैनन् । पर्यटकहरुलाई खाना बस्ने राम्रो व्यबस्था भएको होटलहरुको व्यबस्था हुन पर्ने देखिन्छ । रारालाई पर्यटकमय बनाउन राज्यको ध्यान पुग्नु पर्दछ । त्यहाँको जडिबुटि र फलफुलको सम्भावनालाई राज्यले प्राथमिकता दिनु पर्ने समेत देखिन्छ ।

*भरतपुर १० चितवन*

# रनमल होटल र रनभुल हामी

## (करीब आठ बर्ष अगाडीको यात्रा संस्मरण)



❖ प्रताप सुवेदी

स्कूल पढने बेलामा रामायण पढन खुबै चाख लाग्दथ्यो । स्कूलको किताबहरु नपढी हजुरबाले पढने गरेको रामायण पुस्तक लुकी लुकी पढ्दा लंकाको बारेमा होस, वा हनुमानले लंकामा आगो लगाएको अथवा रावणले सीतालाई हरण गरेको जस्ता कुराले श्रीलंकाको बारेमा  मनमा धेरै  नै कौतुहलता थियो । फेरी लंका भनेको "असाध्यै टाढा"को पर्यायवाची शब्द होस् वा "लंकामा सुन छ मेरो कान बुच्चै" भन्ने उखानले त्यो सुनै सुनको शहर हो कि भन्ने पनि मनमा थियो । करीब आठ बर्ष अगाडी बैंकबाट श्रीलंका जाने सौभाग्य पाउँदा त्यो कौतुहलता केही हदसम्म मेट्ने मौका मिलेको थियो । आर्थिक विकासमा श्रीलंकन मोडेल भनेको सहकारीको माध्यमबाट ग्रामिण क्षेत्र र समुदायको विकास गर्नु हो भन्ने कुरा बुझ्ने अवसर पाईयो । सिक्टाब (Center for International Co-operation inAgricultural Banking-CICTAB) कार्यक्रमको सिलसिलामा करीब आठ बर्ष अगाडी गरेको श्रीलंका भ्रमणमा संगालेका केहि अनुभवहरु सबैसँग साट्न मन लाग्यो ।

### सिक्टाब (CICTAB)

श्रीलंकामा CICTAB द्वारा आयोजना हुने एक्सपोजर भिजीट कार्यक्रमसंग हाम्रो यात्रा सम्बन्धित थियो ।आयोजक संस्था CICTAB को स्थापना FAO र भारतीय कृषि मन्त्रालय समेतको सहयोगमा सन १९८१ मा भएको हो । शुरुमा बंगलादेश, भारत, श्रीलंका र नेपाल गरी ४ देशमा काम गर्ने उद्देश्यका साथ स्थापना भएको यो अन्तराष्ट्रिय संस्था सन १९९१ पछी SAARC Region का सबै देशमा कृषि बैंकिङ क्षेत्रका जनशक्ति विकासमा सहयोग पुऱ्याउने, सहभागी देशका अनुभवहरु आदान प्रदान गर्ने उद्देश्यका साथ खासगरी सहभागी देशको कृषि बैंकिङ गतिविधिहरुको विकासमा आवश्यक सहयोग पुऱ्याउने एउटा थलोको रुपमा रही विभिन्न अन्तराष्ट्रिय तालिम गोष्ठी सेमिनार एवं एक्सपोजर भिजीट प्रोग्राम संचालन गरी ज्ञान सीप र अनुभवको आदान प्रदान गर्ने प्रमुख उद्देश्य राखेको पाईन्छ । CICTAB मा हाल

** उप महाप्रबन्धक, कृषि विकास बैंक लि.*

३२ वटा संस्थागत सदस्य रहेका छन् । नेपालबाट कृषि विकास बैंक लि., नेपाल राष्ट्र बैंक, राष्ट्रिय बाणिज्य बैंक लि., राष्ट्रिय सहकारी विकास बोर्ड, सानाकिसान विकास बैंक लि. र नेफ्स्कुन गरी ६ वटा सदस्य, भारतबाट विभिन्न मन्त्रालय, केन्द्रिय बैंक समेत १६, बंगलादेशबाट २, श्रीलंकाबाट ५, भुटानबाट ३, मालद्वीपबाट १ वटा संस्थाहरु यसका सदस्य छन् । कृषि र सहकारीको क्षेत्रमा यसको अन्तर्राष्ट्रिय स्तरका तालिम र एक्सपोजर भिजीट कार्यक्रम सफल मानिएको छ । यस संस्था सँग कृषि विकास बैंक लि. शुरु देखि नै आवद्ध भई यसका कृयाकलापमा सहभागी हुनुका साथै सयौं कर्मचारीहरु यसको तालिम एवं भिजिट कार्यक्रमहरुबाट लाभान्वित भएका छन् । यसको मुख्य कार्यालय भारतको पुणेमा रहेको छ ।

**श्रीलंका : शब्दमा**

श्रीलंका दक्षिण एशियामा अबस्थित चारैतिर समुद्रैसमुद्रले घेरिएको सुन्दर टापू देश हो । यो हिन्द महासागरको बीचमा रहेको छ । यो देशको क्षेत्रफल ६५,६१० वर्ग किलोमिटर छ । यस मध्ये ८७० वर्ग कि.मि.मा पानी छ भने बाँकी सबै जमिन छ । हालको कुल जनसंख्या करीब २,२०,३७,०००, प्रतिव्यक्ति आम्दानी अमेरीकी डलर ३८३० रहेको छ भने केवल ४.५% जनताहरु बेरोजगार रहेको तथ्यांक देखिन्छ । हालको साक्षरता दर ९२.४३% पुगेको यो देशमा सरकारी स्कूल र कलेजमा प्राइमेरी देखि पि.एच.डी. तह सम्म पूर्ण निशुल्क रहेको देखिन्छ । स्वास्थ्य सेवा समेत सरकारी अस्पतालमा निशुल्क छ । बाईपास सर्जरी समेतका स्वास्थ्य सेवा सरकारी अस्पतालमा निशुल्क पाईन्छ । जनघनत्व प्रति वर्ग कि.मि.३३६ मात्र रहेको छ । शहरी क्षेत्रमा बस्ने जनसंख्या १९% मात्र देखिन्छ । श्रीलंकामा बौद्ध धर्म मान्नेहरु ७०% हिन्दु १३% मुस्लीम ९% क्रिस्चियन ७ % र बाँकी अन्य धार्मिक सम्प्रदायका मानिसहरु बसोबास गर्दछन् । मुख्य भाषा सिंहाली र तामील हो भने अफिसीयल र व्यवसायीक रुपमा अँग्रेजी भाषालाई प्रयोगमा ल्याईएको पाईन्छ । हाल नेपाली रु.१०० बराबर करीब २१३ श्रीलंकन रुपीज पर्दो रहेछ । प्राय मध्यम वर्गीय र निम्न मध्यम वर्गीय समूहको बाहुल्यता रहेको यो देशको अर्थतन्त्र खाद्यान्न, टेक्सटायल र कपडा उद्योगले धानेको छ । नरिवल र सि फुड प्रमुख निर्यात हुने वस्तुहरु हुन । सूचना प्रविधिमा नेपाल भन्दा अलि कम हो कि जस्तो लाग्छ । ईन्टरनेट प्रयोगकर्ताको संख्या ५६.३०% पुगेको देखिन्छ । विद्युत सेवा कुल जनसंख्याको १००% जनसंख्यालाई पुगेको छ । देशभरमा जम्मा २२ वटा एयरपोर्ट रहेको पाईयो । नेपालको जस्तै श्रीलंकाको पनि प्रमुख व्यापारिक देश भारत हो । भारतको श्रीलंका प्रतिको बिगतका व्यवहारहरुबाट श्रीलंकनहरु पनि दिक्दारी मान्दा रहेछन । तर श्रीलंका घुमाईमा भारतीय प्रभाव खासै देखिएन ।

श्रीलंकामा रहेको सबैभन्दा अग्लो चुचुरो पिदुरुतालागाला हो । यो समुद्रबाट २५२५ मी. उचाईमा छ । श्रीलंकामा रहेको सबैभन्दा लामो नदी महावेली नदी ३३५ कि.मी. र दोश्रो अरुभी अरु नदी १७० कि.मी. लामो रहेका छन् । यि बाहेक पनि अन्य १६ वटा प्रमुख नदीहरु रहेको र यिनीहरु झण्डै १०० कि.मि. लामो रहेको एवं यिनीहरुमा हाइड्रोपावर पनि रहेको पाईयो । श्रीलंकामा करीब २५ वर्ष LTTE ले हिंसात्मक आन्दोलन चर्काएको थियो । तर सन् २००१ मा सरकारले दबाएर साम्य पारेको भए पनि तामिल बाहुल्य क्षेत्रहरुमा मानिसहरु सन्तुष्ट छैनन् । श्रीलंका भुमध्यरेखामा पर्ने भएकोले यहाँको हावापानी सदाबहार प्रकृतिको देखिन्छ । तुरुन्तै पानी पर्ने ठूलो वर्षा हुने अनि साम्य भई हाल्ने । वर्षातको पानीमा समेत यहाँको जिवन आधारित छ भन्ने सुन्दा हामिलाई अचम्म लाग्यो । बाटो छेउछाउमा फलफुल आँप, कटहर आदि पाकिराखेको, अनि त्यही बोटमा फुल पनि फुली राखेको, बाह्रै महिना फलफूल बोटमा भईरहने दृश्य देख्दा र सुन्दा प्रकृतिमा सबै कुरा संभव हुदोरहेछ भन्ने हामीलाई लाग्यो । श्रीलंका एउटै प्लेटमा रहेको कारण ठूलो भुइचालोको अनुभाव यहाँ गर्नुपरेको छैन भन्ने सुन्दा हामी अचम्ममा पऱ्यौ । तर हाम्रो देशमा विगतमा आएको भुईचालोको बारेमा भने उनीहरु जानकार रहेछन् ।

नेपाललाई प्रायले नेपोल भनेर उच्चारण गरेको पाईयो । धेरै जनासँग नेपाल बारे जिज्ञासा राख्दा भारतको छेउछाउ हो कि भन्ने अस्पस्ट उत्तर पाईयो । पढेलेखेकाहरुले भने नेपालको बारेमा जानकारी र रुची राख्ने गरेको पाईयो । लुम्बिनीको बारेमा भने भगवान बुद्धको जन्मस्थल भन्ने सबैलाई जानकारी रहेछ र लुम्बिनीको कुरा गर्दा सबै नतमस्तक हुँदा रहेछन् । नरीवलको रोटी, नरीवलको अचार, नरीवलको मसला, नरीवलको दुधको खिरको परीकार खाँदा होस वा हरेक खानामा कुनै न कुनै माछाको परीकार पाउँदा शुरु शुरुमा त हामीलाई अचम्म पनि लाग्यो पछि बानी पऱ्यो । श्रीलंकाको कुल क्षेत्रफलको ४०% भुभाग पुरै वनले ढाकिएको छ । जंगलभरी नरीवलका बोटहरु देख्दा मन नै आनन्दित हुने गर्छ । पुरै देशमा ९ वटा प्रदेश र २५ वटा जिल्लाहरु छन् । प्रदेशमा विकास निर्माण एवं नँया र ठूला Project को प्रतिस्पर्धामा देखिन्छन भन्दा हामीलाई हाम्रो देशमा त्यस्तो दिन कहिले आउला भन्ने लाग्यो । पछिल्ला घटनाक्रमले भने श्रीलंकाको अर्थतन्त्रलाई नराम्ररी छोएको छ । बैदेशिक ऋण, ऋणका शर्त एवं सो को समयमा भुक्तानी नहुदाको असर अहिले सम्म पनि देखिन्छ । विकासको मोडेलमा सहकारीको महत्वपूर्ण भूमिका रहेको पाईयो । कार्यक्रममा सहभागी हुँदाका प्रत्येक दिनका कार्यक्रमहरु स्मरणीय रहेको हुँदा दैनिक रुपमा उल्लेख गर्न चाहन्छु ।

पहिलो दिन ६ डिसेम्बरका दिनबिहान ८.०० बजेको उडान भएकाले घरबाट बिहान ४.०० बजे देखि उठेर तयारी पुरा गरी बिहान ५.०० बजे TIA पुगीयो । सबै चेक जाँच

को काम सम्पन्न गरी अध्यागमनबाट झर्ने बेलामा सुरक्षाकर्मीले मेरो झोलामा दाह्री फाल्ने ब्लेड र कैंचि भएको जानकारी दिएको हुनाले सो झिकेर त्यहाँ नै फ्याँके । अनि NAC को एअर बस तर्फ लागियो । प्लेनमा 'ब्रेकफास्ट' को स्वाद सहित १ घण्टा २५ मिनेटमा इन्दीरा गान्धी अन्तर्राष्ट्रिय विमान स्थल,दिल्ली एअरपोर्ट पुगियो । हाम्रो यात्रामा करीब ९ घण्टाको ट्रान्जीट रहेछ । अनि दिनभरमा दिल्ली एअरर्पोटका कुना काप्चा कुनै बाँकी नराखी घुम्ने र फोटो खिच्ने काम गरीयो । भोकले आच्छु आच्छु पारेकोले हामी सहभागी ८ जना मोहन के.सी, बाबुराम पोखेल, ऋषिराम पौडेल सुरेन्द्र बन्जाडे,खुशल सुबेदी, खगेन्द्र ढकाल, बिश्वमणि अधिकारी र मैले सँगै बसेर आधा/आधा कचौरा दाल र १/१ परौठा खायौ । बिल आयो जम्मा भा.रु. २०२५/- को । बल्लतल्ल दिउसोको ४ बज्यो । अनि भारतीय एअरपोर्टको कडा सुरक्षा जाँच पार गरी श्रीलंकन एअरको ६.४५ को प्लेन चढ्ने तयारी गर्न थाल्यौं । श्रीलंकन एयरको आतिथ्य न्यानो र हार्दिक थियो । प्लेनमा बास्मती चामल र चिकेन करीको स्वादको खाना खादै राती करीब ११.०० बजे सिरीमाओ बन्दारनायके अन्तर्राष्ट्रिय एअरपोर्टमा पुग्दा त्यहाँ हामीलाई लिन CICTAB का Consultant Dr. D Ravi गाडी सहित उपस्थित थिए । कार्यक्रम स्थल कोलम्बोबाट ४ घण्टाको दुरीमा थियो । तर एअरर्पोटमा साना किसान विकास बैंकका २ जना प्रतिनिधीहरु नभेटेकोले Dr. D Ravi को टोली र हामी सबै मिलेर राती २.३० बजे सम्म खोज्यौ ।२ जना मध्ये एक जना महिला पनि रहेकोले हराएकोमा हामि चिन्तित थियौ । वहाँहरुलाई नभेटे पछि दिक्दार भएर राती २:३० मा हामी कार्यक्रम स्थल पोलीगोला(Paligolla) तर्फ प्रस्थान गऱ्यौ । रातभर गाडीमा हिडेर हामीहरु अर्को दिनकोबिहान ६.३० बजे मात्र गन्तव्यमा पुग्यौ । साना किसानका हराएका साथीहरु कोलम्बोको होटलमा बसेका रहेछन । भोलिपल्ट अबेर मात्र कार्यक्रम स्थलमा आईपुगे ।

दोश्रो दिनहाम्रो बोडेको तालिम केन्द्रको झल्को हुने खालको National Institute of Cooperative Development (NICD), Kandy Paligolla मा होस्टलमा तोकिएको कोठामा पुगेर फ्रेस भए पश्चात विभिन्न देशका सहभागी साथीहरु सँग पहिलो भेटघाट हुने मौका मिल्यो । विहान ९.०० बजे कार्यक्रमको उदघाटन दिप प्रज्वलन मार्फत भयो । उदघाटन भाषण तालिम निर्देशक Mr. DMT Dissanayake ले गरे पश्चात CICTAB/VAMINICOM प्रतिनिधी Dr. D. Ravi बाट नेपाल भारत र श्रीलंकामा संचालित सहकारीहरुको मोडल विकास र उपलब्धी बारे जानकारी पाईयो । श्रीलंकामा देशले भित्री मनबाटै सहकारीको विकास गरेको अनुभुति भयो सहकारीले जिवनस्तरमा आमुल परिवर्तन ल्याएको अनुभुति भयो । त्यँहा ५० प्रतिशत भन्दा बढी जनताहरु सहकारीमा आबद्ध भएको जानकारी पाईयो । एक्सपोजर भिजीटका लागि Kundsale सहकारी संस्था Kandy मा हामी पुग्दा हात

भरी पानको पात दिंदै नमस्कार गर्दै सहकारीका अगुवाहरुले न्यानो मायाका साथ स्वागत गरे करीब २०० जना महिलाहरू एकै प्रकारको ड्रेसमा सजिएर हामीलाई स्वागत गर्दै सो कार्यक्रम अवधीभर बसे । त्यो सहकारीले Departmental Store Consumer Store, मोटरसाईकलको आधिकारीक बिक्रेता, पेट्रोल पम्प, काजु, रीफाईन, चियापत्ती उत्पादन जस्ता विशाल कार्यहरू एकसाथ गरेको रहेछ । २ ९,००० सदस्यहरू रहेका यो संस्थाका सदस्यहरू किनमेलका लागि होस वा आफ्ना उत्पादन बिक्रीका लागि अथवा सामाजिक कार्यका लागि कहि जानु पर्दोरहेनछ । हामीलाई यो देख्दा उत्कृष्ट सहकारीको नमुनाको अनुभुति भयो । सोही दिन हेरेको अर्को सहकारीको Department of Co-Operative, Kandy को अवलोकन गर्दा हाम्रो कार्यक्रमलाई महत्व दिई त्यहाँ सहकारीका कमिस्नार समेत उपस्थित भएर हामीलाई अन्तरकृया गर्ने मौका प्राप्त हुँदा श्रीलंकन  बिकास मोडल र सहकारीका धेरै विषयहरूको जानकारी पायौं । दुवै ठाउँमा हामी सबैलाई उपहारको रुपमा Tokan of Love प्राप्त भएको थियो ।

तेश्रो दिनतालिम कक्षमा श्रीलंकाको झलक, धर्म संस्कृती, अर्थ, हावापानी, सहकारीको विकास निती सिद्धान्त र बैंकिङ विषयमा त्यहाँका विश्व विद्यालयको प्राध्यापकबाट संक्षिप्त जानकारी लिईयो । त्यसैगरी Srilankan Co-Operative Banking & Research Gap को बारेमा जानकारी लिई हामीहरु Narendra SingheSANASA को अवलोकन भ्रमणमा निस्कियौं । यस सहकारी बचत तथा ऋण सहकारीको क्षेत्रमा नमुना संस्था रहेछ । हामीलाई अत्यन्त परम्परागत ढंगले स्वागत गर्नु भएका Chairman साहेब अग्रैंजी बुझ्नु हुदो रहेनछ र दोभाषेका माध्यमले हामीले बहाँसंग कुरा गर्‍यौ । यो संस्थामा Banking, Insurance, University Level education, Printing Service आदी कार्य भईरहेको तथा यहाँको नीजी क्षेत्रले यही सहकारीको नाम SANASA को Brand बाट सेवा र व्यवसाय समेत गरेको तथा यसले SANASA ISO 9001–2000 Certified समेत प्राप्त गरेको पाईयो । यस सहकारी पश्चात हामीले भगवान बुद्धको दाँत राखीएको भनिएको Kandy Temple र वरपरको अत्यन्त सुन्दर ठाउँमा दिनभर घुमफिर र सहकारी पसलमा किनमेल गरेर अवलोकन गर्ने मौका पायौं । साँझ Training हलमा आ–आफ्नो संस्थाको तर्फबाट प्रस्तुती गर्ने कार्यक्रम थियो । ADBL को तर्फबाट मैले प्रस्तुत गरेको कार्यपत्र सबै सहभागीहरुले रुचाएको र कार्यक्रम सकेपछी पनि नेपाल र हाम्रो बैंकको बारेमा नयाँ नयाँ जिज्ञासा राखेका थिए ।

चौथो दिनदिउसो Co-Operative hospital Kurunegola को अवलोकन गरियो । यो सहकारीले संचालन गरेको विशाल हस्पीटल आफैमा एउटा नमुना थियो । यस

सहकारीका डाक्टर, नर्स, कर्मचारी समेत करीब डेढसय मेडिकल स्टाफहरु पंक्तिबद्ध भई फुल र मालाले हाम्रो स्वागत गरेका थिए । मनमनै विरामीको उपचार भन्दा हामीलाई महत्व दिएकोमा मलाई अचम्म लागिरहेको थियो । त्यहाँ करीब २ घण्टा हामीहरुलाई गतिविधिको जानकारी दिएका थिए । त्यहाँ हामी सहभागीहरुले सामान्य चेकअप गर्ने मौका पायौं । १ मिनेट भित्र Sugar चेकअप गर्दा मेरो १६१ देखियो । गुलीयो धेरै नखान डाक्टरले हाँसी हाँसी सुझाव दिएकी थिईन । त्यसपछी सोही दिन सहकारीद्वारा संचालित एउटा Waramba Rural BankSociety नामको Co-Operative Bank को अवलोकन गर्ने अवसर मिल्यो । त्यो सहकारी बैंकको भवन हाम्रो बोडे तालिम केन्द्रको मुख्य भवन भन्दा झन्डै दोब्बर ठूलो थियो करीब ८ तलाको । कारोबार र नाफाको हिसाबले समेत यो श्रीलंकाको अब्बल सहकारी बैंक रहेछ । हामी बैंकिङ क्षेत्रबाट गएको हुनाले यस बैंक सँग निकै लामो अन्तरकृया गऱ्यौ । यस बैंकको अध्य्यनबाट श्रीलंकामा सहकारी बैंकिङको माध्यमबाट हरेक प्रकारका वित्तीय सेवा पुऱ्याउनुका साथै सहकारीका सदस्यहरुका लागि आवश्यक पर्ने अन्य प्रकारका गैर वित्तीय सेवाहरु समेत पुऱ्याउने गरेको पाइयो, जसले सहकारीमा आबद्ध भए पश्चात सदस्यहरुलाई आवश्यक पर्ने सबै सेवा दिन सक्ने विषयको सन्देश दिएको छ । यो बैंकले हाम्रो अवलोकन भ्रमणलाई अति महत्व दिई न्यानो र हार्दिक स्वागत गरेको थियो ।

पाँचौ दिन कोलम्बोमा अवलोकन भ्रमणको कार्यक्रम थियो । हामी बसेको स्थान NICD बाट कोलम्बो ४ घण्टाको दूरीमा रहेछ । हामी विहानै NICD बाट विदाबारी भई ११ बजे तिर कोलम्बो स्थित NCC / Co-Operative federation visit का लागि त्यो स्थानमा पुगेका थियौं । यो संस्था नेपालको राष्ट्रिय सहकारी विकास बोर्ड जस्तै प्रकृतीको रहेछ । यसले श्रीलंकाभरका सहकारीहरुको अनुगमन मुल्यांकन आवश्यक परेमा आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराई सहकारीको विकासको लागि अभिभावकीय भूमिका खेल्ने गरेको पायौं । त्यसपछी कोलम्बोमा इन्डीयन रेस्टूरेन्टमा खाना खाँदा घरको दालभात सब्जीको अत्यार मेटेको जस्तो अनुभव भएको थियो । त्यसपछी एउटा कटेज उद्योग सम्बन्धि सहकारीमा अवलोकनका लागि पुगीयो । हाम्रो समापन कर्यक्रम त्यहि आयोजना गरीएको रहेछ । त्यसमा श्रीलंकाको सहकारी मन्त्रालयका सचिव हाम्रो विदाई कार्यक्रममा आउनु भएको रहेछ । वहाँको हातबाट हामिले सर्टिफिकेट र Tokanof Love लिए पश्चात हाम्रो औपचारिक कार्यक्रम सकिएको थियो । यो दिनको बाँकी समय Colmbo Market, Sea beach लगायत श्रीलंकाका राष्ट्रपति भवन, प्रधानमन्त्री भवन वरपर घुम्ने र कोलम्बो शहरको सुन्दरता हरीयाली र सफा वातावरणको मजालाई क्यामरामा कैद गर्न व्यस्त थियौं । त्यो दिनबाट हामीले तालिमको आवास छाडेर होटलमा बस्नुपर्ने थियो । राती करीब ९:००

बजे पुगियो कोलम्बो एअरपोर्ट नजिकैको रनमल होटल जसलाई आयोजकहरुले नै बुकिङ गरिदिएका थिए ।

## रनमल होटल र रनभुल हामी

रनमल होटलमा हामी बैंकबाट सहभागी भएका ८ जनाको लागि ४ वटा कोठाहरु बुकिङ भएको थियो दिनको २५०० श्रीलंकन रुपैया तिर्नुपर्ने ।अघिल्लो रात बास बसे पछी भोलीपल्ट बिहान कोठाको पैसा तिऱ्यौ र अर्को दिनलगेज होटलमा छाडेर करीब १४ घण्टाका लागि हामी दशजना (साना किसानको २ जना समेत गरी) श्रीलंकाको समुद्रको Beach को परिक्रमा र केही पर्यटकीय स्थानको भ्रमणका लागि रु.१५०००।– मा माईक्रो रिर्जब गरी टूरिस्ट बनेर घुम्न हिडीयो । दिनभर श्रीलंकाको अत्यन्त रमणीय र पर्यटकीय स्थानहरु गेली, हिकाडोआ, र अन्य सामुन्द्रीक बीचजस्ता क्षेत्रको परिक्रमा गरी बाटोमा भेटीएका हिन्दु मन्दिरहरुको दर्शन गरी भरपुर मनोरञ्जन लिने प्रयास गऱ्यौ । बीचमा बिकीनी लगाएको टुरीस्टसँग  समेत फोटो खिंच्ने भ्याएका थियौं भने एउटी खैरीनीले म सँग फोटो खिंच्न ५ डलर दिनुपर्छ पनि भन्दै थिई । तर सित्तेमा खिचेरै छाडेउ । दिनभर अत्यन्त सुन्दर मनमोहक दृश्य मनमा र क्यामरामा कैद गर्दै राती ९:०० बजे होटेल पुग्यौ । रातभर मस्त निद्रामा सबै जना घुर्दै थिए । मैले साथीहरु घुरेको आवाज मोबाईलमा रेकर्ड गरी भोलीपल्ट सबैलाई सुनाईदिंदा हाँसो थाम्न सबैलाई मुश्किल परेको थियो ।

भोलिपल्ट बिहान रनमल होटल छाडेर दिल्लीका लागि प्लेन चढ्नुपर्ने थियो । सुतेको कोठाको बिल तिर्न जाँदा भने होटलवालाले नराम्रो नियतले ठगी गर्न खोज्यो । श्रीलंकन रुपीज २५००।– भनेर लिएको प्रत्येक कोठाको दिनको ५०००।– का दरले माग्यो । किन बढी मागेको भनेर हामीले प्रश्न गर्दा रातीको २५००।– र दिउँसोको २५००।– भनेर व्याख्या विश्लेषण गऱ्यो । त्यो हामीलाई सह्य भएन र हामीले प्रतिवाद गऱ्यौ । अनि मैले कडकेर पुलिस र एम्बेसीमा जानु परे पनि जाने तर भने भन्दा एक पैसा पनि बढी तिर्दीन भन्ने कडा अडान राखे । अन्तमा उनीहरु गले र ५००।– बढी देउ हुन्छ भनी ३०००।– मागे । हामीहरुलाई फर्कने बेलाको चटारो भएकोले त्यहाँ लफडा तिर लाग्नु भन्दा प्रति काठाको ३०००।– दियौ । अनि होटलवाला पनि खुशी भयो ।

अब पालो लगेज लिएर एअरपोर्ट जाने थियो । होटलमा भेटिएको एउटा खाली अटो रिक्सा लाई कुरा गर्दा हामीलाई रु.२००।– मा एअरपोट लगीदिन्छु भन्यो । हामी ८ जनालाई ४ वटा अटो रिक्सा चाहिने भएकोले बाँकी ३ वटा पनि लिएर आउन भन्यौ । तर होटलवालाले थाहा पाएछ र त्योअटो रिक्सालाई भड्काएछ । मेरो होटलका ग्राहक लाने भए मलाई रु.३००।– प्रति रीक्सा कमिसन चाहिन्छ । नत्र मेरो होटलको

मान्छे तिमीहरुले लान पाउदैनौ भनेर अटो रिक्सालाई आउनबाट होटलको मान्छेले रोकेको खबर थाहा पायौं । त्यत्तिकैमा होटलमा एउटा माईक्रोबस केही पाहुना लिएर आएको देख्यौ । उ खाली फर्कदै थियो । अनि उसलाई मैले रोकेर एअरपोर्ट लागिदिन अनुरोध गरे उसले १०००।- रुपैया लाग्छ भन्यो । मैले ८००।- भने उसले मान्यो । तर होटेलवालाले ड्राइभरलाई बोलाएर थर्काएर भनेछ उसलाई ५००।- दिएर मात्र होटलका मान्छे लान पाउने अन्यथा लान नपाउने भनेछ । अनि त त्यही ड्राइभरले ल अब भाडा बढयो साहूलाई ५००।- तिर्ने भए पछि १५००।- दिनुपर्छ भन्न लाग्यो । हामीले हुदैन भन्यौ । उ फेरी गएर साहूलाई कुरा गर्यो रु.२००।-कमिशन हाम्रै अगाडी दिएर आयो । अनि ड्राइभरले ८००।- र होटेलवालाले २००।-पाउने गरी १०००।- मा लैजान तयार भयो । यसबाट होटलवालले पाहुनासँग जबरजस्ती असुल्ने गरेको धन्दा देखियो पनि त्यसमा परीयो पनि । माईक्रो ड्राभरले हामीलाई सबै कुरा भने पछी श्रीलंकामा पनि यस्ता ठगहरु हुने गरेको थाहा पायौ । त्यो माईक्रोमा कोलम्बो एअरपोर्टमा पुगेपछि हामी झ¥यौ । र हामीहरु रनमल होटलको रनभुलमा परेको कुराको चर्चा हामी भेट हुदा अहिले पनि गछौ । अहिले पनि हामी त्यो टीमका साथीहरु भेटेयौ भने रनभुल भन्छौ, कुरा त्यही हो ।

यति हुँदा हाम्रो दिल्ली उड्ने बेला हुनै लागेको थियो । त्यसैले अध्यागमन एवं सुरक्षा जाँचको सम्पूर्ण तयारी पूरा गरेर दिउँसो १:०० बजे श्रीलंकन एअरको जहाज तर्फ प्रस्थान ग¥यौ । आकाश माथिबाट हेर्दा हाम्रो जहाज पुरै समुद्र माथि थियो । रोमान्चक अनुभव भईरहेको थियो । ५:२० मा दिल्ली एअरपोर्ट झ¥यौ । दिल्लीमा प्रिपेड टेक्सी अत्यन्त सहज र व्यवस्थित रहेछ । प्रिपेड टेक्सी लिएर हामी National Co-Operative Union को होस्टल तिर लाग्यौ ।त्यहाँएक जनाको IC १००।- मा सुत्ने र५० मा अत्यन्त मिठो खाना खान पाईदो रहेछ । यो रेट श्रीलंकमा हाम्रो कार्यक्रममा सहभागी रहे मध्येका एक दिल्लीका सहकारीका मित्रको सहयोगले गर्दा भएको हो ।भोलीपल्ट विहान दिल्लीघुमघामका लागि मेट्रो चढेर इन्डीयागेट, राष्ट्रपति भवन, प्रधानमन्त्रि भवन, लालकिल्ला हुँदै करोलवाग भन्ने स्थानसम्म पुगेर किनमेल/घुमघाम सकेर साँझ ६:०० बजे दिल्ली एअरपोर्ट पुग्यौ । ९:०० बजेको जेट एअरबाट राती ११ बजे मातृभूमि टेक्न पाउदा फेरी खुशिको सिमा रहेन । श्रीलंका रहदा हनुमानले लंका शहरमा आगो लगाएको बारे धेरै जना सँग जिज्ञासा राखे त्यो सबै जसो श्रीलंकनलाई थाहा रहेछ । त्यो ठाउँमा पुग्दा अत्यन्तै खुशि लाग्यो । रावणको, हनुमानको, राम, सीताको बारेमा त्यहाँबाट पनि धेरै जानकारी पाउन खाज्यौ र पायौ पनि, सीतालाई रावणले हरेको बारेमा पनि त्यहाँ धेरै चर्चाहरु सुन्ने मौका पायौ । त्यो ठाउँलाई अशोक बाटीका भनिदोरहेछ । त्यही पुग्ने ईच्छा भने पुरा हुन पाएन ।

**अन्तमा**

आर्थिक विकासमा श्रीलंकन मोडल भनेकै सहकारीको माध्यमबाट ग्रामिण र सामुदायिक विकास गर्नु हो भन्ने बुझ्ने मौका पाईयो । ठूला ठूला बैंकहरु, हस्पीटल, डिपार्टमेन्टल स्टोर, कृषकको उत्पादन खरीद/ विक्री सबै सहकारीहरुले नै गर्ने गरेको पाईयो । नेपालमा जस्तै श्रीलंकामा पनि सहकारी सहितको ३ खम्बे अर्थ निती रहेछ । फरक के पाईयो भने नेपालमा अधिकांस सहकारी देखाउनका लागि खुल्ने तर सहकारीका नाममा गुप्त र अदृश्य कारोबार अर्कै हुने । सहकारीमा नियमन प्रणालीको स्पस्ट अभाव जसको असर हामीले हालैका दिनहरुमा स्पस्ट रुपले भोगी रहेका छौ । तर श्रीलंकामा कडा नियमन प्रणाली सहितको सहकारीको माध्यमबाट सरकार स्वयंले गाउँ गाउँमा विकास गर्न अथक प्रयास गरेको, सहकारीका सदस्यहरु स्वतः स्फुर्त रुपमा समुदायमा क्रियाशिल रहने, त्यही सहकारीको माध्यमबाट दैनिक जीवन र सामाजिक जीवन सम्पन्न र सुखि तरीकाले बिताउने वातावरण तयार भएको, सहकारीबाटै स्वरोजगारमुलक कार्य गर्ने हुँदा बेरोजगार बस्नु नपरेको देखियो । तसर्थ श्रीलंकाको विकासको मोडलमा सहकारीको माध्यमबाट गाउ, समाज र समुदायको संवृद्धि र विकास भएको अनुभुति गर्दै श्रीलंकाले गरेको चमत्कारिक विकास, देश एउटा System ले चल्ने गरेको, त्यहाँ भेटने मौका मिलेका जनसमुह र संस्थाहरुबाट पाएको अत्यन्त मिठो र न्यानो स्वागत अहिले पनि ताजगी छ ।



*यात्रा संस्मरणको क्रममा कोलम्बो नजिक लिइएको सामूहिक तस्विर*

# घले गाऊँ-स्वर्गको एक टुक्रो



❖ बाबुकाजी थापा

**"गाउँ शहरमा लमजुङ दरबार, मायालाई दिने थिएँ फुल जस्तो जोवन, भैसक्यो मेरो घरबार"।** अर्जुन गुरुङ र शर्मीला गुरुङले गाएको यो गित धेरै बर्ष अगाडीको एउटा सांस्कृतिक कार्यक्रममा नेपाल राजकिय प्रज्ञा प्रतिष्ठानमा सुन्ने/हेर्ने मौका पाएको थिएँ। त्यसै बेला देखि लमजुङ जाने धोको भएतापनि साईत जुरेको थिएन। कुरा अलि पहिल्यैको हो, जे होस घले गाउँको यात्रा गर्ने अवसर मिल्यो। त्यसो त मेरो मामाघर पनि लमजुङ, बर्षौंदेखिको जाने धोको अनि घले गाउँको सम्भावित रोमाञ्चकताले मन त्यसै त्यसै सिमलको भुवा जस्तै उडिरहेको थियो। असोज महिना हुनुपर्छ, दिउंसो ४ बजे बेशिशहर पुगियो। सिमसिम पानी परि राखेको भएतापनि पहिल्यै देखि रिर्जभ गरि राखेको बसमा झिटिगुन्टा राखेर हिंडियो घले गाउँ। बसको चालक रहेछन दावा। दावा जो नेपाल टेलिभिजनबाट प्रसारण हुने हास्य टेलिश्रृंखलामा कुनैबेला अभिनय गर्थे र अक्सर उनको डाईलग हुन्थ्यो-जहाँ जान्छ दावा, चल्दैन त्यहाँ हावा अर्थात दावा भनेको खतरा। दुवै कानमा मुन्द्री, उठेका च्यापु, बसेका गाला, ६ फुटको याँमानको जीउ, कपालको तल्लो घेरो सिठ्ठी पारेर खौरेको, माथिल्लो घेरो छत्री जस्तो, हेर्दे डरलाग्दो। मैले सोधें तपाई के टिभिमा आउने साँच्चीकै दावा हो त? हो...हो.. मै...हो भने उनले। त्यस पछि त झन डर लाग्न थाल्यो। पानी परिरहेको छ, चिप्लो महाखतरा बाटो छ, साँझको समय, थोत्रो बस अनि चालक दावा, त्यस माथि न अलिकती बिजुली सर्वत चढाएका पनि पो छन की दावाले ? अब सक्कियो यत्तिकै हो कि भन्ने लाग्यो।

दावालाई आग्रह गरेर कपुरगाउँमा खाजा खान गाडी रोक्यौं। सांझ भमक्क परिसकेको थियो, गोडा चारेक पसल रहेछनकपुरगाउँमा, पानी परिरहेकै थियो, ११ बजे चितवनमा खाएको खानाको दम अब बांकी थिएन। साथीहरुले पसलमा छापा मारे, फगत निस्तो वाइवाई चाउचाउ बाहेक केहि फेला परेन। ईन्स्ट्यान्ट नुडल्स संग अधिकांश साथीहरुले कोदाको झोल ठाडो घांटी लगाए। जाडोले जीउ काँपिरहेका बेला त्यो पनि अमृत सरह भयो। त्यसो त हाम्रा धार्मिक ग्रन्थहरुमा यसलाई सोमरस भन्छ क्यारे। फरासिला, भरपर्दा र रमाईला दावाले हामीलाई ओराल्दै बस धकाल्न

लगाउँदै राती नौ बजे जिनतिन घले गाउँ झारिदिए । हँ भाई अनि आयो मज्जा !दिउंसै आउंदैछौं भनेर खबर गरेको हुंदा हामीलाई स्वागत गर्न ग्रामीण पर्यटन विकास समिति, घलेगाउँका अध्यक्ष प्रेम घले लगायतका गाउँलेहरु हाम्रो प्रतिक्षामा बसेका रहेछन । पुग्नासाथ समितिको कार्यालयमा नाम दर्ता गर्ने काम भयो, सेतो अक्षताले टिका लगाएर स्वागत गरे सुन्दर र निष्कलंक घले दिदीबैनीहरुले । ३/४ जनालाई एक घरमा राख्ने हिसाबले हामी १२/१५ जनालाई चार घरमा खाने सुत्ने बस्ने व्यवस्था मिलाईयो । मेरो समुहका म, हालका कम्पनी सचीव हिमलाल पौडेल र बैंकका हाल सेवा निवृत्त मुकुन्द शर्मा सर लाई एक सुन्दर बैनीले जिम्मा लिईन् । बिबाह भैसकेको ति बैनीको श्रीमान मलेशियामा रहेछन, दाजु पनि बिदेश अनि रुखबाट लडेर अपांग बाबुआमाको व्यवसायमा सघाउन उनी माईत बसेकी रहिछन । घर पुग्नासाथ तातो चियाबाट स्वागत गरिन उनले । सुन्दर कोठा, शहरको कुनै होटलको भन्दा कम सफा नभएको बिछ्यौना, थकाई त कता गयो गयो । लोकल कुखुराको ग्रेभि मासु र कोदोको तातो जुस दुई गिलासका दरले तन्काएपछि बैनीले हामीलाई राती १० बजे गाउँको बीचमा रहेको सभा घरमा लगिन् । सभाघरमा देश विदेशबाट आएका पाहुनाहरुलाई विभिन्न परम्परागत पोशाकमा सजिएका गुरुङ दिदीबैनीहरुले घ्याब्रे नाच, सोरठी नाच, घाटु नाच, झ्याउरे नाच आदि देखाउने रहेछन । राती ११ बजे सम्म उनीहरुसंग दोहोरी गाउँदै, नाच्दै रमाईलो गरियो । उनै घरबेटी बैनीको आग्रहमा घर फर्किएर चुलोको छेउमा बसेर बारीको मार्फा चौडा पात जातको रायोको सागको तरकारी, स्थानीय आलु फ्राई र लोकल कुखुरोको मासुसंग स्थानीय चामलको भात खाईयो । खासै याद त भएन, पानीको सट्टा कोदोको रसले चुठियो भन्नुपर्ला । तिनपाने त्यो जुस सम्झिंदा अहिले पनि मन हरर भएर आउंछ, कहाँ पाउनु त्यस्तो रस काठमाण्डौंमा ? आत्मिय अभिवादनका साथ मिठो निद्राको कामना गरिन् बैनीले ।



*घले गाउँमा लेखक*

समुद्री सतहबाट २०७० मी.को उचाईमा रहेको घलेगांउमा करीब ११५ घर रहेछन त्यतिबेला, तर प्रायः सबै गुरुङ जातिका । बाईसे चौबिसे राज्यकालमा घले राजाले राज्य गरेको यस ठाउंको ६०० बर्ष पुरानो ईतिहास छ । पूर्वमा गणेश र मनास्लु हिमाल, उत्तरमा लमजुङ हिमाल, अन्नपुर्णा दोस्रो हिमाल र घनपोखरा तथा पश्चिममा माछापुच्छ्रे हिमाल नाकै नेर देखिने सार्क राष्ट्रकै नमुना यो घले गाउँ स्वर्गकै एक टुक्रो खसेको हो कि झैं भान हुन्छ । काठमाण्डौंबाट बस वा माईक्रोबसमा बढिमा ६ घण्टामा बेशीशहर पुगेपछि त्यहांबाट जीप वा बसमा कपुरगाउँ हुंदै अर्को ३ घण्टामा घले गाउँ पुग्न सकिन्छ । अन्नपुर्ण सर्किटको रुटबाट पैदल हिंड्ने हो भने पनि बेशीशहर-खुदी-भलायचौर हुंदै ४ घण्टामा यो गांउ पुग्न सकिन्छ । बनभरी राताम्य फुलेका लालीगुरांस, ऐंशेलु, काफलगेडी, पानी अमला खांदै उस्तैपरे मृगका बथान हेर्दै ढुकुर र कोईलीको आवाज संगै हिंड्न त भाग्यमा लेखेकोले मात्र पाउंछ । यो गाउँका अधिकांश युवक नेपाली, भारतिय र बेलायती सेनामा जागीर खाने रहेछन त्यहां नअटाएकाहरु मलेशियार खाडी राष्ट्र पुगेका छन । बिडम्बनानै भनुं गाउँमा प्रायः महिला, केटाकेटी, अधबैंशे र बुढाबुढी बढि देखिन्छन । ८०० भन्दा बढि भेडाको संख्या भएको यो गाउँको प्रमुख आम्दानीको स्रोत भेडाको उनबाट राडी, पाखी, बख्खु बनाई बेच्नु, निगालो बाट डोको थुन्से, नाम्लो, मान्द्रो आदि बनाई बेच्नु, अल्लोबाट भांग्रो बनाई बेच्नु, बैदेशिक रोजगार र होम स्टेबाट हुने आम्दानीनै हो । समितीका अध्यक्ष प्रेम घलेका अनुसार स्थानीय उत्पादन बढाउन, रोजगारी सिर्जना गर्न, र बेरोजगारी घटाई घले गाउँलाई विश्व भरि चिनाउन स्थानीय निकाय नेपाल पर्यटन बोर्ड, प्रकृति संरक्षण कोष तथा अन्नपुर्ण क्षेत्र संरक्षण कोषको सहयोग प्राप्त रहेछ ।

भोलिपल्ट बिहानै घरबेटी बैनीले कोठैमा तातो चिया संग आलु फ्राई, कोदोको सेल र उसिनेको अण्डा ल्याइन्- कति न्यानो आतिथ्य । खाजा खाईवरी गाउँ घुम्न निक्लियौं । घुम्दै जांदा बुढीआमाहरुले राडी पाखी बुनीरहेका, मायालु केटाकेटीहरु अनुशासित भई नमस्ते.....नमस्ते भन्दै गरेका, भेडाका पाठापाठीहरु उफ्री उफ्री दौडेका, भिरमा चियाका बोटहरु लहराईरहेका अनि गुरुङसेनी ठिटीहरु मस्किंदै बाटो छोडेर छेउ लागेको देख्दा त्यतै घरबार गरौं कि जस्तो पनि नलागेको होईन । तर झसंग भएं- सोचें......भैसक्यो मेरो घरबार......शर्मीला गुरुङले गाए जस्तै । पिज्जा, बर्गर, मोमो, चाउचाउ छि..छि..छि..। कोदोको सेल, कोदोको ढिंडो, स्थानीय आलु फ्राई, भेडाको सुकुटी, लोकल कुखुराको भालेको मासु, सिस्नुको फांडो, धनिंया र लसुनले सांधेको भटमास के मात्र चाहियो तपाईलाई ? खाना अर्गानिक, हावापानी अर्गानिक, मान्छे अर्गानिक, आतिथ्य र मुस्कान अर्गानिक । करीब २०० जना पाहुनालाई प्रत्येक दिन आतिथ्यता प्रदान गर्न सक्ने क्षमता भएको यो गाउँमा अधिकांश घरमा होमस्टे संचालन

छ । त्यसका लागि कृषि विकास बैंकले वित्तीय सहयोग लगायत होमस्टे सम्बन्धमा ३ दिनको तालीम समेत संचालन गरेको रहेछ । घुम्दै जांदा गुरुङ जातिले कृषि कर्ममा प्रयोग गर्ने औजारहरु, उनीहरुको कर्मकाण्डमा प्रयोग हुने वस्तुहरु, संस्कृति झल्कने वस्तुहरु आदिको संरक्षणका लागि गुरुङ संग्रहालय पनि स्थापना गरिएको रहेछ । छिनमै घाम लाग्ने छिनमै बादलले ढाक्ने यो गाउँमा बुद्ध पुर्णिमा, ल्होछार आदिमा विशेष मेला लाग्छ भने हरेक बर्ष घले गाउँ महोत्सव मनाईन्छ । बच्चाहरुलाई खाने दुध कहांबाट आउंछ भनेर सोध्दा डेरीबाट आउंछ भन्ने संस्कृतिको विकास भैरहेको अवस्था, धुलोमैलो र दौडादौडको स्थितिबाट कम्तीमा शहरका मानिसहरु थोरै समय निकालेर बच्चाबच्ची सहित यस्ता गाउँहरुको भ्रमण गर्न राम्रो हुन्छ भन्ने सल्लाह दिन चाहन्छु म मेरा पाठकहरुलाई । आखिर खर्च पनि के नै लाग्ने हो र? काठमाण्डौं देखि घले गाउँ गई एक रात बसेर भोलिपल्ट फर्कंदा दुईतर्फी यातायात खर्च, खाना, झोल, ठोस सबैको खर्च जोड्दा प्रति व्यक्ति त्यस्तै जम्मा ५०००। रुपैंया ।

मनको धित् नमर्दै फर्कने बेला भै त गो । घरबेटी बैनीले बिदाईमा सेतो अक्षताको टिका लगाई दिईन्, गलाभरी लालीगुरांसको माला लगाई दिईन् । यतिबेला एउटा कुरा लेखौं कि नलेखौं दोधार भैरहेको छ मलाई । छुट्टिने बेला छेउमा उभिएकि उनकी आमाले मलाई यस्तो आशिक दिईन्–यस जुनीमा त मिलेन मिलेन, अर्को जुनीमा तपाईलाई ज्वांई बनाउन पाउं । भयो अब?यो वाक्यले मलाई १००० भोल्ट बराबरको झट्का दियो । पुलुक्क घले बैनीको अनुहार हेरें । ....र देखें....उन्का आंखामा टिल्पिल् टिल्पिल् आंशु । उनको आमाको आशिष लागेछ भनेपनि, ति आंशुको अर्थ बुझ्न मैले शायद अर्को जुनी सम्म धैर्य गर्नुपर्नेछ । केहि बोल्न सकिनं.....मनमनै भनें जय होस बैनीको, नमरी बांचे कालले सांचे फेरी भेटौंला, धन्यवाद घले गाउँ ।

**धन्यवाद**



❖ इन्द्रकुमार श्रेष्ठ

# गाउँको खोजी

असारको धमाधममा होस्
या मङसिरको हतारोमा
समयलाई नै रोकौँला झैँ गरी–
"यतिखेर कति बज्यो होला ?" होइन
"यो मेलो कहिले सक्ने होला !" को ध्याउन्ना हुन्थ्यो
खलखली पसिना काढिन्थ्यो
खेत,बारी र पाखाहरूका सुगन्धसँगै
जब धर्तीमा निहुरिएर श्रममा व्यस्त भइन्थ्यो
अनि, त्यसको एक निश्चित चरण समाप्त भएर
भोकले हुरुक्क भएपछि
बल्ल धर्तीकै अनाजले प्राणसञ्चार गर्न पाउँदा
भोजनभन्दा भोक मीठो हुन्थ्यो
रमाइलो व्रतले वरदान पाएझैँ लाग्थ्यो ।

मौसमअनुसार–
वनैभरि फल्ने आँप, अमला, ऐँसेलु, बेल
काफल, चिउरी ...!
बगैँचामा फलेका केरा, सुन्तला, स्याउ
अम्बा, नास्पाती ...!
आहा ! थरीथरीका अमृतमय फलफूल
ती सबै हाम्रै लागि तयार थिए !
त्यसैले–
'भिटामिन'का बारेमा कसैलाई सुझाउनै पर्दैनथ्यो
'डाइट'का बारेमा कसैलाई बुझाउनै पर्दैनथ्यो
'सन्तुलित आहारा' का बारेमा कसैलाई सिकाउनै पर्दैनथ्यो
'जङ्क फुड'का बारेमा कसैलाई चेतना दिनै पर्दैनथ्यो ।

खोला, खोल्सा, तरेली !
स्वच्छ प्रकृति
उकाली, ओराली !
धुवाँको मुस्लो कहाँ देख्न पाइन्थ्यो !

फोहोरको थुप्रो कहाँ हेर्न पाइन्थ्यो !
ध्वनि प्रदूषण कहाँ अनुभव गर्न पाइन्थ्यो !
राति नै उठेर पँधेरा गइन्थ्यो
झिसमिसेमै खेत पुगिन्थ्यो
उज्यालो हुँदा घाँसको भारी लिएर घर आइन्थ्यो
'मर्निङ वाक'बारे कसलाई के थाहा !
'योग शिविर'को कसलाई आवश्यकता !
'हाइकिङ' का बारेमा कसलाई के मतलब !
माटोमा कडा परिश्रम गरेपछि
लेकबेंसी उक्लनु/ओर्लनुलाई नै दैनिकी बनाएपछि
जङ्गली जनावरलाई लखेट्न तिनीहरूसँगै कुदेपछि
भीरपाखासँग अभिन्न मित्रता गाँसेर
घाँसपात र अन्नपातका बडेबडे भारी बोकेपछि
शरीर उसै इस्पातजस्तो बलियो र शक्तिशाली हुन्थ्यो !
'जिमखाना'बारे कसले पो थाहा पाइराख्नुपर्थ्यो !

वास्तवमा त्यहाँ एउटा विश्वविद्यालय थियो
'स्वास्थ्य शिक्षा', 'दीर्घ जीवन'
'स्वस्थ शरीर', 'स्वस्थ मन'
यी सबै किताबमा पढेर होइन
आफैँले गरेर
थाहै नपाई सिकिन्थ्यो ।

कसैकोमा बिहे, व्रतबन्ध वा पुराण हुँदा
कसैको घरको निराल बोक्दा वा तलो छाप्ता
कति हार्दिक र रमाइलो सरसहयोग हुन्थ्यो !
कति आनन्ददायी जमघट हुन्थ्यो !
वनजङ्गल तथा गोठथलातिर–
मानिससँग मात्रै होइन
पशुसँगसमेत कति रमाइलो कुराकानी हुन्थ्यो !
कति मीठो सम्बन्ध हुन्थ्यो !
जाँतो, ढिँकी, कोल, पानीघट्ट
आफ्नै प्रविधिमा कति रमाइन्थ्यो !
पैंचो, पर्म र सहकार्य !
सम्झौँ त–

त्यस्तो मानवतावाद र समाजवाद
अन्यत्र कहाँ पाइन्थ्यो !

यहाँ त
प्रकृतिसँग होइन
प्रविधिसँग रमाउनुपर्छ !
खुल्ला वातावरणमा होइन
बन्द कोठामा गाउनुपर्छ !
माटोमा होइन
मेशिनसँग खेल्नुपर्छ !
जताततै
पैसा, पैसा र पैसाको हिसाबमा चल्नुपर्छ
हरेक कुरामा झूटो बोल्नुपर्छ
भीडभाड, कोलाहल, प्रदूषण !
फोहोर, धुलो, दुर्गन्ध, भाषण !
जालझेल, ईर्ष्या, तनाव !
शायद त्यसैले पो हो कि-
थाइराइड, कोल्डस्ट्रोल, सुगर, प्रेसरले पीडित भएर
अरूलाई देखाउनकै लागि भए पनि-
बिहानै उठेर 'मर्निङ वाक'मा जानुपर्छ !
बलियो हुन बट्टाबन्द 'भिटामिन' र 'डाइट' खानुपर्छ !
अनि थेगिनसक्नु मोटो भएपछि
गाडी चढेर 'जिमखाना' जानुपर्छ !

गाउँका बारेमा जान्नेहरू छन्
गाउँका बारेमा जान्न चाहनेहरू छन्
गाउँको महत्व बताउन सक्नेहरू छन्
बढ्तै भए-
गाउँलाई मनमा देख्नेहरू पनि छन्
यस्तै कविता लेख्नेहरू पनि छन्
तर,
खोज्नैपर्छ गाउँमै पर्खनेहरूलाई
खोज्नैपर्छ गाउँतिर फर्कनेहरूलाई !

# पहिरोमा सगरमाथा



❖ सानुराजा श्रेष्ठ अञ्जान

भएन बाबु केही गरिनस् -
आमाको गुनासो यसरी पोखिन्छ,
मान्छे बन्न, केही सिक्न -
परदेश जानैपर्छ,
केही सीप गर्जो टार्ने
जिन्सी ल्याउनै पर्छ,
गर्भभारी बोकेर हुर्काएँ -
आमाको भारीको पैँचो तिर्ने पर्छ ...
ड्ड घरघरमा युद्ध,
दाजुभाइमा युद्ध हुँदा
देश नवयुगमा प्रवेश गरेको शङ्खनाद हुन्छ
उद्योग कारखाना बेच्दै नवधनाढ्य हुनेहरू
नयाँ रोजगार सिर्जना गरेको उद्घोष गर्दछन्
आमालाई के थाहा ....
देशको विद्रुप स्थिति ?
देश निरन्तर ओरालो
लागेको अवस्था ???
र छोराछोरीहरू बाकस-बन्द भएर
फर्किनुपर्ने वाध्यता
देशको चिनारी भष्मासुरले भष्म पारिसक्यो
देशको परिचय रक्तबीजहरूले
लज्जाहीन् पारिसक्यो
त्यसैले आमा सगरमाथामै पहिरो गएको छ
पहिरोमै सगरमाथा भासिएको छ ।

ooo

पशुपति देउपाटन, काठमाण्डौं
anjaan143@gmail.com, ९८४१ १३९२००

# मलाई पनि माया गर्ने गर



❖ अमृत प्रसाद पौड्याल

मेरो शिरमा आफ्नो कदम राखी तिमी गौरबान्वीत हुन्छौ
तिम्रो त्यस उत्साहमा म स्वयं रोमाञ्चित भइदिन्छु
मेरै आँगनीमा उभिएर मलाई भरपुर नजर भित्र कैद गर्छौ
तिम्रो त्यस चहानामा म आफुलाई समर्पण गरिदिन्छु
मलाई टाढैबाट हेरेर पनि तिमी तनाव रहित हुन चहान्छौ
म तिमीमा परैबाट उर्जा सम्प्रेषण गर्न चहान्छु ।
विहान उठने वित्तिकै मलाई देख्ने तिम्रो अभिलाषा
मलाई नछेकिदिन म कुहिरोलाई अनुरोध गर्दछु ।
म हावा छेकेर तिमीलाई न्यानो बनाउँछु रे
बर्षालाई जागृत गराई प्रकृतिलाई हराभरा बनाउँछु रे
आफु पग्लिएर पनि तिम्रा लागि नदिहरु बहाउँछु रे
तर दुःख लाग्न थाल्यो मलाई
आजकाल मेरा अस्थिपञ्जरहरु कालापत्थर झै देखिन थाल्यो रे
ताप र रापले म पग्लिँदा समुद्रको उचाई बढन थाल्यो रे
बेमौसममा विपत्तिहरु बढन् थाल्यो रे
यी सबैका पछाडी तिम्रो हात छ भन्ने सुन्दा
म माथि निर्वाध अधिकार जमाउन सक्ने तिमी
जिवात्मामा सर्वश्रेष्ठ मानव हौ रे
म त तिम्रो लागि मात्र निर्जिव हिमाल हुँ
मेरो अनुय छ तिमीलाई
मलाई पनि माया गर्ने गर ।

*कृषि विकास बैंक लि.,*
*मुख्य कार्यालय, काठमाडौं ।*

# मन भित्रको भावना

❖ सम्पदा ज्ञवाली

दिमागमा खलबलाई रहने ती भावना लाइ तोड्न मन छ मलाइ
आकाशमा उडेको पंक्षी जसरी उड्न मन छ मलाइ
उड्न खोजेर के गरौ म
उड्न खोजेर के गरौ म
मेरा हौसलाका पखेटा काट्न मन छ सबैलाई
जन्म भयो यो लोभी संसारमा
जन्म भयो यो लोभी संसारमा
जहाँ मान्छे आफ्नो राम्रोको लागि मान्छे काट्न तयार छन् ।
त्यस्तो संसारमा बसेर पनि उड्ने सपना देख्न र उडान भर्न मन छ मलाई
समयको साथ साथै मान्छे नि बदलिन्छन
पहिलाका साथी दुश्मन बन्छन, पहिला का प्यारा मान्छेले मुटुमाँ सहन नसक्ने चोट दिन्छन्
आफन्तको नाममाँ कुरा काट्ने र रिस डाहा गर्ने मात्र भेटिन्छन्
त्यस्तो संसारमा बसेर पनि उचाइको शिखर चुम्न मन छ मलाई
अहिले त सानै छु धेरै कुरा बुझ्दिन पनि पछि गएर
संसारलाई बुझ्ने छु
आफ्नो भावना लाइ यसै गरि आफ्नो मस्तिष्कको किताब माँ कोर्ने छु ।।

रुरुक्षेत्र गा.पा. ३ थोर्गा सेलपोखरी
हाल : काडाँघारी काठमाण्डौ

# ककनी

❖ सुरज श्रेष्ठ

अनुपम चिसो मौसमले लोभ्याउंछ सबैको मन
ट्राउट-स्ट्रबेरी मुला यंहाको अनमोल पहिचान,
फुङफुङ लौके झरना ककनीको अमूल्य गहना
प्रफुल्ल छ मन नियाल्दा हिमशिखरले विहानै-विहान ।

ईन्द्रकमला गर्वाशी क्षेत्रपाल महालक्ष्मीस्थान शिरमा गोणेश्वर
कागतीगाउं देखि मात्रागाउं ककनीको समृद्धिको आधार,
सिरुवारी केउरेनी काउले डांडागाउं खानीखोला सुन्दर ओखरपौवा
छापथोक तिनघरे लामा-थर्पुगाउं बरबन्दी सबको मुकाम रानीपौवा ।

खोलापारी चतुराले ढोकाभन्ज्याङ सुवेटार समथर चाउथे
स्वदेशमा रोजगार पाए गाउंघरमा नै परिवारसंग रमाउंथे,
कोल्पुखोला सानो ठुलो चित्रे विविधता छ ककनी हाईटले
छोएको भूगोलले तारकेश्वर बेलकोट धुनिबेशी लिखु शिवपुरीले ।।

**शुभम्**

# दोष कस्को



❖ सन्तोष भुजेल

बुहारीले घाम झुल्के पछि मात्रै
झाडु पोछा लगाइन भनेर
शुरु भएको सासु बुहारीको झगडा
भूसको आगो भएर
भित्र भित्रै सल्कियो
त्यहि नै झगडाको बिउ भयो ।
सासु बुहारी बोलचाल बन्द भयो ।
दिन बित्यो, महिना बित्यो
सासु एकातिर, बुहारी अर्कोतिर
को भन्दा को कम ?
झुकेर बोल्ने कोहि भएन
शायद एउटा झुक्या भए त
सम्बन्ध पुनः जोडिने थियो
झगडाको दुई बीचमा छोरा भयो
नत उसले आमा पक्ष लाग्नु
नत उसले श्रीमती पक्ष लाग्नु
सासुले पकाएको बुहारी नखाने
बुहारीले पकाएको सासु नखाने
नत बुहारीले सासुको मन जितिन्
नत सासुले बुहारीको मन जितिन्
बुहारीले आफ्नो काम गरेकै थिइन्
सासुले आफ्नो कर्तव्य निभाएकै थिइन्
आखिरमा त्यस घरमा बाध्यतामा
दुईटा चुल्हो बलेरै छाड्यो
छोराले सहन नसकेर घर बाहिरै
खाना खान जान थाल्यो
त्यसपछि बुहारीले पनि
त्यो घर छाडेरै माइतै बसिन्
घरमा आखिर आमा एक्लै भइन् ।



# टाढा हुँदैछु

❖ सुस्मिता बिसुंखे

मैले तिमीलाई बुझ्न सकिन
अहिले आएर पो चाल पाएँ ।
तिमी धेरै खुशी हुनु प्यारा
तिमी आनन्दी साथ बस प्यारा
मैले त मेरै दिलको राजा भन्ठान्याथें
तिमी त पराइकै प्राण पो रहेछौ
मेरो सुख अनि हाँसो
सधैं सबै तिमीलाई सुम्पेर
तिमी देखि धेरै टाढा हुँदैछु
तिम्रो जीवनबाट ओझेल पर्दैछु
सायद हाम्रो भेट अब नहोला
तिमीलाई त्यति धेरै माया दिंदा
तिमीले कहिल्यै मेरो माया बुझेनौ
प्रयास कहाँ नगरेको हो र तिमी पाउन
तत्पर थिएँ सम्बन्ध गाढा बनाउन
सायद तिमी मसँग खुशी थिएनौ
त्यहि भएर त टाढा हुँदैछु म अब

# मन जित्न सकुँ



❖ रोशन भुजेल

बिहे भएको एक बर्ष भो
ज्यान सुकेर खत्तम भो
यसै बीच छोरी जन्मिइ
माइती खुशी थिए
घरकाले वास्तै गरेनन्
श्रीमान पर पर हुनु भो
उहाँसँग कुरै मिलेन
सोच मिलेन, व्यवहार मिलेन
बेला तातो भात मिलेन
सुत्ने ओछ्यान सँगै मिलेन
न त चटक्कै
घर र श्रीमान
छोडेर जान सकें
न त कुनै आम्दानीको
गतिलो श्रोत नै भेटें
हे ! भाग्य विधाता
म तिम्रै शरणमा छु
एकपल्ट तिमी नै भनिदेउ
म कुन मन्दिर जाऊँ ?
म कुन देवता पुजुँ ?
ताकी मैले, मेरा परिवार
म अनि सबै आफन्तको
सुख, खुशी किन्न सकुँ
सबैको मन जित्न सकुँ

# माया



❖ सुरज रन्जित

कुनै दिन
जुन दिन
यस्तो समय थियो
म कति प्यारो थिएँ
तिम्रो नजरमा
तिमीबाटै धेरै आशा थिएँ
म तिम्रै लागि खास व्यक्ति थिएँ
मनै त रहेछ आखिर
परिवर्तन हुनका लागि
केहि पनि नचाहिदो रहेछ
तिम्रो म प्रतिको नजर
त्यो पनि परिवर्तन भयो
बस पर्खन र सहन मात्रै
सक्नु पर्दो रहेछ यहाँ
अस्तिको दिन भन्दा
हिजोको दिन राम्रो थियो
हिजोको दिन भन्दा
आजको दिन राम्रै छ
आजको दिन भन्दा
भोलिको दिन अवश्य नै
अझै राम्रो भएर
आउने आशा छ
ठिकै छ, तिमी परिवर्तन भयौ
तर तिम्रो भाग्य
परिवर्तन हुने छैन
म पनि अवश्य
परिवर्तन हुनेछैन, माया

# गजल



❖ ढाकाराम अधिकारी

यहाँ सासको त कुनै भर छैन्
बुझ्नेले  नबुझे पछि, बाँच्ने रहर छैन।

किन खोज्छौ, कुन सहरमा खोज्छौ
नखोज्नु मलाई म कुनै सहरमा छैन।

कसै सँग भेटिनु पर्ने चाहा छैन
म किन हराए आफैलाई थाहा छैन ।

मेरो कथा सकियो, कहानी सकियो
अब नयाँ कथाको अर्को पात्र छैन।

भेट्न त भेट्छौ होला, भेटेर रुन्छौं होला
शरीर भएर के गर्छौ मेरो  सास मात्र छैन।

तिमीलाई पराई सँग भेटे, खुसी देखें
म चित्तमा जल्ने छु, तिम्रो हुन भाग्यमा लेखेको छैन।

मलाई कसैसँग भेटिनु पर्ने चाहा छैन
म किन अस्ताए आफैलाई थाहा छैन।।

*धनगढी उपमहानगरपालिका १४ कैलाली*

# व्यवहार



❖ आरति खत्री

अब तिमी लाई अर्कै मन पर्न थालेछ
माया पनि उसैको लाग्न पो थाले छ
अब भन्नु मेरो के नै छ र ?
ठिकै छ तिम्रो खुशी तिम्रो महत्वांकाक्षा
मैले के पो गर्न सक्छु र ?
तिम्रो आफनो ब्यबहार 'समयको माग
कसैको खुशीलाई चाहना लाई
कसले पो बांधि राख्न सक्छ र ?
बांध्ने अधिकार पनि त कसैको हुंदैन
तिमीलाई जे जस्तो खुशी लाग्यो
ठीक त्यस्तै ब्यबहार गर्न थाल्यौ
आखिर मैले के नै पो गर्न सक्छु र ?

❑ कविता

# कसैगरी बिसेक हुदैन घाउँहरू !



❖ नारायणलाल श्रेष्ठ

बा नभएपछि आजकाल,
मन भत्किने गरी सम्झना आउँछ बाको
मुटु चर्किने गरी भेट्ने तिर्सना जाग्छ बाको !

मन उद्देलित भएपछि आजकाल
कहिले बालाई लेख्न खोज्छु
कहिले बालाई पढ्न खोज्छु
कहिले बालाई  देख्न खोज्छु !
तर
जति लेखे पनि लेखेर सकिनु हुन्न बा
जति पढे पनि पढेर भ्याइनु हुन्न बा
आँखा फाडेर हेर्दा पनि कतै देखिनु हुन्न बा !

खोजेर कतै नभेटेपछि बालाई,
बाले असि हिउँद काटेको गाउँघरलाई सोधें
बाले सङ्गत गरेको चराचुरिहरुलाई सोधे
रुख बोटविरुवाहरुलाई सोधे
डाँडाकाँडा, पाखापखेरालाई सोधे
मेरो बालाई कतै तिमीहरुले देख्यौ कि
मेरो बालाई कतै तिमीहरुले राख्यौ कि
औधी माया थियो तिमीहरु प्रति बाको
तिमीहरुलाई छाड्ने ईच्छै थिएन बाको
तर,
तिनीहरु सबै केही वोलेनन
तिनीहरुले पनि कुनै रहस्य खोलेनन् !

सम्झना अति आएपछी बाको
आकासको विशाल सुन्यतामा पनि खोजे
बाले कुल्चेको माटो सुघेर पनि खोजे
बाले पसिना वगाएको खेतवारी चाहारेर पनि खोजे
खाने वेलामा आइपो हाल्नु हुन्छ कि भनि आस गरे
सुत्ने वेला त अवस्य आउनु होला भनि प्रतीक्षा गरे
तर कसैगरी आउनु हुन्न बा
कतै पनि हुनुहुन्न बा !

यताबाट आउनु होला कि
उताबाट आउनु होला कि
बाबु? भनेर वोलाउनु होला कि
घर व्यवहारको कुरा भन्नु होला कि
जिन्दगीको गन्थनमन्थन गर्नु होला कि
झझल्को यसरी आइरहन्छ बाको
सम्झना सधै भइरहन्छ बाको !

घाम चर्किन्छ, पानी दर्किन्छ
रात पर्छ, उज्यालो हुन्छ
मौसमहरु फेरिइरहन्छ
समयहरु बितिरहन्छ
सवै मौसम बाको सम्झना बोकेर आउछ
सवै समय मनको घाउ वोकेर आउछ
कसैगरी मेटिदैन सम्झनाहरु,
कसैगरी विसेक हुदैन घाउहरु !

चौथो वार्षिक पुण्यतिथि
२०८१/९/२८



❖ नविन काफ्ले "अभि"

# दिदी

दिदी तिमीले आमाको दुध छोडेकै साल हो
म तिम्रो भाई भएको
बा ले तिमी धर्तिमा आएकै दिन
आमालाई तरेका ठुला आँखाहरुको
परिणाम हुँ म
तिमी अगेनामा आमाको प्रसव पिडामा
विलीन भएकै बेला
म च्याँ च्चाँ कराए पछि तिमी धैर्यताको बाँध नागेर
गाँउभरी म आएको महावाणी चलाएकी थियौ रे
सिगान पुछेर रंगीन बनेको कालो बाउला भएको
भोटी लाएर तिम्रो हात समाई
पारी घर ,तल्ला घर गर्दै थाकेपछी तिम्रो
पिठ्युको ओछ्यानमा खुब सुतेको छु दिदी
दिदी तिमी मेरै कारणले बा को प्यारों
कहील्यै भईनौ
स्कुल नाममात्रको भयो तिम्रो लागि
तिमीले आफ्नो सट्टा पनि मलाई नै भनेर
हरेक दिन कापी क़लम बचाई राख्यौ
तिमी कति लाचार भएकी दिदी
स्कुल जान मन हुदाँ हुँदै पनि
दिदी मेरो मानसपटलमा अझै ताज़ै छ
म झोला बोक्दा तिमीले डोको बोकेको
बेला बेला तिम्रो मायाले फुर्रिएर
तिम्रो दाई भई रहन्थे म
दिदी तिमी पराईको भए पछी बल्ल
म तिम्रो ईमान्दार भाई भएको हुँ
दिदी तिमी डोली चढ्दा कति सहनशिल बनेकी
तिम्रा ऑखामा आशु छछल्किदा पनि
पोखिन नदीई मेरै ऑखाका
ऑशु पुछेर गयौ
दिदी आउन फेरी एक चोटी तिम्रो प्यारों आँगनमा
फेरी फर्कीलौ ति प्यारा दिनहरुमा
जहाँ तिमी मेरो हात समाएर ताँते ताँते गरौली
म भागी भागी तिमीलाई सताई रहुला, प्यारी दिदी।

# समयको अन्तरालमा हजुरआमा

❖ जयन्ती स्पन्दन

हजुरआमा,
आँखाको लेन्सले खिचेको तस्विरसँगै
झझल्को आउँछ मनमा
तिमी हुनु र नहुनुको अन्तर
हुनुको अनुभूति, सम्झनाको मिठास, बहकिएको मन
नहुनुको बेचैनी, उफ् छटपटी
कस्तो-कस्तो ।

त्यो अर्कै जमाना
अर्कै युग
'तिमीले भोगेको जीवन
र
मैले बाँचेको समय बीचको अन्तराल कहाँ छ हजुरआमा?'
'जीवन नभोगी कहाँ थाहा हुन्छ?
भोग्नु पर्छ जीवन
भोग्दै भोग्दै भिज्नुपर्छ
भिज्न जान्नुपर्छ अनि त दुःख र सुख केही बाँकी हुन्न
अन्तरालको सिमारेखा त्यसै तोडिन्छ नि नानी.....।
न्यानो छहारी घामले र शितलपाटी जुनले दिन्छ
समय त बगिरहन्छ आफ्नै धुनमा कलकलाउँदै
निरन्तर बगिरहनु पो जिन्दगी
एकैछिन बाढी झैं उर्लनु
या टक्क अडिनु पनि के जिन्दगी...!'

अहिले
क्षणभरका लागि तिम्रा आँखाबाट बिलाए पनि
इतिहाँसको टाइम ट्राभल गरेर
दन्त्यकथाको पात्रका रूपमा नै सही
म सारिरहने छु
निरन्तर निरन्तर सम्झनाका कुइनेटाहरु ।

हजुरआमा,
तिमीले कोरेको बाटो पहिल्याउँदै रे
बाबा, आमा, दिदी, दाइ र त्यसपछिको पालो
सायद कुनै भवितव्य नपरेमा

सृष्टिचक्रको क्रमबद्धतामा
ठ्याक्कै  मेरो नै पो हो कि.....!
सम्झदा पनि मन हुरूक्क हुने ।

हजुरआमा,
तिम्रो अवसानले
तिम्रो समय अन्तरालको उत्तरले
धेरै धेरै पाठ दिएर गएको छ ।

अक्षर नबुझी
संसार बुझेकी तिमी
कलमले रंङ नपोती
घर, परिवार रङ्याउने तिमी
मिथक र संस्कारको राँकोमा
यथास्थितिमा बाँचेर पनि
बैचारिक सङ्घर्ष र अन्तर्द्धन्द्वमा
भूँइभरि पोखिएरै पनि
काँधमा कर्तव्यको भारी बोकेर
स्वाभिमान र आत्मविश्वास बटुलेर
जीवन कौशल भर्ने तिमी
माटोमा पूर्ण स्वतन्त्रता उमार्ने तिमी ।

हजुरआमा,
अचेल
तिमी र हिउँले ढाकिएको हिमाल मलाई उस्तै लाग्छ
प्रत्येक बिहानी मलाई तिम्रै प्रतिविम्व हेर्न आतुरता जाग्छ
कञ्चन निलो पानीको तालमा तैरिरहेको डुङ्गा र तिमी उस्तै लाग्छ
समयको अन्तरालसँगै जीवन गतिमा बहिरहेको आभाष मिल्छ ।

हजुरआमा,
हिजो भन्दा आज
र
आज भन्दा भोली
जीवनको उत्तरार्धमा
अझ प्रिय हुनेछन् तिम्रा गाथाहरु ।
समय अन्तरालको एउटै विन्दुमा
अनि ठ्याक्कै केही वर्ष पछि
सायद भेट हुनेछौं हामी दुई पनि ।
जिन्दगिको सानःअन्तत पूर्ण जीवन चक्र.....।

# सहज चार कर्जा




❖ शान्तिराम भट्टराई

नाम जस्तै सरल छ, यो कृषि कर्जा
सबैभन्दामाथि हुन्छ, किसानको दर्जा
मासिक व्याज बुझाउन, बिर्सनु चैं हुन्न
कर्जा लिएपछि साँच्ची, अप्ठ्यारोले छुन्न

घर जग्गा चाहिँदैन, गाडी हुन्छ धितो
कृषि बैंक अटो कर्जा, लिउँ छिटो छिटो
व्यक्तिगत, संस्थागत, दुबै पाइन्छ ऋण
कृषि बैंकमा सुविधा छ, अन्तजाने किन

अध्ययन अनुसन्धान, तालिमको लागि
चलाउन पर्दैन भो, साहूसँग मागी
ग्राहकवा एकाघर परिवारको आय
अरु मलाई पर्दैन भो, शैक्षिक कर्जा पाए

व्यावसायिक कर्जा लिन्छु, धितो खेतबारी
कजा पाउने सीमा मेरो, म त कर्मचारी
चुस्तकाम कृषि बैंकमा, मुस्कानका साथमा
कर्जालिई काम गर्छु, दिन अनि रातमा



# बिना नाम को 'म'

❖ पोषराज सुवेदी

बुद्धि त्यसै आएको होइन
धेरै हराएको थियो
केही जिम्मेवारी लिन
मेरो सपना जलाएको थियो
जीवनको हरेक पाइलामा म
मैले आफैंलाई मात्र व्याख्या गरें
मैले हरेक पीडालाई अँगालेको थिए
सबै बिर्साउन एक मुस्कानले
अनुहार सजाएको थिए ,
केही लेख्न पाए हुन्थ्यो
म आफैंले केही यस्तो लेख्नेछु
म मेरो सारा दुखः र पीडा लेख्नेछु।
म लेख्नेछु ती दु:खका दिन र ती रोएका रातहरू।
केही सपना अधुरै छन्, केही गुनासो लेख्नेछु
म केही कोलाहल र केही मौनता लेख्नेछु
आफु बाट टाढा भएपनि आफुसँग नजिक भएर लेख्नेछु
म आफैलाई अभागी लेख्नेछु
म आफैको खुला किताब लेख्नेछु
तैपनि कसैले बुझ्न सकेन, म यो हरेक पटक लेख्नेछु
म आफैंको खुला किताब लेख्नेछु
तैपनि कसैले बुझ्न सकेन, म यो हरेक पटक लेख्नेछु
त्यसपछि म यस्तो केही लेख्नेछु
म त्यो किताब , बिना नामले लेख्नेछु।

*पुर्व कर्मचारी - ने बि प्रा*

# हाम्रो घाम छायाँ

❖ गीता आचार्य

धानका बाला झुल्दै होलान्
आली आली मासका दाना फल्दै होलान्
कान्ला मुनिको घाँस काट्दै विसाउँदै
औला भाँच्दै गन्दै होलिन
मेरी आमा
छोरो आउने यति दिन छ
छोरी आउने उति दिन छ
जति दिन नजिकिन्छ
उति टाढा लाग्ने
सेकेन्ड सुईं घुम्दा पनि घण्टौ लाग्ने
घर आँगन सुकिला मुकिला
गेरू कमेरोले रंगिएको घर
तिम्रो स्वागतको लागि
पर्खि बसेछ गाउँ घर
आमाको जोहो
बाबुको कमाईं
खान्छौ मिलिजुली रमाईं
शहर खाली जस्तै
गाउँघर रसिलो
हाम्रो दशैं कति कसिलो
जोड्छ
हिमाल, पहाड अनि तराई
हुन्नौ कहिल्यै हामी पराई
बडाको आशिष
सानाको माया
हाम्रो चाडपर्व र संस्कृति
हाम्रो घाम छायाँ

# तिम्रो सरकार ढलेपछि लिन आऊ आफन्त



❖ सोम बहादुर गुरुङ

म रोप्दैछु पैसाको बोट फलेपछि लिन आऊ आफन्त
मलजल गर्दै हुर्काउने तयारीमा छु अब
तिम्रो सरकार ढलेपछि लिन आऊ आफन्त

म व्यापार गर्दैछु अब केही प्रतिफलको आसमा
धेरथोर बचाउने मेरो परिकल्पना रहनेछ
खै कसरी बचाऊँ सतिले सरापेको भूमिमा
त्यसैले कर छलेपछि लिन आऊ आफन्त
तिम्रो सरकार ढलेपछि लिन आऊ आफन्त

समस्या ठूलो हजुरकै मात्र, खानुपर्ने लाउनुपर्ने हजुरलाई मात्र
आहा कति मिठो बोली तिम्रो रसमलाइको स्वादजस्तै
लियौ तर दिने कर्तव्य बिर्सियौ क्यारे
त्यसैले अब शरीरमा खरानी दलेपछि लिन आऊ आफन्त
पैसाको बोट रोप्दैछु फलेपछि लिन आऊ आफन्त

व्यक्ति फेरिए व्यवहार फेरिएन रङ्ग फेरिए ढङ्ग फेरिएन
तपाईंलाई त्यतिले नै पुग्ने भए ठीकै छ त है ।
जसोतसो जिन्दगी मेरो पनि चल्छ भने
तिम्रो कला चलेपछि लिन आऊ आफन्त
पैसाको बोट फलेपछि लिन आऊ आफन्त
तिम्रो सरकार ढलेपछि लिनआऊ आफन्त

लाज सरम पनि मान्न छोडेछौ, हरेक चिजलाई मुद्रामा मोलेछौ
गर्नुसम्म गरेछौ भाको स्वाभीमान पनि बेचेछौ
फेरि निमन्त्रणा गर्न पाऊँ हजुरलाई केही दिनु छ अझै
त्यसैले पैसाको बोट फलेपछि लिन आऊ आफन्त
मलजल गर्दै हुर्काउँदै छु
तिम्रो सरकार ढलेपछि लिन आऊ आफन्त

तपाईंसँग जीन्दगीको हिसाब गर्नुथियो
केही लेनादेनाको बहिकिताब भर्नु पनि थियो
सके मिलाऊँला नसके मुखैको मीठो बोली भए पनि पुग्थ्यो
अन्तिम विकल्प घरबार बेची बसाइँ सर्नु थियो
बाँकी के नै रह्यो र अब हार खाएँ म
त्यसैले तिम्रो सरकार ढलेपछि आऊ आफन्त
शरीरमा खरानी दलेपछि लिन आऊ आफन्त

म त जिउँदो लास भइसकेँ अब
भाको प्राण गलेपछि लिन आऊ आफन्त
रोज्दैछु स्वर्ग जाने बाटो जहाँ पैसाको मूल्य हुँदैन रे
त्यसैले तिम्रो फिल्म चलेपछि लिन आऊ आफन्त
अत्यष्टिमा जलेपछि लिन आऊ आफन्त
पैसाको बोट फलेपछि लिन आऊ आफन्त
तिम्रो सरकार ढलेपछि लिन आऊ आफन्त ॥

*व्यवसाय सहायक*
*कृषि विकास बैंक लि.*
*गण्डकी प्रदेश कार्यालय पोखरा*

# गीत



❖ रामेश्वर जलन

आज भोली तिम्रो कुरा यति धेरै मिठो मिठो
तिमी विना यो जीन्दगी नै छ रित्तो रित्तो
　　　　जतिटाढा उतिगाढा हाम्रो प्रेमिल रङ्ग हेर
　　　　नभबाट धर्ति छुन आँट्यो इन्द्रेनी नुहिएर
मुटुको धड्कनमा पलपल छ तिम्रै नाम
जहाँजहाँ तिमीले टेक्यौं उहि पवित्र घाम
　　　　अमर प्रेमको ताजमहल तिम्रै सच्चादिल
　　　　समय सँगै बग्दो समपर्ण र त्याग कति निश्चल
आज भोली यादहरु सिरानी, प्रतिक्षाको सुमधुर धून
धराभर संझनाका संगित सरगम् चुराहरु छन्छन् ॥

*बुंङ्गमति, ललितपुर*
*९८४१७४२०१०*

# आत्मकथा लेख्ने कथा



❖ कृष्ण धरावासी

मलाई विभिन्न समयमा भेटेर वाफोन गरेर लेखनमा रुचि राख्ने भाइबहिनीहरूले प्रश्न गर्छन्- आत्मकथा कसरी लेख्ने ? त्यसकालागि चाहिने स्रोतहरू कसरी भेला गर्ने ?प्रश्न सुन्दा सजिला लागे पनि उत्तरका लागि जटिल छन् । साहित्यका विभिन्न विधा भित्र उपविधाहरू पनि थपिने क्रम जारी छ । परम्परागतविधाहरूले मात्र अब लेखकहरूलाई यथेष्ट हुन छोडेको छ । लेखन प्रयोगहरू विधा माथि पनि खेलिरहेका देखिन्छन् ।

यसो हेर्दा साहित्यका अन्यविधाहरू भन्दा आत्मकथा लेख्न सजिलो होला जस्तो पनि लाग्दछ । आफ्नो कुरा त हो फररर लेखे भइ त हाल्यो । कल्पना गर्नु परेन, नचाहिने पात्र र घटनाहरू खोजी रहनु पनि परेन । आफ्नै जीवनमा जोडिन आएका अनगिन्ती व्यक्ति र वस्तुहरू पात्र बनेकै हुन्छन्, इत्यादि । तर यो यसरी सोचेजस्तो सजिलो कुरा हैन । मलाई त लाग्छ - साहित्यमा लेख्न गाह्रो भनेकै आत्मकथा हो । त्यसो त खुबै सजिलो पनि फेरि यही हुनसक्छ । हामी त्यसलाई केका लागि र किन लेख्छौं भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । यदि हामी आत्मप्रशंसाकालागि, आफ्नो पारिवारिक इतिहासको सुन्दर पक्षलाई मात्र बाहिर ल्याउन चाहन्छौं भने यो लेख्न केही गाह्रो हुन्न । धेरै सोचिरहनु पनि पर्दैन । तर आफ्नो, परिवारको, समाजको यथार्थ चित्रण गर्न चाहेको हो भने अब लेख्नु एकदम नै गाह्रो कुरा हुन्छ । अनि लेखकको सबैभन्दा ठुलो परीक्षा पनियहीं हुन्छ । ऊ आफ्नो लेखनमा कत्तिको इमान्दार छ, कत्तिको नीर्भिक छ, कत्तिको सरल र साहसी छ भन्ने कुरा उसले आफ्नो बारेमा लेखेको कृतिबाट मात्र थाहा पाउन सकिन्छ ।

यो काम सजिलो नभएकैले नेपाली साहित्य माआत्मकथाहरू भनेजस्तो आउन सकेको छैनन् । फाट्टफुट्ट जे जति आएका छन् तिनमा पनि आत्मप्रशंसा र परनिन्दाको मात्रा अत्यधिक हुन्छ । पछिल्लो कालमा धेरैजसो आत्मकथाहरू अवकाश प्राप्त निजामति तथा जङ्गी सेवा काकर्मचारीहरूद्वारा लेखिएकाहरू बजारमा देखिन्छन् । अधिकांश तिनीहरू लेखक आफ्नो सेवाकालमा अत्यधिकइमान्दार र नैतिक रहेको । आफूले कसैलाई पटक्कै हानी नपुऱ्याएको तर अरूले आफूलाई भने खुट्टै टेक्न नदिएको

जस्ता बखानहरूले चार पाँच सय जति पानाहरू भरिएका हुन्छन् । जुन् कृतिहरू पढ्दापढ्दै पाठक किताबको बिचैबाट निस्किन्छ ।

पश्चिमी साहित्यमा उपन्यास पछि सबैभन्दा लोकप्रिय भनेकै आत्मकथाहो । देशका प्रधानमन्त्री र राष्ट्रपतिहरूले पनि बडा सन्तुलितपाराले आफ्ना कुराहरू लेखेका हुन्छन् जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीति र इतिहासमा समेत गहिरो प्रभावपार्ने गर्दछ ।

मानिसलाई लाग्ने सबैभन्दागारो कामभनेको आफ्नो बारेमा नढाँटी भन्नु हो । यो आफैंलाई आफूले गरेको भयानक चुनौती पनि हो । आफ्नो बारेमा भन्दा त्यहाँ आफू मात्र नभएर अरूहरू पनि उत्तिकै जागेर आउँछन् । तिनको कुरा नभनी किताब अगि बढ्दैन, तिनको बारेमा भनौं भने गाह्रो हुन्छ । आफ्ना कमजोरीहरू नै भन्न नसक्नेले अर्काको बारेमा त झन कसरी लेख्न सक्दो होला त नि !

आत्मकथा लेख्न बस्नुभन्दा अघि लेखकले आफूभित्रबाट आफ्ना अहम्, स्वाभिमान, लाज, डर, मान, अपमान सम्बन्धी धारणाहरूलाई फुकाले केही समय कतै कुनामा थन्क्याउन सक्नुपर्छ । आफूले लेखेको कुराप्रति पूर्ण इमान्दार हुन सक्नुपर्छ । आफूले लेखेवापत भोलि कुनै विवादहरू आएमा त्यसको लागि जवाफदेही हुन सक्नुपर्छ । आफ्नो लेखनसंग सम्बन्धित दसीप्रमाण वा साक्षीहरू सुरक्षित राख्नसक्नु पर्छ । आफ्नो लेखन आफ्नै व्यक्तिगत बखान र पारिवारिक प्रशंसाको पुलिन्दान बनोस् भन्नेमा सतर्क हुन सक्नुपर्छ ।

प्रत्येक व्यक्ति ऊ समाजको इकाई पनिहो । त्यसैले उसले भोगेको जीवन उसको मात्र नभएर समाजको सुक्ष्म अंशपनिहो । एउटा व्यक्तिका तमाम अनुभव र अनुभूतिहरू समाजबाटै उत्पन्न परिस्थितिहरू हुन्तसर्थ आत्मकथा समाजको कथापनि बन्न सक्नुपर्छ । त्यसमा त्यस समयको आफू, आफ्नो समाज र देश देखिन सक्नुपर्छ । कुनै खास समयमा गोप्य राख्नवा रहन बाध्य सन्दर्भ लेखन कालमा सार्वजनिक हुनसक्नु पर्छ । कुनै पनि आत्मकथा पढिसकेपछि पाठकले त्यसभित्र आफूले भोगेको समय र युग भेट्न सकोस् । त्यसमा सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक, मनोबैज्ञानिक अनेक पाटाहरू खुलुन् ।

यस्ता कुरा लेख्न सम्झना मात्र काफी हुँदैन । त्यसको लागि हरेक घटना, पात्र र विषयहरू बारे आफूले सतर्कतापुर्वक राखेका तथ्याँक र अभिलेखहरू महत्त्वपूर्ण हुन्छन् । त्यसैले आत्मकथा लेख्न चाहने व्यक्तिले कुनै न कुनै प्रकारको डायरी लेखनलाई निरन्तरता दिएको हुनुपर्छ । डायरीले त्यसकालको तथ्यलाई सुरक्षित राखेको हुन्छ । आफ्नो कुरा लेख्न अरुसंग सोध्नु परेमात्यो लेखन माथि आफ्नो पूर्ण विश्वास बस्न सक्दैन । भोलि कसैले प्रश्न उठाएमा जवाफ दिनन सक्ने भइएमा त्यो लेखन जीवनको कुनै खास कालखण्डमा आफ्नो लागि आफैले खनेको खाल्डो हुन जान्छ ।

धेरै मानिसहरूले डायरी लेख्ने गरेका हुन्छन् तर ती त्यति बाहिर आउँदैनन् । तिनमा कैयौं आफ्ना एकदम नै निजि कुराहरू समेत लेखिने हुनाले ती त्यसै कतै थन्किन्छ । कालान्तरमा कुनै असलशिल्पीको हातमा परे पुस्तकका रूपमा आउन पनि सक्छन् ।

आत्मकथाकाबारेमा भन्नुपर्दा म प्रायःवीपी कोइरालाका किताबहरूको चर्चा गर्ने गर्छु । नेपाली साहित्यमा आएका एकदम नै थोरै, तथ्यपूर्ण र इमान्दार लेखन गरिएका कृतिहरू हुन् वीपीका । उनका उपन्यास र कथाहरू यथार्थका नजिकमा भएपनि तिनमा काल्पनिकता प्रचूर पाइन्छ तर जब उनका आत्मकथाहरू पढ्न थालिन्छ, त्यहाँहामी एउटा अत्यन्त इमान्दार लेखक भेट्न थाल्छौं । **आफ्नो कथा, आत्मवृतान्त, जेल जर्नल** र **फेरि सुन्दरीजल** वीपीका अत्यन्तै महत्त्वपूर्ण आत्मकथात्मक कृतिहरू हुन् । आत्मकथा लेख्न चाहनेले उनकायी कृतिहरू केहीपल्ट छिचोल्नु उचित हुन्छ ।

आफू देशको अत्यन्तै जिम्मेदार व्यक्तिको रूपमा स्थापित भइसकेको भएपनि लेखन कालमा उनले आफूलाई नेपाली काँग्रेसको नेता, क्रान्तिकारी, आदि केहीपनि सम्झेको देखिदैन । आत्मप्रशंसाभन्दा विषयको गम्भीरता प्रति उनको दृष्टिकोणिाक बनेको हुन्छ । कसैका बारेम ाआलोचना गर्नुपर्दा पनि कारणसहित र तथ्यपूर्ण हुन्छन् । आफूप्रति इमान्दार हुनसक्नेले नै अरूका माथिपनि लेखनकालमा न्याय गर्न सक्छ । जीवनका कठिनाई र द्वन्दका बिच पनि निष्ठालाई नत्याग्नु उनको विशेषता देखिन्छ । उनको **आफनो कथा**भित्रका संस्मरणहरू बाल्यकालका हुन् तर तीयति महत्त्वपुर्ण छन् कि तिनले कोइराला परिवारका दुर्दिन कसरी आएभनेर इतिहासको डरलाग्दो कालखण्डको उद्घाटन गरेको छ ।

डायरी लेखनको सुन्दर उदाहरण हुनसक्छ वीपीकै **जेल जर्नल** । २०१७ साल पुस १ गतेको राजा महेन्द्रको राजनीतिक महत्त्वाकाँक्षाले ल्याएको दुर्घटनापछि उनलाई आठ वर्षसम्म सुन्दरीजल जेलमा राखिएको बेलाका सुरुका दिनमा लेखिएको त्यो डायरीका कुराले त्यसपछिको राजनीतिक घटनाक्रम कसरी अघि बढेको थियो भन्ने थाहा हुन्छ भने अहिलेको बहालवाला प्रधानमन्त्री भरे नै कालकोठरमिा पुग्दा कस्तो भयो भन्ने देख्न सकिन्छ । कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह लगायत काँग्रेसका नेता तथा मन्त्रीहरू सबै थुनामा परेका बेला आफू आफूमा पनि के कस्ता व्यावहार भए , एक आर्कामा के कस्ता शंका उपशंकाहरू हुन्थे, साना साना कुराहरू मा पनि मानिस कसरी पितुर्क्या हुन्छ भन्ने कुरा त्यो डायरीबाट थाहा हुन्छ । त्यो कुनै साहित्यिक कृति बनाउने उद्धेश्यले नलेखिएको हुँदा त्यहाँ मानवमनका तमाम कमजोरहिरू पनि देख्न सकिन्छ ।

मानिसको अनौपचारिक जिन्दगी लिपिबद्ध हुनेहो डायरी भनेको । त्यस कालका ती विचार र घटनाहरू भविश्यकालागि इतिहासका समिधा बन्ने छन् । वीपी त ठुला

मानिस थिए, हाम्रो के होला र भन्ने पनि लाग्छ । त्यस्तो लाग्नु स्वभाविकै हो तर हामी प्रत्येकले भोगेको जिन्दगी आफ्ना लागि वीपीको जीन्दगी उनको लागि महत्त्वपूर्ण भएजत्तिकै हो । कुनै कालमा त वीपी पनि हामी सबै जस्तै साधारणभन्दा साधारण मानिस नै थिए । इतिहासको कुनै कालखण्डको उनी बिम्ब बनेका हुन् । आफ्नो अड्सट्ठी वर्षको जीवनकालमा प्रधानमन्त्री भएको जम्मा सोह्र महिना मात्र उनले केही शान्तिको सास फेरे होलान् नत्र सारा जीवन क्यान्सर जस्तो रोग र निरङ्कुशताका विरुद्ध लडेरै बितेको छ ।

जेलजर्नल भित्र उनको मनोदशाका केही उदाहरण हेर्न सकछौं :

नेपाली साहित्यको क्षेत्रमा विशिष्ट योगदान दिएका स्व.कोइरालाका ६ वटा उपन्यास दुई वटा कथासङ्ग्रह र चारवटा आत्मकथा छन् । तीमध्ये उनको जेल जर्नलमा २०१७ सालको राजनीतिक परिवर्तन, राजा महेन्द्रको अप्रत्यासित षडयन्त्र, पार्टीका साथीहरूले दिएका थोर बहुत जेल यातनाका बेलाका तीता अनुभव, अन्तर ाष्ट्रिय राजनीतिक परिस्थिति आदि बिषयमा आफ्ना धारणाहरूलाई स्पष्ट पारिएको छ ।

भविष्यमा प्रकाशित गर्ने कुनै उद्देश्य नराखि लेखिएको हुनाले यसमा एकदम नै नीजि बिषयहरू पनि उल्लेख भएका छन् । पाण्डुलिपिलाई यत्रो वर्षसम्म सुरक्षित राखिउनको निधनपछि प्रकाशन गराउन विशिष्ट भूमिकानिर्वाह गर्ने अधिवक्ता गणेशराज शर्माले कुनै सामान्य सम्पादन पनि नगरेकाले कतिपय ठाउँमा उस्तै कुराहरू प्रशस्त दोहोरिएका छन् । जे भएपनि विशेश्वरप्रसाद कोइराला वास्तवमा को रहेछन् र उनको आन्तरिकता कस्तो रहेछ भन्ने कुरा थाहापाउन यो पुस्तक एकदम नै उपयोगी छ । उनका बारेमा प्रचार भएका अनेकौं आरोप र अफवाहरूलाई यस पुस्तकले निवारण गरेको छ ।

आफ्नी पत्नी श्रीमती शुशिला कोइरालालाई सम्बोधन गरी लेखिएको यो डायरीमा नेपाली राजनीतिको एक शिखर पुरुषको जविनभित्र उठेका आँधी तुफानहरू पढ्न सकिन्छ । जन्मदै राजनीतिक संकटले ग्रस्त भएको पारिवारिक वातावरणमा जन्मिएका कोइराला जसको सम्पूर्ण समय राजनीतिमा वितेको थियो । देशमा एक सय चार वर्ष पुरानो राणाशाहीको अन्त्य गरी प्राप्त गरेको प्रजातन्त्रलाई संस्थागत गर्न आठ वर्षसम्म पुनः संघर्ष गरी सम्पन्न भएको पहिलो आमनिर्वाचनको परिणामबाट प्राप्त दुई तिहाइ बहुमतको प्रधानमन्त्री बनेका थिए उनी । राम्रोसंग सत्तामा खुट्टा सम्म पनि टेक्न नपाउँदै राजा महेन्द्रले षढयन्त्रपूर्ण सत्ताकब्जा गरी उनलाई जेल पठाएका थिए । उनी आफ्नो डायरीमा श्रीमतीलाई सम्बोधन गर्दै लेख्छन्ः–

'२०१७ साल पुस १ गतेको शाहीकदम पछि प्रजातन्त्रवादी युवाहरूले देखाएको

साहसी विद्रोहको निम्न उदाहरण उल्लेख्य छ–

क) तिमीले त्यो घटनाका सम्बन्धमा सुनि सकेकी हौली कसरी शैलजा, उसकी साथी विजया बराल र अन्य युवकयुवतीहरूले ठीक सलामीको मञ्च अगाडि प्रदर्शन गरे, जसरी जिन्दावादको नारा लगाए, कसरी सलामी ग्रहण गरिरहेका व्यक्ति हदप्रद भए, कसरी प्रदर्शनकारीहरूलाई नराम्रो सँग व्यावहार गर्दै लगे.....यो एउटा बडो साहसको कार्य थियो । जुन साहसलाई आफ्नो महान लक्ष्यका लागि मानिसले जीवनमा कहिलेकाहिं मात्र प्रदर्शित गर्छ । नेपालको इतिहासमा साहसका कार्यहरूको उल्लेख धेरै भएका छन् । यो अनुनय साहसको कार्य त्यस नेपाली परम्पराको एउटा उज्जवल हिस्सा भएको छ ।.........। मेरो हृदयमा शैलजा र विजया एउटा ज्योतिको रूपमा टलक्क टल्किएका छन् । (पृष्ठ १५–१६)

देशमा प्रजातन्त्रको हत्या गरी सम्पूर्ण प्रजातन्त्रबादी शक्तिलाई जेलमा कैद गरेर सत्ताभोग गरिरहेका राजा र राज संस्थाबारे वीपीको धारणा कत्तिपनि परिवर्तित देखिंदैन । जस्तै :

–'देश र व्यक्तिको परवाह नगरेर यो घोषणा गर्ने इच्छा हुन्छ कि नेपालमा गणतन्त्र अब आवश्यक भएको छ तर, क्रोधको वेगमा देशको चिन्तन सम्भव हुँदैन । क्रोधमा आएको यो विचार पौष १ को शाही कदम निहीतविचार जस्तै मूर्खतापूर्ण र स्वार्थपरायण हो । राजाको स्थान हाम्रो राजनीतिमा के हुनुपर्छ भन्ने मेरो विचारमा १ पौषको घटनाले परिवर्तन ल्याउन सकेको छैन ।'

आफ्नै पार्टीका साथीले दिएको सास्तीबारे उनले लेखेका छन्ः

–'सूर्यबाबु यहाँ जेलमाहुइन्जेल मेरा उपर सी. आइ. डी. र राजालाई एक एक खबर पठाउनु हुन्थ्यो । छुटेर गएपछि हाम्रा साथीहरूलाई भड्काउने काम गर्नु हुन्छ । मेरो विरुद्धमा त ठुलो प्रचार भित्रभित्र साथीहरूका बीचमा थाल्नु भएको छ । .........। सूर्य बाबु निम्न श्रेणीको व्यक्ति हुनुहुन्छ भन्ने त हामी सबैलाई थाहा थियो । तर मलाई यस प्रकारको पतित र अधम हुनुहुन्छ भन्ने विश्वास थिएन । हर दृष्टिबाट उहाँ सानो कदको हुनुहुन्छ । जेल भित्र साथीहरूको बीचमा सिआइडीको काम गर्नु एउटा अक्षम्य राजनीतिक अपराधहो । (पृष्ठ २५)

जेलभित्र एकै ठाउँ बस्न बाध्य केही मान्छेहरूको उद्दिग्नता र कमजोर मनस्थितिको अर्को सानो नमूना तल हेरौंः

–'आजको दिनको आफ्नो उत्तेजना पूर्ण प्रभाव नपारी रहँदैन । एक त म नै उत्रेजित भएँ जब किसुनजीले जर्नेललाई उनीहरूको अनियमिततालाई संकेत गर्दै भन्नु भयो कि कल्पना भतिजी कसरी मसंग भेट्न पाइ जबकी उनीहरूको नियमअनुसार भतिजाभतिजीहरूले भेट्न पाउँदैनन् । उहाँको तात्पर्य थियो सरकारको अनियमितता

प्रमाणित गर्ने । तर परिणामको ख्याल नगरेर सायद उहाँले रोशाहरूलाई अप्ठ्यारोमा पार्नुभयो । हुनसक्छ उनीहरूले कल्पनालाई मेरी छोरी भनेर भेट्न पठाएका थिए होलान् । मलाई किसुनजीको यस्तो हुस्सुपनमा बडा रिस उठ्यो । बडा सुपरफिसियल रियाकसन हुन्छ उहाँमा ।'

किसुनजीको जे कुरालाई पनि हल्काफल्का पाराले लिने बानी पुरानै रहेछ भन्ने वीपीको यो लेखाइले सावित गर्छ । किसुनजी पछिसम्म पनि बारम्बार हलुका अभिव्यक्तिहरूका कारण विवादमा परिरहनु हुन्थ्यो ।

वीपीको यो कृति यस्तो एउटा कृतिहो जसमा उनीभित्र रहेका विश्रृंखलितभावहरू जेलको चार दिवारीभित्र छटपटाएका छन् । विभिन्न मितिका विभिन्न मनोदशा अनुसार विचारहरूको अनुभुति भएको छ । एउटा प्रजातन्त्रवादी उत्कृष्ठ चिन्तक र नेता भएर पनि प्रजातन्त्रका अवगुणहरूलाई उदारता र सहजतापूर्वक यसरी व्यक्त गरिएको देखिन्छ ।जस्तैः

प्रजातन्त्रमा राजनीतिक हत्या सजिलो हुन्छ, तानाशाह मियद्यपिताना शाहले आफ्नो उसको हत्या कालागि धेरै मसला स्वयं जोडेको हुन्छ ।आफ्नो अत्याचार, दमन र व्यक्तिगत शासनको उस माथिको व्यक्तिगत जिम्मेदारीले गर्दा त्यो गाहारो ।

प्रजातन्त्र कानुनको राज्य भएकोले हत्यारालाई कानुनी अधिकार प्राप्त छ, जसबाट उसलाई फुत्किने सम्भावना हुन्छ ।

केवल हत्यारा मात्र हत्याको जवाफदेही हुन्छ प्रजातन्त्रमा न कि उसका परिवार र मित्रवर्गहरू पनि जस्तो कि तानाशाहीमा हुन्छ ।

प्रजातन्त्रमा चुनिएका शासकको अत्यधिक सुरक्षा राम्रो कुरो मानिदैन ।

प्रजातन्त्रमा व्यक्तिगत उग्रवाद सम्भव हुन्छ यद्यपि त्यो प्रणाली उग्रवादमा आधारित हुँदैन । व्यक्तिगत स्वतन्त्रताले व्यक्तिगत पागलपनको व्यावहारको स्वतन्त्रतालाई पनि प्रश्रय दिन्छ ।

आजको नेपाली प्रजातन्त्रमा भइरहेका हत्या र आतङ्कहरूलाई सरकारले नियन्त्रण गर्न नसकेको वर्तमान अनुभवलाई वीपीका यी अभिव्यक्तिहरूले साबित गरेका छन् । जहाँ पनि जहिले पनि जसले पनि जनताकानाममा जनतामाथि नै अत्याचार गर्ने परम्परा भने कायम नै छ ।

वीपीको यस डायरीले नेपालको महेन्द्रकालीन निरङ्कुशताको इतिहास खोल्दछ । हामी कसैलाई पनि भविश्यमा आत्मकथा लेख्न मन भए आजै देखि डायरी लेख्न थाल्नु उचित हुन्छ ।

वीपीको यस कृतिले नेपाली राजनीति भित्रका जुनसुकै पार्टी भित्रका मानिसहरूलाई पनि नयाँ ढङ्गले सोच्न बाटो देखाएको छ ।

# किन्तु...परन्तु...तर...



❖ दिलीप शाह

कमलनयन गुरुको 'कमल आश्रम' आफ्नै दुईतले कच्ची घरमा अवस्थित छ । आश्रमको छानो टिनको छ भने भित्ता र भुइँ गोबरमाटोले लिपेको छ । आश्रमको अगाडि सानो चौर छ । चौरको मध्यभागमा पीपलचौतारी छ । त्यही चौतारीमा आसन जमाई उनी प्रातःकालमा जीवनजगत्का बारेमा गहन प्रवचन दिने गर्छन् । बाँकी समय भक्तजनका समस्याका उपाय पहिल्याउन र समाधान गर्नमा खर्चिन्छन् ।

भक्तजनको माझमा उनी आधुनिक गुरुको नामले परिचित छन् । किनकि उनले नेपाली र संस्कृतका साथमा काम चलाउ गाईखाने विद्या पनि आर्जन गरेका छन् । समय र परिस्थितिअनुसार यो विद्या उपयोग गर्नमा माहिर छन् ।

जस्तो कि बिहाबारी, व्रतबन्ध गराउन जाँदा भागवत वाचन गर्नुपर्दा पुरातनपन्थी गुरुको चोला सर्लक्क मिल्काई आधुनिक चोला धारण गरिहाल्छन् । आधुनिक चोला भिर्नासाथ उनीभित्र त्यस्तो के अचम्मको वायु घुस्छ कुन्नि ! भरर, फरर गाईखाने शब्दका ओइरो लगाइ हाल्छन् । किनकि उनलाई परमज्ञान छ, अहिलेका कलीयुगी तथाकथित सभ्य मनुवालाई नेपाली र संस्कृतभन्दा अङ्ग्रेजीको चास्नी बढी स्वादिलो लाग्छ ।

उनको अर्को महत्त्वपूर्ण र छुटाउनै नहुने विशेषता भनेको उनको जिब्रामा माता सरस्वतीले आसन जमाएकी छन् भन्ने जनविश्वासको प्रचार गराउनुमा छ । त्यसलाई प्रमाणित गर्न उनी विरलै अमिलो, पिरो, टर्रो वचन बोल्छन् । भक्तजनको मनोविज्ञान पढेर उपदेशका झटारो हान्ने गर्छन् ।

'हाम्रा परमपूज्य गुरुज्यूले भक्तजनको चेहरामोहरा हेरेरै भूत, भविष्य, वर्तमान उदाङ्गो बनाउन सक्नुहुन्छ । अझ हस्तरेखा अध्ययन गरे त........ ।' उनी नजिकका भित्रिया चेलाचपेटाले झ्याली पिटेका छन् । कुरा अर्कै हो, उनले नियमित भक्तजनको गोप्य सूचना सङ्कलन गर्न तिनै चेलाचपेटालाई दौडाउने गर्छन् ।

अन्धविश्वासको जालो ज्यास्ती भएर हो वा जटिल प्रकृतिका समस्याले महिलालाई बढी सताउने भएर हो ? गुरुको झ्यालीको सुमधुर आवाजले पाइन्ट लगाएकालाईभन्दा साडी र कुर्ता पहिरेकालाई मोहित बनाएको छ । आकर्षित गरेको छ । साडी र कुर्तामा पनि मध्यम र तल्लोवर्गका जोडी टुटेका, जोडा विदेश हानिएका, लोग्ने अर्कै महिलासँग लहसिएका, लोग्नेले बाँझी, कुरूप, बुढीभन्दै गलहत्याइएका महिला र अधबैँसे विधवाहरूको सङ्ख्या अधिक हुने गर्छ ।

****

बैशाख महिनाको पहिलो मङ्गलबार । अर्थात् त्रिकालदर्शी मानिँदै आएका गुरुले हस्तरेखाको माध्यमबाट भक्तालुहरूको भूत, वर्तमान भविष्य प्रकाश पार्ने शुभदिन । स्वभाविकैले यस अवसरको पूर्ण सदुपयोग गर्न महिलाको उपस्थिति ठुलो छ । उपस्थित सबैको चेहरामा चिन्ताको साथमा उत्सुकता कुँदिएको छ । गुरुले आलोपालो गर्दै फुतुफुतु समस्या समाधानका अचुक क्याप्सुल फाल्दैछन् ।

'उहाँको कन्याराशि परेछ । कन्याराशि भनेपछि मैले थप व्याख्या गरिरहनु परेन । यो राशि भएका पुरुषसँग केटीहरू मरिहत्ते गर्छन् । लुरुलुरु पछि लागिहाल्छन् । एउटै मुस्कानमा भुतुक्कै भइहाल्छन् । लुत्रुक्के परिहाल्छन् । तर.....।'

'उहाँको शिरमाथि राहुकेतुको बास छ । राहुकेतुका बारेमा यहाँलाई अवश्य थोरबहुत जानकारी होला । यी ग्रहले मानवलाई सुमार्गमा हिँड्नै दिँदैनन् । कुमार्गमा लाग्न मात्र प्रेरित गर्छन् । घरगृहस्थीपट्टि ध्यान नै जाँदैन । जस्तो यहाँको खसमले तपाईंलाई घृणा गर्न थाल्नुभएको छ । उहाँले अन्जानमै पन्ध्रवर्षे पारिवारिक सम्बन्ध धरापमा पार्दै हुनुहुन्छ । आफ्नै अफिसकी सहकर्मी महिलासँग आशक्ति छ । आशक्ति मात्र होइन कि तपाईंलाई पन्छ्याउने अनेक बहाना खोज्दै हुनुहुन्छ । रमाइलो कुरा त के छ भने कुनै हालतमा पनि उहाँ बाटो बिराएको मान्न तयार हुनुहुन्न । किन्तु ......।'

'तपाईंका चार सन्तान छन् । केटाकेटी अनुशासित, मेहनती, लगनशील छन् । आधुनिक हावाले छोएको छैन । दुइटा विदेश उडिसके । बाँकी दुइटाले पनि खुट्टा उचालिसकेका छन् । तर तपाईंको जीवन पनि सुखी छैन । दिनदिनै कलह हुन्छ । ससानो कुरामा रडाको मच्चिरहन्छ । यो आगाको फिलिङ्गाले कुनै पनि बेला डढेलोको आकार लिन सक्छ । यदि यो आगोको फिलिङ्गालाई समयमै निभाइएन भने..........।'

'मैले यहाँको हस्तरेखामार्फत् विगत केलाउँदा उहाँ कालगतिले बित्नु भएको हुँदै होइन भनी ठोकुवा गर्न सक्छु । दुर्घटनामा स्वर्गवास हुनुभएको देखिन्छ । उहाँको सत्गत पनि झल्ट्याङ तालले भएको हुनुपर्छ । भनाइको अर्थ उहाँको आत्माले शान्ति पाउने

गरी क्रियाकर्म, दानदक्षिणा भएको जस्तो लागेन । यसैको परिणाम हो– उहाँ स्वर्गवास भएको आठ वर्षपछि पनि तपाईंको सपनीमा पटक-पटक पदार्पण गरिरहनुहुन्छ । केही न केही माग गरिरहनुहुन्छ । यसको सिधा अर्थ हो, उहाँको आत्माले स्वर्गको बाटो पकड्न पाएकै छैन । यतै कतै रुमल्लिरहेको छ । तर......।'

****

गुरुजीका किन्तु..., परन्तु....., तर.....का अर्थ बहुअर्थी, बहुआयामिक हुन्छन् । यसमा कुनै दुविधा रहेन । यसैले भनिन्छ, उनको बोलीमा सम्मोहन छ । बोलीकै माध्यमबाट उनी धेरै भक्तलाई आफ्नो वशमा पार्न सक्छन् । अधीनमा राख्न सक्छन् । लम्पसार बनाउन सक्छन् । कुम्लोकुटिरो, लटिपटी रित्याउन सक्छन् ।

तर ......।

यहाँ'तर' को धर्सोलाई चङ्गाको डोरीजस्तो लामो बनाउन सकिन्छ । रबडझैँतनक्क तन्काउन सकिन्छ ।

त्यो कसरी भने उनको आफ्नै परिवार लथालिङ्ग छ । भताभुङ्ग छ । परेवालाई छरेको मकैका दानाजस्तो छ । चल्तीको उखान छ नि !'वैद्यकी छोरी गलगाँड....।' यो उखान उनको परिवारमा हुबहु लागु हुन्छ ।

उनकी आफ्नै खसोखास बाहुनी कुनै पनि हालतमा उनलाई टपरे बाहुनभन्दा माथिल्लो दर्जा दिन तयार छैनन् । बाहुनीको सिधा र सपाट तर्क छ– 'यिनी बाजेले आफैँले जन्माएका छोराछोरीको भविष्य त बनाउन सकेनन् भने अरूको भविष्य के खाएर बनाउँछन् ? यहाँ लाइन लाग्ने स्वास्नीमान्छे कि त गाँजाभाङ खाएर आउँछन् कि चालामाला ठिक नभएर ।'

गुरुको कान्छो छोरा स्कुल जानुको सट्टा हातमा बाला, कानमा मुन्द्रा, घिच्रोमा चुल्ठो, जिउमा दस ठाउँमा च्यातिएको जिनको पाइन्ट भिरी ठमेल, इन्द्रचोकतिर गोराफकाउँदै हिँड्छ । कुइरेकुइरेनीबाट जे झर्छ, त्यसैबाट हरेक साँझ भट्टीमा फिट्टु भएर लरबरिँदै घर फर्किन्छ ।

बाबुले ग्राहकबाट अनेक तिगडम गरी निकालेका नोट झ्याप पारी बुटी तान्दै जेठो छोरा स्ययम्भूको जङ्गल चहार्छ ।

जेठो ज्वाइँनारानले मागेको जति दाइजो नपाएको झोँकमा अर्कै स्वास्नी च्यापेको छ । छोरीले दिनदिनै सेतो वस्त्र पहिरी जिउँदो लोग्नेको ढिकुरो फोड्छे ।

कान्छी छोरीले डान्स बारमा मोटाघाटा ग्राहकलाई फसाउने पेसा अँगालेकी छ र महिनाको पूरा पच्चिस दिन घरबाट बेपत्ता हुन्छे ।

यति प्रमाणका साथ देखीजान्ने, सुनीजान्ने साक्षीको लर्को हुँदाहुँदै उनलाई त्रिकालदर्शी जटेश्वर महादेवभन्दा सेकबिसेक मात्र कम दर्जामा राखी फूलमाला, प्रसाद, दक्षिणा अर्पण गर्ने र उनको पाउको धुलो शिरमा राख्ने भक्तजनको कमी छैन । कमी छैन भन्दा पनि बाहुल्यता छ भन्दा उपयुक्त होला । अझ केही धार्मिक पण्डितले त अन्य क्रियाकलापमा भन्दा उनका मुखारविन्दबाट पटक पटक निक्लिने किन्तु...परन्तु...तर...को ओज र भावार्थ पहिल्याउने, ती शब्दको गहिराइमा डुबुल्की मारी बहुमूल्य रत्न निकाल्ने, विद्वानहरूसँग क्रिया, अन्तरक्रिया, प्रवचन गर्नेजस्ता कार्य सगौरव सम्पन्न गर्दै आएका छन् ।

भनिहालियो, गुरुजीका मुखारविन्दबाट निक्लिने किन्तु...परन्तु...तर...को विशेष अर्थ हुन्छ । रहस्यको पेटारो हुन्छ । किनकि यी शब्दहरू विशेष परिस्थिति र समयमा, विशेष भक्तहरूका अगाडि मात्र फुलौराझैँ उछिट्टिने गर्छन् । यी शब्द अगाडिका भनाइ केवल भूमिका मात्र हुन् । मार्क्स बाजेको भाषामा सार नभएर रूप मात्र । सार के हो भने यी शब्दका पछाडि मात्र उनी समस्याको चुरो फुकाउने गर्छन् । जस्तो कि :

'राहुकेतु मनाउनुपर्छ ।'
'घरमा प्रेतले बास गरेको छ । होम गर्दा अतिउत्तम ।'
'केटाको मन उत्तर फर्किसकेको छ । स्वस्तिशान्ति गराउनैपर्छ ।'
'उहाँको आत्माको उद्धारका लागि सप्ताह लगाउँदा राम्रो ।'
'केस जटिल छ । यसैले .........।'

****

त्यस खास मङ्गरबारको भिडमा अन्य महिलाभन्दा फरक, साधारण पहिरन तर आकर्षक जिउडाल, फक्रेको गुलाफझैँ चेहरामोरा भएकी अर्थात कालिगढले अति फुर्सदमा कुँदेको देवीको मूर्तिजस्तो सुन्दर महिला पनि थिई । उसले त्यस्तै तीसको खुट्किलोसम्म काटेकी हुँदी हो । यसको तात्पर्य अझै नानीका अङ्गमा जवानीको राप भरभराउँदो थियो । यसको बाबजुद किन हो, उसको चेहरामा कस्तो कस्तो बयानै गर्न नसकिने उदासीको छाप भने प्रस्टै देखिन्थ्यो ।

बिहानैदेखि पालो पर्खेर ऊ गुरुको आसनबाट मुस्किलले एक हातको दूरीमा परेला चिम्म गरी पलैँटी कसेर बसेकी थिई । त्यसो त ऊ पूरै समयमा परेला ढप्काएर बस्दिनथी । छिन-छिनमा ढकनी खोल्थी । यस क्रियामा उसका र गुरुका आँखा चार

भइहाल्थे । त्यसपछि ऊ पुनः आफ्नै बकुल्लो मुद्रा धारण गरिहाल्थी । आँखा चार भइसकेपछि भने गुरुको एकाग्रतामा रुकावट आएको स्पष्ट अनुभव गर्न सकिन्थ्यो ।

'अर्को दिन आउनुस् ।'

'मेरो जरुरी पूजा गर्नु छ ।'

'अलि सन्चो भएन ।'

अन्य भक्तजनभन्दा फरक, गुरुको एकाग्रता नै भङ्ग गराउन सक्ने ल्याकत भएकी नानीको नाम सृष्टि थियो । ऊ केही समय यतादेखि गुरुको नियमित भक्तको कोटीमा पर्थी । अझ प्रस्ट बनाउनुपर्दा ऊ चार हप्तादेखि गुरुको दर्शनार्थ नियमित उपस्थित हुँदै आइरहेकी थिई । गुरुको आशीर्वाद पाइसकेकी थिइन तर निरन्तरको प्रयासले सामिप्यतासम्म पाउने चरणमा प्रवेश गरेकी थिई । गुरुको परिचित हेराइ र मुस्कानबाट यस्तो प्रतीत हुन्थ्यो ।

****

अन्ततः प्रतीक्षाको पल समाप्त भएरै छाड्यो ।

भिड पातलो भइसकेपछि गुरुले सृष्टिलाई नजिक आउन इसारा गरे । आज्ञाकारी बालकझैँ सृष्टि गुरुको समीप पुगी र नुहेर उनको पाउमा पुष्पगुच्छा अर्पण गरी । गुरुले आशीर्वचन बोल्दै दुवै हत्केलाले उसको शिर मुसारे र अत्यन्त झिनो तर प्रेमिल स्वरमा दुइटा वाक्य फुसफुसाए ।

'एउटा, हजुरको ग्रहदशा जटिल मोडमा छन् ।'

'दोस्रो, झारफुके पाराले हजुरको समस्या समाधान हुने सम्भावना देखिँदैन । त्यसैले ......।'

****

यति चारो छरिसकेपछि हरिको नाम उच्चारण गर्दै गुरु आसनबाट उठे र आफ्नो गोप्य कोठातर्फ प्रस्थान गरे । आसनबाट उठ्दै गर्दा उनले बोलेका त केही होइनन् । अवश्य केही सङ्केत गरे होलान् । फलस्वरूप सृष्टि पनि दाम्लोले बाँधेको पाडीझैँ लुरुलुरु उनको पछि लागी । कोठामा जान काठको भऱ्याङ उक्लिनुपर्थ्यो । कोठाभित्र पस्दै गर्दा गुरुले पछाडि फर्केर हेर्न भने बिर्सेनन् ।

कोठाभित्र झ्यालढोकामा ड्यामडुम पर्दा लगाइएको थियो तापनि पर्दाको चिराबाट छिरेको मधुरो प्रकाशको माध्यमबाट कोठाको वस्तुस्थिति आकलन गर्न सकिन्थ्यो ।

पूर्वपट्टिको कुनामा लहरै मिलाएर कालीमातासहित विभिन्न देवीदेवताका मूर्ति सजाइएका थिए । कोठाभरि मगमग सुगन्धित अगरबत्तीको वासना फैलिएको थियो । दक्षिणपट्टिको भित्तामा सफा सेतो तन्ना बिछ्याइएको खाट थियो ।

'मजस्ता ग्रहदशा बिग्रेका खास भक्तलाई विशेष उपचार गर्न, परामर्श दिन बनाइएको बेड रुम कम पूजा कोठा हुनुपर्छ ।' उसले लख काटी । उसले अर्को अनुमानको छेलो पनि फाली– 'गुरुले मप्रति विशेष अनुराग राखी मलाई एकान्त कोठामा बोलाइबक्सेको हुन सक्छ ।'

'हजुरले अप्ठ्यारो त मानिबक्सेको छैन ? म देख्दै छु, ममाथि अगाध विश्वास राखी धेरै पटक हजुर मेरो कुटीमा पाल्नुभइसक्यो । यसैले हजुरको समस्यालाई जरैबाट उखेलेर मिल्काउने मेरो पनि जिम्मेवारी बन्छ । विषय त्यस्तै जटिल प्रकृतिको छ । सबैको अगाडि 'डिस्क्लोज' गर्न नमिल्ने भएकाले मात्र एकान्तमा बोलाएको ।' गुरुले इस्टकोट फुकालेर किलामा झुन्ड्याए र सृष्टिको नजिकै बज्रासनमा आसन जमाए ।

'आम्मै । किन अप्ठ्यारो मान्नु नि ! गुरुले यत्रो निगाह बक्स गरी मेरै समस्या समाधानार्थ मलाई मात्र एकान्तमा बोलाइबक्सेको छ ।' सृष्टिले गुरुको नुहेर पाउ समातुलाझैँ गर्दा यथास्थानबाट दुपट्टा सर्लक्क झऱ्यो ।

'बिनाकारण मैले बोलाएको छैन । कारण छ र दह्रो कारण छ । त्यो के भने हजुर बाह्य आवरणमा जति सुखी र खुशी देखिनुहुन्छ, त्यति नै भित्रभित्रै जल्दै, गल्दै, खिइँदै गइरहनुभएको छ । अतुलनीय भौतिक सुख छ तर मानसिक शान्ति रौँबराबर छैन । यसको प्रत्यक्ष असर हजुरको शरीरमाथि परेको छ । भोजन रुचि पटक्कै हुँदैन जस्तो छ । अझ भनौँ, अनाजसँग दुस्मनी नै होला । कुखुरा बासुन्जेलसम्म पनि निद्रा देवीले बोलाउँदिनन् । यस्तो अवस्थामा बेचैनी र छटपटी मात्र हुनु सामान्य भयो । आफ्नै निर्णयप्रति घोर पश्चाताप हुने नै भयो । तर पश्चाताप मानेर केही हुनेवाला छैन । उहाँलाई फर्काउने कुनै अवस्था छैन किनकि उतै रमाउन थालिसक्नुभएको छ ।' गुरुले चाहिनेभन्दा लामै समय लगाएर सृष्टिका हस्तरेखा ओल्टाइपल्टाइ हेरे । दसवटै औँलाका शङ्खचक्रको साथमा निधारका रेखासमेत अध्ययन गरे र लामो निःश्वास फाल्दै आफ्नो ज्ञानको भकारी खोले ।

'के भन्नु भएको गुरु ? उहाँ उतै रमाउन ............।' ऊ आवेशमा आइसकेकी थिई । आफैँलाई नियन्त्रण गरी तर स्पष्टीकरण माग्ने भाषा भने प्रकट गरेरै छाडी ।

'तपाईंका हस्तरेखा भन्छन्– ग्रह कडा छन् । साथमा शनिको बास छ । यसले

तपाईंलाई सधैँ गलत निर्णय गर्न प्रेरित गरिरहन्छ । उहाँको भने मेषराशि हुनुपर्छ । यसको अर्थ सोझो, घोचो र पत्नीभक्त लोग्ने । तपाईंको वचन काट्नै नसक्ने । तपाईंकै ढिपीले.... ।' गुरुले अझै नजिक सरी उसको छातीको खाली भाग, निला नसा नियाले र सृष्टिका हत्केला आफ्नो जाँघमाथि राखेर अझ गहिरो अध्ययनमा लिप्त भए ।

'हो, मेरै करबलले उनी विदेशिएका हुन् । गुरुले केही आज्ञा हुनै पर्दैन । म नै सम्पूर्ण वृतान्त ओकल्छु । उनी मलाई असाध्य माया गर्थे, आफ्नो प्राणभन्दा ज्यादा । विश्वास छ, आज पनि गर्छन् । मैले मुख खोल्न नपाउँदै मेरा आवश्यकता पूरा गरिहाल्थे । मेरो एक इसारामा मर्नमार्न तयार हुन्थे । कहिले कहिले त लाग्थ्यो, कस्तो लबस्तरो लोग्ने फेला परेछ, स्वास्नीलाई हपार्न पनि नसक्ने ? कजाउन पनि नसक्ने । मर्द भनेको त कर्द जस्तो पो हुनुपर्छ, धारिलो । जोइटिङ्ग्रे लोग्ने के काम ?

बिहा भएको केही महिनासम्म भने उनले हैकम लाद्न नखोजेका होइनन् । त्यस अवधिमा जम्माजम्मी दुई पटक मात्र उनले मेरो मागलाई नजरअन्दाज गर्न खोजेका थिए । माग पनि त्यती ठुला थिएनन् । पूरा गर्नै नसकिने । एक पटक गौतम स्विट्सको रसबरी, अर्को पटक पस्मिनाको सल मागेकी थिएँ । उनले नाइँ पनि भनेका होइनन् । मौका नमिलेर हो वा भुलेर हो मैले भन्नासाथ सामान ल्याएका थिएनन् । त्यसबेला मैले दुई दिनसम्म भोक हडताल गरेँ । घोत्रो फुलाएर बसेँ । राति भित्तातर्फ फर्केर सुतेँ । बोलाउँदा पनि बोलिनँ । कोट्याउँदा लात्तीले हिर्काएँ । चार दिनसम्म बोलचालै बन्द भयो । पाँचौँ दिनमा उनी नै मैनसरि पग्ले । लोग्नेमान्छे न परे, नपग्लेर के गर्ने ? जातै त्यस्तै पऱ्यो । स्वास्नी नभई वरको सिन्को पर नसर्ने । सबै आवश्यकता स्वास्नीले नै पुऱ्याउनुपर्ने । त्यसपछि म उनीमाथि हाबीहुँदै गएँ । हाबी भन्दा पनि टाउकोमाथि चढेँ भन्दा फरक नपर्ला ।' उसले पश्चातापको राग अलापी र केही बेर रुकेर फेरि बग्न थाली ।

'मेरो आवश्यकताको चाङ लाग्दै गयो । रास थपिँदै गयो । फेसन बढ्दै गयो । तथाकथित 'हाइ सोसाइटी' वालासँग मात्र सङ्गतहुन थाल्यो । दिनदिनै म्यारिज, बर्थ डे पार्टी हुन थाल्यो । अनि उनले महिनाभरि हाड घोटेको पैसो त नदीमा थुकेको थुक भइहाल्यो । म उनलाई लोग्ने, छाता होइन कि मेरो सपना पूरा गर्ने माध्यम, सिँढी मात्र देख्न थालेँ । यही विन्दुबाट मेरो करकरको पारो चढ्न थाल्यो । अनमनको खाडल बढ्न थाल्यो । कचपचका जरा झाङ्गिन थाले ।' उसले अतीतको घाउ उप्काई ।

छिनभरका लागि ऊ रोकिई । गुरु त उसको चेहराको उतारचढाव नियाल्नमै मस्त थिए । आधा परेला मात्र उघारेका थिए । सायद स्वर्गीय आनन्दको पोखरीभित्र

पो डुबुल्की मार्दै थिए कि ? त्यसैले उनको सास अलि बढ्तै चल्न थालेको थियो भने जिउमा कम्पनजस्तो केही हुँदै थियो ।

'मध्यान्तर भएको लामो समय भयो त । बाँकी भाग पूरा गर्ने होइन ?' गुरुले हजुरको सिँढी ओर्लेर मैयाँमाथि टेक्नै लागेका थिए । हतार गर्न उचित सम्झेनन् तर सृष्टिको काँधमाथि देब्रे हातले हल्का स्पर्श नगरी सक्दै सकेनन् ।

'म यहीँनेर चिप्लैँजस्तो लाग्छ । चिप्लैँजस्तो मात्र होइन कि घोप्टेभिरबाट लडेकै हो । धेरैलाई जस्तै मलाई पनि लागेको थियो– नोटको रापले सब रोगको निदान हुन्छ । स्वर्गमा पाइने सुख, सयल, मोजमस्ती यहीँ, यस जुनीमै प्राप्त गर्न सकिन्छ भन्ने सोचले उनलाई विदेश धकेलेँ । तर रोग, विकार, अवसादको जड भनेकै सान्नानी रहिछन् । यसको रहस्य बुझ्न लामै समय लाग्यो ।

उनले विदेशबाट नोट पठाउन लागेको एक वर्षसम्म त सोचेको जस्तै भयो । नोट गन्दैमा दिन, रात, महिना बितेको पत्तै लागेन । तर केही वर्षपछि भने ती नोटबाट राप होइन कि बरफको चिसो न चिसो बाफ आउन थाल्यो । पार्टी, पिकनिकसँग एलर्जी हुन थाल्यो । चौबिसै घण्टा केही हराएजस्तो, बिर्सेजस्तो भइरहने । जति मिठो परिकार भए पनि रुचि नै नहुने । घाँटीभित्रगाँस ज्यान जाला नछिर्ने । निधारमा टीका, टाउकोमा सिन्दूरसमेत राख्न मन नलाग्ने । विधवाको भेषमै बस्न मन लाग्ने । यसैले शरीरमा रोग केही नभए तापनि दिनदिनै सिन्को हुँदै जान थालेँ । मलाई लाग्न थालेको छ– यमराजले निम्तो पठाइसकेका छन् ।' सृष्टिले आँसुका थोपा तपक्क चुहाउँदै चरम निराशाको उच्छवास निकाली ।

'कति छिटो हरेस खाएको, मैयाँ सा'पले । केही उपाय गरौँला नि ।' गुरुले सृष्टिको मनोविज्ञान पढेरै होला, मोतीका दाना टिपुँलाझैँ गरी सृष्टिका मुलायम गाला मुसार्न भ्याए ।

'उपाय लाग्ला त, गुरु !' सृष्टिकाआँखामा आशाको झिल्को टलपलायो ।

'किन नलाग्नु मैयाँ सा'प । ज्योतिर्विद्या चानचुने विषय होइन । यस ज्यानले कस्ता कस्ता दुरुह काम त फत्ते गरेको छ भने यो त मामुली किर्नो काम पर्‍यो । तर यसका लागि हजुरले केही बलिदान गर्नैपर्छ । त्याग गर्नैपर्छ । केही पाउनलाई केही त गुमाउनैपर्छ । होइन र ?' गुरु एकाग्रताका साथ गुरुवाणी श्रवण गरिरहेकी सृष्टिको अझै नजिक सरे । दुई औँलाले चिउँडो उठाए र उसको ओठमै तातो सास पुग्ने गरी फुकफाक गर्न थाले । यसो गर्दा गुरुको न्यायो सासले उसको चेहरामाथि सुस्तरी हिर्काउन थाल्यो ।

'यस विधिले साँच्चिकै मेरो समस्या समाधान हुन्छ त, गुरु !' सृष्टिले फेरि एक पटक संशयको काँडा उमारी । उसको प्रश्नमा समस्या समाधान गर्न जस्तोसुकै बलिदान गर्न तयार भए तापनि किञ्चित् महिला हुनुको लाजको अंश कायमै रहेको भान हुन्थ्यो ।

'मैयाँ सा'प ! कालीको अपार अनुकम्पा पाएको कालीभक्त हुँ म । ममा शक्ति नभएको भए यत्रो भक्तको ताँती किन लाग्थ्यो । तर रोग र समस्याको ठुलो औषधि भनेको विश्वास हो । यहाँले विश्वास गर्नुभयो भने आधा रोग आजै, अहिल्यै बिसेक हुन सुरु भइहाल्छ । समस्या समाधानको गोरेटो आजैबाट खनिन थाल्छ । आगे हजुरको विचार ।' यसो भन्दै गर्दा गुरुले बल्छीमा माछो फसिसकेको ठम्याइसकेका थिए ।

'आज्ञा होस् गुरु ! मैले के गर्नुपर्‍यो त ?' उसले अत्यन्त दबेको स्वरमा समर्पणजस्तै भाव प्रदर्शन गरी ।

'विश्वास र मात्र विश्वास । फेरि पनि भन्छु, यदि मप्रति विश्वास छ भने हजुर ध्यान मुद्रामा त्यस खाटमाथि राज भइबक्सियोस् । मेरो चेहरामा अन्तर्मनले ध्यान केन्द्रित गरिबक्सियोस् । हजुरले आफ्नो परमप्रिय पतिको चञ्चल, दिव्य चेहरा पाइबक्सिनेछ । म उपचार सुरु गर्छु है त ।' गुरुले आदेशा दिँदै उपचारको निर्णायक चरणमा प्रवेश गरे र उसको ओठमा आफ्नो ओठले हल्का स्पर्श गरे ।

.....र, त्यही क्षणमा कोठामा अचानक खैलाबैला मच्चियो । अनायास कोलाहल फैलियो । लामो खडेरीपछिको गड्याङगुडुङ र मुसलधारे बर्सातभैँ भयो । फलफूल र प्रसादमाथि बसेका भिँगा भुनभुन गर्न थाले । टपरीमुनि लुकेर बसेका साङ्ला खुर्रर दौडिन लागे ।

****

गुरुको उपचार पद्धतिले सृष्टिको रोग बिसेक हुन, ग्रहदशा ठिक हुन कति समय लाग्ने हो ? यस विधिले विदेश पलायन भएको लोग्नेको मन फिर्ने सम्भावना छ त ? उनको मनभित्रको अशान्तिको ज्वालालाई दमकलको काम गर्न सक्छ ? यदि यसो हो भने अहम् सवाल, यसका लागि सृष्टिले गुरुको गोप्य कोठामा कति दिन 'झारफुक' गराउनुपर्ने हो ? सेतो तन्नामा दाग लगाउनुपर्ने हो ? यावत् प्रश्न यथावत् छन् ।

तर पहराजस्तै सत्य के हो भने जबसम्म समाजमा कमलनयनजस्ता पाखण्डी धर्माधिकारी र सृष्टिजस्ता धर्मान्ध विद्यमान रहनेछन्, त्यसबेलासम्म प्रश्न ज्युँका त्युँ रहने पक्का छ ।

-समाप्त-

# एउटा किम्बदन्ति जस्तो जिन्दगी



❖ रमेश प्रसाद खनाल

खबर सुन्ना साथै मेरो आँखा अगाडि विराटरुपमा फैलिदै गयो शुन्यताको महासागर। त्यो बिस्तारै मेरो मनमस्तिष्कमा पसेर त्यहाँ भित्र कोलाहल मचाउन थालि हाल्यो। यो कुनै हालतमा हुन सक्ने कुरा होइन। मेरो मनले कुनै पनि हालतमा यो भर्खर सुनेको खबरलाई मान्न सक्दैन किनकी यो असंभव हो किनकी उनी जस्ता अजेय मान्छेको पराजय हुनसक्दछ भन्ने मलाई पटक्कै बिश्वास छैन। उनी जस्ता एक असाधारण, कर्मठ र असल मानिस हुन जसको न कुनै ठुलो महत्वकांक्षा थियो न उनी अरु कसैलाई तल तानेर आफू माथि जाने प्रवत्तृि भएका मानिस हुन। नत उनी जिन्दगी र जिन्दगीका संघर्षसंग सजिलै हार खाने मानिस हुन्। उनी त एक क्षमता, साहस र दृढताका प्रति मूर्ति पो हुन्त। उनी जस्ता आशावादी मान्छे जो अरुलाई सधै आफ्नो लक्ष्य प्रति आशावादी हुन सिकाएर थाक्दैन त्यो मानिस कसरी एकाएक आफैं नि राशावादीमा परि णत हुनसक्छ। आज मानिसहरु उनको बारेमा जे भन्दैछन त्यो म पटक्कै मान्न सक्दि न; मेरो मनको कुनाको एउटा सानो अंशलेपनि बिश्वास गरेको छैन त्यो खबरलाई।

उनी र म साह्रै मिल्ने साथी थियौं। साथी भन्दा पनि म उनको अनुज थिए, शिष्य थिएँ। उनी प्रति सदैव आदर भावले ओतप्रोत रहन्थे। कुनै समय थियो हामी धेरै सांगीतिक कार्यक्रम गर्दै संगसंगै हिड्यौं, उनको सुरिलो स्वरमा मैले आफ्ना गितारका धूनहरु मि साए पछि एउटा अदभूत माहौल बन्थ्यो। अनि हामी डाँडाकाँडा गाउँगाउँमा गीत गाउँदैहि ड्थ्यौं। त्यसरी धेरै दिनसम्म उकाली ओराली गर्दा पनि मैले उनलाई कहिल्यैथाकेको वा दिक्क मानेको देखिन। काठमाडौंको मान्छे उनी त्यो पनि एक कुलीन र पुगिसरी आएका परिवारका सदस्य भएर पनि उनी गाउँ पहाड तराइका चिसा छिडीहरुमा पनि मजा मानिमानि सुतिदिन्थे। उनलाई गीत गाउनुसंग मात्र मतलव थियो, उनी आफ्नै सुरमा मस्त भएर गीत गाइदिन्थे। म पनि जानी नजानी उनलाई साथ दिन्थें। हामी पहाडका अनकन्टार गाउँहरुमा हिडि दिन्थ्यौ कैयौं दिनसम्म आफ्नै परिवारलाई समेत अत्तोपत्तो नदिएर। काठमाडौमा मानिसहरु हामीलाई पागल भन्थे वा

बिग्रेका बहुलट्टीहरु, गजडी वा त्यस्तै केही पगरी भिराइ दिन्थे भन्ने हामीलाई थाहा थियो । हामी गाउँ गाउँ, शहर शहर गीत गाउँदै हिडेको हिजो जस्तो लाग्छ । गीत संगीतमा त्यसरी मानिसहरुलाई कहिले जुरुक जुरुक पार्ने अनि कहिले कोमल प्रेमिल भएर बग्ने मान्छेउनलाई मानिसहरुले आज नानाथरी भनेको सुन्नु पर्दा म विश्वासैगर्न सक्दिन । पिछडिएको समाजलाई फेर्नु पर्छ, कायापलट गर्नु पर्छ, गाउँगाउँबाट मान्छे जुरुकजुरुक उठाउनुपर्छ; उनीहरु माथि भैरहेको शोषण उत्पीडन अन्त्य गर्नु पर्छ आदि उनी भन्ने गर्थे । म कति बुझ्थेकति बुझ्दैनथे तर राम्रो काम लाग्थ्यो र म उनलाई चुपचाप साथ दिन्थे । उनी एक साह्रै पढाकु मानिस थिए । उनले नपढेको किताब केही थिएँन । धेरै साहित्य, दर्शन, राजनीतिका किताबहरु पढ्दै उनी थियो । उनी नम्र स्वभावका र स्पष्ट वक्ता पनि थिए । देखिदा दुब्लो पातला थिए तर पनि उनमा अठोटको महासागर पाउंथे म । म उनीबाट अत्यन्तै प्रभावित थिए । उनले जीवनमा मलाइ सिकाएको सबैभन्दा ठुलो पाठ नै ज्ञानको खोजि निरन्तर रुपमा गर्न, राम्रा राम्रा पुस्तक खोजि खोजि पढन र केही न केही लेखि रहने बानि बसालि दिएका थिए । त्यो गुनको बदला म उनलाई कहिल्यै तिर्न सक्दिन । आज जेजति लेख्नेपढ्नेभएको छु भनेउनकै संगत र देनलेनैहो भन्दा म गौरब महशुस गर्छु । आज यत्तिका बर्षपछि अकस्मात उनको वारेमा जेसुन्नुपरेको थियो त्यसले म स्तब्ध भएको छु अहिले । मेरा मनलेसुनेको कुरा पत्याएको मात्र होइन सुन्न नैचाहेको छैन । म कोठामा फनफनी घुम्छु र सोच्छु -यो हुनसक्ने कुरा हुँदैहोइन; कदापि होइन । सरिता चिया लिएर भित्र पस्छिन अचम्भ मान्दै सोध्छिन- "किन के भो तपाईलाई ? यसरी के घुमि रहेको कोठामा फ़नफ़नि ?"

म आज पनि सम्झन्छु-त्यति बेला गीत गाउँदै गाउँगाउँ घुम्दा हामीसंग थियो त केवल एउटा पुरानो गितार र एउटा मादल । हामी घरघरका आँगनमा बास माग्दै हिड्ने गर्थ्यौं । मान्छेहरु हामीलाई अचम्भ मानेर हेर्थे । हामी त्यति बेला ति नका नजरमा जुंगामा रेखी नबसेका अधकल्चा, आलाकाँचा केटाहरु थियौं । गाउँका चौतारीहरुमा जम्मा भएर हाम्रा गीतहरु सुनेपछि भनेमान्छेहरुका हामीलाई हेर्ने आँखा फेरिएको देखिनथ्यो-त्यहाँएक प्रकारको माया स्नेह सम्मान झल्केको पाउंथे म । तर त्यहीबेला हाम्रा गीत सुनिसके पछि ती आँखाहरुमा एक प्रकारको त्रासको छायाँपनि मडारिएको हामी देख्थ्यौं । हामा गीतहरुले एक प्रकारको डर शासक वर्गमा उब्जाएकै थियो । हामीलाई थाहा थियो हाम्रा गीत सुन्नेहरु आफ्नो अवस्थाको बारेमा बुझ्ने छन् र जीवनलाई नयाँ ढंगले हेर्न थाल्नेछन । तर उनीहरु यो कुरामा पनि ढुक्क थिए कि यस्ता गीत संगीतले तिनको अजेय सिहांसन हल्लिने छैन । हामी भन्ने गर्थ्यौं कि हामी कसैको शासन डगमगाउन

आएका होइनौ, हामीलाई पद प्रतिष्ठा चाहिएको होइन, हाम्रो उद्देश्य केवल जनतालाई उनीहरुको स्थिति बोध गराउने मात्र हो । शासकहरुमा केही चिन्ता त अवश्यैपरेको थियो तर उनीहरु हाम्रा गीत संगीतले केही लछारपाटो नलाग्ने भन्नेमा ढुक्क नै थिए । यसैले उनीहरु डराउने प्रश्नै थिएन । बिस्तारै हाम्रो बारेमा मानिसहरु सचेत हुँदै थिए र वस्तीहरुमा मानिसहरु हाम्रो राम्रै स्वागत गर्न आउथे । जे उनीहरु सक्थे त्यही अनुसार आवाभगत पनि गर्थे । उनी एक कुशल वक्ता भएकाले मानिसहरुलाई तत्काल प्रभाव पार्ने क्षमता राख्दथे । म उनीसंग धेरै कुरामापछि थिए र यस कुरामा पनि म साह्रै कमजोर थिए । मलाइ भने मान्छेको भीड भन्दा एकान्तमा केही थोरै मान्छेसंग बसेर भलाकुसारी गर्न मन लाग्थ्यो तर उनी गाउँका सबैलाई जम्मा गरेर विभिन्न कुरा गर्न मन पराउथे । मानिसहरु उनका कुरा खुब चाख मानेर सुनेको देख्थेम । मानिसहरु बीच उनी छिट्टै प्यारो भैहाल्थे । मानिसहरुलाई सहजै प्रभावि त पार्न सक्नेर उनीहरुको मन जित्न सक्नेउनको खुबि ज्यादै मन पर्थ्यो मलाई । पंचायती राजको बेला थियो । मानिसहरु एक आपसमा ब्यबस्था र अवस्थाका कुरा गर्दथे तर त्रासका साथ । प्रधानहरुको हैकम थियो गाउँमा । उनीहरु राजाको सिन्दुर लगाएका मानिस थिए त्यसैले कसैले ति नका क्रियाकलापमा चित्त नबुझेर बोल्दा राजाको विरुद्ध बोलेको सरह मानिन्थ्यो र एक ईसारामा प्रहरी थानामा पुग्नु पर्ने जमाना थियो । राजालाई के थाहा उनको नाम लिएर मानिसहरु कस्तो अत्याचार गर्छन भन्ने कुरा ! पंचायतका कहलिएका रक्षकहरु हामीलाई गिल्ला गर्थे र यसो भेट्दा गिज्याउदै नानाथरी भन्दै हिड्थे वा सके हामीलाई निराश पार्न अनेक फत्तुर लगाइ दिन्थे जस्तै यी बिदेशी दलाल हुन, यिनीहरु मान्छेको ब्यापार गर्छन र देशबाट लगेर बिदेशमा बेचि दिन्छन वा यिनीहरु आईमाईलाई पाए बाँकी राक्दैनन् आदि आदि । हामी यस्ता कुराहरु सुनेर पनि नसुनेको भैँ गर्थ्यौं र आफ्नो गन्तब्यमा हिडिरहन्थ्यौं । तिनले हाम्रा गाउँले ससाना सांगीतिक कार्यक्रममा भाँजो हाल्ने कोशिश गर्थे । हाम्रा गीतले कुनैतिनका नेता वा राजनीतिलाई केही भनेका थिएनौ; आक्षेप लगाएका थिएनौं; यीनमा त केवल दुखी गरीबका कुरा हुन्थ्यो, जीवनका उतारचढावका कुरा हुन्थ्यो जसलाई उनीहरु रोक्न आवश्यक देख्दैन थिए वा मानवीय सत्य र भावनालाई छेक्न वा रोक्न सम्भव पनि थिएन शायद । दुखि गरीबका गीत गाउन हुन्न भनेर कुनैकानून पनि बनेको थिएन । जति नैहप्की दप्कीमा पर्दा पनि उनी शासकका प्रतिनिधिसंग कुनै वैरभाव राखेको भने मैले कहिल्यै देखिन ।" उनीहरुको काम उनीहरु गरुन् हामी हाम्रो काम चपु चाप गरौ । उनीहरु टोक्न आए भनेर हामी टोक्न जानुहुँदैन", भन्थे उनी । म कहिलेत क्रोधित हुन्थे व्यर्थमा दुख दिएको देख्दा तर उनको शान्त प्रतिक्रिया देखेपछि म जिल्ल पर्थे । कति ले हामीलाई हेपेर कुरा गर्थे तर उनी

भनेचुपचाप यसलाई वास्तैगर्दैनथे । कुनै दिन बास बसेको ठाउँमा खानेकुराको नाममा ढिडो र नून मात्र पनि पाईन्थ्यो, उनी त्यसैलाई पनि मिठो मानेर कपाकप खाइदि न्थे कुनै गुनासो बिना; उनले खाएको हेर्न मलाइ खुब आनन्द लाग्दथ्यो । यो मानिस हो कि एउटा अवतार -म सोच्न थाल्थें त्यति बेला । उनमा घमण्ड र अहं भन्ने नामको कुनै चीन्ह पनि थिएन । यति साधारण भएर उनी जीवनलाई लिइदिन्थे कि म हैरान हुन्थे । मलाइ हाम्रो बाटो कता कहाँपुगेर टुंगिने हो भन्नेपिर लाग्थ्यो । एउटा निस्छल र निर्दोष जिन्दगी बाँच्दैर हामीलाई पनि अर्थपूर्ण रुपमा बाँच्न सिकाउदै आएका उनी आज यस स्थितिमा पुग्लान र मैले उनको बारेमा यस प्रकारको कुरा सुन्नु पर्ला भन्ने कतै मेरो अन्तर्मनको कुनामा एक पित्को पनि थिएन ।

समय एकै रहदैन सधै भने जस्तो केही बर्षपछि हाम्रो संगीत यात्रामा पनि बिराम लाग्न गयो । हामी एक आर्काबाट अनायास छुट्टिएका थियौं । हाम्रो कुनै मनमुटाव भएको होइन, केवल त्यसरी हिडेर मात्र कुनै लक्ष्य प्राप्त गर्न नसकिने सोचेर मैले एकदिन आफ्नो बाटो अलग भएको र यो यात्राबाट बिदा लिएको उनलाई सुनाएँ । उनी एक छिन गम्भीर देखिए तर तत्काल उनले मेरो रायलाई राम्रो भन्दैआफू भने यो यात्रामा अडिग रहने घोषणा गरेका थिए । हिजै जस्तो लाग्छ उनलाई आगामी यात्राको शुमकामना दिएको मैले । यो त्यस्तै २०३६ साल तिरको कुरा हो जुन बेलामा एउटा आन्दोलनले देशलाई नयाँ मोडमा ल्याई पुऱ्याएको थियो । आन्दोलनमा परेर म केही वर्ष जेल परें र मेरो स्वास्थ्य नराम्रोसंग विग्रियो । म पेटको दीर्घ रोगी पनि भएँ । दुई वर्षपछि जेलबाट बाहिर आउँदा एक अस्थि पन्जर मात्र बाँकी थिएँ म । खान केही नहुने, अपच हुनेर केही खायो कि वान्ता आउनेरोगले गाँजेको थियो । कति पटक रगत समेत वमन भएको थियो र बेहोस भएर ढलेको पनि थिएँ । केही समय मैले टिचिङ्ग अस्पतालका चिसा छिडिहरुमा बिताए र केही फाईदा भएपछि उही आफ्नो पुरानो शिक्षण पेशामा फर्किए । सरिता नेपाल बकैंमा हेड असिस्टेन्ट थिइन । हाम्रो दुईको कमाइले हामीलाई जेनतने गुजारा गर्न पुगेकै थियो । पाँच जना दाजुभाइका परिवार हामी, हाम्रा बाजेले छोडेर गएका केही खेतबारी पनि कहिले कसैको पढाइको लागि वा कसैको बिहेबारी वा कहिले को बिरामी पर्दा सबै बेचेर खाईसकेका थियौ । बस्नलाई एउटा पुरानो घर थियो र त्यसैमा दुई कोठा मेरो भागमा परेको थियो । त्यसैमा हाम्रो येनकेन प्रकारेण गुजारा चलेको थियो ।

आज त्यही कोठामा फनफनी घुम्दै म केही क्षण अघि थापा दाईको चिया पसलमा सुनेको कुराले स्तम्भि त हुँदै र मनमा एक प्रकारको पीडा बोकेर घुमिरहेको छु । कतैकेही गुमे जस्तो कतैकेहि हराए जस्तो भएको छ मन । मेरो घर छेउमै रहेको थापा दाईको

चिया पसल हाम्रो टोलको मानिसहरु भेट हुने एउटा केन्द्र बनेको छ । यहाँ बिहानैदेखि टोलबासीहरु चिया पिउंदै नेपाल मात्र होइन देश विदेश बिश्व ब्रम्हाण्डका दश थरी कुरा गरेर आफ्नो समय बिताउछन । म त्यो चिया पसलको नियमित ग्राहक त होइन तर कहिले काँही भने यसो त्यहाँको पकौडा र चिया खान मलाइ पनि मन पर्छ । धेरै दिन गएन भने थापा दाई पनि कराई हाल्छन - "सर, हजुरले किन माया मारेको अचेल?" त्यसैले पनि कहिले काहीं गएर उसको चिया पसलको हल्लामा आफूलाई हेलि दिन्छु । आज बिहानको चिया खान म पनि पुगेको थिएं । एक गिलास चिया लिएर सडक छेउ मेचमा बस्दै बाहिरको रमझम हेर्दै थिएँ । बाहिर सडकमा मानिसहरुको ओहोरदोहोर चलिरहेको थियो । मेरो बस्ति जहाँ म जन्मे मेरा पुस्ता दर पुस्ता यहीं जन्मे यही बिते तर यो ठाउँ आज हाम्रो निम्ति पराइ हुँदै जाँदो छ । म कसैलाई चिन्दिन अरु पनि मलाइ चिन्दैनन । थापा दाईको चिया पसल रहेको ठाउँ हाम्रो टोलको मुटु भनि दिए पनि हुन्छ किनकि यसैको ठिक अगाडि नै गाडिहरु पार्किङ्ग गरिन्छ; मानिसहरु यहाँ ओर्लिन्छन् आआफ्नो गन्तब्य तिर लाग्छन । यो एक बजारको केन्द्र भएर विकसि त हुँदैछ । यो ठाउँ जहाँ कुनै बेला हामी फुटवल खेल्थ्यौं आज त्यहाँ बस/टेम्पो पार्क बनेको छ र चौरको बीचबाट एउटा सडक खनिएको छ । हामी केटाकेटी हुँदा खेल्ने चौरको अब केही अशं वा अवशषे मात्र बाँकी छ । सडकका दुवै तिर सटर खुल्दै गएका छन् । ती सटरहरुमा पत्रिका पसलदेखि दाल चामलको पसल, औषधि पसल, होलसेलको पसल र ब्युटी पार्लरसम्म खुलिसके । हेर्दैहेर्दै यो सुनसान ठाउँ गुल्जार बनि सकेको छ । मानिसहरुको भिड र होहल्लायुक्त बन्दै गएको छ । हिजोको त्यो शान्त ठाउँ आज हल्लाको मध्य बिन्दु बनेको छ । थापा दाईले यहाँ चिया पसल खोल्दा उनी पहिला थिए तर आज अरुले पनि छेउछाउमा बिस्तारैससाना चिया दोकान शुरु गरिसकेको भए पनि थापा दाइको चिया पसल पुरानो भएकोले यसको आफ्नै व्यावसायिक महत्व छ । "सर, थाहा पाउनु भो केशब सरको कुरा?" थापा खुसुक्क मेरो कानमा आएर भन्छ । म उसलाई थाहा नभएको भन्दै मुन्टो हल्लाएर संकेत गर्छु र एक्कासी केशब सरको नाम सुन्दा म केही झस्केको पनि छु । एउटा नेपालको प्रमुख राजनैतिक पार्टीको स्थानीय कार्यकर्ता हो थापा, त्यसैले उसलाई राजनैतिक घटनाक्रम, नेता र तिनका बिषयमा सबै जानकारी राखेको हुन्छ । मानिसहरु भन्छन्- उसको पहुंच छ माथि पार्टी सम्म । म ध्यान दिएर थापाको कुरा सुन्न थाल्छु । "हजुरको साथी केशब सरलेत बिष खाएर बित्नु भएछ नि, थाहा पाउनुभा छैन सर!" ऊ भन्दै थियो । तर मैले त्यसपछि केही सुनि न, केवल एक प्रकारको शुन्यताले घेर्यो मलाई । म नि स्तब्ध भए । चोकको हल्ला नसुनेको जस्तो भो, गाडीका हर्न पनि सुन्न छोडेछु । भित्र चिया पसलको हाँसो ठट्टा पनि केही

सुन्न छोडे । कानले केही पनि सुन्न छोड्यो । मेरा कुनै बेलाका आर्दश पुरुष यसरी बित्लान् भन्ने सोच्ने मात्र होइन कल्पना पनि गर्न सक्ने कुरा थिएन मेरो निम्ति । मेरो आँखा अगाडि भने केशब सरको त्यो हंसिलो जोशिलो अनुहार आइरहेकोथ्यो । गितार बजाउंदै गाउँगाउँमा गीत गाउँदै मानिसहरुलाई जीवन, जगत र संघर्षको परि भाषा सिकाउदै हिडने त्यो आशावादी मानिस कुन नि राशाको भूमरीमा परेर विष खाएर मृत्युवरण गर्न पुग्यो भन्ने कुरा म पत्याउन सकि रहेको छैन । त्यो जीवन प्रति सधै आशावादी रहनेर अरुलाई जिउन उत्साहित बनाउने मान्छे किन र कसरी आफ्नै ज्यान फ्याल्न तत्पर हुनुपर्यो होला? म स्तब्ध भएको छु, केही बुझ्न सकेको छैन । दिमाग शुन्य भएको छ । चिया बिर्सेर म परको पिपलको बुढो रुख माथि एडिरहेका कागहरुलाई एकनाश हेर्न थाल्छु । घुमी घुमी उडि रहेका ती काला कागहरु आफ्नै सरु मा एकोहोरो नमिठो स्वरमा कराइरहेका छन् । “सर, केशब सरले कान्छी बिहे गरेको कुरा त हजुरलाई थाहा नैछ,” थापा भन्दै थियो । ऊ एक फन्को भित्र गएर फटाफट ग्राहकहरुलाई चिया खाजा दिएर फेरि मेरो सामु आइसकेछ ।

मेरो अगाडिको चिया अब सेलाईसकेको थियो । मलाइ त्यो चिया प्रति अब कुनै ध्यान पनि थिएँन । मेरा अत्यन्त मिलनसार साथी, दाजु, सहयात्री जे भने पनि हुनेर मेरो जीवनमा सकारात्मक परिवर्तन ल्याइदिने; नयाँ मोड ल्याइ दिने मान्छेको बारेमा त्यस्तो दुखदायी खबर सुन्नुपर्दा म भित्रभित्रै आहत भएको थिएँ । उनको र मेरो बाटो मात्र फरक भएको थियो तर हाम्रो लक्ष्य एउटै थियो समाजको परिवर्तन र त्यो हामीले आ-आफ्नै तरिकाले हासिल गर्दै थियौं । उनी एक प्रख्यात दार्शनिक, गायक, कवि र गीतकार भएका थिए । उनका गीतहरु म रेडियोमा सुन्थे, टिभीमा हेर्थे । एक प्रकारको गौरव पनि लाग्थ्यो- यिनी त मेरा पुराना सहयात्री हुन् । कहिले उनलाई दोसल्ला ओढाएको देखाइन्थ्यो, कहिले उनी कुनै सांस्कृति क कार्यक्रमको सभापति को आसनमा बसेका देखिनथे, कहिले कविता वचन गरिरहेका सुनिन्थ्यो । २०६३ सालको जनआन्दोलन भाग २ मा उनी पनि सिर्जना चैत्र २४ नामक संस्थासंग आवद्ध भै कालो कपडा पाखुरामा बाँधेर...दमन मुर्दा बाद भन्दै हिडेको पनि देखिएको थियो । जन आन्दोलनमा कवि, लेखक, सांस्कृतिक कर्मीहरुको भिडमा उनलाई पनि देख्दा म उनलेयुवा समयमा देखेको सपना प्राप्त गर्न अझैलागि रहेका एक नव युवक नैलाग्थ्यो मलाई । म त्यति बेला आफू पेटको रोगी भएर घरमा थला परेर बस्नु परेकोमा दिक्क मान्थे । जनआन्दोलनमा खालि पत्रपत्रिकामा लेख लेखेर र विद्यालयमा विद्यार्थीहरुलाई हौस्याएर आफ्नो कर्तव्य पूरा गर्न सकेको सन्तोष मात्र लिएको थिएँ । केशब सरको प्रत्यक्ष सहभागिता र निडर

संलग्नता थप आशाको किरण थपिएको अनुभूति हुन्थ्यो मलाइ । म विश्वस्त थिएँ जनआन्दोलन सफल हुनेमा किनकि केशब सर जस्ता मान्छेहरुको प्रत्यक्ष संलग्नता थियो त्यहाँ । तर आज केशब सरको बारेमा सुन्दा म भित्रभित्र खग्रंग भएको थिए । यो हुन्सक्ने हुँदैहोइन–मेरो मनले मानि रहेको नै थिएन; पटक्कै मानि रहेको थिएन । थापा भन्दैथिए–"कान्छीलाई वहाँले अमेरिका पठाउनुभ'को थियो एउटा छात्रवृत्तिमा । " कान्छी उच्च अध्ययन गर्न चाहन्थी । वहाँ त महिला हकअधिकारको निमित्त लडेको मान्छे, सधैं महिलालाई पहिलो प्राथमिकता दिनुपर्छ; नेपाली समाजलाई क्रमिक रुपमा रुपान्तरण गर्नु पर्छ भन्नु हुन्थ्यो । लामो बिरामी पश्चात जेठीको दुखदायी मृत्यु पश्चात् वहाँले बिहे गर्न मान्नु भएको थिएन तर एक्लो जीवन जिउन गाह्रो हुन्छ भन्दै सबै मित्र र आफन्तहरुको जोडबलमा । शायद एक्लोपनाबाट मुक्ति चाहिएको थियो वहाँलाई पनि त्यसैले वहाँले दोश्रो बैबाहिक सम्बन्धमा जोडिन मान्नुभएको थियो । कान्छी श्रीमती वहाँले सोचे जस्तै एक अध्यनशील र मिलनसार देखिन्थि न । दुवैजना खुशी देखिनथे । कान्छी श्रीमतीलाई पनि उनले गीत, कविता लेख्न सिकाएका थिए । उनी पनि नेपालका केही गिनेचुनेका महिला कविमा गनिन थालिएकी थिइन । दुवैको रुची र सोच मिलेको नै थियो । उच्च अध्ययनको निमित्त अवशर पाउँदा उनलेकान्छीलाई विदेश (अमेरिका) पठाउन सहर्ष मन्जुरी जनाएका थिए । केही महिनामा कान्छी अमेरिका उडेकी थिई दुई वर्षको अमेरिकी सरकारको छात्रवृतिमा उच्च अध्ययनको लागि कान्छीलाई विमानस्थलबाट खुशी हुँदैबिदा त गरेतर घर फर्किदा रित्तो मन लिएर फर्किएका थिए उनी केही महिनासम्म कान्छीको इमेल आइरह्यो, मेसेन्जरमा कुरा पनि भैरहयो भने कहिले काँही फोनमा पनि कुरा हुन्थ्यो । अमेरिकाबाट फोन गर्न महँगो पर्छ भनेर उनी आफ्नो घर नजिकैको एउटा साइबर सेन्टरबाट अमेरिकामा कान्छी श्रीमतीसंग घन्टौं कुरा गर्थे । केही समय पछि भने यो कुराकानीको क्रम बिस्तार कम हुँदै गएको महशुस हुँदै थियो उनलाई । उनी नियमि त इमेल लेख्थे तर उताबाट आउँन ढिला हुन्थ्यो वा आउदैन्थ्यो । च्याटमा पनि क्रमशः भेट हुनछाड्यो । केशब सर छटपटि न थाले– के भयो कान्छीलाई; उनी चिन्ति त रहन थाले र उनको सबै सम्पर्कहरु टुटिरहेका थिए । केही महिनासम्म सम्पर्क नैहुन नसके पछि एक दिन उनले भएन भनेर कान्छी पढनेकलेजमा नै फोन गरेर सोधेकतै कान्छी बिरामी त परिन वा कतैदुर्घटनामा त परिन भनेर सोधे । कलेजको प्रशासन शाखाले उनलाई जे कुरा बतायो त्यो सुनेर उनी त्यही नै लल्याकलुलुक भए । कान्छीले त्यो कलेज छोडि सकेको र उनी अब कहाँ छिन कलेजलाई थाहा छैन भनेर उताबाट फोनमा बताइदै थियो । केशब सर सुन्दै थिए तर उनी भने कतै हराइसकेका थिए । यो खबर पाएको दिन देखिनै हो केशव सर आफैमा हराउन थालेर क्रमिक रुपमा

उनी सार्वजनिक जीवनमा देखिन छोडे ।

थापा दाई भन्दै थिए- “जुन दिन उनले बिष खाए त्यो दिनको अघिल्लो दिन मात्र उनका कुनै पुराना साथीले अमेरिकाबाट खबर गरेका रे कि उनकी कान्छी श्रीमतीले त एक पाकिस्तानी व्यापारीसँग बोस्टनमा बिहे गरेर उतै नयाँ घरजम गरी रे!”

“अब यही कारणले केशब सरले आत्महत्या गरे वा के कारण पर्यो थाहा भएन तर अब उनी यो संसारमा रहनेन, हाम्रो पार्टीले हिजो शोक सभा राखेको थियो, त्यही यो सबै थाहा भो सर, के गर्ने, यस्तै छ...” ऊ यस्तै भटभटाउदै भित्र तिर लाग्यो मलाइ एउटा कोलाहलमा होमेर । म रन्थनिदै मेचबाट उठेको थिए र एक तमास मन लिएर घर तिर लागेको थिएँ ।

म कहिले बस्दै, कहिले उठ्दै गरेको हेरिरहेकी मेरी श्रीमती सोद्धछिन “के भयो” भनेर । म उनलाई केही न भन्दै झ्याल बाहिर हेर्छु– एक बथान सारौटेहरु कतैतिर लागेका छन्कल्यान्मल्यांग गर्दै । बादल धुम्मिएको आकाश छ, आज घाम लाग्ने लक्षण छैन । म अन्धकार देख्छु आजको यो दिन । शायद केही क्षणपछि पानी पर्ने छ आज । “ल सुन...” गह्रौ मन लिएर म उनलाई केशब सर र एउटा किम्बदन्ति जस्तो जिन्दगी बाँचेको एक निर्भिक र सधै अरुको निम्ति बाँचेको एक नायकको दुखदायी अवशानको कथा!!!

समाप्त

# विविधतायुक्त रोचक कथाहरुको सङ्गालो

❖ मीनराज पोखरेल

वि. सं. २०८१ सालको मंसिर १ गते कथाकार जीवराज भट्टराईको कथासङ्ग्रह 'अभिशप्तकुइनेटाहरु' विमोचनका लागि बागवजारको हार्दिक होटलमा एउटा जमघट भएको थियो । उक्त कथासङ्ग्रहकाबारेमा समीक्षा गर्ने क्रममा वक्ताद्वय डा. दीनवन्धु शर्मा र डा. शान्तिमाया गिरीले कथाकारलाई आफूले पहिलो पटक त्यहीं नै देखे/भेटेको भन्दै आफ्नो मन्तब्य शुरु गर्दा स्रोता दीर्घामा एक किसिमको औत्सुक्य उत्पन्न भएको थियो । त्यसको अन्तर्य भनेको पुस्तकका लेखक र समीक्षकहरुबीच पूर्व परिचय नहुनुले वक्ताका विचारहरु आग्रह वा पूर्वाग्रहरहित अर्थात विशुद्ध रुपमा कथाका चरित्रमाथि चित्रण गर्नमा केन्द्रित हुनेछन् भन्ने सन्देशको प्रवलिकरण स्वतःस्फूर्तरुपमा हुनु थियो ।

लोकार्पण कार्यक्रममा वक्ताहरुद्वारा ब्यक्तभएका विचारले त्यहाँ उपस्थित भएकाहरुमा कथाहरु पढने आतुरता बढाएको बुझिन्थ्यो । समीक्षकहरुबाट ब्यक्तविचार हरुमामूलतःकुनै पुस्तकककाबारेमा सार्वजनिक रुपमा गरिएका टिकाटिप्पणिहरुले आम पाठकहरुमा पुस्तक पढिसकेपछि उत्पन्नहुने भावनासँग तादात्म्यता राखेनन् भने त्यहाँनेर ठूलो अनर्थ हुन जान्छ भन्ने वाक्यले मनमस्तिष्क तरङ्गित गराइ रहेकै पृष्ठभूमिमा कथासङ्ग्रह अभिशप्त कुइनेटाहरु पढदै जाँदा नेपाली साहित्यको कथा विधामा यो एउटा उल्लेख्य पुस्तकको रुपमाआएछ भन्ने निश्कर्षमा पुग्न अप्ठेरो लागेन ।

साहित्य सिद्धान्तले कथाहरुलाई कसरी समीक्षा गर्न निर्देशित गर्छ, त्यो विषयको विज्ञता पंक्तिकारसँग छैन । तथापि कथामा के लेखिन्छ र त्यो कस्का लागि लेखिन्छ भन्ने कुरालाई केन्द्रिय विषय बनाएर हेर्ने हो भने अभिशप्त कुइनेटाहरु कथासङ्ग्रहमा समेटिएका २२ वटा कथाहरुमा हामीले हाम्रै समाजका विविधायुक्त रजीवन्त चरित्रचित्रण पाउँछौं । भनिन्छ, कथा समाजको ऐना हो । यसर्थमा अभिशप्त कुइनेटाहरु भित्रका २२ वटा कथाहरु पढदै जाँदात्यो ऐना असाध्यै सफा र प्रष्ट लाग्दछ ।

शिर्षकगत हिसावले हेर्दा अभिशप्त कुइनेटाहरु कथासङ्ग्रह भित्र रहेका २२ वटा कथाहरु सवै उत्कृष्ट लाग्छन् । परन्तु एउटा पाठकको निजात्मक अनुभुतिका

आधारमा भन्नुपर्दा यसका केही कथाहरू उम्दा स्थापितभएका छन् । पुस्तकको शीर्षक कथा 'अभिशप्त कुइनेटाहरु' भाषिक हिसावले जनबोलीमा अलि अप्ठेरो लाग्छ र 'कुइनेटा' आफैमाबहुवचन भएकाले 'हरु'नथपेको भएपनि हुन्थ्यो कि भन्ने पनि लाग्छ । तर कथा आद्यान्त पढिसकेपछि भने तीदुवै द्विविधा मेटिन्छन् । देशको मूल समस्या भनेको यहाँको गरीबी, अशिक्षा र पछौटे पन हो तर यो समस्या समाधानमा केन्द्रित हुनुपर्ने हाम्रो राजनीति विगत लामो समयदेखि अन्य कुराहरुमा अल्मलिएको देखिन्छ । त्यसैगरी मुलुकमा उच्च शिक्षाको नेतृत्व गरिरहेको त्रिभुवन विश्वविद्यालयलाई गैर प्राज्ञिक गतिविधिले अठ्याएर थिल्थिलो बनाउँदा आकांक्षी युवामा उत्पन्न वितृष्णाको कालिमा पनि त्यतिकै बलवान देखिन्छ । यी नै दुईमध्ये अघिल्लो बेथितिले गर्दा अहिलेको युगमा पनि सर्वसाधारणको दैनिकिमा बालश्रम अनिवार्य बनेको र दोस्रोका कारण सुदुर गाउँबाट उच्च शिक्षाका लागि राजधानी आएको युवा निरास बन्दै गाउँ फर्किनु परेको विषय प्रसङ्ग यो कथाको कथावस्तु बनेको छ । देश र जनसाधारणको जीवनी र दैनिकिमा सराप परे जस्ता कुइनेटा एक मात्र नभएर अनेक भएका र अनेक भित्र पनि अनेकौं भएकाले कथा पढिसकेपछि 'कुइनेटाहरु' भन्ने शब्द स्वाभाविक लाग्छ ।

बाईस भाइकथाहरू मध्ये अर्को सशक्त कथा 'उजेलीको आलोक'शीर्षकको हो । एउटा इन्जिनियरको बिद्रोह र क्रान्तिको अल्लारे उग्र ज्वारभाटालाई ब्यवहारिकताको कसीमा घोटेर खारिएको गाउँले किशोरी जानकीको परिपक्वताले कसरी ठेगान लगाउँछ भन्ने प्रसङ्गबाट शुरु भएको कथामा लामो समयको अन्तराल र नितान्त फरक परिवेसमा ती दुईको भेट हुँदा पूर्व परिचयको नवीकरणका निम्ति दुवैमा देखिएको अनिच्छा अर्थपूर्ण लाग्छ । कथाका दुई पात्र इन्जिनियर र जानकीलाई समयको बहावले फरक परिवेस र परिचयका साथ बगाउँदै लैजादा देखिने ऊहापोहहरु आम मान्छेका जीवनीसँग मेल खान्छन् । तिनीहरुले निर्वाह गरेका फरक फरक भूमिका कहीं स्वाभाविक लाग्छन् भने कतै उमेर र ब्यवहारले थोपरेका बाध्यात्मक परिस्थितिका उपज जस्ता पनि देखिन्छन् । कथाकी अर्की पात्र उजेलीको अनुदघाटित ब्यक्तित्व बारेको अप्रत्याशित सूचनाले सन्यास ग्रहणको निकटमा पुगेको इन्जिनियरको मथिङ्गल खल्बलाइ दिन्छ । जातीय विभेद र त्यसका बहुआयामिक नकारात्मक प्रभावहरु आजको मानव समाजका निम्ति सवैभन्दा ठूला अभिशापका विषय हुन् भन्ने सन्देश यो कथाले दिएको छ ।

'अधिग्रो कथा'आफैमा एउटा उम्दा कथा हो । एकातिर साहित्य, कला, संस्कृतिलाई समाजकुन स्तरमा छ भन्ने कुराको मानकको रुपमा लिइन्छ भने अर्कोतर्फ हाम्रो जस्तो समाज जहाँ अधिकतर नागरिकको उल्झन जिविकोपार्जनको दैनिकिमै सिमित हुन्छ

त्यस्तो समाजमा भाषा, साहित्य, कला, संस्कृतिको प्रवर्द्धनात्मक गति र लयमा केही न केही अवरोधहरु आइरहन्छन् । दालभातकै समस्यामा अल्झिएको एउटा लेखकको दैनिकि र मनोदशा यो कथामा पाइन्छ । जवसम्म लेखक स्वयं र उसको परिवार आर्थिक लगायतका मामलामा स्वाभाविक लयमा अगाडि बढन सक्ने हैसियतमा पुग्दैन तवसम्म उसको लेखकीय ब्यक्तित्व पटक पटक अपमानित हुने अवस्थाबाट गुज्रिनु पर्ने हुन्छ । दैनिकिका प्रत्येक पलपलमा उत्पन्न हुने द्वन्द्व र विरोधाभासको ब्यवस्थापन गर्न नसक्दा धेरै लेखक, साहित्यकारहरुको सिर्जनसिलताले अकालमा मृत्युवरण गर्न पुग्छ भन्ने कथावस्तु यसमा छ ।

'रातो गलबन्दी' अहिलेका प्रौढोन्मुख पुस्ताले भोगेर आएको प्रतिनिधिमूलक कथा हो । यो कथामा एकातिर किशोरावस्थाको प्रेम प्रसङ्गबारे रोचक कथानक छ भने अर्कोतिर सानातिना र नसोचिएका घटनाहरुले पनि परिस्थितिलाई कसरी विलोमित बनाउँछन् र एउटा ब्यक्ति विशेषको जीवनको गोरेटो अनपेक्षित ढङ्गले अर्कोतिर मोडिन पुग्छ भन्ने कुरा छ । रातो गलबन्दी आफैमा एउटा निर्जिव वस्तु हो तर त्यो अनेक थरी प्रतिकात्मक भूमिकामा प्रयोग भएको छ यो कथामा । कथाको मूलपात्र गोविन्दका थुप्रै प्रेमिकाहरुका निम्ति त्यो प्रेमको प्रतीक हो भने उसलाई ब्यवस्था विरोधी अराजक करार गराउने सवैभन्दा ठूलो हतियार पनि त्यही रातो गलबन्दी हुन गएको छ । त्यसो त एउटा समयको बजारस्थितिको सूचकको रुपमा पनि यहाँउल्लेख भएको मासिक तलव रु. ४७०।- र बजारको सवैभन्दा राम्रो रातो गलबन्दीको मूल्य रु. ३०।- लाई लिन सकिन्छ । सवैभन्दा ठूलो कुरा त त्यो रातो गलबन्दी पितापुत्र बीचको आदर र स्नेहको प्रतीकको रुपमा रहेको छ भने भातृ प्रेम दर्शाउँदै पिताको निधनपछि सम्झना स्मारकको रुपमा पनि त्यो रहन पुगेको छ ।

एउटा सामान्य गाउँले परिवेसमा हुर्किंदै गरेकी किशोरीको जीवन अप्रत्याशित रुपमा आइलागेको द्वन्द्व र त्यसको असरबाट कसरी फरक दिशामा मोडियो भन्ने विषयमा केन्द्रित भएको कथा हो रन्जिता । पढदै गरेकी र उच्चशिक्षा अध्ययनका निम्ति दृढ संकल्प गरेकी किशोरी रमाले अप्रत्याशित रुपमा कलमको सट्टामा बन्दुक समाउनु परेपछि थोपरिएको विद्रोहकै विपक्षमा ऊ विद्रोही बन्न पुगेको कुराले अनिच्छाको बाटो कदापि टिकाउ हुँदैन भन्ने सन्देश दिएको छ । एक दिन बन्दुक त्रिशुलीमा फ्याँकेर जीवन गोरेटोको अर्को कुइनेटो पार गर्दै अनिश्चित गन्तब्यतर्फ हेलिएकी रमा काठमाडौं पुगेपछि रमाबाट रन्जिता बन्छे । एकातिर पढाइपट्टिको अविकल चाहना र अर्कोपट्टि जीवन निर्वाहको दैनिकिस्वरुप दोहोरी साँझको जागिर । त्यसै बीच ऊ आफैले समेत मेसो नपाई आइदिन्छ उमेरले ल्याएको जवानी र त्यससँगै डोऱ्याइएका अवयवहरु । जून देख्यो जूनै राम्रो र घाम देख्यो घामै राम्रो

लाग्ने अवस्थामा पुग्छे ऊ । त्यस्तो अवस्थामा सम्भिनका लागि ऊसँग दूर्घटित विगत त छ तर ठम्याइएको आगत छैन । आफ्नो समयको यस किसिमको मानसिक द्वन्द्व र उद्वेग बोकेर बाँच्ने प्रतिनिधिपात्रका रुपमा रन्जितालाई प्रस्तुत गरिएको यो कथाले पाठकलाई संवेदनशील बनाउँछ ।

अभिशप्त कुइनेटाहरु कथासङ्ग्रहमा समेटिएको अर्को एउटा गज्जवको कथा 'दुई ध्रुवः एक फन्को' हो । वितेका केही दशकमा थुप्रै नेपालीहरू विदेशिएका छन् र तिनीहरू मध्ये केहीले उतै घरजम गरेर बसेको देखिन्छ । स्वभावतः मान्छे भौतिक सुःख सुविधाका निम्ति उर्जावान उमेरमा देश विदेशतिर भौतारिन्छ । समयक्रममा त्यस्ता मान्छेहरु लामो समयसम्म विदेशतिरै बस्छन् । परिवन्दले पनि मान्छेलाई उम्किन दिंदैन । एउटा निश्चित उमेरसम्म मान्छे यस्तैमा रमाएको पनि देखिन्छ । तर त्यस्ता अधिकतर मान्छेको आत्मामा आफू जन्मी हुर्केको माटो र समाजप्रतिको माया अमिट भएर बसेको हुन्छ र प्रौढ अवस्थातिर ढल्किदै गर्दा त्यो झन बढी स्मरणीय हुन्छ । यही कथावस्तुमा दुई ध्रुवः एक फन्को कथाको कथानक सलल बगेको छ । झण्डै चार दशक अमेरिका बसेको 'म' पात्रलाई भौतिक रुपमा सुःख सुविधाको कमी त हुँदैन । सन्तान सुःखबाट पनि ऊ विमुखहुँदैन । तर नेपाल र आफ्नो गाउँघरको सम्झनाले ऊ भित्रभित्रै पाकिरहेको हुन्छ । अर्को कुरा, पूर्वीय र पश्चिमा समाजमा पारिवारिक अवस्था, छोराछोरी र बाआमा तथा पतिपत्नी बीचका सम्वन्ध, निजी सम्पतिको आवश्यकता र औचित्य तथा जीवनमा त्यसले पार्ने प्रभावका बारेमा पनि यो कथाकथ्यमा तुलनात्मक हिसावले विवेचना गरिएको छ । विदेशमा घरजम गरेर लामो समयसम्म बसेकाहरुको मनोदशालाई यो कथाले उजागार गरेको छ ।

सङ्ग्रहमा समेटिएका २२ वटा कथाहरू नै पृथक चरित्रका छन् । यो सानो समीक्षात्मक लेखमाती सवैका बारेमा टिप्पणी गर्न सम्भव छैन । पुस्तककारको हिसावले भन्नुपर्दा जीवराज भट्टराईको यो तेस्रो पुस्तकहो । लेखकको लामो समयसम्मको पत्रकारिता पृष्ठभूमिका कारण यो कथासङ्ग्रहमा पनि त्यसको प्रभाव देखिन्छ । एउटा जिम्मेवार पत्रकारका निम्ति समाज र समयको सुक्ष्म अध्ययन तथा विश्लेषण जति आवश्यक हो उसको साहित्य लेखनमा पनि त्यसको प्रतिविम्ब देखिनु त्यत्तिकै स्वाभाविक हो । यो कुरा अभिशप्त कुइनेटाहरुका हकमा पनि राम्रोसँग लागू भएको छ । मूलतः हरेक लेखनले समाजलाई केही न केही सन्देश दिन सक्नुपर्छ । लेखनको सार्थकता पनि यही मूल्य र मान्यतामा टेकेर खोजिनु पर्छ भन्ने कथाकारको विश्वास यो कथासङ्ग्रहका सवै कथाहरुमा मुखरित भएको छ । कथाहरु रोचक छन् । विषयवस्तुको गम्भिरता र प्रस्तुतिको वैचारिक पक्ष सशक्त छ । कथाहरु हाम्रै समाजका भएपनिर हामीले भौग्दै आएका विषय प्रसङ्गहरु भएपनि कथावस्तु र कथानकका

रुपमाती देख्दा हामी अच्चमित हुन्छौं । त्यति मात्र होइन कतिपय कथाहरु हामीले सामान्य रुपमा कल्पना समेत गर्न नसकिने कथावस्तुका छन् । यही समाजका कतिपय सम्बन्धहरु यति जटिल हुन्छन् र त्यो जटिलताको गाँठोलाई झनझन कस्दै लैजाने काम मान्छेका पृथक मनोबृत्ति, यौन र आर्थिक पक्षले गरेका हुन्छन् । यस्ता विषयहरु पनि धेरै कथामा आएका छन् । यौनका मामलामा केही कथाहरुमा कथाकार उदार बन्दै गए जस्तो देखिन्छ । तर एउटा सीमामा पुगेपछि त्यो विषय प्रसङ्गलाई अत्यन्त कुशलतापूर्वक नाटकीय कुइनेटो कटाउदै सुरक्षित अवतरण गराउने काम भएको छ । केही कथाहरुमा भने आफ्नै ढङ्गले कथाको बाँकी भाग निर्माण वा विनिर्माण गर्ने जिम्मा कथाकारले पाठकहरुलाई छाडिदिएको अवस्था पनि भेटिन्छ ।

अभिशप्त कुइनेटाहरु कथासङ्ग्रहका सवै कथाहरु राम्रा छन् । तर यसको अर्थ यो होइन कि, तिनमा कमजोर पक्ष छँदै छैनन् । धेरै कथाहरु भित्र उपकथाहरु घुसेका छन् र त्यसले गर्दा कथाको मूल विषयवस्तु कुन हो भनेर खुट्टाउने समस्या पाठकलाई पर्न सक्छ । यद्यपि कथाभित्र समेटिएका उपकथाहरुको अन्विति त्यत्तिकै बलियो छ । त्यसरी नै कथाहरुको संगठन पक्ष केन्द्रिकृत नभई कतिपय अवस्थामा त्यो छिरोलिएको देखिन्छ । अर्को कुरा, कथाकारको पृष्ठभूमि पत्रकारिता भएकोले हुन सक्छ, कतिपय कथाहरुमा वर्णनात्मक पक्षको प्रवलता देखिन्छ । कथामा दार्शनिक, वैचारिकर वौद्धिक पक्ष कतिसम्म स्वीकार्य हुन्छ त्यसकाबारेमा मतैक्यता नहुन सक्छ । तथापि अभिशप्त कुइनेटाहरु सङ्ग्रभित्रका कथाहरुमा यो पक्षको पनि बहुतायत देखिन्छ ।

नेपाल स्रष्टा समाज प्रकाशक रहेको, २०२ पृष्ठ र ४५०।– मूल्य रहेको कथासङ्ग्रहमा श्रीओम श्रेष्ठ 'रोदन' को भूमिका रहेको छ । एक वाक्यमा भन्नु पर्दा यो कथासङ्ग्रह पढन थालेपछि पाठकहरुको मन त्यतै तानिन्छ । अर्थात सुरुचिपूर्ण तवरले कथासङ्ग्रह पढेर सकिन्छ । नेपाली कथा साहित्यमा यो कथासङ्ग्रह एउटा गनिने, भनिने र पढिने कृतिको रुपमा स्थापित हुने देखिन्छ ।

# ल्याब ब्वाइ !



❖ अनिता कोइराला

बेड नम्बर १०५ मा मेरा आँखाहरू झट्ट पोखिए । कैयौँ वसन्त खेपेको शरीर बेडमा अविचलित छ । शिरमा हिउँ फुलाएर चिसिएका छन् गोडाहरू । टकटकी बाँधेर हेर्दैछु, समयको जाँतोमा पिसिएको उमेरको लीला । दिग्भ्रमित भएकी छु । भ्रान्तिको अवस्ता मै बेड नजिकै गएँ । शिथिल भएको कृशकाय बिस्तारै चल्मलायो । अत्याधुनिक अस्पतालको व्यवस्थित व्यवस्थापनले मेरा आँखा लठ्ठिदैँ गए । अस्पतालको भव्यताको अनुभूतिले धन्य धन्य भएकी छु । विभ्रमको अवस्थामा अझ अल्झिएँ, गन्तव्य हराएको जहाज झैँ भएकी छु । विभिन्न प्रविधिको चङ्गालमा समयको घाम खाएको शरीर बेरिएको छ । मृत देखिएको त्यो जीर्ण शरीरमा पनि श्वास फेरिरहेको छ फोक्सो ।

हठात् ती बृद्धाका अनुहारमा मेरा दृष्टि सलबलाउन थाले । म झसङ्ग भएँ । बिरामीको क्याविनमा म कसरी आएँ ? म कहाँ छु ? म को हुँ ? केही मेलो पाउदिँन । म अन्यमनस्क स्थितिमा भौँतारिएँ । आफ्नो अवस्थाको बोध नहुँदा मेरो सात्तो उड्यो । समयको डरलाग्दो सुरुङमा हराएकी पथिक जस्तै भएँ । मलाई अनुभूत हुँदैगयो डरको पराकम्पन । मेरो शरीर भर्खरै भुइँचालो आएर थामिएको जमिन जस्तै भयो । आँखाहरू पिरो भएर आए । दुवै हातले आँखा मिच्न थालेँ । चिरनिन्द्राबाट जुरुक्क उठे झैँ भएका थिए मेरा आँखाहरू । बेडको नजिकै राखिएको मुढामा थचक्क बसेँ ।

नौलो वातावरण, नवीन परिस्थिति । म होस् हराएको मान्छे झैँ भौँतारिएँ । आफ्नै आँगनमा हराएको बालक झैँ थिएँ । मेलोमेसो केही नभएपछि म मुढाबाट उठेर बेडको नजिकै गएँ । चकमन्न छ क्याविन । अचानक बेडमा लडिरहेको कायालाई छाम्न थालेँ । बत्तीस मुजा परेका बृद्धाका गाला सुस्तरी सुमसुम्याएँ । ती रुग्ण आँखामा आत्मीयपल झल्कियो । शुष्क भएका गालाहरू चिरपरिचित लागे । म बृद्धाको अनुहारमै हराइरहेँ । इनार जस्ता गहिरा आँखामा मरुभूमिको शून्यता मडारिएको देखेँ । बृद्धाको मुटु खलाँती झैँ एकोहोरो बजिरहेको भए पनि कताकता मेरो हृदयलाई

पुकार्दै थियो । म छक्क परेँ । जतिजति बृद्धाको मुटु प्रकम्पित हुन्थ्यो मेरो मुटुको चाल पनि उही गतिमा तीब्र हुन्थ्यो । आफ्नो मुटुको चाल थाहा पाएर म निकै आकुलव्याकुल भएँ । अनि हतारिएर बेडतिर निहुरिएँ । बृद्धाको छातीमा घोप्टो परेर कान थापेँ । मुटुको धड्कन सुन्न खोजेँ । अचानक मेरो हृदयमा अनौठो हलचल भयो । मेरो मुटुको गति चल्मलायो, संवेदना भरभरायो । कसैले मेरो छातीमा प्रेमले अंकमाल गरेको जस्तै भयो । सम्पूर्ण शरीर कसैले च्याप समाए जस्तो लाग्यो । धाँजा फाटेको खेत जस्तै मेरो मुख र घाँटी प्याक प्याक हुँदै गयो । अचानक मेरा आँखामा धूमिल स्मृति जागृत भयो ।

अहो ! कुनै दिन हृदयघात भएर म पनि अस्पताल भर्ना भएकी थिएँ । त्यो दिन मैले यही कपडा लगाएकी थिएँ । हो भगवान कोइरालाले मेरो उपचार गरेका थिए । मैले झट्ट सम्झिएँ गंगालाल हृदय रोग केन्द्रमा उपचार भएको थियो । तर कहिले ? मलाई अस्पताल लिएर आउने मेरी छोरी खोई ? कता गए मेरा आफन्त ? म त्रसित भएँ । स्मृतिमा कोही आएनन् । अनि झट्ट झ्याल खोलेर बाहिरको दृश्य हेर्न खोजेँ । देखिएका जति भौतिक संरचना सबै नौला लागे । मैले टेकेको भूगोल त्यहाँ भए पनि सबै संरचना अपरिचित लागे । यो कस्तो भ्रम ? म तीन छक्क परेँ । डा. कोइरालाले मेरो अप्रेसन गरेको समय कहिले थियो ? स्मृतिको अस्पष्ट ऐनालाई पुछ्दै हेर्न खोजेँ, ‘अस्पताल बस्दा उनको हृदय भन्ने पुस्तक पढेको मात्र याद आयो । सायद म समयको चक्रब्यूहमा नराम्रोसँग हराएकी थिएँ । भूत, वर्तमान र भविष्य एकै ठाउँमा गाँठो परेर बसेकाले जम्मै गन्जागोल थियो । मेरो मानसिक स्थिति गुम्ला जस्तै भयो । केहीबेर क्याविनमा स्थिर भएर उभिएँ । लामो श्वास फेरेँ ।

गोडाहरू लगलग काँप्न थाले । सत्य के हो स्पष्ट थिएन । रुँन खोजेँ अहं ! आँखामा अथाह खडेरी थियो । आँसु फिटिक्कै झरेन । झट्ट बेडको छेउमा क्यालेन्डर देखेँ । सन् २१२३ जनवरी । क्यालेन्डर हातमा लिएर छट्पटिँदै थिएँ । मलाई सन् २०२३ सम्मको सम्झना छ तर यतिका वर्षहरूमा म कहाँ थिएँ ? किन याद छैन मलाई २०२३ देखिका वर्षहरू । भनन्न रिङ्गटा लाग्यो । बृद्धाको बेडमा टुसुक्क बसेँ । मेरा आँखा तिर्मिराए । म केही सोच्न नसक्ने अवस्थामा पुगेकी छु ।

चुइँ गरेर घ्याक्क ढोका खुल्यो । हतारहतार ढोकाको चेपमा लुकेँ । हे ईश्वर ! म कसरी, अनि किन यी बृद्धाको क्याविनमा छु ? म को हूँ ? यी बृद्धासँग मेरो के सरोकार छ ? केही थाहा छनै । मेरो मन छड्किएको भात जस्तै भएको छ । सम्झिन खोज्छु मेरो घर कहाँ हो त्यो पनि थाहा छैन । मस्तिष्क झन्झन् गऱ्यो । मेलोमेसो

अझ केही भएन ? त्यहीबेला एक हुल डाक्टर र नर्स क्याबिनमा छिरे । डाक्टर समृद्धि ब्याचमा लेखेका अक्षर देखेँ । कति राम्रा मान्छेहरू । सेतो पहिरनमा स्वर्गका परी जस्तै नर्सहरूले घेरिएका डा. समृद्धि बोलिरहेकी थिएन् । मेरो नजर अर्को आकर्षक युवा डाक्टरको नाममा पऱ्यो । ठ्याक्कै मेरो मुटुको अप्रेसन गर्ने डा. कोइराला जस्तै अत्यन्तै भद्र तर यी नवयुवक भन्दैथिए, 'अब यो प्यासेन्टको उमेर सय वर्ष कम गर्न सकिन्छ । डा. रुसेलको टिमले परीक्षण गरेको भ्याक्सिन हाम्रो अस्पताललाई पठाइसकेको छ । हेरौँ समयलाई कन्ट्रोल गर्नसक्छ कि सक्दैन यो केमिकलले । नेपालमा नै पहिलो पटक परीक्षण हुँदैछ । यो नै पहिलो प्रयोग हो । हुन त मुसा या खरायोमा परीक्षण गर्नू भनिएको छ तर जनावरमा गर्दाभन्दा मान्छेमा गरिएको परीक्षणको नतिजा चाँडो आउँछ ।

समयलाई आफ्नो इच्छा अनुसार बनाउन सक्छ विज्ञानले । यी बृद्धा कोमामा गएको १०० वर्ष भयो । कोमामा जाँदा जम्मा ४५ वर्षकी थिईन् । अब पुनः यो केमिकलले यीनलाई ४५ वर्षको बनाउनेछ ।

डा. समृद्धि अझ बोल्दैथिइन्, 'अनि मेमोरी त छैन नि । कोमामा गएको पनि १०० वर्ष भैसकेको छ । संवेदना, माया, प्रेम पनि फर्किन्छ त ?'

'कसैकसैको फर्किन्छ तर धेरैको फर्किदैन भन्ने अनुमान छ, हेरौँ । तर प्राकृति रूपमा मानवीय संवेदना नफर्किए पनि ल्याबमा उत्पादित हार्मोनहरू प्रयोग गर्न सकिन्छ । डन्ट वरी डा. समृद्धि, हाम्रो ल्याबमा जम्मै संवेदनाहरू उपलब्ध छन् । संवेदना पनि कतै मानवमा खोजेर पाइन्छ र । ल्याबमा उत्पादन गर्नुपर्छ ।'डा. शर्मा ! तर हरेक संवेदनाको लागि बेग्ला बेग्लै भ्याक्सिन लगाउनु पर्छ होइन र ।

'यस, यू आर राइट ।' आज भन्दा ठ्याक्क १०० वर्ष अगाडि रोग विरुद्धको भ्याक्सिन दिइन्थ्यो भने अबका मान्छेलाई रोग लाग्दैन तर मान्छेको मानवीय गुणहरू शनैः शनैः लोप हुँदै जान्छन् । मान्छे नै रोग बन्छ त्यसैले हरेक महिना उसले हरेक मानवीय संवेदनाहरू प्राप्त गर्न औषधि र भ्याक्सिन लगाउनु पर्छ ।"

ढोकाको चेपबाट सबै सुन्दै छु । नौलो युगको संवाद । अहो ! म त १०० वर्ष अगाडि पो पुगेकी रहेछु कि क्या हो ? अलमल पर्दै डाक्टरका कुरा फेरि सुन्न थालेँ –

'आर यू रेडी ?'

'यो बृद्धामा पहिलो प्रयोग गर्न अस्पताल प्रशासनले मन्जुरी दिएको छ । कोही छैनन् यी बृद्धाको । प्रयोग असफल भए पनि बिरोध गर्ने कोही आउँदैनन् ।' डाक्टरका जम्मै कुरा सुनेर म स्तम्भित भएकी छु । सत्य प्रकटिक भएको छैन । विभ्रमको अवस्थामा छु । टाउको फुट्ला जस्तै भएको छ । अनि फुत्त बाहिर निस्किएर करिडोरमा आएँ । अहो ! ' पाटन अस्पताल 'होडिङ् बोर्ड देखेँ । नेपाली र अङ्ग्रेजी दुवै अक्षरमा लेखेको थियो तर मैले देखेको भोगेको अस्पताल थिएन । युरोपको कुनै भव्य अस्पताल जस्तै लाग्यो । अस्तव्यस्त केही थिएन । फोहोर कतै थिएन । मान्छेहरू सबै स्मार्ट र सफा थिए । सबैको उमेर उस्तै । बुढाबुढी कोही थिएनन् ।

मस्तिष्कमा अचानक मेरो प्रसव पीडा याद आयो । ट्याक्सीमा छट्पटाउँदै म आएको मेरो अतीत अस्पतालको प्राङ्गणमा देखेँ । पाटन अस्पतालको प्रसुती वार्डमा नै त हो मैले भोगेको प्रसव पीडा । मेरो सन्तानलाई पहिलो चोटि यी हातले समातेको न्यानोपन अझ ताजै छ । मेरो छातीमा दूध भरिएर आयो । मैले मेरी छोरीलाई स्तनपान गराएको देखेँ । थाङ्नामा लपेटिएकी भर्खर जन्मिएकी छोरी । मैले अनुभूत गरेँ मेरो सुत्केरी शरीर । तर खोइ मेरो सन्तान ? कता छे मेरी छोरी ? अतीत र वर्तमानलाई भेट्न नसकेर मलाई औडाहा भयो ।

छोरी जन्माएको अस्पताल हो यो । मातृत्वले पग्लिएको पल यही अस्पतालको आँगनमा छ । मैले अस्पताललाई मात्र उभिएर हेर्दा पनि स्मृतिमा मेरी छोरी नाच्न थाली । मेरो अतीतले मलाई चपक्क समात्यो, जसरी समात्छ चुम्बकले फलाम । सन्तान जतिकै स्मरणीय हुने रहेछ सन्तान जन्मिएको ठाउँ, मलाई छोरी भेटेको जस्तै लाग्यो । आँखा चिम्लेर छोरी जन्माएको वार्डतिर हुत्तिँदै गएँ । प्रसुती कक्षको बेड नम्बर ५१ खोजेँ । अँह ! मैले देखेको अस्पतालको नमूना कतै छैन , जम्मै कुरा साटेर ल्याए जस्तो छ । सोध्न खोजेँ, बोल्न खोजेँ मेरो आवाज सायद कसैले सुनेनन् ।

अनि मधुरो स्मृतिमा गोता लगाउन थालेँ ।

जनै पूर्णिमाको दिन दिउँसो २:५७ मिनेटमा पाटन अस्पतालमा पहिलो सन्तानको रूप छोरी जन्मिएकी थिई । टुपुक्क मिलेको नाक, चुटुक्कको मुहार, सुन्दर फूल जस्तै । छोरीलाई मेरो हातमा नर्सहरूले दिएर हाँस्दै भनेका थिए, 'कति राम्रो नानी पाएको । नानी पाउने बेलामा पनि आमा चाहिँको अनुहार उज्यालो थियो, त्यसैले छोरी पुतली जस्तै छ ।' कानमा प्रतिध्वनित भए, अतीतका संवाद ।

वर्तमान समयलाई तिरोहित पार्‍यो विगतले । मातृत्वको स्मृतिले म निथ्रुक्क

भिजेँ । करूणाविगलित भएँ । मेरा आँखाबाट हर्षाश्रु बगिरहे । आँखा उघारेर देखेको वरिपरिको दृश्य र आँखा बन्द गरेर देखेको दृश्यमा तादत्म्य केही थिएन । अतीत कानमा कराइ रह्यो । मैले कान बन्द गर्न खोजेँ । आवाज बन्द हुने नामोनिसान थिएन । बाहिरको आवाज भए पो बन्द होस् । म भित्रबाट डरलाग्दो आवाज आएको थियो । मैले मेरो छोरीलाई समयको चक्रसँगै हुर्काएँ, बढाएँ । ऊ प्राकृतिक थिई । मेरो मातृत्व अनुभूतजन्य थियो । म अहिले अर्कै युगमा छु । मेरो भन्ने केही छैन । म मात्र जीवित छु यो डरलाग्दो समयमा । मलाई मेरै अतितरदेखि डर लाग्न थाल्यो । अनि अतीतको रमणीय फूलबारीबाट फुत्त निस्किन सफल भएँ ।

म अस्पताल वरपर घुम्न थालेँ । अस्पतालमा कृत्रिमता अत्यधिक छ । अत्यासिलो भयो मेरो मन ।

अस्पताल परिसरमा जता हेर्छु मेसिनले निकालेका जस्ता मान्छेहरू हिँडिरहेका छन् । कस्तो अचम्म सबैको उमेर एकै हो कि जस्तो लाग्ने । अस्पतालको भौतिक संरचनाको मेलोमेसो छैन । कताबाट कता जाने भेउ पाउँदिँन । ‘कताको जिली कताको गाँठी’ भन्ने अवस्थामा पुगेकी छु । केहीबेरपछि हिम्मत जुटाएँ । जेपर्ला पर्ला फनफनी अस्पताल घुम्छु कसो नदेखिएला भन्दै म घुम्न थालेँ । अस्पतालभरि प्रसुती वार्ड कतै थिएन । नजिकै एउटा ल्याब देखेँ । साना साना बच्चाहरू सिसाको भाँडामा चल्मलाई रहेका थिए । सुटुक्क ल्याब भित्र छिरेँ । मलाई कसैले देखेनन् । म ल्याबको नौलो संसारमा विस्मित भएँ । दुईजोडी महिला र पुरुष डाक्टरसँग सल्लाह लिँदै रहेछन् ।

‘हाम्रो छोरो आज नौ महिनाको भयो आज उसलाई घर लैजान आएको तर डाक्टर

बच्चालाई निकै सुन्दर र लोभलाग्दो देखिने हार्मोनहरू इन्जेक्ट गरिदिनू होला ।

हामी हाम्रो सन्तानलाई मोडल बनाउन चाहन्छौँ ।’

डाक्टर सम्झाउँदै थिए

‘जति बढी सुन्दर बनाउन खोज्यो उति उसमा प्राकृतिक हार्मोनहरू नष्ट हुन्छन् । मानवीय संवेदनाहरू पनि कमजोर हुन्छ नि, के गर्ने ?’

ती दम्पति भन्दैथिए, ‘केही छैन, अब मानवीय गुण लिएर यो घर्तीमा बाँच्न गाऱ्यो छ । मानवता हराएको बस्तीमा किन चाहियो मानवता ? संवेदनाहीन सम्बन्धमा किन

आवश्यक पर्यो संवेदना ? बरू प्राकृतिक रूपमा प्राप्त भएको मानवीय गुणहरू पनि नष्ट गरिदिनू । मेरो सन्तान यान्त्रिक होस् बरू । हिजोआज संवेदना भएका केही सन्तान चरम विसादको अवस्थामा पुगेकाछन् । हामीलाई त केवल राम्रो र आकर्षक छोरो चाहिएको छ । समाज रूपान्तरण भएर पहिलेको अवस्थामा आउन लाग्यो भने सोचौँला । मानवीय संवेदना चाहिएको खण्डमा पछि ल्याबमा ल्याएर केमिकल इन्जेक्ट गरौँला नि ।'

म हेरेको हेरै भएँ । कस्तो समयको चक्रमा म फस्दै थिएँ । जस्तो चाहना गर्‍यो उस्तै बच्चा बनाउन सकिने रोबर्ट हो कि मान्छेको बच्चा हो । अब मान्छेका बच्चाहरू सास फेरेका मेसिन मात्र त हुँदैनन् ? बच्चाहरू चल्मलाएको सिसामा अभिभावकको नाम, उमेर र लिङ्ग लेखेको छ ।

प्रायः भ्रुणहरू छोराका धेरै थिए । छोरी भ्रुण त एकाध मात्र देख्दा समाजमा आउन सक्ने उथलपुथल सम्झिएर निक्कै डराएँ ।

नामसहितको एउटा सिसाभित्रको बच्चा लिएर ती डाक्टर आए । अझ चनाखो भएर हेर्दै थिएँ । बच्चालाई सिसाबाट निकाल्दै थिए, बच्चा जोडले हाँस्यो । म छक्क परेँ । मेरो समयमा त बच्चा जन्मिने बित्तिकै जोडले त रुँन्थ्यो । बच्चा हाँसेको देखेर आमाबा पो रून थाले । म चकित भएँ कस्तो उल्टो समय चलेको रहेछ । म किन मेरो समयमा नै मरिनँ ? मैले किन भोग्नु पर्यो यो अनौठो समय ? हेर्दै छु मातृत्वको छद्म अनुभव । बधाई दिए एकाअर्कालाई । अङ्कमाल गरे । डाक्टर पनि मक्ख परे बच्चा सकुशल जन्मिएकोमा । लौ खा! सिसाबाट बच्चा निकालेर महिला आमा भइन् । बाआमाले सोचे जस्तै सन्तान हुने भयो । केही पिर भएन । भविष्य सुनिश्चित भयो । तत्कालै डाक्टरले सोधे, 'कति उमेरको बनाइदिऊँ यो बच्चालाई ?'

भर्खरै आमा बनेकी महिला हतारिँदै बोलिन्, 'आ ! डाक्टर साहेव बच्चाको गुमुत मलाई मन पर्दैन । स्तनपान गराउन पनि सक्दिनँ । बच्चा त दालभात खाएर आफैं ट्वाईलेट जान सक्ने बनाइदिनू ।'

डाक्टरले बच्चालाई तीनचार वटा इन्जेक्सन लगाइ दिए । हेर्दाहेर्दै बच्चा त हल्लक्क बढ्यो । म हेरिरहेकी थिएँ, सिसाबाट झिकेको बच्चा त चारपाँच वर्षको बच्चा जसरी खुरूरर दगुर्‍यो । म हेरेको हेरै भएँ ।

सन् २०२३ मा लौका, फर्सीलाई इन्जेक्ट गरेर हलक्क बढाएको मेरै आँखाले देखेकी थिएँ ।

सन् २१२३ मा मान्छेको बच्चालाई उमेर भन्दा अगाडि हुर्काएको देखेर म अचम्भित भएँ। म चकित चकित भएँ। बाआमा झोलाभरि औषधी र इन्जेक्सन बोकेर हाँस्दै घरतिर गए। म जड भएर ल्याब मै बसिरहेँ। मेरो उपस्थित कसैले देखेनन्। केही समयको अन्तरालपछि अर्का थरी बाआमा आए। उनीहरूलाई पनि सिसामा हुर्कँदै गरेको बच्चालाई तीक्ष्ण बनाउनु थियो। सिसाबाट आफ्नो बच्चा झिके, अभिभावक बने। बच्चाको आभामण्डल कृतिम थियो। बाआमाको रहर अनुसार बच्चामा हार्मोनहरू इन्जेक्ट गरे। आँफूलाई चाहिएको उमेरको सन्तान बनाए र दङ्ग पर्दै घर फर्किए। समयको कुरूपता देखेर म विकम्पित भएँ।

म ल्याबमा बसिरहन सकिनँ। निस्सासिएँ। अनि ल्याबबाट भागेँ। अगिको क्याविनमा हुरिँदै पुगेँ। कोठा खाली देखेँ। अगिको बेड तनक्क पारेर मिलाएको रहेछ। मेरा आँखाले वृद्धालाई खोज्नथाले। बेडमा सुतिरहेकी ती अशक्त बृद्धा कता गइन होला त ? बेडको मूनिपनि हेरेँ। अँह ! कतै देखिनँ। बृद्धा त्यहाँ थिइनन्। हतास भएँ। म कस्तो समयको डोरीले बाँधिएकी रहेछु बुझ्न सकिन एकोहोरो भित्तातिर हेर्दै थिएँ। अचानक बाथरूममा धारा खोलेको आवाज आयो, सतर्क भएँ। बाथरूमबाट गीत गाएको आवाज आइरह्यो। आवाज निकै परिचित लाग्दै गयो। बाथरूमको ढोकामा कान थापेर सुनेँ।

सन् २०२३ मा हिट भएको गजल ती बृद्धा गाउँदै थिइन्। जुन मलाई पनि असाध्यै मन पर्थ्यो 'के लत बस्यो मलाई कहिले सुधार हुन्छ एक दिन तिमी नबोल्दा यो दिल बिमार हुन्छ।'

अहो ! यो स्वर त मेरो जस्तो छ त। म पनि बारम्बार यसैगरी गीत गाउँथेँ। यी बृद्धा त १०० वर्षदेखि कोमामा गएकी थिइन् भने कसरी यो गीत गाइन् त ? मस्तिष्क नराम्रोसँग घुम्यो। तर्साउने घरमा त फसेकी छैन ? कि मलाई भूतहरूले बन्दी बनाएर राखेका छन् ? कसैले मलाई देख्दैनन् पनि सुन्दैनन् पनि कि म नै भूत भएँ ? मेरो वास्तविकता के हो ? म आत्तिएँ। घ्याक्क बाथरूमको ढोका खुल्यो।

ती महिला हुबहु म जस्तै थिइन्। त्यो महिला म नै भएको स्पष्ट भयो। उसको हाँस्ने, बोल्ने हिँड्ने सबै तरिका मसँग मिल्यो। नजिकै गएर बोलाएँ, छुन खोजेँ अहँ ! सुनिनन् आफ्नै सुरमा गीत गाउँदै बेडमा गइन्। सायद उनले मलाई देख्न सकिनन्। डरलाग्दो गरी चिच्याएँ। पसिनाले लुछुप्प भिजेकी थिएँ।

"के भयो किन यसरी तर्सिएकी। सपना नराम्रो देखिस् ?' गिलासमा पानी लिएर श्रीमान् नजिकै आएर टाउको सुम्मसुम्याउँदा पो म होसमा आएछु।

# पन्नालाल (लघुकथा)



❖ डा. श्यामप्रसाद न्यौपाने

"भाइ भर्खर त २५ पुगेर २६ लागेका छौ नि । यत्तिकै बस्नुहुँदैन । जिन्दगी त पूरै छ नि तिम्रो त !" पल्लाघरे ठुल्दाइले भने ।

"दाइ अबोध छोराहरूमाथि कसरी सौतेनी आमा हालूँ, मैले विवाहबारे सोचेकै छैन ।" पन्नालालले भने ।

"जिन्दगी लामो छ भाइ, छोरा त छन् तर समयको गतिसँगै तिमी बुढो हुँदै जान्छौ, छोरा युवा हुँदै जान्छन् । तिनको विवाहपश्चात् बुहारी लिएर आआफ्ना काममा जान्छन् । घरमा तिमी एक्लै बस्ने हो । बुढेसकालमा शरीर जीर्ण हुन्छ, तनमा बल हुँदैन । रोगव्याधि लाग्दा तातो पानी दिने मान्छे पनि हुँदैन भाइ । मनको बह पोख्ने मान्छे पनि हुँदैन । त्यस बेलालाई सोचेर भए पनि तिमीले दोस्रो विवाह गर्नु उपयुक्त हुन्छ ।" पल्लाघरे ठुल्दाइले विवाहलाई अझै जोड दिए ।

"के विवाह गर्नु र दाइ ! मेरो जीवनमा श्रीमतीसुख लेखेको भए विपनाको असमयमै यसरी अवशान हुने थिएन । उपचारको लागि काठमाडौं, लखनउ, दिल्ली कहाँ पुऱ्याइनँ मैले ? उफ् ....... । अब विवाह गर्नु भनेको यी दूधमुखे बालकलाई यातना दिनु हो । आफ्नी आमाले पिटेको र सौतेनी आमाले म्वाईं खाएको एकै हो भन्छन् । विमाताले राम्रै गरे पनि नराम्रो हुन्छ । मलाई अर्को विवाह गर्न कर नगर्नुहोस् दाइ । दोस्रो बिहे गरे पनि ऊ लामो समयसम्म बाँचिरहन्छे भन्ने के ग्यारेन्टी छ त नि ? यिनै सुनका ठुन्काजस्ता छोरालाई हेरेर जिन्दगी काट्छु ।" पन्नालालले भने ।

"हेर्नुस् त म नभए यिनले एक गाँस मुखमा हाल्दैनन् । घाँसतिर जाँदा सँगै लिएर जानुपर्छ । छातीमा राखेर सुताएपछि बल्ल निदाउँछन् । कान्छो त सुत्दा पनि औंलो समातेर सुत्छ । फुत्काउन खोज्यो भने ब्युँझिहाल्छ । अब त्यस्ता अबोधमाथि कसरी दोस्रो विवाह गरूँ दाजु तपाईं आफैं भन्नुस् न ?" पन्नालालले थपे ।

लामो समयपछि पन्नालालका दुवै छोराको विवाह भयो । श्रीमती लिएर जेठो छोरा

अर्कै शहरमा बस्न थाल्यो। पन्नालालसँग कान्छो छोरा र उसको परिवार बस्न थाले।

एक दिन घरमा घरायसी कुरा चल्दै थियो। "ओहो बा पनि चुप लागेर बसे त हुन्थयो नि, कति बोलेको ?" कान्छाले भन्यो।

पन्नालाल केही बोलेनन्। "घरका सामान बिगार नगर भन्नु गलत भएकोमा उनी दुःखी भए।"

"घरी यो बिग्र्यो भन्या छ, घरी ऊ बिग्र्यो भन्या छ। ओहो म त दिक्क भइसकें।" उसले अझै थप्यो।

पन्नालाल गम खाएर बसिरहे।

कान्छी बुहारी घरभित्रैबाट बाबुछोराको कुरा सुनेर चुपचाप बसिरहेकी थिई।

"गोरु बुढो भए भिर खोज्छ मान्छे बुढो भए निहुँ खोज्छ भन्थे हो रहेछ। सधैंको कचकच सुन्नुभन्दा त यिनलाई भोलि नै वृद्धाश्रम छोडेर आउँछु।" कान्छा छोराले बड्बडाउँदै भन्यो।

पन्नालाल भने आफ्नी श्रीमतीको मृत्युदेखि आजसम्म छोराहरू हाँसेको, खेलेको, घाँसको भारीमाथि आफूले उनीहरूलाई बोकेको, हात समाएर हिंडेको, ठुला भएपछि रमाइलोसँग विवाह गरिदिएको आदि घटनाहरूमा घोत्लिरहेका थिए।

सुनवल - १२ भुमही, नवलपरासी (बसुप)

# अर्जुन चित्रकार बन्नेछन्



❖ सनतकुमार आचार्य

अर्जुनले स्कूलमा भर्ना नहुँदासम्म घरमा धेरै माया पाएका थिए । बाबाआमाले कहिल्यै हकार्नु भएन र दाइदिदीले पनिअर्जुनको हेरचाह राम्रै गरेका थिए । जब अर्जुन चार बर्षका भए । उनलाई पढाएर ठुलो मान्छे बनाउने उद्देश्यले बाबाले स्कूलमा भर्ना गारिदिनु भयो । बिचरा अर्जुनले पढ्ने कोशिस गरिरहे, अहँउनले छ महिनासम्म पनि क, ख जानेनन् । घरमा पनि अर्जुनको बाबाआमाले कोशिस गरिरहनु भयो । उहाँहरू थाक्नु भयो । अहँ उनले पढाइमा कुनै प्रगति गर्न सकेनन् । नर्सरीमा उनलाई पास हुनै गाह्रो भयो तर उनलाई पछि पढ्छ भनी स्कूलद्वारा पास गराइयो । उनका बाबाआमाले केही बुझ्न सक्नु भएको थिएन । उनको पढाइको अवस्था निकै कमजोर देखियो ।

हुनत, उनले स्कुल जादाँसम्म पनि स्पष्ट बोलेका थिएनन् । नयाँ शब्दहरू पनि बोल्न मुस्किल पर्थ्यो । एउटा कुरा धेरै पटक सिकाउँदा पनि साना साना वालगीत समेत सिक्न सक्दैनथे । अर्जुनको बाबाले सानै छ, विस्तारै पढ्न सक्छ भन्ने आशमा आफ्नो चित्त बुझाउन थाल्नु भयो ।

यसको विपरीत उनका बाबा पढाइलाई लिएर तनाब ग्रस्त हुनुहुन्थ्यो । यो कुरा सबै अर्जुनलाई थाहा थियो । जति उमेर बढ्दै गयो, उनी त्यति निराश र मन्ददेखि नथाले । उनले सुनेको कुरा पनि राम्ररी बुझ्न सकेनन् । उनले दर म पनि छुट्याउन सकेनन् । जति कोशिस गर्दा पनि आफ्नै बाबाको मोबाइल फोन नम्बर समेत कन्ठ पार्न सकेनन् । यो आश्चर्य हुन थाल्यो ।

उनले आफ्नो स्पष्ट बिचार पनि राख्न सक्दैनथे । उनले सहभागितामूलक खेलहरूका नियम बुझ्न सक्दैनथे । उनले विस्तारै साथी बनाउन सकेनन् । उनको पढाइको स्थितिकै कारण एकदिन स्कूल प्रिन्सीपलले अर्जुनको बाबालाई स्कुलमा बोलाउनु भयो । हेडसर स्कूलको हेडसर मात्र हुनुहुन्नथ्यो,उहाँ बालमनोविज्ञानको परामर्शक पनि हुनुहुन्थ्यो ।

उहाँले अर्जुनको बाबालाई भन्नु भयो, "तपाईको छोरा अर्जुनलाई डिस्लेक्सिया भएको हुन सक्छ । यो एउटा पढाइ र सिकाइमा बालबालिकामा देखिने बिचलन

हो । यसमा तपाई अभिभावक तथा हामी शिक्षकहरूको प्रयासले बालकमा परिवर्तन ल्याउन सकिन्छ ।"

अर्जुनको बाबाले मलिन अनुहार लाएर भन्नु भयो, "अब के गर्ने त सर? म त साह्रै अभागी रहेछु । बालकको शारीरिक विकास भइरहेको छ तर बौद्धिक विकास पटक्कै हुन सकेको छैन ।" हेडसरले सान्त्वना दिंदै भन्नु भयो,"हेर्नुस् तपाई दुःखी नहुनु होस्,उनको क्षमता कुन विषयमा छ ? विचार गर्नुस् । सोहीअनुसार उनलाई प्रोत्साहन गरौँ । उनले प्रगति गर्न सक्छन् ।" अर्जुनको बाबाले भन्नुभयो, "सायद उसले राम्रो चित्र बनाउन सक्छ ।" यही क्रममा प्रिन्सिपलले आफ्नो टेवलको घर्रा तानेर केही चित्रहरू देखाउनु भयो । चित्रहरू निकै आकर्षक थिए । जुन चित्रहरू अर्जुनले मेहनत गरेर बनाएका थिए । अर्जुनका बाबाले आफ्नो छोराले घरमा चित्र पटक–पटक बनाएको सम्झनु भयो ।

उहाँलाई हेडसरको सल्लाह पनि त्यति नराम्रो लागेन । बाबाले फेरि उदास हुँदै हेडसरसँग सोध्नु भयो, "अब के गर्ने त सर मैले त केही मेसो पाउन सकेन ।" हेडसरले अर्जुनको बाबालाई फेरि सान्त्वना दिँदै भन्नु भयो, "तपाईं हतास हुनु पर्दैन, अर्जुनलाई चित्रकलाको लागि प्रयत्न गर्नु पर्छ, उनी भोलि राष्ट्रकै अब्बल चित्रकार बनेर नाम र दाम कमाउन सक्छन् ।" अर्जुनको बाबाले लामो सुस्केरा हालेर आँखा भरि आँसु ल्याउँदै रुन्चे स्वरमा भन्नु भयो, "अब मेरो बच्चाको भविष्य के होला सर, मैले नसोँचेको अवस्था आइलाग्यो ।" हेडसरले पुनः सम्झाउँदै भन्नु भयो, "तपाईं एक्लै हुनु हुन्न, म अर्जुनको भविष्य निर्माण गर्न सक्ने संघसंस्थामा राख्ने व्यवस्था मिलाउँछु, त्यहाँका तालिम प्राप्त शिक्षक–शिक्षिकाहरूले अर्जुन जस्ता बालबालिकाहरूलाई सक्षम बनाएका छन् ।" हेडसरको कुराले अर्जुनका बाबा अलि खुसी हुनुभयो र पुनःदुई हात जोड्दै हेडसरलाई भन्नुभयो, "म नपढेको मान्छेलाई, मेरो बच्चाको लागि बाटो देखाइ दिनु होला सर ।" अर्जुनको बाबाको कुरा सुनेपछि प्रिन्सिपलले आफ्नो प्रयासलाई अगाडि बढाउँदै जानु भयो । उहाँले अर्नुनलाई चित्रकला पढाइ हुने शिक्षालयमा भर्नाको व्यवस्था मिलाइ दिनु भयो । अर्जुनले पनि राम्रा राम्रा चित्र बनाउन थाले, उनी अब चित्रकार बन्नेछन् ।

# यदि म मरेँ भने ?



❖ वासुदेव गुरागाईं

मान्छेको मन न हो- कहिले के सोच्छ ? कहिले के सोच्छ ? कुलोको पानीजस्तो भए यसको सधैँ एउटै गन्तव्य हुन्थ्यो, एउटै रेखा हुन्थ्यो र एउटै बाटोमा हिँड्थ्यो । यो उसका लागि तोकिएको सीमा हो । तर मनको त्यस्तो कुनै सीमा हुँदैन । त्यसैले मन त्यस्तो होइन । कुलोजस्तो गरी मन एउटै बाटोमा कहिल्यै हिँड्दैन । मनले चहार्ने बाटाहरू सय, हजार, लाख, करोड मात्र नभएर अरबौँ हुन्छन् । त्यस्ता अरबौँ बाटोमा मन कहाँ ? कतिखेर ? के सोच्छ ? कसरी सोच्छ ? किन सोच्छ ? त्यसको कुनै ठेगान छैन । ठेगान नभएको मनले यस्तो सोच्यो ! उस्तो सोच्यो ! भनेर भन्नुको कुनै अर्थ छैन । यसले यतिखेर राम्रो सोच्यो, यतिखेर नराम्रो सोच्यो भन्ने पनि छैन । कतिखेर के सोच्ने ? भन्ने कुरा नितान्त उसको मर्जी हो । यो प्रसङ्ग केहीका हकमा मात्र नभएर सबैका हकमा लागु हुन्छ ।

म एक दिन एउटा पुस्तक पढ्दै थिएँ । पढ्दापढ्दै बीचैमा टक्क अडिएँ । एकाएक पुस्तकभन्दा बाहिरका कुरामा मन मोडियो । कसरी मोडियो ? किन मोडियो ? कुन प्रसङ्गले यस्तो भयो ? केही थाहा छैन । तर, मेरो मन एक्कासि मोडियो अर्कैतिर । यसरी मोडिएको मनले सोच्यो- 'यदि म मरेँ भने ?' प्रश्न जटिल हुँदाहुँदै पनि मैले त्यसको उत्तर दिनुपरेन । प्रश्नको जवाफ मेरो अर्को मनले दिन थाल्यो । उसले भन्यो- यदि तँ मरिस् भने पनि-

- आकाश खस्ने छैन,
- पृथ्वी उल्टने छैन,
- चन्द्र सूर्य नउदाउने छैनन्,
- ताराहरू रुने छैनन्,
- नदीको बहाव रोकिने छैन,
- हावाको गति बन्द हुने छैन,
- बोट बिरूवाका फूल, पातहरू झर्ने छैनन्,
- रूखहरू ढल्ने छैनन्,
- घर परिवार सबै तँसँग सँगै जाने छैनन्,

- साथीभाइहरू दिलैदेखि तड्पिने छैनन्,
- कसैको पेसा व्यवसाय बन्द हुने छैन,
- चल अचल सम्पत्तिहरूले कुनै गुनासो गर्ने छैनन्,
- कसैको आहारा बन्द हुने छैन,
- पुस्तकका अक्षरहरू मेटिने छैनन्,
- कसैका कलमको मसी सुक्ने छैन,
- सत्ता सञ्चालकहरूको मुख टालिने छैन,
- सुशासन सरासर पलाउन थाल्ने छैन,
- सडक, पसल, यातायात केही बन्द हुने छैन,
- आफन्त र टोल, छिमेकीहरू घाटभन्दा पर पुग्ने छैनन् ।

म अचम्ममा परेँ । उसका कुरा सुनिसकेपछि म निकै भ्रममा रहेछु जस्तो लाग्यो मलाई । पढ्दै गरेको पुस्तक बन्द गरेर एक छिन घोरिएँ । एक गिलास पानी पिएँ । चिया पनि पिऊँ पिऊँ जस्तो लाग्यो । अलिकति नुनसमेत राखेर एक कप तातो चिया पनि पिएँ । निधारदेखि पैतालासम्म खलखल पसिना आयो । शरीरले कता कता असजिलो माने जस्तो गऱ्यो । कतै मृत्युको सन्दर्भले मृत्यु नै सम्झाएको हो कि जस्तो पनि लाग्न थाल्यो । कतै मुटुको धड्कन नै बन्द हुन लागेको हो कि जस्तो पनि लाग्न थाल्यो । एक मनले सन्तोष कै लागि भए पनि चिकित्सकसँग परामर्श गर् भन्ने सल्लाह दियो । अर्को मनले नआत्ती धैर्य गर् । केही भएको छैन भन्यो । म असमञ्जस्यमा परेँ । के गरूँ ? कसो गरूँ ? अरू कसैलाई भनुँ कि नभनुँ ? भन्ने जस्ता तर्कना मनमा आए । शान्त हुन खोजेँ । त्यसका लागि एक छिन आँखा चिम्म पारेर दायाँबायाँ कतै केही नसोची पलेटी मारेर बसेँ । पाँच मिनेट जति यस्तो क्रियाकलाप गरेपछि दुवै आँखा खोलेँ । शरीर केही हलुङ्गो भए जस्तो लाग्यो । मान्छेलाई चिताले होइन, चिन्ताले जलाउँछ भनेको यही रहेछ कि जस्तो पनि भान भयो । अनि फेरि अघिकै कुरा सम्झेँ र धैर्य गरेर अर्को मनलाई सोधेँ- अनि, यदि म मरेँ भने हुन्छ चाहिँ के त ? अर्को मनले ढिला नगरीकन भन्न थाल्यो-

- सृष्टिभित्रको मानवको सङ्ख्यामा एक कमी आउने छ,
- बाआमाको आँसु खहरे खोलाजस्तो कहिले रोकिने कहिले सुक्ने गरेर पनि निरन्तर बगिरहने छ,
- दाजुभाइ, दिदीबहिनीहरू प्रतिक्रियाविहीन हुने छन्,
- छोराछोरीको मन चन्द्रसूर्यमा ग्रहण लागे जस्तो केहीबेर अँध्यारिने छ,
- पत्नीको मनमा सम्भवतः कहिल्यै निको नहुने गरी घाउ पलाउने छ,
- साथीभाइहरूले यस्तो र उस्तो भनी कुरा काट्न थाल्ने छन्,
- सधैँ सबैबाट प्राप्त हुने गरेको यो सोझो र हुतिहारा भन्ने उपाधि तँबाट

खोसिने छ,

- चल अचल सम्पत्तिमाथि आँखा लगाउनेहरूको लर्को लाग्ने छ,
- कसैको ऋण सापटी खाए मासेको भए साहुहरू आएर ढोकामा धर्ना दिने छन्,
- तैँले गरेका सुकृत्यहरू क्रमशः बिलाउँदै जाने र कुकृत्यहरू बेलाबखत ठाउँकुठाउँ उजागर भई निरन्तर मौलाइरहने छन्,
- मृत्युपछिका सरकारी कागजात मिलाउन जाँदा सेवा प्रदायक बनेका मूर्तिहरूले सिकार आइलाग्यो भन्दै आँ आँ गरेर मुख बाउने छन्,
- भविष्यप्रतिको चिन्ता हराउने छ,
- मानवीय संसारप्रतिको मोह छुट्ने छ,
- सांसारिक मायाजालको फन्दाबाट मुक्त हुने छस्,
- कसैको ताली र गालीको प्रभावबाट छुटकारा पाउने छस्,
- प्राप्ति र अप्राप्तिका कुरा हराउने छन्,
- श्वास-प्रश्वासको चिन्ता रहने छैन,
- तँ नितान्त शान्तिको शयामा बिलाउने छस्,
- र, यसरी तेरो भौतिक देह समाप्त हुने छ ।

मेरा मनले मर्दा ठिक कि नमर्दा ठिक भन्नेतिर तर्कना गर्न थाल्यो । बहस गर्न थाल्यो । मैले त्यस तर्कनालाई मार्न खोजेँ । बहसलाई रोक्न खोजेँ । सकिनँ । कतै थन्क्याउँदा हुन्छ कि भनेर थन्क्याउने प्रयास गरेँ । त्यो पनि सकिनँ । यस किसिमको अनावश्यक तर्कना र नचाहिँदो बहस एक्कासि मेरा मनमा किन आइरहेछ ? अरूलाई पनि आउँछ कि मलाई मात्र यस्तो तर्कनाले पछ्याइरहेछ ? त्यो पनि मैले चाल पाउन सकिनँ । दायाँबायाँ कसैलाई सोध्ने कुरा पनि भएन । न त यो सोधेर पार लाग्ने कुरा हो । म अचम्ममा परेँ । यस्तो तर्क वितर्कले बहस गरेको एक घण्टाभन्दा पनि बढी भइसकेछ । यतिखेरसम्म त मैले अघि पढ्दै गरेको पुस्तक नै पढिरहेको भए सक्थेँ होला भने जस्तो पनि लाग्यो । पुस्तक तानेँ । पाना पल्टाउन खोजेँ । सकिनँ । मनले पुस्तकको पाना पल्टाउन दिएन । पाना नपल्टाइ पढ्ने कुरा पनि भएन । यो सम्भव हुने कुरा पनि भएन । नजिकै रहेको थर्मस तानेँ । बिस्तारै बिर्को खोलेँ । थर्मसमा गुम्सिरहेको पानीको बाफ नागबेली बनेर मलाई गिज्याउँदै फुरुरुर्र माथितिर उड्यो । मैले एक छिन त्यसलाई नियालेँ । बाफ उडाइको यो दृश्य मलाई अनौठो लाग्यो । सोचेँ- यो बाफ पानीमा छउन्जेल पानी तातो रहने, उडेपछि पानी चिसो हुने । फेरि सोचेँ- बाफ उडेपछि पानीको तातो मर्दो रहेछ । म झसङ्ग भएँ । अनि फेरि सोचेँ-सायद, म मरेँ भने पनि मभित्रको सास यही बाफ उडे जसरी फुरुरुर्र उड्छ होला हकि माथितिर ? यस्तो तर्कना आएपछि म एक्लै हाँसेँ । हाँस्नुको अर्थ

म मुस्काएँ । नआत्तिईकन थर्मसको पानी गिलासमा खन्याएँ । खन्याएको एक गिलास पानी तनतनी पिएँ । एउटा छुट्टै किसिमको अनुभूति भयो । छुट्टै किसिमको आनन्द आयो ।

मृत्युसँग मान्छे किन डराउँछन् ? भन्ने साझा प्रश्न उब्जियो मनमा । हेर्दाहेर्दै मान्छे घुम्लुक्क किन ढल्छ ? बोल्दाबोल्दैको मान्छेले किन सर्लक्क प्राण त्याग गर्छ ? के हो यसको रहस्य ? प्रश्नमाथि प्रश्न खनिए । जिज्ञासामाथि जिज्ञासा थपिए । यो के हो त ? मैले मेरो अर्को मनलाई सोधेँ । उसले मलाई एउटा राम्रो स्याउको दाना ल्याउन अह्रायो । आँपको दाना ल्याउन अह्रायो । मैले ती दुवै फल ल्याएँ । मेरो त्यही मनले त्यसलाई टुक्र्याउन भन्यो । टुक्र्याएँ । संयोगवश ती दुवै फल भित्र कुहिएका रहेछन् । म अचम्ममा परेँ । अलमलिएँ । मेरो अलमललाई देखेर मलाई अघि आदेश गर्ने त्यही मनले भन्यो- देखिस् ? मान्छे पनि त्यस्तै हो । बाहिर सफा, सग्सघाउँदो, सुन्दर हुँदाहुँदै पनि भित्र कुहिइसकेको हुनसक्छ । कता कता कीरा परिसकेको हुनसक्छ । खिइइसकेको हुनसक्छ । पार्टपूजा बिग्रिसकेका हुनसक्छन् । अनि यस्तो अवस्थामा मान्छे एक्कासि नढलेर के गरोस् त ? प्राण त्याग नगरेर के गरोस् त ? त्यसैले यस्ता कुरा स्वाभाविक हुन् । स्वाभाविक कुरासित कहिल्यै डराउनु हुँदैन । डराउनु हुँदैन भनेर हेलचक्र्याइँ गर्नु पनि हुँदैन । सचेत भएर अगाडि बढ्नुपर्छ । होसियारीपूर्वक जीवन चलाउनु पर्छ । सामान्य कुरा हो यो । उसको कुरा मलाई हो जस्तो लाग्यो । ठिकै भन्यो मनले भने जस्तो लाग्यो । तर .... ।

तर, जति गरे पनि मृत्युको तर्कनाले मलाई छोडेन । माकुरोले छोड्ने धागो झैँ पछि लागिरह्यो । तानिरह्यो । पढ्दै गरेको पुस्तक, त्यही पुस्तक राख्ने गरेको र्‍याकको यथास्थानमा लगेर राखेँ । पढ्ने कामबाट फुर्सद लिएँ । पुस्तक थन्क्याए पनि 'यदि म मरेँ भने ?' को तर्कना यथावत् छ । पुस्तक थन्क्याए झैँ त्यसलाई कतै लगेर सर्लक्क थन्क्याउन सकिरहेको छैन । सोचेँ- म सृष्टिको पहिलो सिर्जना हुँ र ? होइन । आदि सृष्टिदेखिका तमाम सिर्जनाहरू अहिलेसम्म नासिएका छैनन् त ? किन ननासिनु ! सबै नासिँदै गएका छन् । यदि कतै केही नासिएको छैन भने त्यो ईश्वर बाँकी होला, होइन भने सृष्टिका अरू सबै तमाम चिजवस्तु मासिइसके । नासिइसके । यस्तो सोचले म अलिक ठिक ठाउँमा आएँ जस्तो लाग्यो ।

मलगायत सबैका पुर्खाहरूलाई सम्झेँ । सबैका आंशिक सम्झना मात्र बाँकी छन्, जीवित भौतिक देह कोही कसैको बाँकी छैन । शिशिर ऋतुमा पहेँलिएर पात झरे जस्तै सबै झरिसके । त्यसको बदलामा म र म जस्ता नयाँ पालुवाहरू पलायौँ । अब हामी पनि पहेँलिइसक्यौँ । अब हामीले पनि यस किसिमको मूर्त सृष्टिबाट रूखका पहेँलिएका पात झरे जस्तै यस सृष्टिबाट झर्नुपर्छ । सांसारिक बन्धनबाट विनात्रास विदा लिनुपर्छ । नयाँ पालुवा पलाउने र हुर्कने मार्ग प्रशस्त गरिदिनुपर्छ । सत्य

कुरा यही हो । सृष्टिको अहिलेसम्मको धर्म पनि यही हो । ठण्डा दिमागले यति सोचेपछि बाहिर नदेखिए पनि शरीरबाट बाहिरिन ठेलमठेल गरिरहेका पसिनाका कण भित्रभित्रै शरीरका कुन कुनामा कता सेलाए, सेलाए । जीउ शीतल भयो । चारैतिर उज्यालो छरिए जस्तो लाग्यो । मन एकाएक निकै हलुङ्गो भएको अनुभूति भयो । मन हलुङ्गिनु भनेको मृत्युको त्रासबाट मुक्ति पाउनु हो जस्तो लाग्यो । खुइय गरेको भावमा सन्तोषको सास फेरेँ र दायाँबायाँ नियालेँ ।

कोठाको झ्याल खोलेर बाहिर सडकतिर चियाएँ । चारैतिर मान्छेको चहलपहल छ । के के न गरूँला भने झैँ गरी सबै मानिस यता र उता दौडिरहेछन् । एक मनले सोचेँ– यिनीहरू पनि म जस्तै 'म नै सत्य हुँ' भन्ने भ्रममा छन् । यिनमा पनि म सधैँ यत्तिकै रहन्छु भन्ने भ्रम छ । कहिल्यै कसै गरी नासिन्न भन्ने गलत आभास छ यिनका मनमा । यसैले कता के पाइन्छ ? भन्दै यी मरिमेटेर यता हुन्छ कि ? उता हुन्छ ? भनेर एकनासले दौडिरहेछन् । फेरि अर्को मनले सोचेँ– मानिसमा यदि यस्तो भ्रम नहुँदो हो त सृष्टिको चौतर्फी विकास कसरी सम्भव छ त ? म नासिइन्छु, म मासिइन्छु, म असत्य हुँ, नाश नै सत्य हो भनेर सर्लक्क गोडा छोडिदिने हो भने अनि उठाउँछ चाहिँ कसले ? अगाडि बढाउँछ चाहिँ कसले ? यसरी सर्लक्क गोडा छोडिदिने अवस्था हुने हो भने यो सारा सृष्टि कसरी अघि बढ्छ ? त्यसैले भ्रमले नै मानिसलाई अघि बढ्न प्रेरित गर्दो रहेछ । भ्रम नै विकासको ऊर्जा रहेछ । यति सोचेपछि मानिसको चौतर्फी विकासका लागि भ्रम नै सत्य रहेछ भन्ने लाग्यो । म फेरि हाँसेँ । हाँसेँ भन्नुको तात्पर्य म फेरि मनमनै मुस्काएँ । तर म हाँसेको देख्ने वरपर कोही छैनन् । मैले मुस्काएको नियाल्ने कोही छैनन् दायाँबायाँ । एक्लै ठिङ्ग उभिएको छु झ्यालका पछाडि । यत्तिकैमा फेरि सोचेँ– मानिसका लागि एक्लोपन नै पो सत्य हो कि ? यदि होइन भने मानिसहरू किन गर्छन् त ? मृत्युपछि साथमा कोही केही नजाने कुरा । एक्लै आउने र एक्लै जाने कुरा ? कि यो सन्तोष लिने बाटो मात्र हो मानिसका लागि ?

यी अनेक किसिमका मानसिक तर्कवितर्कपछि म आफूलाई अघिको भन्दा अलिक ठिक ठाउँमा आएको महसुस गर्न थालेँ । यसअघिको छटपटाहट र अत्याहट ममा क्रमशः कम हुँदै गयो । चित्त शान्त हुँदै गयो । मृत्युको त्रास मबाट पर पर धकेलिन थाल्यो । धकेलिन थाल्यो मात्र होइन, धकेलियो । यदि म मरेँ भने ? भन्ने तर्कना मबाट एकाएक बसाइँ सर्‍यो । मृत्यु सत्य हो भन्ने बोध गरेँ । आखिर मृत्यु सत्य हो पनि । त्यसैले सत्य कुरासँग कदापि डराउनु हुन्न भन्ने स्थितिमा म पुगेँ, र पढुन्जेल यो पढाइ पनि सत्य हो भन्ने लागेर केहीबेर अघि र्‍याकमा थन्क्याएको पुस्तक निकालेर फेरि पनि त्यसैमा रमाउन थालेँ । रमाउन थाल्नुको तात्पर्य म फेरि पूर्वावस्थामा फर्किएँ ।

***

# अधिकार मात्रै कि कर्तव्य पनि?



❖ राजेशमान के.सी.

अधिकार र कर्तव्य एउटै सिक्काका दुइवटा पाटा हुन् । त्यसैले यी दुवैलाई एक अर्कोसंग अलग गरेर हेर्न मिल्दैन । तथापि आजकल कर्तव्यभन्दा पनि अधिकारका कुरा धेरै चल्ने गरेको पाइन्छ । जुन व्यक्तिले समाजप्रतिको आफ्नो दायित्वलाई राम्रोसंग बुझेको हुन्छ र जुन व्यक्तिमा समाज र राष्ट्र सेवाको भावना रहेको हुन्छ त्यस्तो व्यक्तिले कर्तव्यको ख्याल गरेको हुन्छ भने आफ्नो निहित र व्यक्तिगत स्वार्थ मात्र बढी हेर्ने व्यक्तिले कर्तव्यलाई भन्दा पनि अधिकारलाई बढी महत्व दिन्छ र त्यस्तो व्यक्ति कर्तव्य निर्वाहमा  भन्दा अधिकारकै लागि बढी उफ्रने गर्दछ ।

निश्चय पनि जायज र न्यायोचित सवालमा आफ्नो हक, हित र अधिकारको आवाज उठाउनु नराम्रो होइन । राज्यको प्रचलित नियम, कानुन र मर्यादाको सीमा भित्र रही प्रत्येक नागरिकले आफ्नो अधिकारको खोजी गर्छ र गर्नु पनि पर्छ । तर यसरी अधिकारको खोजी गरिरहँदा हामीले आफ्नो कर्तव्य पनि निर्वाह गरिरहेका छौँ त? त्यसतर्फ पनि हाम्रो ध्यान पुग्नु आवश्यक छ । अन्यथा अधिकारको नाममा केवल आफ्नो व्यक्तिगत वा जातीय-वर्गीय मागलाई मात्र अघि सारिरहने तर आफ्नो कर्तव्यलाई बेवास्ता गर्दै जाने हो भने यसले हाम्रो समाज र राष्ट्रलाई अघि बढाउँदैन बरु झन्झन् पछि धकेल्दछ । किनकि अधिकार र कर्तव्यको सन्तुलनबाट मात्र समाज र राष्ट्र पनि सन्तुलित रुपमा अघि बढ्न सक्तछ ।

हाम्रो नेपाली समाजमा एउटा अत्यन्त प्रचलति कहावत छ । सेवा गरे नै मेवा पाइन्छ । यहाँ सेवाले कर्तव्यको बोध गराउँछ भने मेवाले अधिकारको बोध गराउँदछ । सेवा नगरी मेवा पाईँदैन । अर्थात् कर्तव्य नगरी अधिकार पाईँदैन । यसबाट के स्पष्ट हुन्छ भने हाम्रो नेपाली समाजमा अधिकार भन्दा पनि कर्तव्यलाई नै पहिलो प्राथमीकता दिइएको छ । हुन पनि दिनुमा जो आनन्द हुन्छ त्यो लिनुमा हुन्छ र? हामीले बसोबास गर्दै आएको यस चराचर जगतमा पनि नदी, वृक्ष, सूर्य, चन्द्र सबै दिनकै लागि सृष्टि भएका छन् । जस्तो नदीले जल दिएर, वृक्षले फलफूल दिएर, सूर्यले ताप दिएर र चन्द्रमाले शीतलता दिएर आफ्नो कर्तव्य पूरा गरेका छन् । भन्न

खोजिएको के हो भने हामीले अधिकार र कर्तव्यको कुरा गरिरहँदा सवैभन्दा पहिले कर्तव्यलाई नै प्राथमीकता दिनु पर्दछ । आफ्नो कर्तव्य पूरा गरेपछि अनि हामीले अधिकारको कुरा गर्न सुहाउँछ । आज विश्वमा जति पनि मुलुकहरु प्रगतिको पथमा अघि बढेका छन् तिनीहरुले पनि अधिकार भन्दा पहिला कर्तव्यलाई नै प्राथमीकता दिएका हुन् । उनीहरुले पहिला म बनुँ भन्ने भाव राखेनन् । बरु मेरो देश बन्यो भने म अवश्य बन्छु भन्ने भावना राखेर आफ्नो कर्तव्य पथमा अघि बढे जसले गर्दा आज उनीहरु उन्नतिको शिखरमा पुग्न सफल भएका हुन् ।

हुन त हामीमध्ये धेरैको के भनाई रहेको पाईन्छ भने आखिर कर्तव्य गर्नलाई पनि त अधिकार चाहियो नि । अधिकार नै नभए कर्तव्य कसरी पूरा गर्न सकिन्छ त? हो, कतिपय अवस्थामा हामीलाई आफ्नो कर्तव्य पूरा गर्न अथवा आफ्नो जिम्मेवारी निर्वाह गर्न अधिकार पनि चाहिने हुन्छ, हुन सक्छ । तर प्रमुख प्रश्न के हो भने के कर्तव्य पूरा गर्नकै लागि हामी अधिकार माग गरिरहेका छौँ त? यहाँ त आफ्नो कर्तव्य पूरा गर्नको लागि भन्दा पनि अधिकारमै बढी केन्द्रित रहने र कर्तव्यको कुरा आयो भने या त जिम्मेवारीबाट पन्छिने नभए अरुलाई पन्छाउने प्रवृक्ति रहेको पाईन्छ । त्यसमाथि केही तथाकथित मानव अधिकारबादीहरुको तर्फबाट आयातित “अधिकारका लागि लडौँ” भन्ने नाराले पनि नयाँ पुस्ताका युवाहरुको मन-मस्तिष्कमा अधिकाररुपी अहङ्कारको भावना विजारोपण गरिदिएको छ । जसले गर्दा आज संयुक्त परिवार एकल परिवारमा रुपान्तरित हुँदैछ भने यस किसिमको अधिकारमुखी प्रवृत्तिकै कारण नयाँ पुस्तामा विवाहित पति पत्नीहरुको विचमा द्धन्द र कलह बढ्दै गइरहेको छ र सोही अनुरुप सम्बन्ध विचछेदको दर पनि बढ्दै गईरहेको देखिन्छ ।

वास्तबमा हामीले अधिकारको सही प्रयोग पनि आफ्नो कर्तव्य वा जिम्मेवारी निर्वाह गरेर नै गर्न सक्तछौँ । किनकि अधिकार संगसंगै कर्तव्य पनि गाँसिएर आएको हुन्छ । यदि हामीले आफ्नो कर्तव्य जिम्मेवारीपूर्वक निर्वाह गर्न सकेनौँ भने हामीले पाएको अधिकारको पनि कुनै अर्थ रहँदैन । त्यसैले हामीले आफ्नो अधिकारको प्रयोग गरिरहँदा अरूको अधिकारको हनन् भयो कि भएन त्यो पनि हेर्नु पर्ने हुन्छ । अथवा हामीले आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको पनि सम्मान गर्नु पर्दछ र आफूले प्राप्त गरेको अधिकार पनि हामीले समाजको हितकै लागि उपयोग गर्नु पर्दछ ।

त्यसो त हाम्रो देशको संविधान, २०७२ को भाग ३ मा पनि मौलिक हक र कर्तव्यका सम्बन्धमा स्पष्ट रुपमा व्याख्या गरिएको पाइन्छ । उक्त संविधानको भाग ३ अन्तर्गत धारा १६ देखि ४६ सम्म विभिन्न प्रकारका हक अधिकार जस्तै-स्वतन्त्रताको हक, समानताको हक, शिक्षा, स्वास्थ्य र रोजगार सम्बन्धी हक, सामाजिक न्यायको

हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, गोपनीयताको हक, सूचनाको हक, शोषण बिरुद्धको हक, भाषा तथा संस्कृति सम्बन्धी हक, स्वच्छ वातावरण सम्बन्धी हक, महिला सम्बन्धी हक आदि रहेका छन् भने सोही भागको धारा ४८ मा नागरिक कर्तव्यका बारेमा पनि स्पष्ट रुपमा उल्लेख गरिएको पाइन्छ । राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानूनको परिपालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु अनि सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु भन्ने जस्ता नागरिकले निर्वाह गर्नु पर्ने कर्तव्यहरुका बारेमा उल्लेख गरिएको छ । त्यसैले राज्यले हाम्रो अधिकारको संरक्षण गर्दछ भने राज्यको प्रचलित ऐन कानुनप्रति वफादार र उत्तरदायी रहँदै आफ्नो कर्तव्य पनि हामीले पूरा गर्नु पर्ने हुन्छ । वास्तबमा जुन कुरा गर्नु पर्दछ र गर्न सकिन्छ त्यही नै हाम्रो कर्तव्य हो ।

यसरी मानिसको हरेक सामाजिक, आर्थिक र राजनीतिक गतिविधिहरुमा अधिकार र कर्तव्य गाँसिएर रहेको हुन्छ । अधिकारले मानिसको स्वतन्त्रताको रक्षा गर्दछ भने प्राप्त स्वतन्त्रताको सम्मानजनक रुपमा उपयोग गर्नु पनि हाम्रो कर्तव्य हुन्छ । त्यसैले पहिले व्यक्तिगत, सामुदायिक अथवा संस्थागत तहमा आफ्नो कर्तव्य र जिम्मेवारी निर्वाह गर्ने ततपश्चात अधिकार खोज्ने गर्नु पर्दछ । किनकि कर्तव्यविहीन अधिकारको प्रयोग गर्न खोज्नु अराजक र अहंकारी प्रवृत्ति मात्र ठहरिन्छ । आज घर-परिवार अनि समाजमा जुन किसिमको अशान्ति र अर्न्तकलह देखिने गरेको छ, त्यसको एउटा मूल कारण पनि आफ्नो कर्तव्य भन्दा अधिकारतर्फ नै बढी केन्द्रित रहनाले हो भन्न सकिन्छ । घर परिवारमा पनि छोराछोरीले आफ्नो बाबुआमासंग पैत्रिक सम्पत्तिको माग गरिरहँदा उनीहरुले आफ्नो बाबु आमाप्रति गर्नु पर्ने आदर, सेवा र कर्तव्य चाहीँ पूरा गरेका छन् कि छैनन् त? यसतर्फ हामी सबैको ध्यान पुग्नु पर्ने आवश्यकता देखिन्छ ।

त्यसैले हामीले आफ्नो अधिकारको कुरा गरिरहँदा एकपटक आफ्नो आत्म-समीक्षा पनि गरौँ । के मैले आफ्नो समाजको लागि, राष्ट्रको लागि कर्तव्य पनि इमान्दारीपूर्वक पूरा गरिरहेका छु त? यदि मैले आफ्नो कर्तव्यबाट विमुख भई केवल अधिकारको मात्र खोजी गरिरहेको छु भने मैले आफ्नो मनुष्य जीवन पनि निरर्थक रुपमा बिताइरहेको हुने छु । किनकि यसबाट समाज र राष्ट्रको हित हुन सक्तैन । यस किसिमको भावनाबाट अभिप्रेरित भई हामीले आफ्नो कर्तव्य र अधिकारलाई सही र सन्तुलित रुपमा उपयोग गर्न सक्यौँ भने अवश्य नै हामी समाज र राष्ट्रको उन्नति-प्रगतिका लागि महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने छौँ ।

# ती दिन !!



❖ विमल भौकाजी

जुन दिन मैले यो धरतीलाई स्पर्श गरेँ, त्यो कुनै आकस्मिकता थिएन । यसको अर्थ सम्भवतः नियोजित नै पनि थिएन ।

तर म जन्मिएँ ।

जसै मैले आमालाई प्रसव-वेदनाबाट मुक्ति दिलाएँ, मलाई कति धन्यवाद दिँदै हर्ष-अश्रुको बाढी बगाइन् होला आमाले ? नौ महिनासम्म मबाट सजायित दुःखबाट उन्मुक्त आमाको त्यो हर्षको आँसु साँच्चिकै हेर्न लायक थियो होला ।

आँसु पनि खुशीको !

जब म जन्मिएँ, तत्काल आमाको प्रसव-पीडा त्यो खुशीयालीमा क्षणभरमै छुमन्तर भयो होला ।

कति खुशी भयो होला पूरै परिवार ?

तर म ! आफैँ विषय, आफैँ पात्र ! स्वयम् घटनास्थलमै उपस्थित थिएँ र'पनि अनभिज्ञताको अवस्थामा थिएँ ।

- देखेर पनि मैले केही देखिनँ,
- सुनेर पनि केही सुनिनँ,

म अन्धोप्रायः, म बहिरोप्रायः, म बेहोश-बेहोशप्रायः तर म अनुभूतिशून्य भने पक्कै थिइनँ । रोइरहेको थिएँ । के थाहा ?म, कति कहाल्ली-कहाल्ली रोएँ हुँला आफैँ ?

म, त्यो मातृघरको कान्छो सदस्य ।

अलिअलि याद छ, सुनको सानो माडवारी हुन्थे दुवै कानमा मेरा । निकै पछिल्लो समयसम्म मेरा केश काटिएको थिएन । र, मेरो केशमा रातो धागोले बाँधिएको हुथ्यो । अहिले यसो सोच्छु, त्यही सानो उमेरमै म 'नक्कले' रहेछु । शायद मैले नै त्यस्तो फेशन मनपराएको थिएँ ।

त्यसो त, त्यो उमेर नै त्यस्तो ! जे देख्यो अनुसरण गर्न मन लागिहाल्ने ।

त्यतिखेर न कुनै जात नकुनै धर्म ! त्यो उमेरमा कतै केही फरक नहुने, सबै फरक भए पनि उस्तै-उस्तै लाग्ने ! साँच्चै नै-

नामैले केटाकेटी ! कमिलाजस्ता !

- गुलियो देखे पनि झुम्मिएका छन्,

- कहीँ माटोको थुप्रो देखे त्यहीँ जम्मा भएका छन् र नयाँ खेल रचेका छन्,

- साना ढुङ्गा बटुलेर गट्टाको खेल,

- बगरछेउ पुगे भने आफ्ना दुवै खुट्टाको बलमा 'बालुवाको घर' बनाउन अग्रसर भइहाल्ने । आहा, कस्तो रोमाञ्चित क्षण बाल्यकालको !

प्रत्येक मान्छे सबैको जीवनमा बाल्यकालको समय एउटा अमूल्य समय हो । रुँदा, हाँस्दा, खेल्दा, छिल्लिँदा, नाच्दा, गाउँदाका प्रत्येक क्षणहरू अविस्मरणीय हुन्छन् । म पनि अछूतो कहाँ छु र ! मेरो स्मृतिको संविधानमा यसरी ती क्षणहरू अङ्कित भएका छन् कि तिनका प्रत्येक धारा-उपधारा, दफा-उपदफाहरू अपरिवर्तनीय छन् । तिनलाई कसै गरे पनि मेट्न मिल्दै मिल्दैन ।

सानैदेखि म चेस खेल्न खूब मनपराउँथेँ । उमेरले हजुरबा 'खड्पुले साहू' चेस खेल्ने मेरा 'जिग्री दोस्त' थिए । गज्जब ! मैले सम्झेसम्म मलाई चेसमा कहिल्यै हराउन सकेनन् उनले । स्कूल उमेरभरि नै म चेसको 'टप खेलाडी' थिएँ । मैले पढ्ने स्कूलले मलाई राम्रो चेस-खेलाडीको 'प्रमाणपत्र' नै दिएको थियो ।

चेसको अलावा मेरो प्रिय खेल गुच्चा थियो । सिसाका गुच्चाहरू गोजीभरि-भरि हुन्थे मेरा । अभिभावकका आँखा छलेर लुकिचोरी गुच्चा खेल्ने मेरो दिनचर्या नै थियो ।

शारीरिक परिश्रमका खेलहरू भने मैले कहिल्यै पनि खेलेको सम्झना छैन मलाई । घरछेउमै बग्ने लिखुखोलामा सबै दौँतरीहरू झ्वाम्म हाम्फाल्थे र तरिका-तरिकाले पौडी खेल्थे । तर, मैलै कहिल्यै त्यसरी पौडी खेल्ने रहर गरिनँ । साथीहरू पौडिएकैमा ताली पिटी-पिटी, चिच्याई-चिच्याई रमाउँथेँ । त्यसो त, हाँसखेलमै एक दिन पसेँ नदीभित्र यत्तिकै एउटा साथीको हात समातेर । पौडी नखेल्ने-नजान्ने म । किनार-किनार पानीभित्र हिँड्दै जाँदा अलि पर पुगेपछि कम्मर-कम्मर हुँदै पानी घाँटीमा पुग्यो । साथीको हात छुट्यो । डुबायो पानीले, निसास्सिएँ । बगाएर निकै तलसम्म पुऱ्यायो । त्यसपछिदेखि त, खोलाको किनारमै पानीले छुँदा पनि त्राहिमाम !

त्यही लिखुखोलामाथि एउटा साँघु (फलामे पुल) थियो । अहिले पनि ज्यूँका त्यू छँदै छ सय वर्षभन्दा अघि निर्माण तरिएको त्यो; त्यही पुल मच्चाई-मच्चाई हल्लन्थ्यौँ हामी दौँतरी । सबैभन्दा रमाइलो के हुन्थ्यो भने पुलको मध्यभागमा उभिएर तल नदी बगेको हरिरहँदा पुल हिँडिरहेको भान हुन्थ्यो, आहा ! त्यतिखेर कुनै गाडी-रेल या पानीजहाजमा बसेर यात्रा गरिरहेको अनुभूति हुन्थ्यो ।

खेल्ने क्रममा, एउटा ठूलो चिप्लेटी ढुङ्गा थियो पधँरो जाने बाटैमा । साथीसँगीसँग तँछाडमछाड गरेर कतिपटक चिप्लिएँ हुँला त्यहाँ, लेखाजोखा छैन ।

नखेलेको कुन खेल थियो होला र त्यतिबेला ? नगरेको के थियो होला ??

- कागजको डुङ्गा बनाइन्थ्यो, घोर बर्सात्मा बगेको पानीमा कागजको डुङ्गा

बनाएर चलाइन्थ्यो ।

- कागजकै हवाईजहाज बनाएर स्कूलछेउको बर-पीपलको चौतारीबाट उडाइन्थ्यो ।

- काठका बट्टाहरूमा टीनको बिर्कोलाई पाङ्ग्रा जोडेर कुदाइन्थ्यो । त्यसभन्दा अघि, आफैँ ड्राइभर बनेर सयौँपटक, सानो लौरोलाई टाँगोमुनि राखेर 'हट् हट् घोडा' भन्दै दौडिएको त्यो दौडाइ र दौडँदै गर्दा कसैले जित्ला कि भनेर अझै गति बढाउँदा ठेस लागेर चिप्लेको त्यो सुखद चिप्ल्याइ ! आहा ! !

अब ती सबै कहाँ छ सम्भव ??

ती रमाइला दिनहरू सम्झँदा कुनै दुर्घटना भने बिर्सनै नसक्ने गरेर मस्तिष्कमा अझै पनि फनफनी घुमिरहेका छन् । जसमध्ये एउटा ठूलो दुर्घटना थियो- आगलागी । कति भयङ्कर थियो त्यो आगलागी ! हिजोको जस्तो लाग्छ- साढे पाँच दशकअघि, मेरो जन्मस्थान साँघुटार बजारको त्यो दुर्घटित साँझ ! बजारको बीचमा अवस्थित अग्लो पीपलको बोटबाट हुरहुर्ती आकासिएको आगोको लप्का ! आगोका झिल्काहरू हाम्रो छेउछाउमै उडिरहेका थिए । शायद गर्मी महिना थियो । र, त्यो आगोको रापबाट अलिक टाढै भए पनि हामी केटाकेटी थरथर काँपिरहेका थियौँ । अत्यासलाग्दो त्यो वातावरणमा चिच्याएका-कहाल्लिएका आवाजहरू मात्रै सुनिन्थे । छेउमै बगिरहेको नदीबाट अनगिन्ती गाग्री-बाल्टी पानी उबाउँदै खन्याइए । करीब ८० वटा घर थिए बजारमा । एक-घरबाट अर्को घरमा सर्दै सर्दै गइरहेको थियो आगो ।

मध्यरातसम्म त्यो कहालीलाग्लो आगलागीबीच हाम्रा अभिभावकले हामीलाई थामथाम थुमथुम गर्दै खोई कतिबेला हाम्रा आँखामा निद्रा हालिदिए, पत्तै भएन ।

भोलिपल्ट बिहान ब्युँझदा, हामी रहेका माथिल्लो टोलका केही घरहरूको छानालाई आगोको लप्काले छोएको देखियो भनेबजारको तल्लो टोलको अवस्था विश्वयुद्धपछि शान्ति छाएको जस्तो थियो ।

०००

*bimalbhaukajee@hotmail.com*

# अद्भुत प्रेम



❖ दशराज शाक्य

(सुनिता दम्पत्तिको स्थानान्तरण बसाइँ अचानक ललितपुर पुल्चोकमा भयो । यहाँ आएर उनलाई नयाँ अनुभव भइरहेछ । पुल्चोक पहाडी भेगको उपत्यकामा पर्छ, यहाँउनले कसैलाई पनि चिनेकी छैन, घरहरु त नजिकनजिक ट्याप्प ट्याप्प टाँसिएका (जस्तो) देखिन्छन् ।

सुनिता : हे भाई (बाटोमा आउने केटो) यहाँ अगाडी पूर्वतिर गयो भने कहाँ पुग्छ ?

केटो : अगाडी पूर्व गाबहाल भएर मंगलबजवार पुग्छ । तपाइँ कहाँ जानु पर्ने हो ?

सुनिता : मलाई कृष्ण मन्दिर हेर्न जानु छ ।

केटो : हो, मंगलबजारको लाय्कू (दरबार) इलाकामा पर्छ कृष्ण मन्दिर । लाय्कूलाई पाटन दरबार पनि भनिन्छ । सिद्धिनर सिंह मल्लले बनाएको हो कृष्ण मन्दिर ।

सुनिता : (केटोलाई ५०।– रुपैयाँ दिएर हातमा थमाउँदै) लौ भाइलाई धेरै धेरै धन्यवाद है ! (सुनिता मंगलबजार तिर जान आफ्नो पाइला चाल्छिन् । )

मंगलबजारनिर "पाटन दरबार" क्षेत्रमा रहेको कृष्ण मन्दिरलाई सुनिताले बडो गौरले हेरिरहिन् र दुबै हात जोडेर नमस्कार टक्रयाइन् । त्यसपछि पुल्चोकमा आफ्नो नयाँ बसाइँ सरेको घरमा फर्किन पाइला चाल्छिन् । )

(सुनिता घर पुगिन् । उत्सुकताले लगेज (शुटकेस) खोलिन् । भित्र ३ थान साडी देखापरे छन् गुलाफी, पहँलो, र प्याजी रंगको । )

सरिता : (कोठामा टुप्लुक्क आइपुगी र सुनितालाई भनिन्) दिदी, मलाई त एलर्जी हुन्छ साडी पहनुमा । मलाई त जीन पाइँट नै अत्यधिक सुहाउँछ भन्छन् साथीहरु ।

सुनिता : (यो कुरा सुनेर मुसुक्क हाँसिन् र भनिन्) फेरि पनि तिमी त्यही कुरा

दोहोऱ्याइ रहन्छिन् । मसंग त मलाई नै नसुहाउने साडीहरु छन्, तर तिमीलाई गुलाफी साडी सुहाउँछ होला अनुहारलाई फीट हुने रंग गुलाफी । तिम्रो अनुहार पनि गुलाफी रंगको । मैले भनेको कुरा तिमीले मान्नु र लाएर हेर्नु । भोलि तिम्रो कलेजमा बार्षिकोत्सव कार्यक्रममा जानु छ होइन र लौ तयार गर्नु ।

• • •

(आज कलेजमा बार्षिकोत्सव कार्यक्रम हुँदै थियो । )

जयन्ती : (हाँस्दै बोलिन्) सरिता ! तिमीलाई त असाध्यै सुहाउँछ त्यो गुलाफी रंगको साडी । तिम्रो शरीर नै महकमोहडा रहेछ, पछाडी नितम्ब पनि कति आकर्षक पारिदिएछ गुलाफी साडीले । शिफनको गुलाफी साडीले तिम्रो रुप नै बदलिएछ ।

सरिता : ए हो र ? लाउनेले भन्दा देख्नेले मूल्याङ्कन गर्ने गर्छ शिफनको साडीको महत्व । मलाई त साडी नै एलर्जी लाग्छ भने, दिदीले कर गरेको हुनाले मात्र लाएर आएकी हुँ । जयन्ती तिमीलाई धन्यवाद छ है ।

(दिनभर नै समय बितेछ बार्षिकोत्सव कार्यक्रममा । बेलुका ७ बजे घर फर्किन् सरिता । )

सुनिता : किननि अबेर घर फर्किएकी तिमी । लौ खाना पनि तयार भएछ । (सबैले बेलुकाको खाना खाएर थकाइ मार्न (सुत्न) तरखर गर्न लागे छन् । )

• • •

(भोलि पल्ट बिहान सबेरै)

सरिता : दिदी, अबदेखि म साडी लाउँदिन, पाइँट नै लाउँछु । मैले साडी लगाएर जाँदा कसैले पनि तारीफ गरेन । एक जना साथी जयन्तीले मात्र साडी बारे चर्चा गरेर गिज्याएछ मलाई । खिल्ली उडाएछ ।

सुनिता : बिहानदेखि किच्किच् किन गर्छौ तिमी? जीनको पाइँट पुरानो कथा भइसकेछ । अमेरिकामा गाई चराउने गोठालोले मात्र लगाउने जीन पाइँट नै सुती-कपडाको रहेछ । ज्यादा किच्किच् नगर है जीन पाइँट बारे ।

विनय : (सुनिताको श्रीमान्को नाम विनय हो) सुनिता, आज दिउँसो बजार गएर सरितालाई नै राम्रो आकर्षक साडी छान्न लगाएर किनिदिनु न तिमीले । म खर्च ब्यहोरि दिन्छुँ ।

(दिउँसो ३ बजेको समयमा विनय आफ्नो स्कुटर निकालेर आफ्नो गन्तव्यतिर जान तयार हुन लागे छ । )

सुनिता : तपाईं साँझतिर घर फर्किन होला, चाँडो फर्किनु पर्छ ।

विनय : सहकारी संस्थामा हाम्रो मिटिङ्ग छ, अलिकति अबेर हुन सक्छ । तनाव नलेउ, सकेसम्म म चाँडो फर्केर आउँछु ।
(विनय गइसकेपछि सुनिताले आफ्नी बहिनी सरितालाई लिएर बजार गइन् । बजारको एउटा साडी पसलमा पुगिन् पनि)

सुनिता : लौ आफै छान्नु एउटा राम्रो आकर्षक साडी । तिमीलाई मन पर्ने रंगको साडी छान्नु पर्छ आज तिमीले ।

सरिता : अरे ! फजुल खर्च किन गर्ने दिदी । जाबो एउटा पाइँट किन्न पनि बन्देज लगाउँ छौ दिदीले । एउटा जीन पाइँट तेह्रसय रुपैयाँमा पाउँछ । शिफनको साडी चर्को महँगो छ भन्ने थाहा पाउँदा पाउँदै पनि ।

सुनिता : ज्यादा किच्किच् नगर्नु न सरिता बहिनी, एउटा मन पर्ने छान्नु न ।

सरिता : भो भो मलाई साडी लाउनु छैन, दिदी तपाईँलाई नै एउटा छान्नुस् न आफैले ।

सुनिता : हरे ! कति जिद्दीवाल छे तिमी, तिमीलाई जित्न असाध्यै हम्मे हम्मे पर्छ । (सुनिताले आफैलाई सुहाउने रंग नीलो साडी छानिन् र रुपैयाँ तिरेर दुबै निस्किन् । )
(बजारमा अरू रेडिमेड लुगा पसलमा दुबै दिदीबहिनी पुगिन् । ) तिहारको समय र वातावरण भएको हुनाले बजारमा निकै भीड थियो, ठेलमठेल धक्कामुक्की पनि असाध्यै हुने रहेछ । )

सरिता : साहुजी ! यो जीन पाइँटको मूल्यमा अलि डिस्काउण्ट गरिदिनुस् न तिहारको उपलक्ष्यमा । तिहार सबैको साझा पर्व हो नि, त्यसको लागि मूल्यमा अलिकति डिस्काउण्ट गरिदिए बजारमा अवश्य रौनकता छाउने छ ।

पसले : लौ लौ बहिनीलाई रू. ५०।- डिस्काउण्ट भो, रुपैयाँ १२५०।- मात्र दिनुस् ।

सरिता : (एउटा जीन पाइँट छानेर लिइसकेपछि रुपैयाँ १२५०।- दिँदै) लौ साहुजी धन्यवाद है, तिहार शुभ रहोस् ।
(दुबै दिदीबहिनी घर पुग्दा साँझको ५ बजे भइसकेछ । )

सुनिता : लौ म बेलुकाको खाना तयार गर्न भान्छा तिर लागेँ, सरिता बहिनी तिमी आफ्नो कोठामै आराम गरेर बस्नु है तिहार सम्झेर ।

सरिता : होइन, म पनि दिदीलाई काममा अलिकति मद्दत गर्न आउँछु नि ।

सुनिता : भो भो पर्दैन, तिमी आराम गरेर बस्नु बहिनी । (यत्तिकैमा साँझको साढे

सात बजे (७:३० बजे) विनय आइपुगे । )

(बेलुकाको खाना खाएपछि सबै आ–आफ्नो कोठामा थकाइ मार्न पुगेछ । रातको ९ बजे पनि भइसकेछ ।

सरिता पनि बाजीमा जितेको खुशियालीमा मनमनै सुनिता दिदीलाई मुरी मुरी धन्यवाद दिएर खूब हाँसि रहिन् जीन पाइँट हेरेर । )

सरिता : (विस्तारै मनमनै बोल्दै) दिदी तपाईंलाई तिहारको शुभकामना छ है ! (मन मनै बिस्तारै यी वाक्य बोल्दै सरिताले जीन पाइँटलाई चुम्मा गरिन् दुई तीन पटक) मेरो यो जीन पाइँट प्रति अद्‌भुत प्रेम हो । जीन पाइँट नै मेरो जीवन हो । जीन पाइँटको जय होस् !

(मनमनै यति बोलेपछि सरिता पलङ्गमा पल्टिन् भोलीको पर्खाइमा) ।

•

# नेपाली लोकसाहित्यका उद्भट्प्रतिभा जनकविकेशरी धर्मराज थापा



❖ डिल्लीराम मिश्र 'कलमजीवी'

हिमालयको श्रृङ्खलामा धेरै हिमालहरु अवस्थित छन्, तर ती सबै सगरमाथा हैनन् । नेपाली मौलिक लोकगीत-सङ्गीतका हिमचुली जनकविकेशरी धर्मराज थापा यस श्रृङ्खलाका सगरमाथा हुन, जसलाई परिचयको खाँचो पर्दैन । गला कला र सिर्जनाका जन्मजात प्रतिभा धर्मराजले देश र समाजको मुहार, हसिलो, रसिलो भरिलो बनाएर देशका लागि धर्म-कल्याण नै गरेर गए तर उनी नेपाली लोकजीवनका मनमनमा जीवन्त रहिरहने छन् ।

**हल्को हान्ने कर्णाली त सल्को हान्ने भेरी**
**दाइ काँको ? मै काली पार, बैनी काँको द्योराली डाँडाको**
**दाइ कसमा? पीरती जसमा, बैना कसमा म पनि उसैमा ।**

**● नेपाली लोकजीवनको मौलिक परम्परा**

नेपाली लोकवाङ्मयका यी कालजयी मौलिक अभिव्यक्ति आदिम् अलिखित सिर्जनाले आत्मसात गरेको अलौकित पहिचान नै नेपाली लोकसंस्कृति र लोकजीवनको आत्मीय फूलबारी हो । यी पवित्र बाँचाहरु नेपालीत्वका सहज उद्गमस्थल हुन् । लोकसंस्कृति भन्नु नै लोकसाहित्य हो, लोकसाहित्य भन्नु नै आजको लिखित नेपाली भाषासाहित्य हो । नेपालीका यी भावना लोकगीत र लोकसाहित्यमा जति सुरक्षित छ सायद त्यति लिखित साहित्यमा पनि सृजित हुनसकेको भेटिदैन् । लोकसंस्कृति नेपाली भाषासाहित्यको आरम्भकालीन जग पनि हो । त्यसैले विभिन्न वाङ्मयिक अध्यायहरु अन्तर्गत गीत-सङ्गीत र लोकसंस्कृति पाटोको महत्व र उद्देश्य पनि लोकजीवनको एउटा श्रृङ्खला हो ।

नेपाली भाषासाहित्यमा गण्डकी अञ्चलको भावभूमिबाट प्रतिनिधित्व गर्ने आदिकवि भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल र राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई त्रिमूर्ति भनेर सम्बोधन गरिएजस्तै नेपाली लोकसंस्कृति, लोकगीत,

लोकसङ्गीत र प्रचुर गायनको क्षेत्रमा गण्डकीको माटोले अर्को उर्बरतामा लोककवि अलिमियाँ, **जनकविकेशरी धर्मराज थापा** र उत्कृष्ट लोकगायक झलकमान गन्धर्वलाई जन्माएको छ । त्यसैले प्रतिभा जन्मनु सहज र सारको कुरा होइन संयोगको कुरा पनि हो । यी प्रतिभाहरु यस क्षेत्रका अभियन्ता नै हुन् । यस दृष्टान्तमा एक संवेदनशील जनकविकेशरीसित बहुमुखी व्यवधानलाई पाँचन गरेर उच्चस्तरीय जीवन बाँच्ने एक जन्मजात क्षमता थियो । उनले सीमित भूगोलबाट असीम अनन्त छलाङ् लगाएको दिन उसको जीवनयात्राको प्रस्थान दिवस आरम्भ भएको छ । नेपाली लोकभाकालाई आफ्नो प्राण सम्झने आफ्नै जन्मथलो, कर्मथलो पोखरा र काठमाडौंमा जीवन–मृत्यु चक्रको परिज्ञानको विकल्प पनि २०७१ साल असोज २८ गते धर्मराज थापाले सदा सदाका लागि बिदा लिए पनि कला, गला र सिर्जनाका विराटतुल्य प्रतिभाको सम्झनामा उनका सिर्जनाभित्र नेपाली मनहरु जीवन्त छन् ।

प्रकृति र संस्कृतिको बैभवथलो एवम् रमणीय हिमशिखर पर्वतमालाहरुको संयोगरहेको कास्की पोखराको वाटुलेचौरमा वि.सं. १९८१ साउन १ गते एउटा मध्यमवर्गीय परिवारमा धर्मराज थापाको जन्म भएको हो । उनका मातापिता मनमाया र हर्कबहादुर थापा हुन् । उनको चिनाको नाम भुवनबहादुर हो, तर नेपाली लोकजीवन, लोकसंस्कृति लोकगीत-सङ्गीत र नेपाली साहित्यमा उनी जनकविकेशरी धर्मराज थापाको नाउँबाट कालजयी भएरैरहे । आजीवन साहित्य, लोकसाहित्य, लोकसंस्कृति एवम् लोकगीत- सङ्गीतको क्षेत्रमा निष्ठापूर्वक समर्पित साधना नै धर्मराजको जीवन इतिहास र जीवनगाथा अन्तर्गतको कथा पनि हो । उनलाई लोकवेदका युगान्तकारी प्रतिभा भनेर पनि पुकारिन्छ । एउटा मर्मस्पर्शी पीडाबोध उनले पाँचवर्षको उमेरमा मातृवियोगको अकल्पनीय यात्राको दुखद सामना गर्नुपर्‍यो, तापनि वि.सं. १९९६ साल वैशाख २८ गते १५ वर्षको उमेरमा १३ वर्षकी युवती सावित्रीसँग विवाह गरे पश्चात् उनको जीवनमा केही आशाको किरण पलायो । घरमा अरू सबै सदस्य परिवारहरु भएपनि **आमा विनाको घर** घरजस्तो हुँदैन । यसै लोकक्षेत्रका विशिष्ट प्रतिभा झलकमान गन्धर्वले **आमाले सोधलिन्नी खै छोरा भन्लिन्** जस्तो कर्णप्रिय लोकगीत त्यसै गाएका हैनन् । उनले मातृवियोग खपेर पनि बाल्यकालदेखि नै भजन–कीर्तन, लोकगीत, लोकगाथा गाँमवेसी, वनपाखाका लोकगीत चुड्का र लोकदोहोरी जस्ता रसिला क्षेत्रमा उनी आफै सरिक भएका थिए । जन्मजात प्रतिभाको विशेषता उनीमा १५ वर्ष अघि देखि नै बुलबुल रुपमा बुलन्द हुँदै आएको हो ।

कवि म वी.वि. शाहको चिन्तनमा देशका कविलेखक, कलाकार, साहित्यकार, समस्त नेपाली जनता एवम् सबै बाङ्मयिक सेवीहरुप्रति अत्यन्तै मायाममता र श्रद्वाभाव रहन्थ्यो । उनीहरुका योगदानप्रति उनी खुलेर प्रशंसा, सम्मान र कदरगर्थे, उदाहरणको रुपमा सायद २०२२ सालतिर हुनुपर्दछ - आजका संस्कृतिविद् एवम् विद्वान प्राज्ञ डा. जगमान गुरुङ्का अनुसार कवि म वी.वि. शाह सुन्दर नगरी पोखरा भ्रमणमा जाँदा फेवातालमा ढुङ्गा चलाउने क्रममा पोखराका यी दुई लोकप्रतिभालाई ढुङ्गाको दायाँबायाँ अर्थात एक छेउमा जनकविकेशरी धर्मराज थापा र अर्को छेउमा लोककवि अलिमियाँ साथमा राखेका थिए । माझी वा वोटेको सहयोग लिएर बीचमा उनी आफैले ढुङ्गा चलाएका थिए । त्यस अवसरमा धर्मराज थापाले **सलल वगेको ढुङ्गा मुसुक्क हाँसेको माझी दाई**प्रति सम्बोधन गरेर गीत गाएका थिए । यहाँ मुसुक्क हाँसेको माझी दाई भनेर कवि म वी.वि.शाहलाई चित्रण गरिएको छ, तर आज यस्ता सर्जकहरुलाई माया गर्ने कवि म वी.वि. शाह जस्ता दयालुहरुको अभाव यस क्षेत्रमा खड्किएको छ ।

नेपाली साङ्गीतिक क्षेत्रका सर्जक धर्मराज थापा, पं. यज्ञराज शर्मा र नेपाल भाषाका कवि चित्तधर हृदयलाई कविराजा श्री ५ महेन्द्रद्वारा शुभराज्याभिषेक समारोहको अवसर २०१३ साल असार २० गते नारायणहिटी राजदरबारको कास्की सदनमा आयोजित एक विशेष कार्यक्रममा क्रमशः जनकविकेशरी, सङ्गीतशिरोमणि र कविकेशरीको उपाधि प्रदान गरिएको थियो । नेपाली लोकसाहित्य र लोकसङ्गीतको क्षेत्रमा उनले अतुलनीय उपलब्धि हासिल गरेका छन् । कला र गलाका धनी धर्मराजले नेपाली लोकगीत र लोकसङ्गीतलाई जनमानसमा पुऱ्याउन उच्चकोटिको योगदान गरेका छन् । उनले गायनको माध्यमद्वारा नपाली लोकगीतलाई सम्पन्न बनाए । नेपाली साहित्य, कविता र गीति क्षेत्रमा आफ्नो दरो पहिचान वनाए पनि उनको विशिष्ट योगदान नेपाली मौलिक लोकगीतको सङ्कलन, गायन र प्रस्तुति नै हो । गीतिकाव्यका रुपमा संवत २००३ सालमा रत्न जुनेली कृति तयार गरेका धर्मराजका दर्जनौं पुस्तकहरु प्रकाशित छन् । उनले देशका कुना-कन्दरामा धाएरहोस, गायरहोस् लक्षित उद्देश्यमा खटेरहोस् वा डटेरहोस् नेपाली भाकाका नेपाली गीतलाई गायनको रुपद्वारा नेपालीहरुको घर घर र झुपडीसम्म पुऱ्याए । **आज मादल बजेको कि गाउँघर दुनियाँ विउँझाउन,** यो उनको योगदानको सुन्दर पाटो हो । नेपाली भाषासाहित्य र लोकगीत-सङ्गीत क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरुप उनले एकसय भन्दा बढी पुरस्कार, सम्मान, अभिनन्दन र पदक प्राप्त गरेका छन्, मानौ

त्यति संस्थाहरुले धर्मराजको योगदानको कदर गरेका छन् । यसकारण धर्मराज थापाको एउटा उत्कृष्ट विशेषता के भने उनी सहज चेतनाका महासागर नै हुन । उनीमा देशकाल परिस्थिति, राष्ट्र, समाज एवम् व्यक्ति विशेषको महत्व, योगदान र गरिमालाई बुझ्नसक्ने चिन्नसक्ने क्षमता थियो, जुन विरलै कविहरुमा भेटिन्छ । यस्तै **धुरुधुरु नरोऊ आमा तिम्रो आँसु पुच्छेर छाडौला** जस्ता देशभक्ति, क्रान्तिकारी भावना र सङ्कल्पहरु नेपालीहरुकै हृदयभित्र सधै उथलपुथल भैरहने साझा भावधारा हुन उनका यी गीत ।

नेपालीहरुका जीवनमा रस सञ्चार गर्दै उनीहरुको जीवन सुखमय बनाउने एवम् उनीहरुका जीवनको गाह्रो साँधुरो एकछिन भएपनि विर्सने साधनदिने उर्जत्व प्रतिभा धर्मराज थापा झरनाको मीठो पानीको भावजस्तै नेपाली जीवनका नवीन निर्माता हुन । नेपाली मौलिक लोकसङ्गीतका पिता पुर्खा भनेर सम्बोधन गरिने जनकविकेशरी प्रवासमा रहदा नेपाली जातजाति र तिनका मौलिक परम्परा सबै देख्नेसुन्ने, बुझ्ने एवम् अनुभूत गर्ने मौका त्यस भ्रमणबाट उनले प्राप्त गरेका थिए । लोकसङ्गीतको सङ्कलन, लोकसाहित्यको प्रचारप्रसार एवम् गीत-सङ्गीत र साहित्यको माध्यमबाट राष्ट्रियता, राष्ट्रियएकता, सद्भाव, सहिष्णुताको गन्तव्य खोज्दै कसिला एक युवक क्रान्तिकारीकवि वनेर हिडेका थिए धर्मराज थापा प्रवासका नेपालीहरु माँझ सबैको ह्दयमा वसेर नौमुरी तीलजति माया ममता र अपार समान प्राप्त गरेका वजनदार कवि धर्मराजको महत्व **कवि म.वी.वी. शाह**ले राम्रैसँग वुझेका थिए सम्झेका थिए । यसकारण त्यो कठिन र विकट अध्यारो युगमा अरु कोही नपुग्ने ठाउँमा हाम्रा कवि धर्मराज पुगेको हुनाले नै **जहाँ पुग्दैन् रवि त्यहाँ पुग्छन् कवि** भन्ने उद्गार चरितार्थ भएको त्या`समयको युग पनि त्यही थियो । उनको प्रवास घुम्ने सपना र सङ्कल्प पुरा हुँदैगर्दा देहरादुनको एक रेलवे प्लेटफर्ममा प्रस्तुत गीतको भावधारा यसरी प्रस्फुटन भएको छ–

**आइपुग्यौ वेलैमा**
**नौ वजे रेलैमा**
**देहरादुनैमा साथी, देहरादुनैमा !**

कविराजा म.वी.वी. शाहले धर्मराजलाई जनकविकेशरीको उपाधि त्यसै दिएका थिएनन् र त्यसै प्रशंसा पनि गरेका हैनन् । नेपालको लोकसाङ्गीतिक इतिहासमा पहिलोपटक धर्मराज थापाले प्रवासका नेपालीहरुको मुटु छुने, मन छुने र आत्मीयभावना साटासाटा गर्ने काम मात्रै गरेनन् सम्बन्ध स्थापित समेत गरे । उनले

संवत २००९ सालदेखि २०१० सम्म एउटा लामो लोकसङ्गीत र लोकसाहित्यको यात्रा सम्पन्न गरेका थिए । उनको हार्दिकता र सद्‌भावनापूर्ण यात्रा भारतको देहरादुनदेखि सुरु भएर आसाम, नागालैण्ड, गोहाटी, सिक्किम भाक्सु, कालिङ्पोङ, दार्जिलिङ हुँदै नेपालको पूर्वी झापासम्म रह्यो । यतिमात्र हैन, त्यहाँबाट इलाम, पाँचथर ताप्लेजुङ, धरान, विराटनगर धनकुटा आदि हुँदै नेपालका सबै जिल्लाहरुको पैदलै भ्रमण गरेका थिए । एकताका चर्चामा पनि आएको थियो-नेपालको पैदलयात्रा कित इतिहासकार योगीनरहरिनाथले गरे, कित नेपाललाई असाध्यै माया गर्ने डा. टोनी हागनले गरे, यात राजा महेन्द्रले गरे, यात पर्यटककवि धर्मराज थापाले नै गरे । यी विराटव्यक्तित्वसँग डा. हर्क गुरुङको समेत नाम जोडिन्छ ।

नेपाली साङ्गीतिक यात्राको क्रममा नालापानीको युद्धको वीरत्वपूर्ण घटनालाई सम्झदै देहरादुनको प्रत्येक बस्तीहरुमा नेपालका हसिला जोसिला युवकहरु देख्दा उनीहरुको जीवनमा प्रवेश गरेर उनले यो मर्मस्पर्शी गीतद्वारा नेपाली मनहरुलाई यसरी सम्बोधन गरेका छन्-

**घर सम्झी रोएको होला, डाँडाकाटी गएको नेपाली**
**काँस फुल्ने ढुङ्गे बगर गाई चर्ने पाखा**
**काफल खाँदा बैस फुल्ने मायालुको भाखा**
**ढक्कमक्क सुनै फुल्ने सर्सिउँको बारी**
**साहुलाई सम्पिएको सबै माया मारी**
**घर सम्झी रोएको होला, डाँडाकाटी गएको नेपाली !**

प्रवासी नेपालीहरुका माँझ बहुमुखी प्रतिभा र देश तथा जाति, साहित्य र गीत-सङ्गीत प्रेमप्रतिको उनको प्रशंसा जति गरेपनि नेपालीहरुको मन अघाँउदैन् । त्यसैले नेपाली जाति प्रसङ्गमा प्रेरणाका उन्नति पथिक बन्ने मर्मस्पर्शी गीत -

**नेपालीले माया मा-यो वरिलै**
**जन्मेको देशलाई नेपाली भेषलाई**
**नेपालीले माया मा-यो बरिलै !**

**-**

**धनीको चोट खाएर पनि ह्रदय पोलेर**
**हरुवा बन्दै आएको हैन, आश्रम खोजेर**

**-**

**म भात खान्न ए आमा,**
**उम्काङदेउ घरका जहान !**

स्वदेश हुदै प्रवाससम्म नेपाली राष्ट्र र जातिलाई जुरुक्क काँधमा बोकेर विजुली चम्केसरी गतिमा उदाएका जनकविकेशरी धर्मराज थापाले जुनबेला संवत २०१० सालमा तेन्जिङ शेर्पा र एडमन् हिलारीले विश्वको अग्लो शिखर सगरमाथामा पहिलोपटक मानव पाइला टेकेका थिए -त्यतिबेला उनले कला र गलाको युवा स्वरमा तेन्जिङ नोर्गेको विजय उत्सवमाथि गाएको गीतको लालित्य लय र स्वरको शालिनताद्वारा नेपाली मनहरु सगरमाथा जस्तै माथि उठेको छ । यहाँ आजभोलि जस्तो कुनै जातजाति विशेषलाई लिएर गीत सम्बोधन गरिएको छैन, हाम्रो भन्ने शब्द कति महान छ ? कति उच्च छ ? र कति फराकिलो छ ? यस्तै उनले यसै प्रशङ्गमा आरोहणप्रति मनछुने गीत गाएका छन–

**हाम्रो तेन्जिङ शेर्पाले चढ्यो हिमाल चुचुरा !**
**कसरी चढ्यौ कसरी बढ्यौं हिमाली चुचुरा**
**कसरी हिउँको ओछ्यानमाथि निदायौं विचरा !**

नेपालमा भएका यावत परिवर्तन र घटनाक्रममाथि परिवर्तनको आत्मीय विचार पोख्दै– यस्ता परिवर्तनकारी इतिहासलाई स्मृति र स्वरमा, गीतकविता र भावनाका तरङ्गहरुमा ल्याउने तथा सबैले सुनेका देखेका र अनुभूत गरेका वलशाली र शक्तिशाली कवि एवम् गायक थिए– उनै जनकविकेशरी धर्मराज थापा । उनी अहिले पनि सबै नेपालीहरुका मानसपटलमा कालजयी भएर रहेका छन् । देशमा भर्खरै राजनीतिक परिवर्तन भएको समय २००७ सालको जनकान्तिको जल्दाबल्दा ती क्रान्तिकारी नेताको चीन आप्रवास एउटा उत्तेजगको विषय त छदै थियो, तापनि–

**क्रान्तिकारी हे वीर केआईसिंह**
**कहाँ गयौं जेलखान तोडेर**

भन्ने गीत उच्च लोकलयमा गाउँदै हिड्ने धर्मराजले एउटा कान्तिको दायित्व पुरा गरेका थिए । विगत पञ्चायत शासनप्रणालीमा राजतन्त्र बलियो भएको बेला प्रायजसो कविलेखकहरु, गीतकार र गायकहरुले राजालाई देशभन्दामाथि राखेर आफूलाई परिचित पनि गराए, शक्ति र सम्प्रभूताका भ्रमहरु सिर्जना गरे, तर यस्तो अवस्था र समयमा पनि धर्मराज थापाले देशलाई कहिल्यै पनि शिरबाट तल ओरालेनन् । धर्मराज दर्विलो रुपमा गाउँदै हिँडे– **शिरमाथि नेपाल आमालाई काँधमाथि महेन्द्र राजालाई** ! त्यसैले लोकचेतना र नेपाली मूलधारको ऐतिहासिक चेतनाको दोभान हुन उनी । यस अर्थमा धर्मराज थापा एक सच्चा लोकध्वनि र देशभक्तिका गहना हुन । नेपाली जनताका पीडा र सुखदु:खमा असिना वर्साउने कविरत्न हुन उनी ।

नेपाली साहित्यका वरदपुत्र महाकवि देवकोटाले वुलवुलशान र नाट्यसम्राट वालकृष्ण समले धर्मराजलाई नेपालीका सेक्सपियरसम्मको उपाधि दिएका छन् । नेपाली गीतसङ्गीतको क्षेत्रमा एक जमाना त्यस्तो थियो, जव आज दिउँसो रेडियो नेपालबाट धर्मराज थापाका गीत बज्छन् भनेपछि रेडियो सुन्न मानिसहरु लामबद्ध हुन्थे, यहाँसम्म कि खेतमा गोरुजोत्ने एउटा सामान्य श्रमिक पनि आफ्नो कामै छोडेर उनको गीत सुन्न पुग्थ्यो । जुनबेला नेपालमा लोकगीत सङ्गीतको सामान्य खाकासमेत थिएन, त्यस्तो अवस्थामा धर्मराज थापाले मौलिक लोकगीत सङ्गीतको परिचय, पहिचान र यसको महत्वबारे समस्त नालीबेलीसहित अध्ययन, अनुसन्धान खोज र अध्ययन भ्रमणमा आफ्नो क्षमतावान प्रतिभा र गतिशील उर्जा यसमै केन्द्रीत गरे । उनका दर्जनौ दर्जन कर्णप्रिय र लोकप्रिय गीतहरुको श्रृङ्खला अन्तर्गत **साँहिलीरिमै चौरीगाई झ्न्योरिमै बधुवनैमा** हरियो भन्नु नि कान्छी, झलमल परेली, **इलामको सिलाम उकाली चढ्ने** आदि आदि, धर्मराज यसका प्रस्तोता या एक उत्कृष्ट गायकको रुपमा मात्र रहेनन्, उनी ब्यक्तिगत जीवनभन्दा माथि उठेर उनले राष्ट्र, मुलुक, देशवासी, समाज, प्रवासी र समस्त कला– सङ्गीतप्रेमीहरुको मनोभावना एवम् मनोदशा बुझ्दै साहित्य र सङ्गीतको सेवामा आफूलाई आजीवन समर्पित गरिरहे। उनी गन्धर्व लोकसंस्कृतिका संस्थापक नै हुन। उनले २०२२ सालमा समस्त गण्डकी क्षेत्रका **गन्धर्व कलाकारहरुलाई रेडियो नेपालमा** जमघट गराएको तथ्य इतिहास साक्षी छ। त्यसैले आजका पाकापुस्ता, वालपुस्तादेखि तन्नेरी पुस्तासम्मका नेपालीहरुमाझ धर्मराज थापा एक उदाहरणी र अनुकरणीय सपुत हुन। यो देशमा धर्मराज जस्ता सिर्जनशील प्रतिभा २० लाखमा एकजना पाउन पनि कठिन छ । राष्ट्र र समाजको लागि त्यो त्याग, इमान्दारिता सङ्घर्ष, समर्पण र बलिदान विरलै सर्जकहरुमा भेटिन्छ । त्यसैले नेपाली लोकसङ्गीत र साहित्य रहेसम्म धर्मराज थापाको नाम, ख्याति र महिमा निसन्देश कालजयी रुपमा रहिरहनेछ।

नेपाली भाषासाहित्य तथा बाङ्मयको क्षेत्रमा मदन पुरस्कार गुठीले नोवेल फाउन्डेशनको जस्तै उत्तमकार्य गर्दै आएको छ। नेपाली वाङ्मयिक क्षेत्रको विकासमा यस गुठीद्वारा प्रदान आएका मदन पुरस्कार र जगदम्वाश्री पुरस्कार जस्ता चर्चित सम्मान यसका जीवन्त पक्ष हुन् । पछिल्लो चरणमा आएर दमिनी भीर जस्तो हल्काफुल्का र गालीगलोजमा आधारित पुस्तकलाई पुरस्कृत गर्दा मदन पुरस्कारको सम्मानमा ऱ्हास आएको अनुभव सबैले गरेकै हुन्। वि.सं. २०१३ सालदेखि प्रतिवर्ष प्रदान गरिदै आएको **मदन पुरस्कार** संवत २०२५ सालमा जनकविकेशरी धर्मराज थापाको

खण्डकाव्यकृति मङ्गली कुसुम एवम् साहित्यकार पारसमणि प्रधानको गद्यकृति टिपन टापनलाई संयुक्त रुपमा प्रदान गरिएको छ । तत्काल मदन पुरस्कारको राशि जनही चारहजार रुपैयाँका साथ सम्मानपत्र रहेको छ । त्यतिबेला सम्मान र राशिको वजन दुबै अग्रस्थानमा थियो । मदन पुरस्कार राशिले धर्मराज थापाको आर्थिक जीवनमा ठूलै परिवर्तन ल्याएको छ । जनकविकेशरीकै युक्तिलाई आधार मान्ने हो भने पनि उनले प्राप्त गरेको पुरस्कार राशि रु. चार हजारमा रु पाँच हजार थप गरेर रु नौ हजारमा काठमाडौंको स्वयम्भूमा किनेको तीन रोपनी जग्गाबाट उनको पारिवारिक जीवनलाई सम्पन्नतातिर लग्न ठूलै योगदान दिनपुग्यो, जस्तै कविवर माधवप्रसाद घिमिरेलाई संवत २०३३ सालमा रु. ५० हजार राशिको **त्रिभुवन प्रज्ञा पुरस्कार** पहिलोपटक प्रदान गरिदा यस्तै अनुभव भएको थियो ।

मदन पुरस्कार गुठीद्वारा संवत २०४५ सालमा आफ्नै संस्थापिका रानी जगदम्वाकुमारीदेवीको स्मृतिलाई चिरस्थायी राख्न स्थापित अर्को महत्वपूर्ण सम्मान **जगदम्वाश्री पुरस्कार** पनि त्यसै वर्षदेखि प्रतिवर्ष प्रदान गरिदै आएको छ । नेपाली भाषा श्रव्य-दृश्य वा अरु किसिमका कृतित्वहरुबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेख्य र यसको प्रचारप्रसारको लागि यो पुरस्कार प्रदान गरिन्छ । श्रृव्य-पाठ्य विभिन्न माध्यमबाट आधाशताव्दी भन्दा लामो अवधिसम्म नेपाली भाषाको सेवा गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा बहुमुखी विशिष्ट योगदान गरेवापत् संवत् २०५७ सालको जगदम्वाश्री पुरस्कार जनकविकेशरी धर्मराज थापालाई प्रदान गरिएको छ । पुरस्कारको राशि सम्मानपत्रसहित एकलाख रुपैयाँ रहेको छ । त्यसैले मदन पुरस्कार र जगदम्वाश्री पुरस्कार प्राप्त गर्ने जनकविकेशरी एक मात्र पहिलो स्रष्टा हुन् । एउटा संयोगको कुरा जुनवर्ष धर्मराज थापाले मदन पुरस्कार प्राप्त गरे त्यसै वर्ष अर्थात २०२५ सालमै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा रु. ५ हजार राशिको **इन्द्रराज्यलक्ष्मी पुरस्कार** प्रदान गरियो । उनलाई यो पुरस्कार नेपाली लोकगीतको लोकप्रियता वढाएवापत् योगदानको लागि प्रदान गरिएको हो । उनले आदिकवि भानुभक्त पुरस्कार र युगकवि सिद्धिचरण पुरस्कार जस्ता उच्चकोटिका सम्मान समेत प्राप्त गरेका छन्

यसअघि उनलाई वि.सं. २०१० सालमा प्रवास भ्रमणमा रहेको बेला **नेपाली साहित्यसम्मेलन** दार्जिलिङले स्वर्णपदकसहित भव्यरुपमा अभिनन्दन गऱ्यो । प्रवासमा रहेका नेपाली भाषीमुलका भारतीयहरुले नेपाली भाषा साहित्यको क्षेत्रमा इतिहासको लामो कालखण्डदेखि पुऱ्याउँदै आएको योगदान प्रशंसनीय छ, स्तुत्य छ । दार्जिलिङ्को

दुःख निवारक हलमा **भुलेको छैन् नेपाली** भन्ने गीतिनाटक प्रस्तुत गरेवापत् धर्मराजलाई स्वर्णपदकसहित अभिनन्दन गरियो । यस्तै संवत २००८ सालमा रेडियो नेपालमा भएको प्रथम कविसम्मेलनमा महाकवि देवकोटाले धर्मराजलाई **बुलबुलशानको उपाधि** दिएका थिए । नेपाली भाषासाहित्य लोकसाहित्य, गीत-सङ्गीत एवम् लोकसंस्कृति आदि वाङ्मयिक क्षेत्रमा धर्मराज थापा कालजयी रहेका छन् र रहिरहने छ । संवत २००३ सालमा **पहाडी सङ्गीत** शीर्षकृत गीतिकविताको सङ्कलनबाट नेपालीहरुका मनमनमा प्रवेश पाएका जनकविकेशरी धर्मराज नेपाली राष्ट्रियताका अग्र संवाहक, हुन । उनका यावत सिर्जनाहरुमा स्पष्ट दृष्टिकोण , सिद्धान्त पठनसंस्कृति, अध्ययन र व्याख्या गर्न सकिने असीमित ठाउँहरु छन, जसमा भूगोल छ, इतिहासले महत्व पाएको परिर्वतन छ, समाजवाद छ, कान्तिकारिता छ, यथार्थवाद छ, विकास र कृषितन्त्रको माध्यमबाट देशको आर्थिक विकास गर्नसक्ने प्रचुर सन्देश छ, देशप्रेम र राष्ट्रप्रेमको दर्विलो भावना छ तथा विदेशिएका नेपालीहरुलाई स्वदेश फर्कने आग्रह छ । त्यसैले उनका सबै सिर्जनाहरु राष्ट्र, समाज र व्यक्ति विशेषका लागि सकारात्मकताका उपज हुन ।

विशेषत, नेपाली लोकजीवन, लोकसंस्कृति र लोकगीतका संवाहकको चिरस्मृतिमा उनकै परिवारजनको सहयोगमा संवत २०५२ साल बैशाख २३ गते **जनकविकेशरी धर्मराज सावित्री थापा गुठी**को स्थापना भएको हो । यस गुठीले आफ्नो स्थापना कालदेखि हरेकवर्ष धर्मराज थापाको जन्मजयन्तीको अवसरमा साउन १ गते विशेष समारोहको आयोजना गरी  धर्मराज सावित्री थापा लोकसंस्कृति साहित्य पुरस्कार र धर्मराज सावित्री थापा लोकगीत- सङ्गीत पुरस्कार समर्पण गरिदै आएको छ । यस गुठीका अध्यक्ष एवम् जनकविकेशरीका सुपुत्र डा. मदनराज थापाको वुझाइ छ -जनकविकेशरी धर्मराज थापाको बार्षिक स्मृतिसभा एवम् पुरस्कार समर्पण कार्यक्रम प्रत्येक वर्ष नियमित रुपमा सञ्चालन हुदै आएको छ । यस गुठीका पुरस्कारबाट संवत २०५३ सालदेखि २०८० सम्म दर्जनभन्दा बढी कविलेखक कलाकारहरु सम्मानित भैसकेका छन् । नेपाली लोकसंस्कृति, लोकगीत-सङ्गीत, कला र भाषासाहित्यका विधामा आफूलाई समर्पित गर्ने अनवरत साधनारत देशका विशिष्ट साधकसर्जकहरुलाई उनीहरुको योगदानको उच्च मूल्याङ्कन गर्दै नगद राशिसहित सम्मानपत्र समर्पण गरिने परम्परा रहेको छ । यस प्रकारको संस्था स्थापनाले गुठी परिवार लोकसङ्गीत साहित्य र पुरस्कृत सर्जकहरुका बीच अन्योन्याश्रित सम्बन्ध स्थापित भएको छ ।

अन्त्यमा, **हरियो डाँडामाथि हलो जोत्ने साथी** उनको यो कालजयी सिर्जनाले नेपालजस्तो कृषिप्रधान देशमा आधारित जनजीवनको सामाजिक उपादेयता र प्रसङ्गलाई जीवन्त कायमै राखेको छ । त्यसैले नेपाली लोकगीत- सङ्गीतको सस्थापक थियो र धुरी वनेर **यत्रतत्र सर्वत्र** प्रकाश दिन सफल जनकविकेशरी धर्मराज थापाले स्वदेशमा प्राप्त मायाममता, सम्मान र उपाधिहरुको अपार महत्व आफ्नो ठाउँमा छदै छ,  तर त्यो भन्दा पनि परगएर उनले सुरुका दिनमा प्रवास देश-दर्शन गर्दा त्यहाँका नेपालीहरुबाट पाएको मायाममता र असीमित विशेषणसँगै जोडिएका उपाधिहरुले धर्मराजको योगदान, महिमा र महत्वलाई यसरी पनि अनुगमन गर्न सकिन्छ- हे कविवर, हे केशरी, हे कविराज, हे कृष्टदूत, प्रिय जनकविकेशरी, **हे कविकुलशिरोमणि,** हे नेपालका वुलवुल, हे तरुण भावनाका आशा केन्द्र, मूर्त प्रतीक, **हे नेपालका श्रेष्ठपुरुष**, हे प्रमुख अतिथि, प्रकृति आमाका वरदपुत्र, कोकिल कण्ठी, हे जादू भरिएका चीरयुवक, हे गणनायक, हे तपस्वी, **हे नेपाली जनकविशिरोमणि,** हे नेपाली लोकगीत सम्राट, हे नेपाली विरही कोइली, हे नेपालका मातृभक्त आर्दशपुरुष, हे नेपाली क्रान्तिकारी जननायक, **हे नेपाली जातिका आवाज**, हे महामान्य अतिथि, हे प्याराकवि, श्रद्धेय कविवर, हे सन्देश वाहक, हे जागँरणका दृढ प्रतीक, हे अनन्तगामीकवि, हे नेपाली आमाका सुयोग्यपुत्र, लोकसङ्गीतका स्वरलहरी, ए जनताका आफ्नै गिताङ्गे, ए बाटो देखाउने अगुवाकवि, परमस्नेहीकवि, लोकसंस्कृति प्रतीककवि, नेपाली संरक्षक जनकवि, प्रकृतिपुत्रकवि, कविरत्न, हे महाकवि, धन्य कविकेशरी, **हे वाणिका वरदपुत्र,** हे कर्मवीर, संस्कृतिका सवक सज्जन, हे देशका जनप्रिय, हे सुशील शान्त त्यागी, हे महान कलाकार, हे साहित्यप्रेमी कवि, हे पर्यटककवि र हे साहित्यस्रोत आदिद्वारा उनलाई सम्बोधन गरिएको विशेषण र उपाधिलाई अवलोकन गर्दा हामी समस्त नेपालीहरुले धर्मराज थापाप्रति शिर झुकाएर नमन गर्नु अपरिहार्य छ ।

***

# कवि सुवेदी र उनको काव्यकारिता



❖ शिवप्रसाद भट्टराई

पिता मेघनाथ सुवेदी र आमा मिठुदेवी सुवेदीका सुपुत्र लालगोपाल सुवेदी खासगरीकवि व्यक्तित्वका रुपमा सुपरिचित छन् । वि.सं. २०४२ सालमा 'बालक' पत्रिकामा प्रकाशित 'आमा' शीर्षकको पहिलो कविता-रचनाका माध्यमबाट उनी यस क्षेत्रमा देखा परेका हुन् । नम्रता र शिष्टताका पर्यायका रुपमा पनि सुपरिचित उनी अन्तर्मनका भावनालाई स्पष्ट रुपले उतार्ने एउटा सशक्त साहित्यिक हस्ताक्षर हुन् ।

साहित्य लेखन सँगसँगै अध्ययन र अध्यापन क्षेत्रमा पनि निरन्तर सक्रिय भूमिका निर्वाह गर्दै आएका उनले सानै उमेरदेखि कविता रचना गर्दै आएका हुन् । वि.सं. २०२७ साल जेठ २० गतेका दिन स्याङ्जा जिल्ला अन्तर्गत पर्ने क्याक्मी भन्ने ठाउँमा जन्मिएका उनले १५ वर्षको वय टेक्दा नटेक्दै पत्रपत्रिकामा रचना प्रकाशित गर्ने कार्यमा सफलता प्राप्त गरेको पाइन्छ । मूल रुपमा कविता रचनामा केन्द्रित भएता पनि यिनले खासगरी समालोचना र निबन्ध विधामा पनि आफ्नो गहिरो छाप छोडेको तथ्य यहाँ संस्मरणीय हुन पुग्छ । यति मात्र नभई विविध साहित्यिक पत्रपत्रिकाको सम्पादन, बाल-निबन्ध र चिठी-रचनाका साथै विविध साहित्यिक संस्थाहरुमा आबद्ध भएर पनि उनले यस क्षेत्रमा आफ्नो तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यसले उनका बहुआयामिक व्यक्तित्व र सुकार्यमाथि राम्रो प्रकाश पार्ने काम गर्दै आएको छ ।

विविध विधाका साहित्य-सिर्जनाको क्षेत्रमा अविरल रुपमा लामो यात्रा तय गर्दै आएका उनका सिर्जनामा शोषण, असमानता, दुर्व्यवहार, अन्यायको मानसकिताबाट परिचालित सामन्तीहरुको शोषणविरुद्ध विद्रोहको स्वर घनीभूत हुनपुगेको पाइन्छ । उनका कृतिहरुले उनको सर्जक सबलताको पक्षमा महनीय प्रकाश पारेका छन् । खासगरी काव्य-चेतनाको सशक्त पक्ष, विषयवस्तुप्रतिको गहन विवेचना र विश्लेषण, नवीन र अत्यन्त फराकिलो सोचमा आधारित बिम्बात्मक र प्रतीकात्मक शब्दशक्ति प्रयोगले अभिव्यञ्जित उनका कवितात्मक कृतिहरु अत्यन्त कलात्मक कृतिका रुपमा देखापरेका छन् ।

उनको हालसम्म पुग-नपुग दुई दर्जनको संख्यामा अनेकौं विधाका पुस्तकहरू प्रकाशित भइसकेका छन् । फूलको देशमा (कविता सङ्ग्रह - २०५७), पुतलीलाई जामा (बाल कविता सङ्ग्रह-२०६१), देवताजस्तै नेपाली मन्दिरजस्तै नेपाल (बाल कविता सङ्ग्रह - २०६१), पानी योगमाया र इन्द्रेणी (काव्य - २०७२), छायालाई माया नगर्नुहोस् (गद्य कविता सङ्ग्रह - २०७२), सबार्ल्टन पात (काव्य - २०७२), फूलका दुःख (गीत सङ्ग्रह - २०७२), भूगोलभन्दा माथि (गीत सङ्ग्रह - २०७२), अग्नि आतङ्क (कविता सङ्ग्रह - २०७२), रोटीको दन्त्यकथा (कविता सङ्ग्रह - २०७६), बिक्रीको पृथिवी (कविता सङ्ग्रह - २०७९), राहुल-यसोधरा संवाद (गीति नाटक - २०७९) अनि प्रतीत्य समुत्पाद शून्य, शून्य, महाशून्य (लामो कविता - २०८०) शीर्षकका कृति समेत गरी लगभग दुई दर्जनको सङ्ख्यामा प्रकाशित सुवेदीका कृतिहरुले नेपाली सामाजिक जीवनका विविध आरोह-अवरोहहरुलाई कलात्मक रुपले चित्रित गरेका छन् । उनका कवितात्मक सिर्जनामा मानिसका दैनन्दिन जीवनमा आइपर्ने विविध किसिमका दुःख र त्यसले सिर्जना गर्न पुगेका पीडाहरु, गरिबी र असमानताका बीच जसोतसो जीवन-घिसार्नु परिरहेका समाजका विविध पक्ष र पात्रहरुको यथार्थ चित्रण, सामन्ती प्रवृत्ति र तिनको थिचोमिचोप्रतिको असहमति आदि विविध किसिमका कारुणिक प्रसङ्गहरुलाई चित्रित गरिएको पाइन्छ । यस क्रममा समाजका विविध सांस्कृतिक एवं सामाजिक पक्षहरु र तिनले पारेका प्रभावहरुको व्याख्या-विश्लेषण पनि उनका कविताहरुले गरेका छन् र यसक्रममा शान्तिको यथार्थ पक्षको गहन विश्लेषण पनि उनले गरेका छन् ।

माथि नै भनियो, लालगोपाल सुवेदीका कवितात्मक कृति मात्र प्रकाशित छैनन् । कवितात्मक कृतिका अत्तिरिक्त नेपाली कविताको सिद्धान्त र विकासक्रम (समालोचना - २०५७), नानीका निबन्ध र चिट्ठी (निबन्ध सङ्ग्रह - २०६१), नेपाली बोध माला (भाग - १, २, ३ - २०६१), केही निबन्ध केही अभिव्यक्ति (निबन्ध सङ्ग्रह - २०६१), निबन्ध र अभिव्यक्तिकला (निबन्ध सङ्ग्रह - २०६१), नेपाली व्याकरण, बोध अभिव्यक्ति र साहित्य (२०६४) शीर्षकका कृतिहरु पनि प्रकाशित छन् । उनका साहित्य- सिर्जनाहरु विविध विषययुक्त विशेषताले सुसज्जित छन् र तिनमा उनका सिर्जनाकलाको उदाहरणीय व्यक्तित्वको छाप छोड्न पनि उनी निकै समर्थ देखिन्छन् ।

उनका 'सबार्ल्टन पात', 'राहुल-यसोधरा संवाद', अनि 'प्रतीत्य समुत्पाद शून्य शून्य महाशून्य' जस्ता उत्कृष्ट कृतिहरु सत्यको यथार्थ-खोजतर्फ परिलक्षित छन् । 'सबार्ल्टन पात' उनको अत्यन्त उत्कृष्ट कृति हो ।पछिल्ला दुई कृति बुद्धको जीवन-दर्शनबाट प्रभावित छन् । यी कृतिहरु देश काल, परिस्थिति, वातावरण अनि

जीवनलाई एउटै कोणबाट हेरेर त्यसको व्याख्या र विश्लेषण गर्न सकिँदैन, सत्यको छेउछाउसम्म पनि पुग्न सकिँदैन, यसलाई विविध कोणबाट व्याख्या र विश्लेषण गर्नुपर्छ भन्ने सन्देश प्रवाहित गरेका छन् । उनी 'अनि प्रतीत्य समुत्पाद शून्य, शून्य महाशून्य' कृतिमा लेख्छन् : - "एउटा व्यक्ति अघि जुन रुपमा देखापरेको थियो केही क्षणपछि ऊ त्यही रुपमा रहिरहन्न । मानौं कुनै कारणले रिसायो रे केही बेरपछि ऊ शान्त भइसकेको हुन्छ । अरु कुरा अनित्य छन् परिवर्तन मात्र सत्य हो भन्ने कुरा मलाई जायज लाग्यो ।"

यसरी नित्य र अनित्य विषयवस्तुमाथि आफ्नै मनको एकालापद्वारा गहन विवेचना गर्दै कवि लालगोपाल सुवेदीले यथार्थ सत्यलाई पर्गेल्न सबैलाई सजग र सचेत तुल्याउने प्रयास यो कृतिमा गरेका छन् । कारण नभई कार्य हुँदैन भन्ने पक्षमा गहन विचार प्रस्तुत गरेको सुवेदीको यो कृति उनको शब्दशक्ति प्रयोग- सामर्थ्य- संवेगको उत्कृष्ट उदाहरण बनेको छ । यसले नेपाल र नेपाली जनजीवनले भोग्नु परिरहेका विविध किसिमका अत्यासग्रस्त अवस्थामथि कवि हृदयको असन्तुष्टिलाई पनि प्रतीकात्मक रुपमा अभिव्यक्ति गरेको छ । यी असन्तुष्टिका स्वरहरुमा कहिँ कतै पनि अतिशयोक्ति पाइँदैन । समसामयिक समाजको यथार्थ-सत्यको कसीमा ती अत्यन्त कलात्मक र प्रतीकात्मक रुपमा अभिव्यक्त भएका छन् । यिनले नेपाली समाजको भावधारालाई राम्ररी स्पर्श पनि गरेका छन् । उनी लेख्छन् :-

शर्म थियो शर्म छैन
धर्म छैन, कर्म छैन, पर्म छैन
तिम्रो घरको एउटा गोरु
मेरो घरको एउटा गोरु
हलो छैन, जोतारो छैन, फाली छैन
आली छैन, पाली छैन, बाली छैन
गाई ब्याउँदैन, गोरु ब्याउँदैन
ख्यालख्याल हैन
दु:ख विस्तार हो यो
भाव हो दु:ख
भाषाबाट मात्र दु:ख सम्प्रेषित हुँदैन

यसरी आजको नेपाली समाजको समसामयिक सत्य र यथार्थको चित्रण सुवेदीको कवितामा पाइन्छ । समाजमा नवीन जागृति प्रवाह गर्ने क्रममा विचारशील चिन्तन-चेतनाको उत्कृष्ट पक्ष उनका कवितामा समाहित छन् र तिनले भविष्यमा

आइपर्न सक्ने दुर्भिक्ष संकट निवारणका प्रति हामी सबै समयमै सजग र सचेत हुनुपर्ने आवश्यकतामा महत्वपूर्ण प्रकाश पारेका छन् ।

परिवर्तन सृष्टिको शाश्वत नियम हो । यसलाई कसैले छेक्न खोजेर छेकिँदैन, रोक्न खोजेर रोकिँदैन । परिवर्तन अविरल रुपमा भइरहन्छ । बुद्धको प्रतीत्य समुत्पादले पनि यही भन्छ । यसलाई बौद्ध-दर्शनको केन्द्रिय सिद्धान्त पनि मानिएको छ । यसलाई पनि कवि सुवेदीले स्पष्ट पार्ने प्रयास गरेका छन् र उनले यसै कृतिमा लेखेका छन :- "नेपाल र विश्वका घटना र परिस्थितिलाई प्रतीत्य समुत्पाद प्रक्रियाद्वारा उपस्थापन गर्ने प्रयत्न मैले यस काव्यमा गरेको छु ।" यस अन्तर्गत विश्व परिवेश र नेपालमा समय-समयमा भएका विविध परिवर्तन र तिनले सिर्जना गर्नपुगेका विकृत परिस्थितिहरुको परिक्रमा पनि उनको यो कृतिले गरेको छ । बास्तबमा भन्ने हो भन्ने उनको 'अनि प्रतीत्य समुत्पाद शून्य, शून्य, महाशून्य' शीर्षकको काव्यको यो अत्यन्त नवीन प्राप्ति पनि हो । यो काव्यको वैशिष्ट्य वा विशेषता पनि बन्न सकेको छ । परिवर्तनको यथार्थलाई अत्यन्त सरल, सहज रुपमा र सुबोध शैलीमा बुझाउने क्रममा उनले लेखेका छन् : -

स्कुल गएँ भने विद्यार्थी हुन्छु
दायाँबायाँ फर्किँदा सहपाठी हुन्छु
अगाडि हेर्दा शिक्षक देख्छु
ब्ल्याक बोर्डका अक्षरमा
ध्यान केन्द्रित हुँदा विद्यार्थी हुन्छु
बाँदरजस्तो मन नबस्न सक्छ कक्षाकोठामा
आमा सम्झेँभने छोरो हुन्छु

कवितांशहरुले प्रतीकात्मक रुपमा विविध किसिमका विचारभावलाई संप्रेषण गर्ने क्षमता र सामर्थ्य बोकेका छन् । प्रतीकात्मक र बिम्बात्मक शब्दसामर्थ्यको जुन किसिमको प्रयोग उनका कविताहरुमा पाइन्छ तिनले विविध विषयवस्तुलाई विविध कोणबाट व्याख्या-विश्लेषण गर्न सकिन्छ र गर्नुपर्छ भन्ने पक्षमा महत्वपूर्ण प्रकाश पारेका छन् । थौरै शब्दमा धेरै कुरा बुझाउन सक्ने र पाठकलाई यसै विषयमा धेरै समय विचार-मन्थनमा झुलाउन सक्ने कवित्व-शक्ति पनि उनीभित्र अन्तर्निहित छ भन्ने विषयमा पनि उनको पछिल्लो प्रकाशित कृति 'अनि प्रतीत्य समुत्पाद शून्य, शून्य महाशून्य' नामक कृतिले वहन गरेको छ ।यस कृतिभित्र रहेका उनका कविताहरुले यही तथ्यलाई प्रकाशित गरेको छ ।उनले लेखेका छन् :-

यो विम्बहरुको देश हो

यो मिथकहरुको देश हो
यहाँ कीरा-धमिराहरु मोटाएर
हात्ती बन्छन्
कीरा-धमिरा हात्तीका
मिथकहरुले मेरै देशको कथा भन्छन्

●●●

पक्का लाटा भनेका हामीहरु हौँ
न त हामीसँग कोही बोल्छन्
न त हाम्रो आवाज कसैले सुन्छ
हो, आज हाम्रो जिब्रो ओठ
जिब्रो-जिब्रोविहीन छ
ओठ-ओठविहीन छ
आज हाम्रा कानहरु
बहिरा समान भएका छन्
भाषा भएर पनि भाषा छैन हामीसित

यो कृतिलाई लालगोपाल सुवेदीले तीन खण्डमा विभक्त गरेर प्रकाशित गरेका छन् । पहिलो खण्ड 'क' अन्तर्गतको 'दु:ख दर्शन' मा मानिस आज किन दु:खी छ भन्ने विषयमा उनले एक किसिमले विश्व-परिक्रमा गरेका छन् । दु:खको मूल कारण 'अहम्' र यही 'अहम्' अन्तर्गत रही अरुलाई दु:ख दिएर भए पनि सुखको खोजी गर्नु हो भन्ने विषयमा विविध उदाहरण दिएर स्पष्ट रुपमा परिभाषित गर्ने काम उनले गरेका छन् । जापानको नागाशाकी र हिरोशिमा, मिसाइल, अणुबम, परमाणु बम, प्रथम विश्वयुद्ध, द्रोस्रो विश्वयुद्ध आदि विविध पक्ष र स्थितिले सिर्जना गरेका दु:खद पक्षहरुमाथि गहन प्रकाश पार्दै मान्छेको अहम्ले निम्त्याएका अत्यन्त दु:खद र विभत्स अवस्थाको चित्रण गर्दै उनले लेखेका छन् :-

भन तुलसा
एक तोला सुनको धेरै माया लाग्छ
कि एक तोला नुनको ?
एक तोला नुनले
एउटा पेट शान्त हुन्छ
एक तोला सुनले एउटा
अहम् तृप्त हुन्छ

भोकजस्तै त हो अहम्‌को भोक
यही अहम्‌ले मान्छे घरी-घरी विथोलिन्छ
यही अहम्‌ले मान्छेलाई हजार दु:ख दिन्छ ।

यसरी खण्ड 'क' मा दु:खका विविध कारण र सन्दर्भहरुका सम्बन्धमा यथोचित प्रकाश पार्दै नेपाली जनजीवनका विविध दु:खद प्रसङ्गहरुमाथि पनि काव्यले महत्वपूर्ण प्रकाश पारेको छ । विविध किसिमका विकृति र विसङ्‌गति एवम् जिम्मेवार पक्षबाट भए-गरिएका अहम्‌मा आधारित क्रियाकलापबाट आजको एक्काइसौं शताब्दीको समय-सन्दर्भमा पनि नेपाली मानव-हृदय कति आहत र जर्जर हुन पुगिरहेको छ भन्ने पक्षमा पनि सुवेदीको यो काव्य खुलेर बोलेको छ । यसका कहिँ कतै बनावटीपन र कृत्रिमता पाइँदैन । जे-जति कुरा लेखिएका छन् ती उपलब्ध ऐतिहासिक तथ्य र आजको समाजको समसामयिक सत्यमा आधारित भएर लेखिएकाले तिनले विश्वसनीयताको पक्षलाई पनि खुम्चन दिएका छैनन् ।बौद्ध-दर्शनमा आधारित विषयवस्तुप्रति प्रकाश पारिएको यो खण्डमा नित्य र अनित्य विषयवस्तुमाथि राम्रो प्रकाश पारिएको छ र यसले मूल रुपमा मान्छेभित्र मनुष्यत्वको खोजी गरेको छ ।

प्रतीत्य समुत्पादको आशय प्राणी प्रत्येक क्षण मर्छ र प्रत्येक क्षण जन्मन्छ भन्नु नै हो । यो बौद्ध-दर्शनद्वारा प्रतिपादित सिद्धान्त हो । यसले शून्य भन्दा पर कोही पुग्न सक्दैन भन्ने तथ्यमा विविध उदाहरण सहित प्रकाश पार्ने काम गरेको छ । लालगोपाल सुवेदीको यो काव्यको दोस्रो खण्ड 'ख' मा रहेको 'प्रतीत्य समुत्पाद' शीर्षक अन्तर्गत मानवहित र भलाइको पक्षका लागि कल्पना, अनुमानभन्दा माथि उठेर यथार्थ-सत्य वा अन्तिम सत्यको खोज गर्नु पर्ने आवश्यकतामा महत्वपूर्ण प्रकाश पारेको छ । उनले लेखेका छन् :-

सत्यको खोजमा छन्
वैज्ञानिकहरु
दार्शनिकहरु
तिनले अर्थ्याउँदै आएका
सत्यहरु फरक छन्
यो बाटो हुँदै
त्यो बाटो हुँदै
जारी छ आजपर्यन्त
सत्य पहिल्याउने क्रम
तर कोही पनि

अन्तिम सत्यमा पुगेका छैनन् ।

लाल गोपाल सुवेदीको यो काव्य आजको विश्वको सामाजिक परिवेश, देश, काल र वातावरणप्रतिको अत्यन्त भावुक र मानिसका मनमा हुने मार्मिक अनुभूतिहरुको अनुभवजन्य काव्यको रुपमा देखापरेको छ । भेदभावमुक्त र समतामूलक समाज निर्माणको आवश्यकतामा यसले मनग्गे प्रकाश पारेको छ । विश्वका विविध महत्वपूर्ण ऐतिहासिक यथार्थ र यसले सिर्जना गर्नपुगेका आजको विश्रृंखलित विश्व-सामाजिक परिवेश र परिस्थितिमाथि प्रकाश पार्ने काम गर्दै वास्तविक अर्थमा मानव-जीवनलाई कसरी सुखी बनाउन सकिन्छ भन्ने सत्यलाई उद्घाटित गर्ने क्रममा दुःखको मूलभूत कारण के हो ? के-कस्तो कुरामा ध्यान दिन सकिएमा दुःखबाट मुक्ति पाउन सकिन्छ ? जन्म-मृत्युको चक्रबाट कसरी मुक्ति पाउन सकिन्छ अर्थात् कसरी निर्वाण प्राप्त गर्न सकिन्छ ? यसको उपाय के हो ? विपश्यना ध्यानको के-कस्तो महत्व छ ? ध्यानबाट जीवनमा के-कस्तो परिवर्तन संभव छ ? आदि विविध पक्षमा प्रकाश पारिएको कवि सुवेदीको यो काव्यको तेस्रो खण्ड 'ग' अन्तर्गत 'निर्वाण' शीर्षकको खण्डमा यही तथ्य समावेश गरिएको छ । अर्को बुद्धको अवतरण हुनु अघि अथवा बुद्ध जन्माउने सन्दर्भमा सन् २००१ देखि सन् ३००० सम्मको समयको परिकल्पना गरी कविले 'शुद्धोधन मायादेवी संवाद' अन्तर्गत नयाँ बुद्धको अपेक्षा गरेका छन् र भनेका छन् :-

महामाया !
गर्नु तिमीले याद
हाम्रो संस्कारमा
तोकिएका छन् अनेक विधान
क्षेत्र शुद्धि, आहार शुद्धि
शरीरिक स्थिति, मानसिक स्थिति
समय ठाउँ र आसनको स्थिति
आओस, इडा, पिङ्ला सुषुम्नाको सुथिति
मेरो श्वासको सूर्य गति र चन्द्र गति
तिम्रो श्वासको चन्द्र गति र सूर्य गति
गर्नु छ हामीले अब सम्मतिमा
हाम्रो सन्तान दरसन्तानमा कत्ति नहोस् क्षति ।

शैक्षिक क्षेत्रमा प्रथम श्रेणीमा सर्वप्रथम भएर लारी स्वर्णपदक (२०५४), महेन्द्र विद्याभूषण (२०५५) बाट सम्मानित कवि सुवेदीले राष्ट्र्व्यापी र अन्य विविध कवितात्मक प्रतियोगितामा सहभागी भई बीसभन्दा बढी पुरस्कार प्राप्त गरिसकेका छन् । अधिकांश

कवि सम्मेलन वा कविता प्रतियोगितामा उनले प्रथम स्थान हासिल गरेका छन् । विविध किसिमका संवेदनशील कविता प्रकाशन र कवितात्मक कृतिहरुको सिर्जनाबाट उनले नेपाली कविता-साहित्यको क्षेत्रमा यथेष्ट योगदान दिँदै आएका छन् । प्रकाशित हुनपुगेका उनका सबैजसो कृतिहरु पठनीय छन् । उनको सिर्जनामा अभिव्यक्ति कलाको नितान्त नवीन प्रयोग पाउन सकिन्छ । उनको सद्य प्रकाशित पछिल्लो कृति 'अनि प्रतीत्य समुत्पाद शून्य शून्य महाशून्य' शीर्षकको यो कृति यसै कोटीको एउटा अर्को महत्वपूर्ण उत्कृष्ट कृतिको रुपमा प्रकाशित हुनपुगेको पाइन्छ । उनको कविता राष्ट्र र राष्ट्रियताप्रेम, प्रकृतिप्रेम, मानवीय मूल्य र मान्यताको खोज, विश्ववन्धुत्वको भावना एक अर्काप्रति सहिष्णुताको आह्वान आदिको भावाभिव्यिक्तिले भरिएका हुन्छन् । नैतिक दृष्टिले हेरिने राम्रा वा नराम्रा पक्षहरुमा प्रकाश पार्दै मानिसमा मनुष्यत्वको भावना पैदा गर्ने कार्यमा उनका शब्दशक्ति निकै तीखो रुपमा प्रयोग भएका हुन्छन् । यो यथार्थबाट यो कृति पृथक् छैन । कल्पना, विचार, शब्दशक्तिको प्रयोग, अनुभव र अनुभूतिजन्य विविध सन्दर्भ र यथार्थ अनि मूल रुपमा बुद्ध-दर्शनमा आधारित भएर विश्व-जीवन र जगत्का सम्बन्धमा अत्यन्त कलात्मक किसिमले लेखिएको उनको यो कृति उत्कृष्ट चेतना चिन्तनमा आधारित एउटा महत्वपूर्ण कृतिको रुपमा देखापरेको छ । यो नेपाली कविता साहित्यको क्षेत्रमा नयाँ प्रयोगमा आधारित नवीन कृतिका रुपमा पनि देखापरेको छ । यिनै तथ्यहरु नै यो कृतिको प्राप्ति र विशेषता पनि बन्न पुगेको पाइन्छ ।

# बाह्र महिनाको नयाँ कृति

❖ ज्ञाननिष्ठ ज्ञवाली

प्रकृतिलाई आधार मानेर काव्य रचना गर्ने परम्परा वेद, पुराण, संस्कृत साहित्य हुँदै नेपाली साहित्यसम्म रहिआएको छ । मूलतः बाह्र महिनाभित्रका छ ऋतुहरूको वर्णन गरिएका काव्य/कविताहरू प्रशस्त छन् । ऋग्वेदमा वर्षा ऋतुको महत्त्वलाई वर्णन गरिएको पाइन्छ । शुक्ल यजुर्वेद अध्याय २ श्लोक ३२ मा सबै ऋतुहरूलाई विभिन्न स्वरूप मानेर नमस्कार गरी मानव कल्याणका लागि अनुरोध गरेको पाइन्छ । त्यस्तै : स्कन्द पुराणमा ऋतुहरूलाई यसरी नमस्कार गरिएको छ :

"वसन्ताय नमस्तुभ्यं ग्रीष्माय च नमोनमः
वर्षाभ्यिश्च शरत्संज्ञा ऋतवे च नमोनमः
हेमन्ताय नमस्तुभ्यं नमस्ते शिशिराय च"

संस्कृत साहित्यका आदिकवि वाल्मीकिले 'रामायण' महाकाव्यमा वर्षा ऋतुलाई विशेष महत्त्व दिएका छन् । संस्कृत साहित्यकै महाकवि कालिदासले 'ऋतुसंहार' नामक प्रकृति काव्यको रचना गरेका छन् । नेपाली साहित्यमा कवि शिरोमणि लेखनाथ पौड्यालको 'ऋतृ विचार' खण्डकाव्य निकै उत्कृष्ट प्रकृति काव्यका रूपमा चिनिन्छ । प्राकृतिक सौन्दर्यको वर्णन गरेर कविता लेख्ने कविहरू अहिले धेरै भइसकेका छन् ।

महाकवि लक्ष्मी प्रसाद देवकोटाका 'ज्वर शमना प्रकृति' र 'झञ्झाप्रति' प्रकृतिका भिन्नभिन्न रूपका (शान्त रूप र उग्र रूपका) उत्कृष्ट फुट्कर कविताहरू हुन् ।

यसरी ऋतु र प्रकृतिलाई शीर्षक बनाएर कविता काव्य लेखिएको परिप्रेक्ष्यमा कवि सुनील पौड्याल (वि.सं.२०१०) को "वर्षका सन्तति" (२०६८) काव्य/कवितासङ्ग्रह देखा परेको छ । यो विषयवस्तुका दृष्टिले पुरानै जस्तो लागे तापनि संरचनाका दृष्टिले हेर्दा नौलो प्रकारको देखिन्छ । सम्भवतः नेपाली साहित्यमा बाह्र महिनालाई छुट्टाछुट्टै शीर्षक दिई लेखिएको यस प्रकारको कृति हालसम्म देखा परेको छैन । तसर्थ यस कृतिलाई केही नवीन संरचनामा भनिएको खण्डकाव्यको परम्परागत

---

* *उपप्राध्यापक त्रिभुवन विश्वविद्यालय*

संरचनाभित्र नरहेको प्रकृति काव्य भन्न सकिन्छ । खास गरी यसलाई कुनै सर्ग वा परिच्छेद भनेर नामाकरण नगरी सोझै वैशाख, जेष्ठ, असार, साउन, भदौ, असोज, कार्तिक, मङ्सिर, पुस, माघ, फागुन, चैत गरी बाह्र महिनाका शीर्षकमा राखिएको छ । तसर्थ यसलाई फुटकर कविता सङ्ग्रहका बान्कीभित्र राखेर अध्ययन विश्लेषण गर्नु मनासिव ठहर्छ ।

पद्य कविता छन्दमा लेखिन्छ । छन्दका आफ्नै नियमहरू छन् । गण मात्रा मिलाएर यसलाई प्रस्तुत गर्नुपर्छ । यति मात्र कहाँ हो र ? “वाक्य रसात्मकं काव्यम् ”(रसिलो वाक्य नै काव्य हो) भन्ने विश्वनाथ र “रमणीय अर्थ प्रतिपादक शब्दः काव्यम्” (रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो) भन्ने जगन्नाथका काव्य (कविता)को परिभाषालाई पनि ध्यान दिएर कविता लेख्दा अझ बढी श्रेयस्कर हुने देखिन्छ ।

त्यसैले त कवि सुनील पौड्याल छन्दका नियमभित्र बाँधिएर यस सङ्ग्रहलाई रसिलो पार्ने प्रयत्नमा लाग्नुभएको छ । यहाँ वैशाख भुजङ्गप्रयात छन्दमा, जेठ अनुष्टुप्, असार अनुष्टुप्, साउन स्रग्धरा, भदौ अनुष्टुप्, असोज शार्दूलविक्रीडित, कात्तिक विद्युन्माला, मङ्सिर उपजाति, पुस अनुष्टुप्, माघ अनुष्टुप्, फागुन अनुष्टुप् र चैत मात्रिक छन्दका फन्कामा बेरिएका छन् । भुजङ्गप्रयात, अनुष्टुप्,स्रग्धरा, शार्दूलविक्रीडित, विद्युन्माला,उपजाति र मात्रिक गरी सात छन्दले यसमा स्थान पाएका छन् । आफूभन्दा अग्रज कविहरूका झैँ कवि पौड्यालले पनि अनुष्टुप् छन्दलाई बढी मन पराएको देखिन्छ ।

विषयवस्तुका दृष्टिले यस सङ्ग्रहलाई हेर्दा प्रकृतिकै केन्द्रियतामा यसको सेरोफेरो घुमेको छ । प्रकृतिलाई मानवीकरण गरेर कविले कतै शान्त सौम्य शीतल प्रकृतिको चित्रणमा आफ्नो कलम घुमाएको देखिन्छ भने कतै उग्र रूपको चित्रण गरेको पाइन्छ । वैशाखलाई जवानीले परिपूर्ण भएकी उज्याली राम्री स्वर्गकी अप्सरा जस्ती भनिएको छ भने ‘जेठ’ महिनाको कवितामा सूर्यलाई नवविवाहित पत्नी भनेर वर्णन गरिएको छ । ‘असार’ महिनामा नदी र खोलालाई राक्षसका रूपमा लिइएको छ । जुनजुन महिनामा प्रकृति जस्तोजस्तो रूपमा देखिन्छ त्यसको त्यही रूपमा सजीव चित्रण, गरिएको यस कृतिमा अहिलेको लोकतान्त्रिक मूल्य र मान्यतालाई पनि महत्त्व दिई नेपाल बहुभाषिक, बहु धार्मिक, बहु जातीय राष्ट्र हो भन्ने तथ्यलाई महिनाकै सन्दर्भमा खुलाइएको छ । यसको प्रमाणका रूपमा जुनजुन महिनामा


जस्ताजस्ता चाडपर्वहरू पर्दछन् तिनको सङ्केत गरिएको छ । नयाँ वर्ष, तीज, गौरा पर्व, देउडा नाच, कृष्णाष्टमी, इन्द्रजात्रा, सोह्र श्राद्ध, दशै, तिहार म्हःपूजा, योमरी पूर्णिमा, उर्धोली चाड, क्रिस्मस, तमु ल्होसार, सोनाम ल्होसार, गेल्बु ल्होसार, माघे सङ्क्रान्ति, सरस्वती पूजा, शिवरात्रि, फागु पूर्णिमा, घोडेजात्रा, चैते दसैँ जस्ता अनेक चाडपर्वहरूले कृतिमा स्थान पाएका छन् । विभिन्न जातजाति धर्म संस्कृतिको सम्मान गर्दै कविले साङ्केतिक रूपमा "अनेकतामा एकता नेपालीहरूको विशेषता" भन्ने तथ्यलाई समेत देखाउन खाजेको पाइन्छ । साथै महिना महिनामा पाइने प्रकृतिका विविध रूपको चित्रण गर्दा मानिसका खानपानका सन्दर्भलाई पनि मर्मस्पर्शी एवं यथार्थपरक ढङ्गमा मिहीन तरिकाले केस्राकेस्रामा छुट्याइएको छ ।

श्लोक संरचनाका दृष्टिले हेर्दा वैशाख तेह्र, जेठ तिस, असार एक्काइस, साउन तेह्र, भदौ उन्नाइस, असोज तेह्र, कात्तिक बत्तिस, मङसिर बाइस, पुस एक्काइस, माघ तेइस, फागुन उन्नाइस, चैत उन्नाइस रहेकाले कात्तिक महिना वाहेक अन्य महिनामा त्यति धेरै अन्तर नपाइने, तथापि समान वितरण नभएको स्पष्ट हुन्छ ।

कविजी, तपाईंले यसभन्दा अगाडि कथा पनि लेख्नुभएको रहेछ । 'स्वास्नी मान्छे', 'ऐनामा हेर्दा' दुईटा निबन्धसङ्ग्रह, 'बेलायत यात्रा : कल्पना र यथार्थ' यात्रा संस्मरण, 'हराउने पाइलाहरू' काव्य अनि अरु त मलाई भन्नुभएकै छैन । यसरी आफ्नो परिचय लुकाउन खोज्ने, केही जान्दिन भनेर बाह्र महिनाका बाह्र थरि मीठा कविता त्यो पनि छन्दमा रच्ने यस्ता कविसँग सुखद भेटको अवसर जुराइदिने आदरणीय दाजु सुशील कुमार अर्याललाई त मैले धेरै-धेरै धन्यवाद दिनुपर्छ । म पनि सुनील र सुशील जस्ता दुई मित्रहरूको मित्रताबाट प्रभावित भएको छु ।

अब अन्त्यमा कवि पौड्यालको 'वर्षका सन्तति' कविता सङ्ग्रहलाई काव्य गुण र काव्य दोषका वा अन्य आँखाबाट समालोचनात्मक दृष्टिकोण राख्ने जिम्मा पाठकका हातमा सुम्पँदै नेपाली कविता साहित्यले कवि पौड्यालबाट अन्य कृति (कविता) पाओस ।

# स्वागतम् ! स्वागतम् !! स्वागतम् !!!



❖ ईश्वर पोखरेल

परीक्षामा उतीर्ण हुनु भयो ? बधाई छ ।

परीक्षामा अनुतीर्ण हुनुभयो ? बधाई छ ।

भनिरहनु नपर्ला; पहिलो बधाई मैले मेरो विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त अन्तर्राष्ट्रिय स्तरको 'इन्टरनेसनल हाइयर एजुकेसन एण्ड क्याम्पस'को तर्फबाट दिएको हुँ; दोस्रो बधाई भने मेरो 'शतप्रतिशत उतीर्ण कोचिङ्ग सेन्टर'को तर्फबाट टक्र्याएको हुँ ।

सर्वप्रथम पहिलो बधाईको केही विस्तारमा चर्चा गरौं ।

यो बधाई स्वीकार गर्न तपाईले आनाकानी गर्नै पर्दैन; यो बधाईको खाँट्टी र एक मात्र हकदार भनेकै तपाई हो । मैले सबैलाई यस्तै भन्दैआएको छु; तपाईलाई किन छुटाऊँ ! वास्तवमा तपाईले प्राप्त गर्नु भएको यस परिणामले तपाईको कुशलतालाई स्पष्ट रूपमा देखाउँछ । पढेर पास हुनु भएको भए, यसले स्पष्ट गर्दछ : तपाई एक होनहार विद्यार्थी हुनुहुन्छ ।

चोरेर पास हुनु भएको भए यसले अझ स्पष्टसंग देखाउँछ : तपाई चोरी जस्तो जटिल तर सामयिक यस महत्वपूर्ण कलामा पारङ्गत हुनुहुन्छ । जगजाहेर छः चोर्नु आफैमा एक कला हो । कतिपय अकुशल अभागी चोरहरू चोर्दाचोर्दै पक्राउ पर्छन् । जस्तो, हिजो हाम्रो टोलका ठिटाहरूले एउटा पटके चोरलाई दराज फोर्दाफोर्दै फेला पारेछन् । त्यसपछि त्यसको हालत के भयो : तपाई आफै अनुमान गर्नुहोस् । तपाईको त्यस सगोत्रीको त्यस अवस्थाको सबिस्तार वर्णन गरेर प्रारम्भिक चरणमा रहेको मेरो तपाईसंगको सम्भावित सुमधुर सम्बन्धलाई यति चाडै बिगार्न चाहन्न । मेरो आग्रह के मात्रै हो भने, कृपापूर्वक मेरो बधाई स्वीकार गर्नुहोस् र मेरो अन्तर्राष्ट्रिय स्तरको 'इन्टरनेसनल हाइयर एजुकेसन एण्ड क्याम्पस' मा सरासर पाल्नुहोस् । मेरो ' इन्टरनेसनल हाइयर एजुकेसन एण्ड क्याम्पस'को थातथलो फेला पार्न सकिदैन कि भनेर तपाईले सोच्नै पर्दैन, शिक्षाको उज्यालो घामबाट कोही बन्चित हुनु नपरोस् भनेर हामीले तपाईको गाउँटोलमै बिचौलियाहरू नियुक्त गरेका छौं । बिचौलिया नभईकन त न व्यापार चल्ने अवस्थामा छ; न राज्य व्यवस्था । कुनै पनि मन्त्रालय, विभाग र

अड्डामा जानोस्; बिचौलियाको सात तहको सुरक्षाघेरा नछिचोलीकन तपाईले प्रवेश पाउनु हुन्न । तपाई कुन कामका लागि आउनु भएको हो भन्ने कुराको जवाफ दिएर त हेर्नोस्; उसले तपाईको पाखुरा समात्ने सामर्थ्य प्राप्त गरिसकेको हुन्छ । तपाई अब गम्भीर मोलमोलाईका लागि तयार रहनुहोस् । यसरी देशै बिचौलियाले चलाएको भान पर्ने अवस्थामा हामी कसरी अछुत रहन सक्थ्यौं र ! हाम्रा बिचौलियाहरू तपाईलाई भिसा र टिकटको बन्दोबस्त भइसकेको भए पनि फिर्ता ल्याउने ल्याकत राख्छन् । तर समस्या के भने बिचौलिया कहिले मन्त्रीजीलाई खाँचो पर्छ; कहिले सचीवजीलाई । ती मन्त्रालयतिरै बढी अल्मलिएर स्तरीय र प्रभावकारी सेवा प्रदान गर्न चुके भने, कृपया, हामीलाई फोन गर्नुहोस्; हामी तपाई घरमा हुनुहुन्छ भने घरमै, मामाघरमा हुनुहुन्छ भने मामाघरमै, पार्कमा हुनुहुन्छ भने पार्कमै, क्याबिन रेस्टुरेन्टमा हुनुहुन्छ भने क्याबिन रेस्टुरेन्टमै, जहाँ जतिबेला भन्नु हुन्छ त्यही, त्यतिबेलै लिन आउँछौं । नजिकै हुनुहुन्छ भने गर्लफ्रेन्ड, ब्यायफ्रेन्ड जो जे छ; साथसाथै पाल्नु भए हुन्छ : स्वागत छ ।

अब दोस्रो बधाईको चर्चा गरौं ।

स्पष्टै छ : यो बधाई तपाईले आफ्ना बाबुआमा र गुरुहरूलाई हिस्स पार्न सकेको कारणले प्राप्त गर्नु भएको हो । तपाई खाट्टी प्रजातन्त्रवादी हुनुहुँदोरहेछ : बाबुआमा र गुरुहरूलाई हिस्स पारेरै तपाई बहुमतको पक्षमा उभिनु भो । साँच्चै भनौं भने यस रिजल्टले देखाउँछ, तपाईमा एक होनहार भावी राजनीतिक नेताका लक्षणहरू भरमार छन् । हाम्रो सन्दर्भमा विद्यालयको परीक्षामा अनुतीर्ण हुनुको सोझो र स्पष्ट अर्थ राजनीतिमा प्रवेश गर्ने 'इन्ट्रान्स' उतीर्ण हुनु हो । ढुक्क भए हुन्छ : तपाई बहुमतमा हुनुहुन्छ । हामी यस्तो बहुमत आउँदा दिनमा पनि तपाईंलाई सहज रूपमा प्राप्त होस् भन्ने कामना गर्दछौं । प्रजातन्त्रमा बहुमतले शासन गर्दछ । तपाई पहिले मुलुक सञ्चालनको 'ताल-साँचो' ग्रहण गर्नुहुन्छ कि आठ कक्षा उतीर्ण गरेको प्रमाण पत्र ? दश कक्षा उतीर्ण नगरीकन पनि हाम्रो देशमा सत्ताको सिढीं चढ्न मिल्छ । हाम्रो देशमा खरिदार हुन योग्यता चाहिन्छ, मन्त्री हुन होइन । तैपनि देश र समाजका लागि बाह्र कक्षा पास भइदिन चाहनुहुन्छ भने हाम्रो कोचिङ्ग सेन्टरमा पाल्नुहोला ।

हल्का मेहनतले उच्च सफलता कसरी प्राप्त हुन्छ : यो हामीलाई थाहा छ । तपाई हाम्रो 'ट्रिक' ग्रहण गरेर जस्तै 'मै हुँ' भन्नेलाई पनि पछार्न सक्नुहुन्छ । यो हाम्रो दावा हो । जस्तोसुकै परीक्षा पास गर्ने सरल र 'सट-कट' बाटो हामीले पत्ता लगाएका छौं र त्यो तपाईलाई बताउन पाउँदा हामीलाई खुसी लाग्नेछ । अतः यो पालीको जाँचमा अनुतीर्ण हुनु भएकोमा हाम्रो बधाई स्वीकार गर्नुहोस्, कृपापूर्वक हाम्रो कोचिङ्ग सेन्टरमा पाल्नुहोस् र आफ्नो भविष्यको 'कोठाचोटा' बेलैमा रङ्गाउनुहोस् ।

हाम्रो कोचिङ्ग सेन्टर तपाईलाई हार्दिक स्वागत गर्दछ ।

महालक्ष्मी–३, बोझेपोखरी; ललितपुर



# 'छोटु' र सञ्जीवको जीवन सङ्घर्ष

❖ वासुदेव अधिकारी

## कृति प्राप्ति र पठन

सुखका झिल्काझिल्की तथा दुःखका त्यान्द्राहरू जीवनका अभिन्न पक्ष हुन् । दुःख सबैको जीवनमा छ, हुन्छ । तर त्यसको मात्रा, प्रकृति  र समय फरक फरक हुन्छ । दुःखका ससाना त्यान्द्रोमा अल्झिएर धेरैको जीवन जटिल मोडमा पुग्छ । त्यान्द्रोलाई केलाएर बाट्न सके त्यो डोरी, दाम्ला, पिङ हुन सक्छ । त्यसले ऊर्जा पनि प्रदान गर्छ, अन्यथा परिणाम प्रतिकूल नै हुन्छ । साहित्यका सन्दर्भमा कुरा गर्दा लेखकले आफ्नो वा अरूको जीवनका यस्तै त्यान्द्रालाई तुन्दै-बुन्दै महनीय साहित्य सिर्जना गर्ने हो । पिच बन्नु अघि प्रत्येक बाटोमा खाल्टाखुल्टी हुन्छन् । जब बाटो पिच हुन्छ, पुरानो खाल्टाखुल्टी बिलाएर जान्छन्, गोरेटाहरू इतिहासको गर्तमा थन्किन्छन् । त्यही पिच बाटोबाट यात्रा अघि बढ्छ । तसर्थ दारूण जीवनको कथा दुःखका त्यान्द्रोबाट बुनिएको सुन्दर बस्त्र जस्तै हो । त्यो बस्त्र हेर्दा मात्र सुन्दर हुँदैन छाम्दा, लगाउँदा नै आनन्ददायक हुन्छ । यस्ता भावनाबाट तुनिएका बस्त्र बजारबाट किनेर ल्याइने बस्त्र भन्दा भिन्न हुन्छ यसले समान अनुभूति गर्नेहरूलाई बढी स्पर्श गर्छ । हाम्रा वरिपरि तानमा हाली बस्त्र बनाउनु पर्ने कथाका त्यान्द्राहरू प्रशस्त छन् । तिनलाई हामीले उपयोग गर्न सकेका छैनौँ ।

बैंकर मित्र सञ्जीव पौडेलले मलाई 'छोटु' दिँदा मैले 'के यो उपन्यास हो?' भनी सोधेको सम्झिन्छु । उनले यो किताब संस्मरणात्मक कृति हो भनेपछि मेरो अन्दाज फेल खाएको थियो । कृति पढेँ । पढ्दा सञ्जीवको जीवनको सग्लो चित्र उपस्थित भयो । धेरै कथा उपकथाहरू जस्तो लाग्ने सञ्जीवको जीवन 'छोटु'मा पोखिएको रहेछ । 'छोटु' अतिविपन्न वर्गबाट उदाएको एक जागिरे (प्राफेसनल)को कथा हो । कृति पढ्दा पढ्नुपूर्व आफूसँग कृषि विकास बैंकका सञ्चालक पदको निर्वाचनताका भेट भई सामान्य ' हाइहेलो'को सम्बन्धमा आबद्ध सञ्जीवको जीवनका बारेको अनभिज्ञतायुक्त सीमा थियो । त्यस सीमालाई 'छोटु' पठनले विस्तार गरिदिएको छ । कृति पढिसकेपछि आफूले थाहा नपाएका, नचिनेका र संगत नगरेका व्यक्तिसँग कति घतलाग्दा, कति मर्मस्पर्शी र प्रेरणादायी कथा रहेका हुँदा रहेछन् भन्ने कुरा हेकका गर्न पुगेको छु । कृति पढिसकेपछि 'छोटु' लेखक सञ्जीव पौडेलको जीवन हेर्ने निकै सफा ऐना हो, यसमा लुकाइछिपाइ वा फुँदागँसाइ कम छ ।' भन्ने मेरो निष्कर्ष रहेको छ ।

'छोटु' को आवरण हेर्दै मैले 'छ' को ओकार तथा 'ट' को उकारमा र छाँया र छाँयारङ (कलर) देखेर सञ्जीवको जीवन पक्कै पनि सङ्घर्षयुक्त होला, किताबको अक्षरको उक अंश त सिङ् वा पुच्छर घायल रहेको जस्तो देखियो भन्ने अड्कल गरेको थिएँ । कृति पढिसक्दा मेरो त्यो अड्कल मिल्यो । आवरण चित्र तयार गर्ने कलाकारले मर्म अनुसारको आवरण तयार गरेका रहेछन् । कृतिमा उनको जीवन सङ्घर्षको अनगिन्ति मसिना कथाहरू रहेछन् । कृषिमा आबद्ध ग्रामीण विपन्न बाम्हण समुदायका किशोरले परिवार धान्न, यथोचित लेखपढ गरी प्रतिस्पर्धात्मक तवरले जागिरमा पस्न, कायम रहन तथा अघि बढ्न कस्ता अवरोध सामना गर्नु पर्छ भन्ने साक्ष्य 'छोटु' हो । यसमा मुख्य पात्र वा व्यक्तित्वका रूपमा लेखक सञ्जीव पौडेल रहेका छन् । उनको नाम आरम्भमा मुरली, बीचमा 'छोटु' र पछि सञ्जीव रहेको छ । सञ्जीवकृत यस संस्मरणत्मक कृतिलाई इटहरीका दिनेश पौडेलले यथोचित सम्पादन गरी धेरै गुन लगाएका छन् । कृति रचनाको प्रेरक व्यक्तित्व चाहिँ स्थापित साहित्यकार अनिल पौडेल रहेका देखिन्छन् । अनिल पौडेलको प्रेरणा र दिनेश पौडेललको सम्पादनको मूल्यमा पनि कृतिलाई हेर्नु पर्ने हुन्छ । कृति लेखन तथा प्रकाशनमा सहकार्यको संस्कार आफैँमा सुखद पक्ष हो । यसले विषवस्तुलाई परिमार्जित बनाउन मद्दत गर्दछ ।

**'छोटु'को जीवन कथा**

लमजुङ जिल्लाको अर्चलबोट भञ्ज्याङ डाँडाका सञ्जीव अतिविपन्न दम्पत्ति 'कलाधर पौडेल र तुलसा पौडेल' का कान्छा छोरा हुन् । तुलसा कलाधरका कान्छी श्रीमती थिइन् । कलाधरले पहिलो श्रीमती बितेर बिहे गरेका हुन् । शुरूमा सञ्जीवको बल्यकालको नाम मुरली थियो । खरदारका नामले चिनिने उनका बाबु कलकत्ता, भारतमा कम्पनीको गार्डको रूपमा काम गर्थे । कलाधर बिरामी भई बोकिएको अवस्थामा घर आए । उनी घर आएको चौथो दिनमै बिते । सञ्जीवलाई अहिलेसम्म बाबुको अनुहारको याद छैन । त्यतिबेला उनी दुधे बालक नै थिए । आमा परिश्रमी र स्वाभिमानी थिइन् । परिवारमा सञ्जीवभन्दा पहिले ऋषिराम, एकदेव, बामदेव र चीजा जन्मिएका थिए । तीमध्ये चीजा दिदीको बिबाह भई पाँच सन्तान जन्मिएपछि असामयिक निधन भयो । अरू आ-आफ्नो भागमा पर्ने जीवन सङ्घर्षमा हेलिए, कठिन मिहिनेत गरी अघि बढे ।

बाबुको निधनपछि ऋषिराम र एकदेव थोरै रकमका लागि साहुकोमा बाँधा बसे । आमाले परिवार धान्नका लागि निमेक गर्ने, धान चिउरा आदि कुटी बजारमा लगेर बेच्ने काम गरिन् भने ठुल्दाइ कामको लागि भारत गए । मुरलीले ३ कक्षासम्म गाउँमै पढे, गरिवीको कारण त्यसपछि उनको पढाइ रोकियो । १० वर्षको उमेरमा दाइ गाउँ आएको मौका छोपी रोइकराइ गरी वा जुक्तिबुद्धि लगाई उनी पनि भारतको दिल्ली पुगे । त्यहाँ उनले त्यहाँको कोठी (घर) मा घरेलु कामदारको रूपमा काम गरे, मालिकको

तुच्छ व्यवहार भोगे । बाल मजदूरको रूपमा उनले भोगेको सास्ती, अपमान र टोकसो असामान्यस्तरको थियो । त्यहाँ उनलाई मुरली होइन 'छोटु' भनियो । भारतमा काम गर्दा भनिएको नाम 'छोटु' लाई नै उनले किताबमा पनि चयन गरे । दिल्लीमा रहँदा उनले अल्प आहारमा दिन बिताए, घरेलु कामदारले खेप्ने अपमान खेपे, स्कुटीको ठक्करले घाइते भए, बाँचे र ११ महिनापछि नेपाल फर्किए । त्यतिबेला उनी ११ वर्षका थिए ।

नेपाल आएपछि उनी झन् असहजताले घेरिए । उनको मनमा पढ्ने धोको कायम नै थियो । तर आमा र परिवारको आर्थिक हैसियत उनलाई पढाउन सक्ने थिएन । जोखिम मोलेरै स्कुल गए, भर्ना भएर आँट गरेर प्रधानाध्यापकसँग मागेरै छात्रवृत्ति लिए । उर्जावान् 'मुरली'को नाम फेरियो । उनी 'सञ्जीव' बने । उनले लगनशीलताका साथ पढेर देखाए । नौ कक्षामा पढ्दा स्कुलको विद्यार्थी युनियनको गतिविधिमा लागी प्रतिस्पर्धा मार्फत् स्कुले विद्यार्थी युनियनको पहिलो अध्यक्ष पनि बने । सञ्जीवले फलामे ढोका मानिने एसएससी परीक्षा बकाइदाले पास गरे । अर्थात्, उनले प्रथम श्रेणी ल्याई स्कुल र परिवारको नाक राखे । एसएलसी पास भएपछि उनले इन्जिनियर बन्ने सपना बुने । तर त्यो सपना विपनामा परिणत भएन । उनले अल्पअवधिमै इन्जिनियर बन्ने सपना त्यागी लमजुङस्थित सुन्दर बजारको कृषि क्याम्पसमा आइएससी (एजी) पढ्न भर्ना भए । आइएससी एजीको पहिलो वर्ष पढाइसकेपछि, अर्थात् जेटिए हुने योग्यता पुगेपछि सञ्जीवले जीविकाको लागि लक्ष्मीनारायण निम्न माध्यमिक विद्यालयमा आदिमा अध्यापन गरे । दोस्रो वर्षको पढाइका लागि उनी चितवनस्थित रामपुर क्याम्पस पुगे । सामाजिक परिवर्तनका चेतले छोइएका उनी कयौँ सामाजिक अभियानमा सामेल भए, बहुदलको प्रचारमा लागे, जेल परे र मित्रमणि हत्याकाण्डको साक्षी बन्न समेत भ्याए । पंचायत बिरोधी गतिविधिमा संलग्न भएकै कारण रामपुर क्याम्पसमा तीन महिना रेस्टिकेटमा परी पढाइलाई पुनः चालु राखे । बि.सं. २०४२सालमा स्कुलका बालसखा तथा सहपाठी मीना अधिकारीसँग दुबैतिरका अभिभावक खुशी नहुँदा नहुँदै पनि बिहे गरी दाम्पत्य जीवन आरम्भ गरे ।

सञ्जीवले मिहिनत गरेरै कृषि विकास बैंकमा जागिर शुरू गरे । कृषि पढ्ने मन हुँदा हुँदै पनि उनले शिक्षाशास्त्रतिर पढाइ अघि बढाउनु पर्‍यो । उनले कृषि विकास बैंकको मङ्गलटार, त्रिशुली, हेटौँडा, कबिलास, भरतपुर, गोरखा र केन्द्रीय कार्यालय तथा तालिम केन्द्रतर्फ चितवन, मङ्गलापुर र बोडेमा काम गरे । उनले जागिरमा रहँदा आफ्नो जिम्मेबारीको काम कुशलतापूर्वक सम्पादन गरे । घर व्यवहार र जागिर दुबैको सन्तुलन मिलाएर अघि बढ्नु उनको विशेषता नै थियो । त्यसक्रममा उनी पटक पटक दुर्घटनामा परे, स्नायु सम्बन्धी गम्भिर खालको विरामी भए र त्यसलाई पार लगाए । अरूले झैँ उनले पनि काम गर्दा अफिसियल निर्णयको सन्दर्भमा हुने वा गरिने पक्षपात भोगे । तथापि सत्य र न्यायको पक्षमा उनी सदैव डटिरहे । जागिरको सन्दर्भमा उनी केही

समय कर्मचारी सङ्घसँग पनि जोडिन पुगे । उनले बैंकका उच्च पदस्थ व्यक्तिहरूको सकारात्मक नकारात्मक सोच तथा व्यवहारको अनुशीलन गर्न पाए । तालिम केन्द्रमा रहँदा उनलाई पढ्न र व्यक्तित्व विकास गर्न केही सहज भयो । उनले आफूभन्दा माथिका हाकिमको अनुकरणीय व्यवहार पनि देखे, तुच्छतम स्वार्थ र लापरबाहीयुक्त व्यवहारसँग पनि साक्षात्कार गरे । कयौँ सन्दर्भमा उनी आफैँ न्याय पाउन नसक्ने अवस्थाको सिकार पनि भए ।

घर व्यवहारतर्फ उनलाई उनका ससुराको साथ सहयोग, आमाको माया तथा आशीर्वाद र जीवनसाथी मीनाको साथ सधैँ रहिरह्यो । जीवनसाथी मीनाले स्कुल पढाउँदै बच्चा हुर्काउँदै उनलाई पाइला पाइला साथ दिइरहिन् । दाजुहरू पनि सदैव सहयोगी रहिरहे । जीवन चक्रमा उनले घरि बाढीको प्रकोप घरि अन्य प्रतिकूलता भोग्नु पऱ्यो । ०६९ सालमा आमाको निधन क्यान्सर रोगबाट भयो । जागिरमा उनी नवौँ तहसम्मको जिम्मेबारीमा पुगी तीस वर्षमा सेवा निवृत्त भए । सानो उमेरमा विदेश पुगेका उनले जागिरमा रहँदा र त्यसपछि पनि विदेश भ्रमण गरी त्यहाँको समाज व्यवस्था अध्ययन गर्न पाए । जागिर सकिएपछि पनि उनी चूप लागेर बसेन । जागिरमा रहँदा एक सञ्चालकले प्रदर्शन गरेको गैरजिम्मेबार कार्यशैलीले बिझेका उनले आफ्नै बैंकको सञ्चालकको पदमा साधारण शेयरधनिको विश्वास प्राप्त गरी जीत हासिल गरे । सञ्चालकको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेको कारण उनलाई अर्को कार्यकालका लागि पनि सोही जिम्मेबारी पाउन सहज भयो । यसप्रकार अतिविपन्न परिवारका सञ्जीव व्यक्तिगत जीवन तथा पेसागत जीवनमा सफल र सक्षम हुन सके । उनको चितवन भरतपुरमा घर छ । छोराछोरी बिवाहित छन्, देश बाहिर छन् । सञ्जीवलाई आफ्नै सङ्घर्ष-आर्जित उज्यालो र रापको न्यानो ताप्न पाएको सुखद अनुभूति छ ।

**संरचना तथा सन्दर्भ**

'छोटु' नेपाली साहित्यमा प्रकाशित गैर-आख्यानात्मक (ननफिक्सन) कृति हो । कृतिमा लेखकले २८ शीर्षकमा आफ्नो जीवन कथा सुनाएका छन् । त्यसपछि उनकी जीवन संगिनी मीनाको कुरा, शुचेच्छुकहरूका भनाइ, सञ्जीवकै लेख र तस्वीरहरू समेटिएका छन् । किताबको प्रारम्भमा प्रशासक तथा साहित्यकार दिनेश थपलिया, कृति लेखनका उत्प्रेरक व्यक्तित्व अनिल पोडैल र उनकै भूमिका आएको छ । तीनै भूमिकाले किताबको मूल्य प्रष्ट्याउन सहयोग गरेका छन् । आफ्नो भूमिकामा दिनेश थपलियाले बा-आमा विषयका आफ्ना दुई कविताका अंश पनि समाविष्ट गरेका छन् । दुबै भूमिका पठनीय, मननीय र मर्मस्पर्शी रहेका छन् । जहाँसम्म नामको विषय छ कृतिको नाम आख्यानात्मक भए पनि सो नाम लेखक सञ्जीवले एक पटक प्राप्त गरेको नाम हुनाले सान्दर्भिक नै छ । यसमा सञ्जीवको जीवन, वंश, परिवारका नालिबेलीका साथै उनले काम गरेको संस्था, कृषि विकास बैंकको केही सान्दर्भिक प्रसंगहरू आएका छन् ।

कृति आत्मकथा विधामा संरचित छ र यसका मुख्यपात्र सञ्जीव नै हुन् । तथापि आमा तुलसा र जीवनसाथी मीना गहिरा, दृढ, कर्मठ र अनुकरणीय व्यक्तित्वको रूपमा देखिएका छन् । यी दुई पात्रको भरोसा र सहयोग विना सञ्जीवको जीवन न पूर्ण हुन्थ्यो न अग्रगामी । सञ्जीवको तीन नाम ‘मुरली’, ‘छोटु’ र ‘सञ्जीव’मध्ये ‘मुरली’ पात्र बढी मायालु देखिन्छ । ‘छोटु’ निरीह छ र ‘सञ्जीव’ सङ्घर्षशील । यस कृतिको नामको विषयमा लेखकले प्रकाशन पूर्व मलाई सोधेको भए तीनमध्ये म ‘मुरली’ राख्न सुझाउँथेँ होला । नसोधेको पनि राम्रै भयो । पक्का छ, मेरो प्रस्तावले सञ्जीवको मन एकाध दिन द्विविधामा फस्थ्यो । ‘मुरली’ले ‘छोटु’ले एघार महिना खेपेको दुःखभन्दा धेरै गुना दुःख खेपेको छ, आफ्नो योग्यता देखाएको छ ।

कृतिमा कविता, कथा, उपन्यास, निबन्ध, लेख, अन्य व्यक्तिका अनुभूतिहरू मिसिएर आएका छन् । अर्थात्, कृति आत्मकथ्यको बाहुल्य भएको मिसमास कृति हो । ‘छोटु’मा उनले भोगेको २०२० सालपछिको चार दशकको समय, समाज र सांस्कृतिक परिदृश्य आएको छ । भूगोलको सन्दर्भमा गण्डकी, नारायणी, बाग्मती र लुम्बिनी सघन रूपमा आएका छन् भने भारत तथा अष्ट्रेलियाको भूगोल पनि आइपुगेको छ । सञ्जीवको जीवनको पाइला परेका, विचरण गरेका र संघर्ष गरेका लमजुङ, काभ्रे, नुवाकोट, चितवन, रूपन्देही र काठमाडौँ उपत्यकाका अनेक सन्दर्भहरू कृतिमा आएका छन् । यस्ता कृतिमा भूगोल आफैँ आउँदैन, भूगोल आउँदा त्यहाँको त्यतिबेलाको परिवेश आउनु स्वाभाविक छ । त्यो आएको छ । सञ्जीवको जीवनको सुनमा केही पात्रहरूको सहयोग, गुन र सद्भावको सुगन्ध मिसिएको छ । त्यस्ता सुगन्धले सञ्जीवलाई यस अवस्थामा आइपुग्न, व्यक्तित्व निर्माण गर्न मद्दत पुगेको देखिन्छ । ती पात्रहरू हुन् : समाजसेवी सुकमान गुरूङ, कृषि विकास बैंकका तत्कालीन उप–महाप्रवन्धक माधव प्रसाद उपाध्याय र सोही बैंककै प्रवन्धक राम कुमार श्रेष्ठ । स्कुले जीवनमा उनको संवेदना बुझी छात्रवृत्ति प्रदान गर्न सहजीकरण गर्ने प्र.अ. गोविन्दबहादुर कुँवर र शिक्षक शेषकान्त खनाल चाहिँ बिर्सिनै नसकिने पात्र हुन् । उनले सञ्जीवलाई गरेको सहयोग र स्याबासीको मूल्य न वर्णन गर्न सकिन्छ न तिरेर नै तिरिन्छ ।

किताबमा पेसागत जीवनका केही बिम्ब, केही मार्मिक चित्र प्रस्तुत भएका छन् । झल्याकझुलुक रूपमा आउने त्यस्ता बिम्बहरूमा कृषि विकास बैंकको नीति, गतिविधि, संरचना, कार्य संस्कार, कामको क्षेत्र आदि हुन् । सञ्जीव पोखिदा उनको कर्मथलो कृषि विकास बैंकमा उनले गरेको काम, व्यहोरेको समस्या, व्यवस्थापनका सकारात्मक नकारात्मक रवैया, युनियनको भूमिका तानिएर आउनु स्वाभाविक छ । किताबमा सञ्जीव पौडेल बैंकका श्रीकृष्ण उपाध्याय जस्ता अगुवाको बैंक सञ्चालन सम्बन्धी प्रस्तावना, केही असल चरित्रका व्यवस्थापकको कार्यशैलीबाट प्रभावित भई सकारात्मक मूल्य बोध गरेका छन् भने पद अनुसार आचरण गर्न नसक्ने हाकिम पनि चिन्न भ्याएका छन् । त्यस्तै,

आफ्ना पक्षका युनियनको दाम्लोमा बद्ध भई वा तिनको अनुचित/प्रतिशोधी प्रस्तावको कार्यान्वयनमा लाग्ने तर स्वार्थपरक झुण्ड बाहेकका सही मर्का नसुन्ने प्रशासन आदिको प्रसंग आएको छ । आफ्नो भूमिका निर्वाह गर्ने तथा नगर्ने दुबैथरि कर्मचारी किताबमा आइपुगेका छन् । लेखक सञ्जीवले जिम्मेबारी निर्वाह, कर्तव्यपरायणता आदिको चहकमा सुशासन र पारदर्शिताको विषयलाई उठान गरेका छन् । एउटा पेसाकर्मीको किताबमा त्यस्ता विषय आउनु र उनी सुशासनको पक्षमा उभिएको दृष्टान्त चित्रित हुनु सुखद विषय नै हो । यसले आम पाठकलाई पेसाकर्मीहरू सुशासनको पक्षमा उभिनु पर्ने सकारात्मक सन्देश प्रदान गर्दछ ।

'छोटु'मा सञ्जीवको पाँच पुस्ताको कथा आएको छ । सञ्जीवको हजुरबा, बाआमा, आफ्नै (सञ्जीव), छोराछारी र नाति पुस्ताको । किताबमा विषयको आवश्यकता अनुसार पितापुर्खा केलाउने सिलसिलामा बाजेबजैको, थोरै अंशमा नाति नातिनाको पुस्ताको विषय उठान भएको छ भने हुर्काइ, पढाइ, लेखाइ र बिहेबारीको सन्दर्भमा छोराछोरी पुस्ताको विषयको आएको छ । किताबको मुख्य अंशमा सञ्जीव र सञ्जीवको पुस्ता आउनु स्वाभाविक छ । गाउँ, शहर, कृषि, मजदुरी, पढाइ, जागिर सन्दर्भमा सञ्जीव र सञ्जीवको पुस्ता किताबमा बोलेका छन् । त्यस पुस्ताको आड भरोसा हुनु पर्ने बाआमाको पुस्ता, तिनको जीवन सङ्घर्ष र पसिनाको खोलो किताबमा सुसाएको छ र त्यो निकै प्रभावकारी छ । थोरै भए पनि 'छोटु' भन्दा 'छोटु'को बाआमाको जीवन सङ्घर्ष छोइने खालको छ । यो त्यतिबेलाका विपन्न गरीव किसान परिवारको इतिवृत्त नै हो । यो किताब हामी सबैको, हाम्रा बाआमाको सङ्घर्षको किताब पनि हो । सञ्जीवले लेख्न उछिनेका मात्र हुन् ।

**मार्मिक सन्दर्भहरू**

किताबमा वर्णित सबैजसो विषयहरू मार्मिकभए पनि केही प्रसंग, संवाद तथा भनाई निकै मर्मिक रूपमा आएका छन् । पहिलो हो, काठमाडौँ उपत्यका बाहिरका बैंकको शाखा (त्यति बेलाका)मा गाडी नहुने झोलामा बैंकको पैसा वा फण्ड बोकेर जानु पर्ने, बाटोमा बास बस्नु पर्ने वा चियाखाजा खानु पर्ने अवस्थामा मन अशान्त हुने अवस्थाको चित्रण । अरू कर्मचारीझैँ सञ्जीवले काभ्रेपलाञ्चोक मंगलटारमा कार्यरत रहँदा झोलामा पैसा बोकेर हिँड्दा अत्यन्त डराइ मर्नु अवस्था भोगेका थिए । त्यस्तो बेलामा फण्ड जिम्मा लगाएपछि मात्र मन शान्त हुने अवस्था थियो । यस बिम्ब मार्फत् सञ्जीवले बैंकको पैसा सुरक्षित गर्ने क्रममा इमान्दार कर्मचारीको मनमा उत्पन्न हुने ज्वरो छामेका छन् । उनको यो कथनी निकै मार्मिक छ । सोही शाखामा कार्यरत रहँदा खुकुरी बोकेर हिँड्ने स्थानीय प्रचलनसँग उनको साक्षात्कार भयो । बैंकमा कार्यरत बाहिरका कर्मचारी त्यस्तो सामाजिक चलनसँग डराउनु, प्रारम्भमा त्राहिमाम हुनु स्वाभाविक छ । उनले हातहतियार

लिएर हिँड्ने प्रचलनलाई अभिलेख गरेर त्यतिबेलाको ग्रामीण समाजको सामाजिक सुरक्षा संस्कारलाई पाठकसमक्ष पस्किएका छन् । त्यस्तै, उनले पहाडी बजारतिर नयाँ व्यक्ति (पाहुनावा आगन्तुक) आए लैनो वा बकेर्नु भनी अन्दाज गरेर एक आपसमा सूचित हुने, उनीहरूसँग नजिक वा टाढाको बरव्यवहार गर्ने 'बाठो प्रचलन'लाई अभिलेखीकरण गरेका छन् । उनले ऋणी बैंकमा ऋण माग्न आउँदा एक्लै नआउने, टाठो बाठो व्यक्ति सँगै लिएर आउने परम्परालाई पनि अभिलिखित गरेका छन् ।

दोस्रो हो, खेत नभएका पहाडका विपन्न परिवारले पाहुन आउँदा खान दिन वा इज्जत जोगाउन ट्याङ्कामा साँचो लगाएर चामल राखेको उदाहरण । सञ्जीव कर्मचारीको रूपमा काभ्रेको तिमाल गाउँमा पाहुना लाग्दा एक महिलाले बाक्सामा बन्द भएको चामल झिकेर पकाएको सन्दर्भ अत्यन्त कारूणिक छ । त्यस्तै, सञ्जीव सानो हुँदा घरमा चामल बनाएर बेच्न किनेर ल्याएको धान कुट्दा चामल बढी आए उनकी आमा खुशी हुने, कनिका बढी आएर पकाएर खान पाए सञ्जीव र उनको दाइ–दिदी खुशी हुने प्रसंग पनि उल्लेख छ । यस कथनीको अन्तर्यमा पुस्तागत, अपेक्षागत र जिम्मेबारीगत द्वन्द्व छ । यसको कारण हो सजीवको घरको चुलोमा सधैँ ढिडोपिठो मात्र पाक्ने गर्थ्यो र केटाकेटी पुस्ता कनिकाको भात खान पाउँदा समेत अत्यन्त हर्षित हुन्थे । तेस्रो, पहाडका बस्तीतिर हुने जात्रामा टोल टोल वा बस्ती बस्तीको बीचमा हुने ग्याङ फाइटको प्रसंगको उठान गरेका छन् । त्यस्तो प्रचलन सार्वजनिक जात्रा लाग्ने स्थानहरूमा ठाउँठाउँमा हुन्छ, अझै भइरहेको छ । यो नेपाली समाजको विशिष्ट पक्ष पनि हो । चौथो, आमाले सञ्जीव विद्यार्थी युनियनमा विजयी भएर घर आउँदा आमाले 'जित्न त जितिस् कान्छा अब मान्छे कुट्दै नहिँड्नू' भनी दिएको प्रतिक्रिया वा आशीर्वाद निकै गहिरो, खँदिलो र मननीय छ । त्यस्तै, सञ्जीवका दाजुभाइ वा दिदीले दिउँसो कहिँकतै लोभ गरेको चाल पाए आमाले ढाडमा लाठै लाठो हान्ने गरेको घटना उनले लेख्न भ्याएका छन् र यो निकै पेचिलो छ । यी दुबै घटनाले नयाँ पुस्ताको स्वभाव तथा आचरण निर्मितिमा भिटामिनको काम गरेको छ । पाँचौँ, सञ्जीव र आमाको प्रगाढ सम्बन्ध भएता पनि प्रेम बिवाह भएको  तथा कन्या गरीव कुलकी भएको कारण उनले स्वीकार गरिनन् । सञ्जीवले आमालाई खुशी पार्न आफूले असल ठानेको प्रेमिका छाड्न सकेनन् । फलतः आमाको उपस्थितिविनै मिनासँग सञ्जीवको बिहे भयो । यस घटनाले सञ्जीवलाई समयमा सही निर्णय गर्न सक्ने आँटिलो व्यक्तिको रूपमा चिन्न चिनाउन सघाएको छ भने जीवन सङ्घर्षमा स्पातिलो भए पनि उनकी आमा परम्परागत चिन्तनले बेरिएको दृश्य उघ्रिन गएको छ । यो आमा वा आमा पुस्ताको सीमा पनि हो । छैठौँ, किताबमा गरिवीले थिचिएका सञ्जीवले अदम्य आँटका साथ छात्रवृत्ति माग गरेका र उनको प्रतिभा तथा उत्साहलाई कदर गरी फिस तिर्न नपर्ने निर्णय गरिएको विषय हो । यो प्रसंग जति मन छुने विषय बन्न गएको छ त्यो भन्दा मन छुने विषय भारतमा दुखजिलो रोजगारी

गरेर बस्ने उनका जेठा दाइ ऋषि पौडेल 'रविलाल रेग्मी' भई बसेका भनी उल्लेख भएकोमा देखिन्छ । गरिवीको कारण कसरी एक व्यक्ति आफ्नो परिचय लुकाई वा बदली पराइ–भूगोलमा बस्नु पर्छ भन्ने कुरोको साक्ष्य हो ऋषि पौडेलको परिचय परिवर्तन । यद्यपि त्यसको विस्तृत विवरण भने किताबमा उल्लेख छैन र त्यो आवश्यक पनि छैन । यी र यस्ता विषयको उद्घाटन अर्को कृतिको रचना गर्भ पनि हुन सक्छ । सातौँ, सञ्जीवले वीरेन्द्रननगर तालिम केनद्रमा कार्यरत रहँदा आफ्नो संस्थाको सञ्चालक गोष्ठीको प्रमुख अतिथि भई आएका, त्यहाँ उनले नियम विपरीत, सुशासन र आफ्नो जिम्मेबारी विपरीत आफ्नो धारणा राखेका तथा निर्देशन दिएको विषयलाई उनले सोही समय प्रतिवाद गरेका तथा सो को नकारात्मक प्रभाव मनमा गढी त्यस्तो जिम्मेबारी पाए आफूले सही ढंगले उपयोग गर्ने मनोविज्ञान बनाएको विषय अत्यन्त छोइने विषय छ । यो घटना सञ्जीवलाई अवकाशपछि विशिष्ट जिम्मेबारी सहित कार्य गर्न प्रेरित गर्ने विचारबीज पनि हो ।

आठौँ, उनी घरि विद्यार्थी नेता मित्रमणि आचार्यको हत्याको साक्षी भएका छन् भने घरि माओवादी उन्मादको सिकार । उनको माओवादीसँगको जम्काभेट, सो क्रममा भएको संगीन छलफल, गलत बाटो तथा कार्यको साहसी प्रतिवाद, त्यही कारण एकजना व्यक्तिको जीवन जोगाउन सकेको साक्ष्य साँच्चै छोइने विषय छ । यस प्रकरणलाई सञ्जीवको कारण आफ्नो जीवन जोगिएको द्विवेदी थरका ऋण अधिकृतले बढी अनुभूत गरेको हुनु पर्छ । पाठक यस घटनाको अभिलेखन बापत लेखकप्रति कृतज्ञ छन् । वास्तवमा सञ्जीवजस्ता ज्युँदा व्यक्तिहरूले प्रतिवाद गरेर नै उन्मादीहरूको आयु सकिने हो । अन्यथा तिनले समाजलाई दीर्घकालसम्म पिरिहन्छन् । नवौँ, आफू बाल मजदूर भएर भारतमा बसेको बेला सञ्जीवले अलि दुखेजस्तो महसूस गरे पनि पछिल्लोकालमा उनी भारतको दिल्ली पुग्दा सो घर वा घरबेटीको खोजी गरी सम्बन्ध गाँस्न खोजको तर पत्ता लगाउन नसकेको सन्दर्भ मार्मिक छ । यो प्रसंगले सञ्जीव एक हदसम्म गतिशील र क्षमाशील रहेको स्पष्ट पारेको छ ।

**दुःखका पहाडहरू**

सञ्जीवले कति बोके हँ दुःखका पहाडहरू? ती न गनि साध्ये, न जोखिसाध्य छन् । बाल्यकालको विपन्नता, सानैमा पढाइ छोड्नु परेको अवस्था, दाइहरूको बाँधा बस्ने विवशता, घर आएको चार दिनमा बाबुको निधन, कलकत्तामा 'छोटु'ले पाएको दुःख, कलकत्तामा भएको सवारी दुर्घटना, चीजा दिदीको निधन, स्कुल पढाउँदै गर्दा भएको गिरफ्तारी, कृषि विज्ञान संस्थानमा पढ्न नपाएको अवस्था, बाइक दुर्घटना, नसा सम्बन्धी रोग, चितवनको घरमा आएको बाढी, आमाको क्यान्सरबाट निधन, जागिरको कारण ममतामयी आमालाई स्याहार्न नपाएको मनोदशाा, सहयोगी हातका रूपमा रहेका

ससुराको निधन, आफू चढेको हवाइजहाजमा अपर्झट आगो लागेको अवस्था आदि आदि । त्यसको त सबैका ढाडले दुःख बोकेकै हुन्छन् तर उनले बोकेको दुःखको पहाड फरक छ ।

**बिसाउनी**

कृतिमा लेखक सञ्जीवले भोगेको जीवन, निर्वाह गरेको भूमिका, अवलम्वन गरेको चिन्तन आदिका सन्दर्भमा उनको व्यक्तित्वलाई केलाउँदा कम्तीमा पनि निम्नासारका सकारात्मक पक्षहरू रहेका देखिन्छन्ः क) पारिवारिक सद्भाव, ख) सङ्घर्षले खारिएको जीवन र सोबाट सकारात्मक ऊर्जा ग्रहण, ग) निरन्तर क्रियाशील रही शालीन व्यक्तित्व विकास, घ) नमैलिएको चरित्र, ङ) निडर र निर्लोभी स्वभाव र, च) सुखद दाम्पत्य ।

माथि चर्चा तथा विश्लेषण गरिएका विषयहरू सञ्जीवको जीवन सङ्घर्ष तथा कृतिमा उठान भएका विषयहरू हुन् । कृतिमा उनको आफ्नो कथाको अतिरिक्त उनकी श्रीमतीको कुरा, उनको बारेमा सहकर्मी व्यक्ति तथा उनको जीवनसँग गाँसिएका १० जना व्यक्तित्वहरूको अवधारणा समेत आएको सन्दर्भमा लेखकीय दृष्टिले कृति अंशतः सहलेखन जस्तो पनि भएको छ । किताबमा उनको जीवन सङ्घर्षको अतिरिक्त केही विषयमा उनको धारणा आएको छ । आत्मसमीक्षा र दृढता, सामयिक चिन्तन र अग्रसरता सञ्जीवका जीवनका पर्याय हुन् । उनी कम्युनिष्ट पनि हुन् र कृष्णप्रणामी पनि । ढोँग नगर्ने, गर्न मन लागेका कुरा गर्ने उनको वानी निकै स्वादिलो छ ।

कृति संरचना र विषय आफ्नै खालका छन् । कृतिमा सञ्जीवको घरतिरको विषय धेरै आए पनि मावलीतिरको सन्दर्भ खासै आउन सकेको छैन । प्रारम्भिक कक्षाको जाँचको रिजल्टमा भएको धाँधली किटानीका साथ लेख्ने लेखकले कृषि विकास बैंकका अगुवा श्रीकृष्ण उपाध्यायबारे थप सारभूत लेखिदिएका भए पाठक लाभान्वित हुन सक्थे । कर्मचारी संघमा केही समय संलग्न भएका उनले प्रतिस्पर्धी युनियनका अवाञ्छित गतिविधि भोगे, कयौँ सन्दर्भमा प्रतिशोधको ज्वाला दन्किएको देखे । उनी आफू संलग्न युनियन चाहिँ दूधले धोएको थियो त ? तिनका केही आकाङ्क्षा, प्रस्तावना वा गतिविधि प्रश्न गर्न लायक थिएन त ? यस्ता सवालमा सञ्जीवले आफूलाई लागेका कुरा लेख्न भ्याएका छैनन् ।

कृति'आगोको कोइलातुल्य छ' भन्ने रविकिरण निर्जीवको धारणा 'छोटु'को सन्दर्भमा साँच्चै मननीय छ । कृतिकारलाई हार्दिक बधाइ छ ।

*बरिष्ठ साहित्यकार वासुदेव अधिकारी, नेपाल बैंक लि. का पूर्वअध्यक्ष एवं नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ ।*

*१८ भदौ ०८१, काठमाडौँ ।*


# अन्तरदृष्टिमा दृष्टिगोचर गर्दा



❖ अरुणबहादुर खत्री "नदी"

कवि राजेशमान के.सी.को अन्तरदृष्टि नामक विविध तथा समसामयिक लेख-रचनाहरुको प्रवन्ध सङ्ग्रह २०८० सालमा चौथो कृतिको रुपमा प्रकाशित भएको छ । यस सङ्गह्नभित्र उनीद्वारा लेखिएका विज्ञान, धर्म र अध्यात्म, प्रकृति, प्रवृत्ति र पर्यावरण, बालबालिकाको नैतिक विकास र अभिभावक, शिक्षा र हाम्रा अपांगता भएका बालबालिका लगायत विभिन्न शीर्षकका १५ वटा समसामयिक लेखहरु समावेश गरिएका छन् । यस सङ्ग्रहभित्रको विज्ञान, धर्म र अध्यात्म शीर्षकको पहिलो लेखमा आज विज्ञान प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व प्रगतिका कारण सिंगो विश्व एउटा सानो गाउँ अर्थात् ग्लोबल भिलेज मा परिणत हुन पुगेको छ भनेर राजेशमानले लेखेका छन् । प्रकृति प्रवृत्ति र पर्यावरण शीर्षकको लेखभित्र नेपाल पनि एउटा प्राकृतिक प्रकोपबाट प्रभावित मुलुक हो । मानिसहरुले प्राकृतिक सम्पदाको ख्यालै नराखी जथाभावी वनविनाश गरिदिनाले वातावरणीय असन्तुलन बढ्न गई यहाँ बाढी, पहिरो, भू-क्षय आदि जस्ता प्राकृतिक प्रकोपको समस्या देखा पर्ने गरेका छन् । खासगरी वर्षातको मौसम सुरु हुने बित्तिकै बाढी, पहिरो र भू-क्षय जस्ता प्राकृतिक प्रकोपको समस्याले ताण्डव लिला मच्चाउने र यसबाट जनधनको ठूलो क्षेति हुने गरेको छ भनेर लेखिएको छ ।

लेखक भन्छन् हरेक कुरामा अतिले खती गर्छ । वास्तवमा लेखकले भनेभैँ अहिले हाम्रो समाजमा धेरै बोल्ने तर काम भने नाम मात्रको गर्ने उदाहरण एक दुईवटा मात्र हैन धेरै नै छन् । यस सन्दर्भमा पनि लेखक राजेशमानले अति सर्वत्र बर्जयत् विषयक आफ्नो प्रबन्धमा कतिपय बुद्धिजिवीहरु र विशेषगरी हाम्रा राजनैतिक नेताहरु माइक्रोफोन हातमा लिएर बोल्न थालेपछि हतपत छाड्नै नजान्ने अहिलेको यथार्थपरक विषयवस्तुलाई चर्चा गर्न भ्याएका छन् । प्रसिद्ध बालमनोवैज्ञानिक हैम्बर्गको भनाई अनुसार बालबालिकाहरु प्रायः सातदेखि एघार वर्ष उमेरको बीचमा उच्छृङ्खल क्रियाकलापतर्फ अग्रसर हुने गर्छन् भने मनोवैज्ञानिक ब्राइलको भनाई अनुसार बालबालिकाहरुमा भूठो बोल्ने प्रवृत्ति सात र आठ वर्षको बीचमा बढी मात्रामा




पुस्तक : अन्तरदृष्टि
लेखक : राजेशमान के.सी.
प्रकाशक : सिर्जना अभियान समाज, भक्तपुर
संस्करण : २०८० वैशाख प्रथम
पृष्ठ : ६८
मूल्य : रु.२५०।-

रहेको हुन्छ भनेर यस कृतिका लेखक राजेशमानले बालबालिकाको नैतिक विकास र अभिभावक शीर्षकभित्र लेखेका छन् । शिक्षा र हाम्रा अपांगता भएका बालबालिका शीर्षकको लेखमा विश्व स्वास्थ्य संगठनको अपांगता सम्बन्धी पछिल्लो प्रतिवेदन अनुसार विश्व जनसंख्याको पन्ध्र प्रतिशत अर्थात् १ वर्षभन्दा बढी मानिसहरुमा कुनै न कुनै प्रकारको अपांगता रहेको छ । त्यसमा पनि अधिकांश यस्ता अपांगता भएको व्यक्तिहरू हाम्रो जस्तो विकासोन्मुख मुलुकमै बसोबास गर्दछन् भनिएको छ ।

प्रेम र सेवा शीर्षकको लेखभित्र मनुष्य जीवन छोटो र अनिश्चित छ । तर अनिश्चित भएकै कारण मानव जीवन अत्यन्त मूल्यवान पनि छ । त्यसैले यस्तो मूल्यवान जीवनलाई हामीले त्यत्तिकै खेर जान दिनु हुँदैन । समयको कति पनि खेर नजाने गरी हामीले आफ्नो जीवनलाई सार्थक तुल्याउने प्रयत्न गर्नुपर्दछ भनिएको छ । नेपालमा अन्य क्षेत्रमा पाइने सारसभन्दा लुम्बिनी क्षेत्रभित्र पाइने सारसको विशेष धार्मिक तथा पर्यटकीय महत्व रहेको छ । त्यसैले लुम्बिनी आउने प्रायः जसो पर्यटकहरू सारस हेरेर मात्र फर्किने गर्दछन् । विशेषत भगवान गौतम बुद्धको कथासँग जोडिएर ऐतिहासिक महत्व समेत बोकेको सारसलाई कतिपय धार्मिक पर्यटकहरू भगवान गौतम बुद्धको प्रतीक मान्ने गर्दछन् भनेर राजेशमानले प्रेम र सहकालको प्रतीकः सारस शीर्षकको लेखभित्र लेखेका छन् ।

उनले विभिन्न पत्रपत्रिकाहरुमा लेख-रचनाहरु लेखी प्रकाशन गर्न थालेको दुई दशक अगाडिदेखि नै हो । विभिन्न राष्ट्रिय दैनिक तथा मासिक पत्रपत्रिकाहरुमा समसामयिक विषयमा केन्द्रित रही लेखरचनाहरु उनले लेख्न थालेको हो । समय

सन्दर्भ अनुसार उनका यी लेखरचनाहरुमा विषयगत तथा भाषागत रुपमा केही परिष्कृत र परिमार्जन पनि गरिएको छ । भाषाशैलीको दृष्टिले यिनको लेखरचनामा प्रयुक्त भाषा अत्यन्त सरल र सहज छ ।

अन्तरदृष्टि नामक उनको प्रस्तुत लेखसङ्ग्रहमा अध्यात्मक र राष्ट्रप्रेम उजागर भएको छ । लामो समय विज्ञान तथा प्रविधिको क्षेत्रसँग नजिक भएर काम गरेका राजेशमानले आफ्नो लेखनमा विज्ञान र प्रविधिको विषयलाई पनि जोडेका छन् । जुन स्वाभाविक नै लाग्दछ । सकारात्मक चिन्तनः रचनात्मक जीवन शीर्षकको लेखभित्र आज मानिस भौतिक दृष्टिले सुखी र सम्पन्न देखिए पनि आध्यात्मिक रुपमा भने कमजोर र निरिह बन्दै गइरहेको हो कि जस्तो महसुस हुन थालेको छ । वास्तवमा आध्यात्मिक रुपमा देखिएको यही कमजोरी र निरिहपनले गर्दा आज मानिसको बिचार र संकल्प पनि सकारात्मक भन्दा बढी नकारात्मक नै बन्दै गइरहेको देखिन्छ भनेर लेखिएको छ ।

विशेष गरी विज्ञान प्रविधि र अध्यात्म जस्ता विविध र गहन विषयवस्तुमा कलम चलाउने उनको लेखाई पनि रोचक र स्तरीय छ । उनका रचनाहरुमा सामाजिक सचेतना जस्तै हाम्रा परम्परागत मूल्य मान्यता एवम् नैतिकताको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यबाट अभिप्रेरित हुन्छन् र मूलतः बौद्धिक वर्ग र परिपक्व पिँढीले रुचाउने खालका हुन्छन् । यो लेखसङ्ग्रहमा यिनले विज्ञान र प्रविधि, अध्यात्म चिन्तन, भौतिकवाद र अध्यात्मवादको सयोजन, शिक्षा, स्वास्थ्य, पर्यटन, मौलिक प्रविधि, वातावरणीय सचेतना लगायत विविध समसामयिक विषयवस्तुहरुलाई समेटेका छन् । अन्त्यमा राजेशमानका यस्तै सार्थक अन्य सङ्ग्रह थपिदै जाउन् भन्ने कामना गरिन्छ ।

# घरघरको कथा



❖ रत्न प्रजापति

कथा खोज्न धेरै टाढा जानै पर्दैन । घर–घरमा छन् कथा । सुखका कथा । दुःखका कथा । प्रेमका कथा । विछोडका कथा । सन्तुष्टिका कथा असन्तुष्टिका कथा । सम्बन्धका कथा । सम्बन्धमा आएको दरारका कथा । यौनका कथा । यौन अतृप्तिले सिर्जना गरेको कुन्ठा र विसंगत मनोदशाका कथा । अनि यी सबैका कारण कतै मेलमिलापपूर्ण परिवारको कथा र कतै छिन्नभिन्न भएको परिवारको कथा । हो, खोजिपस्ने हो भने हाम्रो घर, परिवार, समाजमा अनेकथरी कथा लुकेका छन्, तिनलाई उजागर गर्न सिर्जनशील र जाँगरिलो मनको खाँचो छ । यस्तो सिर्जनशील र जाँगरिलो मन भएको व्यक्तिको हातमा सिर्जनाको कलम पर्‍यो भने संवेदनाले भरिएका मार्मिक कथाहरूको जन्म हुनसक्छ ।

डा. शेखरकुमार श्रेष्ठ यस्तै सिर्जनशील र जाँगरिलो मन भएका स्रष्टा हुन् । उनको सिर्जनशीलता र जाँगरिलोपनका परिणाम हुन् उनका दर्जनौँ सिर्जना सङ्ग्रहहरू । कविता, लघुकथा, बालकथा र समालोचना लेखनमा निकै दखल भएका श्रेष्ठका एक दर्जनभन्दा बढी कृति प्रकाशित छन् । उनको लेखन विशेषगरी लघुकथामा राम्रैसँग जमेको पाइन्छ ।

स्रष्टा श्रेष्ठले समाजको कथा–व्यथालाई आफ्नो लेखनको मुख्य आधार बनाएका छन् । उनका सिर्जनामा समाजभित्रकै कथा र व्यथालाई विभिन्न आयामबाट नियालेर आफ्ना कल्पना, भावना र संवेदनायुक्त लेखनशिल्पको प्रयोग भएको पाइन्छ । त्यसैले उनका कुनै पनि सिर्जनाहरू मार्मिक, संवेदनशील र प्रभावशाली लाग्दछन् । सहज प्रवाह र सरल शैलीले गर्दा उनका सिर्जनाहरूको संप्रेष्यता र बोधगम्यता निकै गहनतम लाग्दछन् । कुनै वाद र प्रयोगको आग्रह नराखी सरल भाषा र सरल शैलीमा लेखिएका कथाहरू सरलताकै कारण सुन्दर र पठनीय बनेका छन् । यद्यपि कथाकार श्रेष्ठको कथालेखनमा डिटेलिङ अलि बढी नै भएजस्तो लाग्छ, जसलाई कम गर्दा पनि कथाको मर्म र भावमा कुनै नकारात्मक असर पर्ला जस्तो लाग्दैन ।

समाजभित्र घरघरमा कथा छन् । तिनै घरघरका कथालाई टपक्क टिपेर माला

उन्ने क्रममा कथाकार डा. शेखरकुमार श्रेष्ठको ‘गाँठो’ कथासङ्ग्रह तयार भएको छ । यो कथा सङ्ग्रहलाई सुसेली साहित्यिक प्रतिष्ठान, काठमाडौंले प्रकाशन गरेको छ ।

‘गाँठो’ कथासङ्ग्रहभित्रका अधिकांश कथा हाम्रै समाजका घरघरका कथा हुन् । अरू कथाभन्दा घरको कथा अझ बढी प्रभावशाली हुन्छ । घरघरको कथा भएकैले कथाहरूमा संवेदना पक्ष पनि निकै प्रबल भएर आएको छ । हरेक कथाले हृदयमा स्पर्श गर्छन् । ‘गाँठो’ भित्रका कथा पठनले पाठकलाई संवेदित तुल्याउने छन् । सङ्ग्रहका सबै कथा सामाजिक यथार्थवादी कथा हुन् । सामाजिक यथार्थका कथा भइकन पनि कथामा राजनीतिक सन्दर्भले भने प्रवेश पाएको छैन । सामाजिक विकृति-विसङ्गतिको पाटोलाई कथाहरूले राम्रैसँग छोएको भए पनि राजनीतिक विकृति-विसङ्गतिबाट कथाहरू निरपेक्ष रहेका छन् ।

गाँठो कथासङ्ग्रहभित्रको पहिलो कथा हो ‘पुछिएको आँसु’ । यो कथामा एउटी समझदार नारीको सुझबुझपूर्ण निर्णयको मार्मिक वर्णन छ । कताकता यौनलाई केन्द्रविन्दुमा राखेर लेखिएझैँ लाग्ने यो कथामा जीवनका धेरै वटा पाटालाई छोए पनि मूल मर्म भने यौनमै केन्द्रित भएको महसुस हुन्छ । नारी र पुरुषबीचको समुधुर सम्बन्धले मात्रै जीवन सुखदायी हुन्छ भन्ने भाव बोकेको यो कथामा आफ्नो कारण यौनसुखबाट बञ्चित लोग्नेलाई त्यो यौनसुख दिलाउनका लागि अर्को यौनसाथी जुटाइदिएर एउटी नारीले खेलेको साहसी भूमिकालाई मुख्य कथावस्तु बनाइएको छ । साथै वैधव्यजीवनविरुद्ध क्रान्तिको आवाज पनि यो कथामा छ ।

यौनको सुखका लागि मात्रै होइन, जीवनको सुखका लागि पनि पुरुषका लागि नारी चाहिन्छ र नारीका लागि पुरुष चाहिन्छ । नारी-पुरुषको सम्बन्धमाथि प्रकाश पार्दै एकबिना अर्को अधुरो रहने र जीवन निरस हुने यथार्थलाई ‘देवी’ कथामा प्रस्तुत गरिएको छ । घर सजाउने नारीले आफूलाई पनि सजाउनुपर्छ । अनि मात्रै पुरुष आकर्षित हुन्छन्, नत्र अन्तै चर्न पुग्छन् भन्ने भाव पनि यो कथामा छ । यो कथामा पनि यौनलाई केन्द्रविन्दु बनाइएको महसुस हुन्छ ।

‘गाँठो’ कथा मूलतः ममता नामकी पात्रको मनको गाँठो हो । त्यो गाँठोभित्र ममताले भोगेको पारिवारिक समस्याको गाँठो छ र उसले भोगेको यौन अतृप्तिको पनि गाँठो छ । जुन गाँठोले गर्दा उकुसमुकुस भएर ऊ कार्यालयमै सेवाग्राहीसँग जङ्गिन पुग्छे र हाकिमको कारवाहीमा पर्छे । समयमा गाँठो फुकाउन सकियो भने मात्रै जिन्दगीले सहज गति लिन्छ, अन्यथा गाँठो जेलिँदै गयो भने जिन्दगी पनि समस्यामा जेलिँदै जाने सन्देश यो र यो जस्तै अरू धेरै कथामा छन् । यद्यपि समाजमा यस्तो गाँठो बोकेर बाँच्ने मान्छे धेरै छन् ।

सम्पत्तिका कारण कहिलेकाहीँ सम्बन्ध जोडिन्छ । तर धेरैजसो सम्पत्तिकै कारण

सम्बन्ध तोडिन्छ पनि । सम्पत्तिका कारण घरपरिवारमा कहिलेकाहीँ असन्तुष्टि जन्मिन्छ र असमझदारी उत्पन्न हुन्छ । यही असन्तुष्टि र असमझदारी बढ्दै जाँदा घरपरिवारका कलह सिर्जना हुन्छ र अन्ततः त्यही त्यही कलह बढ्दै गएर सम्बन्ध नै तोडिन्छ । यसैगरी सम्पत्तिकै कारण कहिलेकाहीँ मान्छेमा अहम् र अहंकार जाग्छ । यही अहम् र अहंकारको परिणामस्वरूप कहिलेकाहीँ सम्बन्ध तोडिन्छ । यो हाम्रो समाजको यथार्थ हो । यस्तै सामाजिक यथार्थमा आधारित मार्मिक कथा हो 'कैफियत' । यस कथामा सम्पत्तिकै कारण बाबु र छोरा, दाजु र भाइ अनि काका र भतिजको सम्बन्धमा दरार आएको सन्दर्भलाई निकै मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।

राजनीतिले बिगारेको देशको एउटा बेरोजगार पात्रको मार्मिक कथा हो 'समय' । नियतिले ठगेको मान्छेको भगवान, मान्छे, आफन्त कोही आफ्ना हुँदैनन् र कसैले सहयोग गर्दैनन् भनेर निराश भएको त्यो पात्रमा पनि अन्त्यमा आफ्नो जीवनप्रति मोह जागेको र विगतका निराशाहरूलाई त्यागेर नयाँ सोचका साथ अगाडि बढेको हुँदा यो कथा निराशाबाट सुरु भएर आशामा टुङ्गिएको छ । जिन्दगीमा सपना देख्नुपर्छ भन्ने सकारात्मक सोचको भावलाई यो कथाले सङ्केत गरेको छ । यो वर्तमान समयको कथा हो । कथानकले सार्वजनिक समस्यालाई समेटेको छ, तर प्रस्तुति सामान्य हुँदा सशक्त कथा बन्नबाट चुकेको छ ।

कङ्क्रिटले बनेको सहर कङ्क्रिट जस्तै कठोर छ र संवेदनहीन छ । त्यसैले यहाँ हृदय र भावनाले भन्दा दिमागले काम गर्नुपर्छ, सबथोक प्राप्त हुन्छ भन्ने अहिलेको सामाजिक यथार्थलाई वकालत गर्ने कथा हो 'समयान्तर' । एक महिना होइन, एक रातमै धेरै परिवर्तन हुने सहरमा ज्ञान, बुद्धि र बलको सन्तुलित उपयोग गर्न सकियो भने सबथोक हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई यो कथाको पात्रले पुष्टि गरेको छ । सर्सर्ती हेर्दा अलि उग्रझैँ लाग्ने कथानकले अहिलेको सामाजिक यथार्थलाई प्रतिनिधित्व गरेको छ ।

'परिवेश' शीर्षकको कथा शैक्षिक सामग्री जस्तो लाग्छ । शैक्षिक विषयवस्तुलाई जबरजस्ती नै कथानक बनाएर लेखिएझैँ लाग्ने यो कथामा शैक्षिक विकासमा शिक्षक, विद्यार्थी र अभिभावकको सन्तुलित भूमिका आवश्यक छ भन्ने सन्देश छ । विशेषगरी पठन विकासमा सामाजिक परिवेशले कस्तो असर पारेको हुन्छ भन्ने सन्देश यो कथाले दिन खोजेको छ । यस अर्थमा यस कथालाई शैक्षिक कथा पनि भन्न सकिन्छ । अनि कताकता आधुनिक सूचना र सञ्चारको विकासले विद्यार्थीलाई सिकाइमा मद्दत गर्नुपर्नेमा त्यसको दुरूपयोगले विद्यार्थीहरूको सिकाइमा नै नकारात्मक प्रभाव पारेको यथार्थलाई कथामा देखाउन खोजिएको छ ।

'परिणाम' यौनलाई केन्द्रविन्दुमा राखेर लेखिएको मिठो कथा हो । यस कथामा मान्छेले जीवनको अन्तिम अवस्थासम्म पनि यौनको भोकलाई बिर्सन सक्दैन र त्यसको चाह राखिरहेको हुन्छ भन्ने यथार्थलाई रमाइलो कथानक सिर्जना गरेर प्रस्तुत गरिएको छ । साँच्चै भन्ने हो भने यौनलाई जीवनबाट अलग गर्नै सकिन्न । यो त जीवनको एउटा अभिन्न पाटो हो । यौन जीवनका लागि आवश्यक गाँस, वास र कपास जस्तै आधारभूत आवश्यकता नै हो । यौनसुखले मात्रै जीवनमा सबै सुखभोगको आनन्द प्रदान गर्दछ । यौनको आवश्यकता बुझ्न र यसको उपयोगिता चिन्न सके मात्रै जीवनमा सुख र खुसी मिल्छ भन्ने आशय यो कथामा प्रकट भएको छ । यही सत्यलाई यो कथामा रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

जीवनको उत्तरार्धमा पाइला टेक्दै गरेकी एउटी स्वास्नी मान्छेको मनोदशा केलाइएको निकै सुन्दर कथा हो 'मन' । ठट्टैठट्टामा लोग्नेले स्वास्नीको फुलेको कपाल र चाउरिएको गाला औँल्याएर तिमी त बूढी भइछौ भनिदिँदा स्वास्नीको मनमा परेको गम्भीर असर र त्यही असरले बदलिएको स्वास्नीको बेचैनी र विक्षिप्त मनस्थितिको वर्णन यो कथामा निकै सुन्दर ढङ्गले गरिएको छ । कथाको सुखान्त्यले पाठकलाई पनि आनन्द प्रदान गर्नेछ ।

समाख्याताले देखेको सपनामा आधारित कथा हो 'डायरीमा आमा' । समाख्याताले देखेको सपनामा जङ्गलमा पिसाव फेर्न जाँदा एउटी स्वास्नीमान्छेको लाश झुन्डिएको देख्दाको मनस्थिति र त्यसपछि आउनसक्ने सम्भावित समस्याका कारण बदलिएको समाख्याताको भयभीत मनोदशालाई कथामा सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । त्यो आत्महत्या नै भए पनि त्यसलाई देशको विद्यमान परिस्थितिले गरेको हत्याको रूपमा व्याख्या गरिएको छ । देशमा विद्यमान भ्रष्टाचार, आर्थिक अनियमितता, व्यभिचार, ईर्ष्या, जालझेल, नैतिक पतन, लोभ, जलनसँगसँगै एकले अर्कोलाई गर्ने दमन, शोषण, होच्याइँ, विभेद आदिलाई आत्महत्याको मुख्य कारणको रूपमा व्याख्या गरिएको छ । वास्तवमै देशमा हत्या र आत्महत्या बढ्नुमा देश नै दोषी छ भन्ने तथ्यलाई देशमा विद्यमान परिस्थितिले पुष्टि गरिरहेको छ । यो कथामा भएको घटना देशको प्रतिनिधि घटना हो र यो कथा देशको प्रतिनिधि कथा हो ।

मनको शङ्का र अविश्वासले चरम रूप लिएपछि अन्ततोगत्वा त्यसले दुर्घटनालाई निम्त्याउँछ अथवा अपराधकर्ममा उन्मुख गराउँछ । 'अप्रमाणित हत्यारा' कथामा यस्तै भएको छ । यस कथाको पात्र विलयले पनि त्यही शङ्का र अविश्वासले गर्दा आफ्नी श्रीमतीको हत्या गर्न पुगेको छ । यो कथा यौन मनोविज्ञानमा आधारित छ । विलयले आफ्नी श्रीमतीको हत्या गर्नुमा यही यौन मनोविज्ञानको मुख्य भूमिका रहेको छ । श्रीमतीको कुनै दोष नहुँदानहुँदै पनि उसको हाउभाउकै भरमा परपुरुषसँग सम्बन्ध

राखी कि भनेर विलयको मनमा उठेको शङ्का र अविश्वास त्यही यौन मनोविज्ञानको परिणति हो ।

'रहर' कथामा शारीरिक र मानसिकरूपमा पनि केही दुर्बल एक किशोरीको यौन मनोविज्ञानलाई केलाइएको छ । शारीरिकरूपमा परिवक्ताउन्मुख एक किशोरी पात्र पूजाको मानसिक विकास स्वस्थ रूपमा नभए पनि देखासिकीमै पनि उसमा यौनप्रतिको चाहना बढ्दै गएको र उसले व्यक्तरूपमै बिहेको इच्छा राख्नुलाई यौनप्रतिको स्वाभाविक आकर्षणको रूपमा कथानक बुनिएको छ । किशोरहरूमा विकसित यौन मनोविज्ञानलाई उचित ढङ्गले बुझेर सोअनुरूप व्यवहार गर्न सकिएन भने त्यसले विकृतिको रूप लिन्छ भन्ने सङ्केत पनि यो कथामा छ । कथा अलि विवरणात्मक भए पनि रोचक र पठनीय छ ।

देवताभन्दा मानवता महान हो र मानवताको पूजा गर्नु मान्छेको असल व्यवहार हो भन्ने महान विचारबाट अभिप्रेरित कथा हो 'नभेटेको ईश्वर' । '...जसले हामीलाई बाँच्न र बचाउन सहयोग गर्छन्, ती सबै हाम्रा भगवान् हुन्' (पृष्ठ २३५) भनेर मान्छे र मानवतालाई नै भगवानको रूपमा स्वीकारिएको यस कथामा मान्छेमा सहयोगी भावना हुनु आवश्यक छ भन्ने सन्देश पनि यो कथाले दिन खोजेको छ । मानवतावादलाई प्रश्रय दिइएको यस कथाले केही हदसम्म बालमनोविज्ञानलाई छोएको छ ।

यस सङ्ग्रहका अधिकांश कथा यौनको सेरोफेरोमा घुमेको पाइन्छ । साँच्चै यौनको स्वाद अनौठो हुन्छ, जसलाई कसैगरी बिर्सन सकिन्न । श्रेष्ठका धेरै वटा कथाले यही सत्यलाई पछ्याएका छन् । सारमा भन्नुपर्दा यस सङ्ग्रहका प्राय सबै कथा सामाजिक यथार्थवादी कथा हुन् र तिनमा सामाजिक यथार्थ प्रतिबिम्बित भएका छन् ।

श्रेष्ठका कथाहरू विवरणात्मक छन्, तर विवरणात्मक भइकन पनि रोचक कथानकहरूको संयोजनले गर्दा रुचिकर छन् । हरेक कथाले सामाजिक यथार्थलाई उजगार गरेको पाइन्छ । समाजमा बसेर मान्छेले भोगेका भोगाइहरूलाई नै कथाको मूल विषयवस्तु बनाइएका कथाहरूमा मानववीय र सामाजिक संवेदनाको पक्षलाई समेत उचितरूपमा प्रयोग गरिएको हुँदा कथाहरू प्रभावशाली र पठनीय बनेका छन् । यद्यपि कथाहरू त्यति दमदार होइनन् र उग्र भाव र उग्र विचार पनि कथामा व्यक्त भएका छैनन् । सामाजिक सङ्गति र विसङ्गतिलाई मिहिन ढङ्गले अध्ययन गरी कथामा उतारिएको भए पनि राजनीतिक विसङ्गतिको पाटो भने कुनै कथामा पनि आएको छैन । साधारण कथानकमा बुनिएका औसत कथाहरूले असाधारण अर्थात् उच्चस्तरका सन्देश दिन सफल छन् । सरलता नै यस कथासङ्ग्रहको सुन्दरता हो ।

# उज्यालो औँसीको अध्याँरो पक्ष




❖ दुर्गा प्रसाद, घिमिरे

उज्यालो औंसी' आख्यानकार अनिता कोइरालाको पहिलो औपन्यासिक कृति हो । उनको पहिलो रचना 'डिग्री वाली गृहणी' सेतोपाटीमा प्रकाशित छ । कथा, कविता, समीक्षा तय समालोचना सबै विधामा कलम चलाउने प्रखर र प्रस्ट वक्ता कोइराला मूलतः एक आख्यानकार हुन ।

बि.सं. २०३६ साल अषाढ १५ गते हालको कमलामाइ नगरपालिका वार्ड १० (गौरनटोल) सिन्धुलीमा उनको जन्म भएको हो । उनको जन्म पूर्व नै पिता रघुनाथ कोइरालाको निधन भएको थियो । त्यस कारण पनि लेखकले विभिन्न सामाजिक लान्छानाहरु वेहोर्नुपऱ्यो र समाजले गर्भेटुहुरीको पगरी गुताइ दियो । यो नै लेखकको जीवनमा घटेको पहिलो घटना हो । जसले लेखकलाई उज्यालो औँसी कृति लेख्ने प्रेरणा दियो । लेखकको प्ररम्भिक शिक्षा-दिक्षा स्थानीय प्रगतिशील माध्यामिक विद्ययालय धामी डुमरियाँबाट भयो र उच्च शिक्षामा त्रिभुवन विश्व विध्यालयबाट समाज शास्त्रमा स्नातकोत्तर डिग्री हाँसिल गर्नु भएको छ ।

भ्रुणको क्रन्दनबाट शुरु भएको उपन्यास-को यात्रा युगको शङ्खघोष हुँदै मृत्युसँग साक्षात्कार गरेर आकाङ्क्षाको दीप वालेर उज्यालो पोखिएको दोभानमा वसेर वर्षपछि उघ्रिएको घाँमको स्पर्श गर्दै महात्माको अन्तर संवादमा शान्तिको सन्देश छर्दै वुवाको मार्गमा आमालाई अग्रसर गराइ कालो हेलमेटको प्रेमपत्रमा दृष्टिभ्रम नपरी भ्रान्तिको कोलाजलाई चिर्दै अध्यारोमा घामको साहरा लिदै विप्रायासी शीर्षक उज्यालो आँसीमा गएर समाप्त भएको छ ।

उज्यालो औंसी नेपालको मध्यम वर्गीय परिवारको यथार्थपरक सामाजिक चित्रण हो । लेखकले विभिन्न पत्र र परिवेशको माध्यमबाट स्वयंम अफूले भोगेका र केही स्वैरकल्पना मार्फत अनुभूत गरिएका चित्र, चरित्र र समशामयिक घटनाक्रम मार्फत आफूले बाँचेको युगको जिवन्त कथा औपन्यासिक कलाबाट प्रस्तुत गर्नु भएको छ । कथा तीसको दशकबाट प्रारम्भ भएर क्रमशः समयको गतीसँगै अघि बडेको छ । मुलत यो उपन्यासका घटना, परिघटना र अन्तर द्वन्दहरु भिमानको भूगोल हुँदै मधेश प्रदेश




र संघीय राजधानी काठमाडौसम्म तन्किएको छ ।

पचासको दशकमा नेपाली भूमिमा चलेको 'शसस्त्र विद्रोह अत्यन्तै त्रासदी हृदय विदारक थियो । विद्रोहको उदेश्य जे भए पनि त्यहाँ नेपाली जन कै साहदत भएको थियो । करिव एक दशकसम्म चलेको सशस्त्र द्वन्दले मुलुकको भौतिक तथा मानवीय अपुरणीय क्षती भयो । द्वन्दका डोबहरु कहिल्यै मेटिएनन् तर अध्यारो कालरात्री पछि सुन्दर बिहानी उदाउँछ भनेझै साठीको दशकमा शान्ति बार्ता मार्फत द्वन्दको अवसन भयो र हामीले संघीय लोकतान्त्रिक गणतन्त्र पायौं । हामी 'प्रजा' बाट 'जनता' र जनताबाट सर्वभौमसत्ता सम्पन्न नागरिक भयौ । यी राजनैतिक उतारचढाव र परिवर्तनको शंखघोषलाई पनि उपन्यासमा मिहिन ढंगले विश्लेषण गरिएको छ । समय चेत विना, मानिस रूपान्तरण र प्रगती तथा प्रकृतिसँग अन्तरघुलन हुन सक्दैन भन्ने मान्यतालाई उजागर गरिएको छ ।

उपन्यास एउटा पूर्ण मानिस जस्तै जिवन्त र सृजनशील आख्यान हो । यसमा घटना क्रमहरुको उठान, उडान, वर्णन र बैठान संगीतजस्तै लयबद्ध हुन जरुरी छ । पात्रहरुको नायकत्व र पात्रिय प्रतिनिधित्व सशक्त हुनुपर्छ । पात्रहरूमा प्रतिरोधी चेत आवश्यक हुन्छ, तव मात्र ति पात्रहरुले प्रतिकात्मक रुपमा समाजको रुपान्तरण र समतामूलक समाजको निर्माणमा महत्वपूर्ण भूमिका निवाह गर्न सक्छन् । उपन्यासमा औपन्यासिक पृष्टभूमीको व्याख्याँ भन्दा संस्मरणात्मक सौरकल्पना हावी भएको छ । पात्रहरुमा प्रतिरोधी चेत शून्य छ । आशा छ लेखकका आगामी कृतिहरु "शिरीषको फूल' मा पारिजात मगमगाए जस्तै मदन पुरस्कारसम्मको शिखर यात्रा चुम्ने छ ।

**समाप्त**

*कमलामाई, सिन्धुली*

❑ लेख

# माघे सङ्क्रान्तिको महत्व र गोरु जात्रा



❖ त्रिचन्द्र श्रेष्ठ

कुनै पनि किसिमको चाड पर्वका परम्परामा धर्म र संस्कृतिको विविध पक्ष अन्तर्निहित रहेको हुन्छ नेपाली समाजमा। भौगोलिक, जातीय र संस्कृतिक विविधता रहेको नेपालमा एकैदिन पर्ने र एउटै नामको पर्वलाई पनि भिन्नभिन्न भेग र समुदायमा भिन्नभिन्न ढंगले मनाउने प्रचलन छ। माघ महिनाको सुरुवातको दिन अर्थात् माघ १ गते मनाइने 'माघे सङ्क्रान्ति' पर्वलाई 'मकर सङ्क्रान्ति' को नामले पनि प्रचलित छ।

नेपालको किराँती संस्कृतिबाट प्रतिपादन गरिएको संस्कार हो, मकर सङ्क्रान्ति। यसमा किराँती राजा शक्को हाङ्को नाम जोडिएको पाइन्छ। राजा शक्को हाङ्को नामबाटै शन्नमूल नदीको नामाकरण भएको प्राचीन कथन छ। मकर सङ्क्रान्तिमा शन्नमूलमा ठूलो मेला लाग्दछ।

ज्योतिषीय दृष्टिकोणमा सूर्यले धनु राशीबाट मकर राशीमा प्रवेश गर्ने र यसै दिनदेखि सूर्यको उदय विन्दू दक्षिणतर्फबाट उत्तरतर्फ प्रवेश गर्ने क्रम आरम्भ हुने गर्दछन्। उत्तरायणको अवधिमा तुलनात्मक रुपमा दिन लामो हुने र तापक्रममा समेत वृद्धि भई गर्मी मौसमको प्रारम्भ हुने गर्दछ।

नेपालको समस्त भूभाग हिमाल पहाड र तराईमा बसोबास गर्ने क्षेत्री, बाहुन, राई, लिम्बु, नेवार, गुरुङ्ग, मगर आदि सबै जनजातीले माघे सङ्क्रान्तिलाई आ-आफ्नो परम्परा, भिन्नभिन्न विशेषता र प्रकृतिले मनाउने गरेको पाइन्छ।

घिउ, चाकु, तरुल, तिलको लड्डु जस्तो पौष्टिक खाद्य पदार्थ खाएर मुलुकभर माघे सङ्क्रान्ति पर्व मनाइन्छ भने नेवार समुदायमा भनो ती खाद्य वस्तु साथै समयबजी (चिउरा, पोलेको मासु, साधेंको भटमास, अदुवा र रक्सी वा जाँड) का साथै सिद्रा माछा खाने चलन छ। विशेषगरी घिउ र चाकु खाने भएकोले नेपाल भाषामा 'घ्यो चाकु सँल्हु' भनिने यस पर्वमा उपत्यकाका तीन सहरमा खिचडीका साथै 'यलय् पलः' (पाटने पालुङ्ग) खाने चलन रहिआएको छ। यस दिन जीउभरि तेल घसेर घाम ताप्ने पनि चलनका साथै यस पर्वमा परिवारमा मूली वा आमाले छोराछोरीलाई तालुमा तेल हालिदिने पनि गर्दछन्।

यसै दिन भक्तपुरको टौमढी टोलमा तिलमाधव नारायणको मन्दिरमा मेला लाग्ने र दीपङ्कर बुद्धको पूजा हुने गर्दछ । तिलमाधव नारायणको मन्दिरमा चढाइएको घिउ सन्तान नभएका महिलाले नुहाइधुवाई गरी शुद्ध भई खाएमा सन्तान प्राप्ति हुने विश्वास गरिन्छ । त्यस्तै उपत्यका नजिकैको पनौतीमा पनि माघ महिनाभरि मकर मेला लाग्ने गर्दछ ।

माघे सङ्क्रान्तिको दिन नेपालको पूर्वदेखि पश्चिमसम्मको विभिन्न नदी, घाटका किनार एवं दोभान र त्रिवेणीहरुमा स्नान गर्नेहरुको भीड हुने गर्दछ । यस दिन इलाम जिल्लाको माईबेनीमा ठूलो मेला लाग्छ । माईखोला र जोगमाई खोलाको दोभानमा लाग्ने उक्त मेलामा हजारौं भक्तजनको घुइँचो लाग्ने गर्दछ, सो मेलामा धाननाच, चण्डीनाच, बालन, संगिनी, मारुनी नाच जस्ता परम्परागत नृत्य समेत हेर्न पाइन्छ ।

यसैगरी यसदिन झापाको प्रसिद्ध धार्मिक नदी कन्काईमा हिन्दू धर्मावलम्बीले मकर स्नान गर्छन् । सङ्क्रान्तिदेखि पाँचदिनसम्म कन्काई नदीको वरिपरि रमाइलो मेला लाग्ने र किराँत परम्परा एवं संस्कृति अनुरुप धान नाच देखाइने प्रचलन छ । उता सुनसरी जिल्लाको प्रसिद्ध धार्मिक तीर्थस्थल बराहक्षेत्रमा माघे सङ्क्रान्तिका दिन हजारौं हिन्दू धर्मावलम्बीको भगवान विष्णुको पूजा आराधना गर्छन् । हिन्दू धार्मिक विश्वासका आधारमा उक्त स्थानमा त्यसदिन मकर नुहाई शरीर स्वच्छ बनाएर मोक्ष पाउने विश्वास गरिन्छ ।

तराई जिल्लाका मैथिली समूदायले यस पर्वलाई 'तिला सङ्क्रान्ति' पर्वको रुपमा भव्य मनाउँछन् । उनीहरु यस पर्वलाई बाचा वन्धनको रुपमा समेत मनाउने गरेको पाइन्छ, यसदिन परिवारका अग्रज र आमा–बाबुले आफ्ना सन्तानहरुलाई सख्खर र तिल खुवाई उनीहरुबाट बुढेसकालमा सेवा गर्नुपर्ने वचन, बाचालिन लगाउने गर्दछन् ।

खासगरी मैथिली महिलाका लागि 'तिला सङ्क्रान्ति' पर्वको अझ बढी महत्व छ । यसैदिन देखि कन्याहरु सुयोग्य वर प्राप्तिको कामनाले तुसारी पर्व मनाउन थाल्छन् भने विवाहित महिला पृथ्वी पर्व मनाउने गर्छन् । यस पर्वमा नवविवाहित दुलहाको घरबाट दुलहीको माइतमा तिल र चिउराको कोसेली र जाडोमा लगाउने लुगा पठाई दिने परम्परा पनि छ । धेरैजसो मिथिलावासी यसै दिनदेखि माघ स्नान सुरु गर्छन्, अर्थात् माघ महिनाभर एका बिहानै नुहाएर घिउ, खिचडी खाने गर्दछन् ।

मगर जातिहरुले माघे सङ्क्रान्ति पर्वलाई तीन दिनसम्म धुमधामका साथ मनाइने यस पर्वलाई माघ्या खपनी भनिन्छ । पहिलो दिन कुलपूजा गर्ने र दिदीबहिनीहरुको पूजा गर्ने चलन रहेको पाइन्छ भने दोस्रो र तेस्रो दिन माघी खान वनभोज जाने र गाउँले जम्मा भएर धनुषवाण तारो हान्ने चलन रहेको पाइन्छ ।

यस्तै, तराईमा बसोबास गर्ने अर्का जाती थारु समुदायले माघी भनेर मनाउँछन्

र नयाँ वर्ष मान्ने गर्छन् । माघी मौलिक संस्कृतिले भरिएको सबभन्दा ठूलो पर्वको रुपमा लिइन्छ । यो पर्व माघी पर्वको रुपमा बडो उत्साहका साथ मनाइन्छ । यस दिन मासको दाल र चामल मिसाइएको खिचडी (माघी) खाने चलन छ । उनीहरु माघे सङ्क्रान्तिका अघिल्लो दिन सुँगुर काट्ने चलन छ जसलाई 'जिता मरना दिन' भनिन्छ भने सङ्क्रान्तिको रातभर गाउने गीतलाई 'धमार' भनिन्छ । माघको दोस्रो दिन खिचडी बनाई खाने गरिन्छ यसलाई उनीहरु 'खिचरहवा' भनिन्छ ।

पश्चिममा चर्चित माघे सङ्क्रान्ति मेला रिडीको रुरु क्षेत्रमा तीन दिनसम्म भव्य मेला लाग्ने गर्दछ । हजारौं संख्यामा भक्तजनहरुको भेला हुने उक्त मेला जेठी, माईली र कान्छी सङ्क्रान्तिको रुपमा तीन दिन लाग्ने गरेको छ ।

ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले महत्वपूर्ण तानसेनदेखि ३६ किलोमिटर दक्षिण पश्चिम पर्ने गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको संगमस्थलबाट बग्ने पवित्र काली गण्डकी नदी र गण्डकीको तिरमा अवस्थित पुरानो हृषिकेश मन्दिरमा मेला लाग्ने गर्दछ । यता देवघाटमा हरेक वर्ष माघ १ गते लाग्ने मकर सङ्क्रान्ति मेला बाँसको लिंगो गाडेर शुभारम्भ गरिन्छ । भारतको हरिद्वार हृषिकेशको तुलनामा निकै मनोरम र ठूलो महत्व बोकेको देवघाटको माघे सङ्क्रान्तिमा स्नान गर्न स्वर्गबाट देवताहरु आउने जनविश्वास छ । धार्मिक र पर्यटकीय महत्व बोकेको देवघाटमा तीन दिन मेला लाग्छ भने मेलासँगै गलेश्वर आश्रममा लक्ष्यहवन समेत गरिन्छ ।

माघी पर्वलाई नयाँ वर्षको रुपमा पनि लिने गरिन्छ । पुस मसान्तमा आ-आफ्नो लेनदेन, हर-हिसाब चुक्ता गर्ने र माघ १ गतेदेखि नयाँ हिसाब किताब सुरु गर्ने प्रचलन छ । यसैबेला घरपरिवारभित्र होस् वा गाउँ समुदायमा आगामी वर्षको लागि खेतीपाती लगायत यावत् अन्य व्यवहारहरुको नवीकरण गरिन्छ । उता थारु समुदायमा भाइ भाइमा मन नमिले माघीमा नै अशंवण्डा गर्ने गरिन्छ । यसलाई घर फुटाई भनिन्छ । अंशवण्डामा कुनै भाइलाई मर्का नपरोस. भन्ने उद्देश्यले गाउँका पञ्च भलादमीको मध्यस्थकर्ताको रुपमा माघको पहिलो हप्ता भित्रै वैठक बसेर सामूहिक रुपमा गत वर्षको काम कारवाही बारे छलफल गरिन्छ । आगामी वर्षको लागि उही बरघरलाई निरन्तरता दिने या नयाँ चुन्ने विषयमा छलफल हुन्छ । नियम उलंघन गर्नेलाई बरघरको अध्यक्षतामा बसेको वैठकले जरिवाना तोक्दछ । बरघरको महत्वलाई दृष्टिगत गर्दै विगत केही वर्षयता जिल्ला बरघर समिति पनि गठन हुन थालेको छ । यसरी लोकतान्त्रिक ढंगले थारु समूदायमा अगुवा चुन्ने काम माघीमा नै गरिन्छ ।

**नुवाकोटको गोरु जात्रा**

आजभोलि खेल पर्यटनको गन्तव्यको रुपमा विकास भइरहेको नुवाकोट जिल्ला तारुका गाविसमा माघे सङ्क्रान्तिको दिन आयोजना गरिने गोरु जात्रा (गोरु जुधाई) परम्परागत जात्रा हो । एक किम्वदन्तीअनुसार बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंह

वि.सं. १९७८ मा नुवाकोटको तारुका-५, चन्दनीस्थित मामाघर आउँदा भानिजलाई मनोरञ्जन दिन उनका मावलीले बाजागाजासहित साँढे जुधाउने परम्परा सुरु गरेको बताइए पनि यकिन इतिहास भेटिएको छैन ।

नेपाल र भोटबीच भएको युद्धअन्तर्गत वि.सं. १८४९ मा बेत्रगंगाको नदी किनारमा भएको व्यापारिक सन्धि पश्चात् नेपाली पक्षको जीतको उत्सवमा तत्कालीन समयमा गोरु जुधाएको स्मरणमा सामरिक महत्व कायम राख्न स्थानीयको पहलमा गोरु जुधाइलाई निरन्तरता दिएको गोसाइकुण्डका क्लबका सल्लाहकार अष्टमान डङ्गोलले बताए ।

विसं २०६२ देखि स्थानीयवासीले हरेक वर्ष आलोपालो रुपमा समिति बनाएर माघे सङ्क्रान्ति गोरु जुधाइ संरक्षण संस्थामार्फत् व्यवस्थितरुपमा गोरु जुधाउन लागिएको हो । विगतमा सोही गाविसको कोलडाँडा, चन्दनी, ठूलो पोखरीलगायतका ठाउँमा छरिएर रहेको गोरु जुधाईलाई विसं २०६७ देखि गोसाईंकुण्ड युवा क्लबको पहलमा गोरु जुधाइ जात्रालाई व्यवस्थित तारुका चन्दनीमा एकीकृत र व्यवस्थित रुपमा मनाउन थालिएको हो ।

यसैको अनुसरणगरि पर्वतको लिमीठाना गाविसमा पनि माघे सङ्क्रान्तिको अवसरमा पहिलोपटक वि.सं: २०७० सालमा गोरु जुधाई प्रतियोगिता आयोजना गरियो । गोरु जुधाउनका लागि लिमीठाना, ठानामौला, शंकर पोखरी र खानी गाउँबाट गोरु ल्याउने गरिन्छ भने गोरु जुधाई प्रतियोगिता हेर्न टाढाटाढाबाट हजारौं सर्वसाधारण लिमीठाना पुग्ने गरिन्छ ।

तारुकामा हुने गोरुजात्रा आन्तरिक तथा बाह्य पर्यटकका लागि मनोरञ्जनको गतिलो माध्यम हुन सक्ने स्थानीयवासी र पर्यटन व्यवसायीको भनाइ रहेको पाइन्छ ।

समष्टिगत रुपमा नेपालमा पाइने यसप्रकारको सङ्क्रान्तिमा अध्यात्मिक र भौतिक दृष्टिकोणले समेत सबभन्दा महत्वपूर्ण संस्कृति मकर सङ्क्रान्ति हुनुका साथै किराँतकालीन संस्कृति भएकोले यसको संस्कारमा भौगोलिक, भौतिक, आध्यात्मिक सँगै धार्मिक संस्कृति पाइन्छ, केवल धार्मिक दृष्टिकोणबाट मात्र मकर सङ्क्रान्तिका विवेचना गर्नु उपयुक्त होइन धर्म भनेको अनुभवसिद्ध विज्ञान हो ।

*trichandra.shrestha@gmail.com*
*98510-54765*

❑ सस्मरण

# गीत संगीत र मेरो बालपन



❖ राजेन्द्र श्रेष्ठ

नेपाली गीत संगीत र चलचित्र मेरो जीवनको महत्वपूर्ण पाटो हो । जान्ने बुझ्ने भएदेखिन् यो क्षेत्रमा मेरो बिशेष रुचि छ ।

ठ्याक्कै मिति त याद छैन । राजनको घरमा रेडियो किनेर ल्याए । असारको बेला थियो पानी परेर भर्खर रोकिएको,आकाशमा बादल मडारिरहेकै थियो । घाम अलि अलि लागेको । सायद भिन्न पनि नबसेको जस्तो लाग्दछ,४० साल तिरको हो कि । म त्यही एक दिन त्यो रेडियो ल्याएको दिन सम्झन खोज्दैछु । अँ घरमा हामी बच्चाहरु मात्र यत्रतत्र दौडिरहेका थियौ,हजुरआमा बेलुका तरकारी पकाउन सिमी केलाउदै हुनुहुन्थ्यो । आमाहरु त रोपाई गर्न गएका । राजनका बा ले रेडियो ल्याएर पिढीमा राखे । ठ्याक्कै पाँच बज्यो । त्यतिबेला रेडियोमा बोलेको बाक्य मेरो कानमा गुन्जिरहन्छ– “आउ मेरा प्यारा भाइ बहिनीहरु हो” ... यो वाक्य बालकार्यक्रमा बासुदेब मुनालले बोल्नु भएको थियो ।

रेडियो नेपालमा बासुदेब मुनालले लामो समयसम्म बाल कार्यक्रम चलाउनु भयो । रेडियोमा पहिलो चोटि सुनेको कार्यक्रम नै त्यो बाल कार्यक्रम हो । रेडियो सुन्ने सम्बन्धमा हामी केटाकेटीमा त्यति रहर थिएन कि जस्तो छ किनकी हामी केटाकेटी रेडियो अघिल्तिर झुम्मेर बसेको त्यति याद छैन र रेडियो लगातार खोलेको याद पनि छैन। रेडियोमा गीत बजिरहेको बेलामा म ध्यान दिएर सुन्थेँ । दुइटा गीत त म कहिल्यै बिर्सन्न । डेजी बराइलीले गाउनु भएको– “भैसी लड्यो है माया भिरबाट हेर”

यो गीत सुनेर म रोएको छु । गीतमा एउटा आमाको व्यथा छ, एउटा अल्लारे छोरो छ भैसी हेर्न गोठालो पठाएको छ । भैसी हेर्न छोडेर छोरो त शहर पो पसेछ यता भैसी भीरबाट लडेर मरेछ । ऋण गरेर ल्याएको भैसी मरेपछि एउटी आमाले बिलौना गरी गाएको त्यो गीत सुनेर मैले धेरै सोचेको छु हरे कस्तो छोरो रैछ त्यो ।

अर्को एउटा गीत छ त्यति बेलै सुनेको –

“आमा रुदै गाउ बेसी मेलैमा
छोरो रुदै गोरखपुर रेलैमा”

बाबु आमा छोडेर छोरो परदेश गएको छ बाबु चाहि घरमा बिरामी छ, घर लथालिङ्ग छ। बिदेश गएको छोरालाइ फर्की आउ भनेको छ। लोक बहादुर क्षेत्रीले गाउनु भएको त्यो गीत सुनेर म रोएको छु। काठमाण्डौ बसाईको क्रममा ति गायकको बारेमा एउटा एफ एममा धेरै चर्चा भएको थियो र मैले फोन गरेर त्यो एल्बम कहाँ किन्न पाइन्छ भनेर सोधेथेँ। भद्रकाली मन्दिर छेउमा लोक गीत सङ्ग्रालय छ त्यहाँ जाउ भनेका थिए,  त्यो पछि त्यत्तिकै भयो।

शुरुको बर्ष राजनको घरमा रेडियो बजेको त्यति याद छैन। बरु रत्न काकाको घरमा रेडियो नियमित बज्दथ्यो। त्यतिबेला रेडियो दिनभर प्रशारण हुदैनथ्यो। ४२,४३ साल ताका  बिहान ६ बजेदेखि १० बजेसम्म दिउसो १ बजेदेखि ३ बजेसम्म र बेलुका ५ बजेदेखि १० बजेसम्म प्रशारण हुन्थ्यो।

त्यतिबेला तिर हाम्रो कान्छो बाजे डोको घुम बुनेर बस्थे। गाउभरीका बुढा युवा जम्मा हुन्थे कोही तास खेलेर बस्थे। अनि रेडियो चाहि नियमित बजिरहन्थ्यो। हामी केटाकेटीहरुको छुट्टै संसार थियो। यताउति हिडिरहन्थ्यौ। रेडियोमा गीत बज्दा यसो कानमा परिहाल्थे।

भिज्यो तिम्रो रातो पछ्यौरी गंगाजले पानीले......
उज्यालो भएको छैन भुक्यायो तिनपाते ताराले

यस्ता  प्रकारका गीतहरु त्यतिबेला खुब बज्दथे। शनिबार भने रेडियोले बिशेष कार्यक्रम बजाउथ्यो। बढी लोकगीत बज्दथ्यो। राजनको घरको, रत्न काकाको घरको रेडियो ठुलो पारेर खोल्दथे। माथि लक्ष्मी दिदीको घरमा नि ठुलो आवाजमा खोल्दथे। शनिबार साह्रै रमारइलो हुन्थ्यो। हाम्रो कान्छो काका लोकगीत भने पछि हुरुक्कै तिन ठाउको तिनवटा रेडियोको गीत सुनेर नाच्दै हिन्थे।

र, अरु बेला गीत सुन्न त्यति पाइदैनथ्यो। त्यतिबेला मंसिर महिनामा बार्षिक परीक्षा हुन्थ्यो  र पुष माघ महिना बिदा हुन्थ्यो। फागुन देखि मात्र नयाँ कक्षा शुरु हुन्थ्यो। जाडो महिनाताका अहिले यो घर बनाएको ठाउमा पारीलो घाम तापेर बसिन्थ्यो दिउसोपख– अबेर साँझसम्म। त्यहिताका नारायण गोपालका गीतहरु खुव सुनिन्थ्यो,  प्रेमध्वज प्रधानको पनि।

पछि ४८,४९ ताका रेडियोमा गीत बजेपछि राजन र देबकी दिदीहरु भन्थे यो गीत उदितनाराणले गाएका हुन यो प्रकाश श्रेष्ठले। तिनीहरु कसले गीत गाएको हो चिन्न सक्थे। मलाई चाहि अचम्म लाग्दथ्यो कसरी चिनेका होलान भनेर। त्यसपछि मैले पनि ध्यान दिएर गीतहरु सुन्नथालेँ। गीत बज्नु अगाडि उद्घोषकले गीतकार गायक संगीतकारको नाम भन्दथे ति ध्यान दिएर सुन्नथाँले।

५० को दशक ताका नेपाली चलचित्रका साह्रै राम्रा गीतहरु बज्ने गर्दथे । अरु दिनमा त त्यति सुन्न पाइदैनथ्यो । शनिबार भने नेपाली चलचित्र र आधुनिक गीत बज्ने कार्यक्रम लगातार प्रशारण हुन्थ्यो । त्यतिबेला चलचित्र प्रतिज्ञाको –मेरो निन्द्रा भोक र तिखा रात र दिनको किन चोरेको, ट्रक ड्राइभरको –चिठ्ठी आएन,सम्झना बिर्सना सललल,सिमानाको –फूलको डाली डालीमा, आफ्नै गाउ फर्की आए, पराइ जोडी देखेर हो कि,भाउजुको –जिन्दगी खोला जस्तै बगीरहेछ, देउताको हुँदैन रेलीमाई चट्ट बिर्सन,अव यो बाटो मेरो हो कि, धाराको पानी कान्छी नानी जस्ता गीतहरुले त त्यति बेला यति मोहनी लगाए कि गीत नसुनेर त बस्नै नसक्ने स्थिति भयो । कहिले शनिबार आउला भनेर पर्खनु पर्दथ्यो ।

चलचित्र प्रेमपिण्डको गैह्री खेतको शीरै हान्यो गीत यति धेरै लोकप्रिय थियो कि रेडियोका प्राय प्रत्येक कार्यक्रममा बज्दथ्यो । दिपा २, ३ बर्षकी थिई यो गीत बज्दा छमछमी नाच्दथी ।

त्यतिबेलैतिर हामीकहाँ टिभी ल्याइयो २०५० सालको बैशाखमा । टिभी को सम्बन्धमा रोचक कथा छ ।

नेपाल टिभीको प्रशारण त २०४२ साल देखि भएको हो । २०४५ सालतिर नेपाल टिभी बाट हिन्दी धाराबाहिक रामायण प्रशारण हुन्थ्यो । त्यतिबेला हाम्रो वरपर त के गाउमै कसैको घरमा टिभी थिएन । प्रत्येक हप्ताको सोमबार पछि बिहीबारको दिन उक्त सिरीयल हेर्न हाम्रो गाउका सबै जना सुवेडीगाउको गुम्बे साहुको घरमा जान्थे । त्यो गाउमा पनि अरु कसैको घरमा टिभी थिएन । पछि बलरामको घरमा ब्ल्याक एण्ड ह्वाइट र कल साहु गोपालको घरमा रङ्गीन टिभी ल्याए ।

बेलुका रामायण हेर्न हाम्रो गाउलेहरु एकै चोटि जान्थे जुलुस हिडेको जस्तो लाग्दथ्यो । हामी पनि उनीहरु संगै जान्थ्यौ । ठुलो आँगन, आँगन भरी मान्छे, ठिक्क आठ बजे पछि टिभी आँगनमा ओराल्थे । आठ बजेको समाचार सके पछि रामायण आउथ्यो । राती अबेर घर फर्कदा आलापोट तिर जिन्दाबाद मुर्दाबाद भनेर जुलुस निस्केको देख्दथ्यौ, सुन्थ्यौ । पञ्चायत कालका अन्तिम घडिको समय थियो त्यो ।

हामीहरु मध्ये राजनले पहिलो चोटि टिभी हेर्न पायो । त्यो सुन्दरीजल दिदी कहाँ गइरहन्थ्यो र त्यहाँ हेर्दथ्यो । घर फर्के पछि हामीलाई सान दिएर भन्थ्यो –"मैले टिभी हेरे । "

अनि म सोध्दथे–" के के देखायो त । "

उ भन्थ्यो –"सबै देखायो, हाम्रो घर पनि देखायो । "

अनि म सोध्दथे –"हाम्रो घर देखाएको भए हामी के गर्दैथ्यौ त ? "

अनि उ भन्थ्यो –"बेलुका तिमीहरुको ढोका खुल्ले थियो । "

यस्ता प्रकारका कुरा हुन्थ्यो । राजनले त्यसो भनेको छ कि टिभी मा हाम्रो घर देखायो । मलाई त टिभी कस्तो हुन्छ थाहा पनि थिएन र सोध्दथेँ के देखायो भनेर । स्कुलमा गएर पनि सोध्दथें रामायणमा के के देखायो भनेर प्रकाशसंग, श्यामसँग पनि । एउटा उत्सुकता थियो के आउछ टिभी मा भनेर ।

अँ पहिलो चोटि मैले गोपालको घरमा गएर टिभी हेरेँ राजनको वा संग गएर । बेलुका सातै बजेतिर हाम्रो गाउका ६,७ जना त्यहाँ गयौ । खाना खाँदै रहेछन बाहिरै बस्यौ । खाना खाइसकेपछि गोपालले  ढोकामा उभिएर त्यहाँ आएकालाई पालैपालो भित्र पठाए । म त फुच्चे मान्छे भित्र पठाउन मानेनन् फुच्चेहरुले हेर्ने होइन भन्दै बाहिरै घचेटे  अनि राजनको बाले यो एक्लै कसरी बस्छ टाढादेखि आयो हेर्न रहर गरेर भने र भित्र घुसाए । र, मैले पहिलो चोटि टिभी देखेँ र रामायण हेरेँ । त्यो दिन रावणले सीता हर्नको लागि मारीचसँग सल्लाह गरेको दृष्य देखाएको थियो ।

हरेक हप्ता रामायण हेर्न गाउलेहरू गुम्बे साहुकहाँ गएपनि हामी भने बलरामको घरमा जान्थ्यौ । त्यतिबेला हामीले कुखुरा पालेका थियौ दाना चल्ला बलरामले ल्याउथे त्यही भएर हामी त्यहाँ जान्थ्यौ ।

४७ सालको असार ताका गाउमा सर्बप्रथम कुबेर काकाको घरमा टिभी ल्याए । त्यही सालरुपेशको घरमा रङ्गीन टिभी ल्याए । त्यहाँ टिभी ल्याउदा रामायण सकिकन महाभारत भर्खर आउन थालेको थियो ।

गाउमै टिभी भएपछि सजिलै भयो । हामी प्राय कुवेर काकाको घरमा जान्थ्यौ नजिक भएकोले पनि । हाम्रो घरतिर टिभी हेर्न जाने दिन ठुलो चहलपहल हुन्थ्यो । अरु दिन घरको के के काम गर्नुपर्ने हो नगरे पनि, गर्न अघि नसरे पनि त्यो दिन आफुले गर्न सकेसम्मको गर्न खोज्थ्यौ । खाना आफै बनाउन अघि सर्थ्यौं ।

टिभी हेर्न जान म मा उत्साह हुन्थ्यो तर म अघि सर्दैनथे, हामी केटाकेटीहरु ठुलाहरुलाई भन्थ्यौ आज टिभी हेर्न जाने दिन र उनीहरू पनि भन्थे हो हो जानुपर्छ चाँडो भात खाओ । बेलुका चाँडो भात खाएर हाहा हुहु  गर्दै रमाइलोसँग टिभी हेर्न जान्थ्यौ ।

पछि हुँदै गएपछि अरुको घरमा कति जाने, आफ्नै घरमा भए पो भन्ने कुरा उठ्यो । बिस्केट जात्रामा बेशीगाउ मामाबाजेको घरमा भोजमा डाकेको बेलाँमा यही कुरा उठ्यो । मामाबाजेले टिभी किन्न पैशा दिने भए । भोलिपल्टै अर्थात २०५० बैशाख २ गते यताबाट आधा पैशा र मामाबाजेबाट बाँकी पैशा जम्मा गरेर १४ इन्चको ब्लाक एण्ड व्हाइट टिभी लेराइयो । टिभी राजनको घरमा राखियो ।

हामीकहाँ टिभी ल्याउदा महाभारत सकिकन विश्र्वामित्र भन्ने सिरीयल १५ भागसम्म्म पुगिसकेको थियो ।

र, टिभी घरमै आयो । हामी केटाकेटीमा ठुलो उत्साह थियो । हामी स्कुलबाट फर्कदा टिभी ल्याइसकेको थियो । ठूल दाइ त्यतिबेला आइ ए दोश्रो बर्ष पढ्दै थिए र कोठामै थिए । हामीले गएर भन्यौ टिभीको तार जोडौ न । दिउसो टिभी प्रशारण हुने थिएन ता पनि हामीले कराइरह्यौ टिभीको तार जोडौ न ।

त्यसपछि हाम्रो त बेलुकापख हरेक दिन टिभी हेर्ने देनिकी जस्तै भयो । त्यतिबेला गिताञ्जली भन्ने फिल्मी कार्यक्रम खुब लोकप्रिय थियो, नेपाली चलचित्रको जानकारी दिने उक्त कार्यक्रममा नेपाली फिल्मका गीतहरू बज्थे । फिल्मको सुटिङ्ग रिपोट प्रस्तुत हुन्थ्यो । हामी त्यो कार्यक्रम नियमित हेर्दथ्यौ । राजेश हमाललाई त्यै गिताञ्जली कार्यक्रममा त्यो प्रतिज्ञाको गीत मेरो निन्द्रा भोक तिर्खा रात र दिनको मा पहिलो चोटि देखेँ ।

त्यो गीतमा राजेश हमाल मेलिनासंग छमछमी नाचे अनि युग देखि युगसम्मको गीत आँधीले रोक्न सक्दैन बाढीले छेक्न सक्दैन मा कृष्टि संग नाचे । मलाई त साह्रै राम्रो लाग्यो । त्यति बेला देखि नै राजेश मेरो प्रिय भए ।

यता रेडियोमा चलचित्रका गीत मात्र होइन आधुनिक गीत पनि खुब बज्दथे । रामकृष्ण ढकालको  हाम्रो सानो संसार थियो,हर रात कहिले, हाँसु कति म, रिसाउदा पनि आफ्नै,गीत मेरा हराए जस्ता गीतहरू अति लोकप्रिय थिए । यम बरालको बादलुको घुम्टोले इलाम बजार छोपिदा, राजेश पायल राईको यस्तै रहेछ यहाँको चलन जस्ता गीतहरू खुब बज्दथे । देबिका प्रधान कुन्ती मोक्तान, सुक्मित गुरुङका स्वर पनि सुनिन्थ्यो ।

हाम्रो घरमा रेडियो थिएन । अरू दिन सुन्ने कुरै भएन । शनिबार मात्र सुन्न सम्भव हुन्थ्यो । शनिबार बिहानैदेखि रेडियो ठुलो पारेर खोल्दथे। म पिढीमा पढ्न भनेर बस्दथे । गीत सुन्दै पढ्थेँ ।

यता स्कुलमा बेला बेलामा मनोरञ्जनात्मक कार्यक्रम हुन्थ्यो । जेठ ३ गते स्कुलको जन्मजयन्ती धुमधामले मनाइन्थ्यो । एक हप्ता अगाडि देखि खेलकुद लगायत सिर्जनात्मक कार्यक्रम शुरु हुन्थ्यो । र जेठ ३ गते पुरस्कार बितरणको कार्यक्रम हुन्थ्यो । २०४६ सालमा म कक्षा ४ मा पढ्थेँ । तिन कक्षाबाट प्रथम भएकोले जेठ ३ गते मैले पनि पुरस्कार पाएँ । मैले पहिलो पल्ट सार्वजनिक स्थलबाट पुरस्कार पाएको क्षण त्यहि थियो ।

त्यो दिन ९।१० कक्षा पढ्ने बिद्यार्थीहरुले गीत तथा नृत्य प्रस्तुत गरेका थिए । गौरी र प्रकाशले चलचित्र सम्पत्तिको बरपिपलको छहारीमा  भन्ने गीतमा नृत्य गरेका थिए । साह्रै मनमोहक नृत्य थियो  प्रकाशले दौरा सुरुवाल गगाएका थिए,मादल

भिरेका थिए,गौरी सारी चोलीमा सजिएकी थिइन् ।

मैले भनि हाले नि मैले पनि पुरस्कार पाएँ त्यो दिन जापानिज कापी डट्पेन कलर सेट ड्रइङपेपर इत्यादि । त्यो दिन अनौठो घटना पनि घटेको थियो पुरस्कार लिने बँलामा । कक्षा ३ बाट प्रथम भएका राजेन्द्र श्रेष्ठ भनेर मेरो नाम उद्घोष गर्नु भयो ध्रुब सरले, म मञ्चमा जाँदै थिएँ पुरस्कार लिन बडो उत्साहपुर्वक । मलाई उछिनेर सानागाउकै कक्षा ३ मा पढ्दै गरेको राजेन्द्र श्रेष्ठ पो मञ्चमा पुग्यो । मञ्चमा दुई जना सब जना छक्क परे । अनि प्रेमनाथ सरले पो त्यो केटोलाई देखाएर त्यो होइन यो चाहि हो भनेर मलाई देखाए र पुरस्कार पाएँ ।

त्यो केटो तीन कक्षामा पढ्दै थियो । तिन कक्षाबाट भनेकोले त्यो झुक्कियो । तर त्यो केटो उत्तम पढ्ने खालको थिएन पढाईमा औसत थियो । केटाकेटी उमेर त्यो झुक्कियो,एउटा बिर्सन नसकिने घटना भयो ।

कक्षा ४ मा पढ्दा केशव सरले ५ कक्षामा पढ्नेहरुलाई पनि ४ कक्षामा बोलाएर नाच्न गाउन लगाए । जयरामकी दिदी लगायत खुलाल्टारका अरु केटीहरुले खुबै गीत गाए र नाचे पनि मलाई त राम्रो लाग्यो । केशव सरले भने –“पढाईमा मात्र राम्रो भएर हुदैन अन्य क्रियाकलापमा पनि सक्रिय हुनुपर्छ । ”

म त पढाईमा अघि थिएँ– तिन कक्षाबाट प्रथम भएर आएको पढाई बाहेक अन्यतिर रुचि थिएन । सरले त्यसो भन्दा खुब प्रभाव पर्‍यो । त्यसकारणले पनि गीत संगीत तिर रुची बढेको हो ।

पाँच कक्षामा पढ्दा एउटा गीत खुब सुनिन्थ्यो
जुनी जुनी जुनी हो मेरो नाम
इन्द्रेणी मेरो गाउ

यो गीतमा इन्द्रेणी भनिएको छ हामी पढ्ने स्कुल इन्द्रायणी गा बि स मा पर्ने । स्कुल नजिकैको किराना पसल सँगै जोडिएको ठुलो घरमा ठुलो परिबार बस्दथ्यो सायद पाँच दाजु भाइ थिए कि कान्छो भाइ साँखुको एउटा प्राइभेट स्कुलमा पढ्थ्यो,श्यामले भन्यो त्यो गीत त्यै केटाको भाउजुले गाएको हो र भन्थ्यो उसको दाजु जाँड खाएर हिड्थ्यो अनि श्रीमतीलाई पनि कुट्थ्यो, त्यसकारणले श्रीमान श्रीमती छुट्टिए । त्यसकारण त्यसको भाउजुले त्यो गीत गा’को मैले त्यो केटा सँग यो कुरा सोधिन हो कि होइन भनेर, मैले त पत्याए

गीतमा भनेको छ चुरोट बिडी नखानु
जोईलाई कुट्नु पाप हो

यसैले मैले पत्याए । पछि पो थाहा भयो । त्यो त जुनी फिल्मको गीत पो रहेछ ।

र पछि श्यामले पनि किन त्यसरी भन्यो मैले सोधिन । तर मलाई गीतले प्रभाव पार्‍यो । जाँड रक्सी खानु हुदैन चुरोट खानु हुदैन श्रीमती कुट्नु हुदैन .....गीत खुबै राम्रो लाग्यो । मैले जाँड रक्सी नखानुमा त्यहि गीतको प्रभाव छ ।

पाँच कक्षाको बार्षिक परीक्षा दिने ताका गीत सम्बन्धि रमाइलो घटना घट्यो । स्कलका संचालक समितीको अध्यक्षका कान्छा छोरा नाम अहिले बिर्से अलि क्रान्तिकारी जस्तो लाग्ने प्राथमिक कक्षामा पढाउथेँ । कपाल लामो पालेका थिए लेदर ज्याकेट लगाउथे जिन्स पाइन्टमाठाँटिएर आउथे । हामी ४ कक्षामा पढ्दा बच्चु कैलाश सर ध्रुब राज सर बिजु मिस सँगै पढाउन थालेका । बच्चु कैलाश सरले चाँडै नै स्कुल छोडे तिनी महत्वपुर्ण थिए स्कुल छाड्नु अगाडि हामी संगै पढ्ने सुमित्रा को दिदीसँग बिबाह गरे त्यसपछि स्कुल छाडे । स्कुलबाट बिदाई हुँदा ९ /१० कक्षाका बिद्यार्थीहरु डाँको छोडेर रोएका थिए ।

सरले किन स्कुल छोडे त्यो थाहा भएन तर स्कुलले अन्याय गरेर हटायो भनेर तिनै अध्यक्षका कान्छा छोराले स्कुलमा हड्ताल गरे ।

पछि स्कुलमा पढाउन थाले । ५ कक्षाको जिल्ला स्तरीय परीक्षा अरुको भन्दा ढिला भएको थियो । काठमाण्डौको कुनै स्कुलमा साँस्कृतिक कार्यक्रम हुदै रहेछ, त्यो कार्यक्रममा हाम्रो स्कुलको पनि सहभागिता हुनुपर्छ भनेर जाँच शुरु हुन अगाडि हामीलाई एउटा कक्षामा जम्मा गर्दथे र तिनै सरले मादल बजाएर गीत रिहर्शल गराउथे

बेनीको बजार जता माया उतै छ नजर

यो गीत मैले कापीमा सारेर राखेको छु साह्रै राम्रो लाग्थ्यो । त्यो सरले मादल बजाएर गीत सुनाउथे र भन्थे टिभीले त्यो कार्यक्रम प्रशारण गर्छ । हामी एक घण्टा पछि जाँच दिनुछ तर पनि उनको कुरा ध्यान दिएर सुन्थ्यौ र गीत रिहर्शल गर्दथ्यौ

तर त्यस्तो कुनै कार्यक्रममा सामेल गरीएन त्यो त्यत्तिकै सेलाएर गयो तर जे होस हामीले नयाँ गीत जान्न पायौ ।

६ कक्षामा पढ्दा गीत संगीतको दायरा अलि फराकिलो भयो । प्रकाश सरले हरेक शुक्रबार हामीलाई गीत गाउन, कबिता भन्न लगाउनु हुन्थ्यो र हामीलाई कथा सुनाउनु हुन्थ्यो । साहित्य प्रतिको रुची त्यति बेला देखि नै बढेको हो,यसको जश प्रकाश सरलाई जान्छ । गागलको सिद्धी गणेश प्रा बिबाट आएका बिनु सुमित्रा सुमना इन्दिरा गोपाल सन्तरामहरुले गीत सुनाउथे नृत्य प्रस्तुत गर्दथे । तिनीहरु प्राथमिक स्कुलबाट आएका नाचगानमा पोख्त थिए, तिनीहरुले बिभिन्न प्रतियोगितामा गएर पुरस्कार पनि जितेका रहेछन् गोपालले यि कुरा सुनाउथे । यि कुराले मलाई एकदम

प्रभाव पर्दथ्यो ।

मलाई गीत गाउन आउदैनथ्यो नाँच्न पनि, तर पनि रुचि भने थियो, दश कक्षामा पढ्दै गर्दा जेठ ३ गतेको कार्यक्रममा स्वदेश गान गाउने अवसर मिल्यो । गीत इच्छारामले लेखेका थिए । प्रकाश सर र अर्जुन सरले संगीत भर्नु भएको थियो । गीत गाउने पनि हामी आठ जना थियौ म, पुरुषोत्तम, इच्छाराम, भैरबी, बिनु, रेखा उमेश, सुमित्रा–


स्वागत छ स्वागत छ
पहुनालाई स्वागत छ

यस्तै प्रकारको गीत थियो, त्यो गीतको लागि हामीले धेरै रिहर्शल गरेका थियौ । एउटा नौलो अनुभव स्टेजमा माइक समाएर गीत गाएको चौरभरी दर्शक । नबिर्सने घटना भयो । त्यै कार्यक्रममा बिनुले दक्षिणाको सपना भई आँखामा आउने को होला गीतमा नृत्य गरेकी थिइन ।

हाम्रो स्कुले जीवनको त्यो अन्तिम कार्यक्रम सकेसम्म स्मरणिय बनाउन हामीले ठुलो प्रयास गरेका थियौ ।

*शाखा कार्यालय जोरपाटी*

# विपश्यना ध्यान र मेरो अनुभवः



❖ रुक्मिणी भट्ट

**ध्यान :**

सामान्य भाषामा हामी जन्म देखि मृत्युको अवस्था सम्म हर समय केहि न केहि काम गरि रहेका हुन्छौ । जे काम गर्छौ त्यो काममा मन दिनु नै ध्यान हो भन्ने वुझाइ रहन्छ । एकाग्रताका साथ कुनै पनि काम गर्नु ध्यान मानिन्छ । मनलाई आफनो वसमा राखेर काम गर्नु ध्यानपूर्वक काम गरेको मानिन्छ । हाम्रो वोली चालीमा पनि कुनै काम विग्रन गयो भने वा समयमा सम्पन्न हुन सकेन भने ध्यान नै पुगेन भन्ने चलन छ । कुनै पनि काम ध्यानपूर्वक अथार्त मनलाई आफ्नो कावुमा राखेर सम्पन्न गरिन्छ भने पूर्ण हुन्छ तर भने जस्तो व्यवहारमा उर्तान सहज निश्चय नै हुदैन किन भने हामी आमाको गर्वबाट भौतिक दुनियामा पाइला टेके देखिन वहिर्गमनको बाटोमा हिडिरह्यौ भित्रि संसार विर्सिन गयौ । वाहिरी आँखाले वाहिरी संसार रमाइलो  देखि रहदा मन उतै तिर भाग्छ जता मनले चाहना राख्दछ । यो चंचल मनलाई एक स्थानमा रोकेर राख्न निरन्तर अभ्यास गर्नु पदर्छ निरन्तरको अभ्यासबाट एकाग्रता अवश्य प्राप्त गर्न सकिन्छ । धर्मका नाममा हामी वाहय यात्रा तय गर्दछौ  अन्तस्करण शुद्धीबाट धर्मको मार्ग पहिचान गर्न सकिन्छ वाह्य मार्गबाट खुशी, आनन्द क्षणिक रुपमा मात्र प्राप्ती हुन्छ ।

**विपश्यना :**

विपश्यनाभन्नाले विशेष रुपले हेर्नु, यर्थात अवस्थाको अनुभूति गर्नु, यथार्त अवस्थाको अनुभूति गर्न गरिने प्रकृया नै विपश्यना ध्यान विधि हो । यो विधि २६०० वर्ष पहिले गौतम वुद्धले  अभ्यासमा ल्याएर सारा मानव प्राणीलाई ज्ञान वाडेका थिए । जसको कारण आज पनि गौतम वुद्धको जन्म दिनलाई वुद्धजयन्तीका रुपमा मनाईदै आईएको छ । यो विशुद्ध ज्ञान सांसारिक दुःखबाट मुक्त हुने अचुक औषधिको रुपमा पाईएको छ । यो ज्ञानको अभ्यासबाट मानसिक विकारहरु पखालीदै जान्छन अन्नतः:मन विकार रहित हुन जाने हुदाजीवनमा सुख दुःख आउछन सुख दुःख

आउनुको पछाडि कारण हुन्छन ति कारण हामीले नै सिर्जना गरेका हुन्छौ भन्ने कुराको वोध गर्नु हुन्छ ति दुःखलाई दूर गर्ने उपाए पनि छन तिनै दुःख दूर गर्ने उपाय मध्येको एक प्रकृया हो विपश्यना ध्यान विधि । सुख द्ुखमा मनलाई समतामा राख्ने अभ्यासबाट सुखमा उन्माद नहुने र दुःखमा विश्माद नहरने हुँदा दुःखका समयमा आफुलाई सम्मालिन सहजता हुन्छ ।

विपश्यना ध्यान समग्र मानव प्राणीका लागि आत्म रुपान्तरणको बाटो हो निदृष्ट रुपमा अनुशासित रहि काम गर्न सकेमा साश्वत सत्य आफनै शारिरिक सम्वेदनाबाट अनुभूत गर्न सकिन्छ । यो मानव मस्तिस्क र शरिर विचको अन्तर सम्वन्धमा केन्द्रित हुन्छ । यो विशुद्ध धर्म हो यर्थातमा जुन कुरा घटित हुन्छ त्यसैको प्रत्यक्ष ज्ञान हो । यो प्रचलित धर्म सम्प्रदायबाट टाढा रहेको छ । यसमा कुनै वादको मिसावट छैन । विपश्यना ध्यान सम्पूर्ण मानव कल्याणका लागि कल्याणकारी मार्ग वन्न सफल वनेको छ । द्धेस, रिष, राग जस्ता मानव भित्र संकलित विकारलाई साधनाको माध्यमबाट हटाउन सकिने अनमोल विधि हो विपश्यना ध्यान । यस ज्ञान लाई रोजाइमा राख्न सके जीवन धन्य वन्दछ । जीवनको अन्तिम सत्य खुशीका साथ जीवन जिउनु हो यसैले दुःखबाट मुक्ति प्राप्त गर्नकालागि विपश्यना ध्यान उत्कृष्ठ विधि भएको मेरो अनुभूतिमा घटित भएकोले यो ज्ञान वाडने जमर्को गरे । श्रुति ज्ञान धैरै वर्ष देखि अरु कसैबाट सुनकी थिए तर विपश्यना ध्यान साधनमा समाहित हुने अवसर पाउदा आफैले अनुभूति गर्ने अवसर प्राप्त भयो । अन्तस्करणमा उत्रिएको भावनाबाट सृजित ज्ञान अरुलाई वाडन पाउदा आनन्ददायी हुँदोरहेछ ।

**विपश्यना ध्यानको उद्देस्यः**

विपश्यना ध्यानको उद्धेस्य साधकलाई यस्तो विद्या सिक्नमा सहयोग गर्नु हो, जसबाट उसले द्धोष द्रोहको दुर्गुणबाट मुक्ति पाउन सहज होस । साम्प्रदायिक संर्किण विचार जातियताको अहंभावको वन्धनबाट मुक्त हुन सकोस । स्वस्थ सुखी समाजको स्वस्थ तथा सुखी सदस्य बन्न सकोस । परिपूर्ण र सृजनात्मक जीवन जिउन सक्ने कलामा निपूर्ण भएर आफ्ःनो यो लोक र परलोक सुधार गर्न सकोस।

विपश्यना साधना सारीरिक रोग हटाउनका लागि होइन । यो उच्च आध्यात्मिक साधना हो । चित्त विशुद्धिको अध्यास सवल हुँदै जादा मनोविकार जन्य कतिपय रोगहरुमा फाइदा हुन जान्छ । तर यसको लक्ष्य आध्यात्मिक हुनु पर्दछ । राग द्धेष र मोहबाट विकृत भएको दुषित चित्तलाइ निर्मल बनाउने विधि नै विपश्यना साधना हो । दैनिक जीवनमा समस्या र तनावग्रस्त चित्तलाई ग्रन्थी मुक्त गर्ने एक सक्रिय अभ्यास हो । अभ्यासको सफलता साधकको आफ्नै मेहनतबाट प्राप्त हुन्छ अरु कसैको कृपा,

दया, अनुकम्पाले काम गर्दैन । त्यसैले गम्भिरतापूर्वक परिश्रम गरि निरन्तर प्रतिवद्ध भइ काम गर्नुपर्ने हुन्छ ।

**१० दिवशिय विपश्यना शिविरमा समाहित हुने अवसर र अनुभव :**

विपश्यना ध्यानमा समावेश हुने इच्छा धेरै अगाडि देखि जागेको थियो पटक पटक कार्यालय तथा व्यक्तिगत कार्य व्यस्तताका कारण साधनामा सहभागि हुने अवसरबाट वन्चित रहे । आफुले चाहना राख्दैमा मात्र धर्मको यज्ञमा समाहित हुने अवसर जुटने रहेनछ । यस पटक वर्षौ देखिको चाहना ३ महिना अगाडि अनलाइन माध्यमबाट फर्म भरे मिति२०७९ चैत्र १८ देखि २८ सम्मको ध्यान शिविरमा समाहित भएर पुरा भयो । शास्वत सत्य भनेको आफनै अनुभुतिबाट प्राप्त हुने ज्ञान रहेछ भन्ने कुराको वोध भयो । श्रुती ज्ञान अरुको अनुभवले मैले सुनेर मानेको ज्ञान हो भने जुन कुरा स्वंयम मैले भोगे मेरो अनुभूतिमा उत्रियो मेरो भावनामा जागृत भयो सो ज्ञान साश्वत सत्य हो भन्ने कुराको १० दिनको विपश्यना ध्यान शिविरबाट वोध भयो ।

**विपश्यना ध्यान सम्बन्धी सामान्य जानकारी :**

नेपाल लगायत विश्वका लगभग १६० सेन्टरमा निशुल्क रुपमा यो शिविर संचालन हुदै आइरहेको छ । १० दिनको शिविरमा सहभागि भै यस ज्ञानबाट लाभ लिनेहरुले गरेको दानबाट यो शिविर संचालित हुदै आएको छ । दानमा तोकिएको रकम हुदैन स्वस्र्फुत रुपमा गरिएको दानबाट शिविर चल्दै आएको छ । १० दिन सम्म जोगीको रुपमा मागेर खादाको अनुभव पनि आनन्ददायी अविस्मरणिय हुन्छ । कुनै अहंकार रहदैन स्वाद अनुसार मिठो नमीठो सवै स्वीकार्य हुन्छ । यस ध्यान विधिमा सहभागि हुन फर्म भर्नु पर्ने हुन्छ । भौतिक रुपमा फर्म भर्नकालागि ज्योति भवन विपश्यना केन्द्रमा गई सिधै फर्म भर्न सकिन्छ भने अन लाईनबाट पनि भर्न सकिन्छ । फर्म भरे पश्चात जहिले विपश्यना केन्द्रबाट कन्फरमेशन कल आउछ त्यहि मितिमा सम्वन्धित केन्द्रमा गएर सम्पर्क राख्नु पर्दछ । सम्पर्क मितिमा सम्वन्धित सेन्टरमा गएर रजिस्टेसन हुन्छ सो पश्चात फर्ममा उल्लेख गरे अनुसारको व्यक्तिगत विवरणमा प्रश्न गरिन्छ आफनो शारिरिक अवस्थाका सम्वन्धमा जानकारी लिईन्छ । महिला र पूरुषकोलागि छुटा छुटै खाने वस्ने र मेडीटेशन गर्ने कोठा व्यवस्था गरिएको हुन्छ । वेलुका ७ वजे खानाको व्यवस्था गरिएको हुन्छ । ८ वजे देखि ९ वजे सम्म १० दिनको शिविरमा पालना गर्नुपर्ने पंच तथा अष्ठ शील, खाजा, खाना, ध्यानका सम्वन्धमा १ घण्टाको जानकारी गरिन्छ । तत्पश्चात आर्य मौन सुरु हुन्छ आर्य मौन भन्नाले वाणी, इसारा,संकेत कुनै पनि अंगको प्रयोग गरी सम्वाद गर्न बन्देज गरिएको अवस्था वुभिन आउछ । विपश्यनामा त्रिरत्नका रुपमा ३ अंग रहेका छन् ।

- शील
- समाधी
- प्रज्ञा

**शील** : (Ethical conduct) नैतिक अनुशासन कुनै पनि गलत काम नगर्नु, सदाचार हुनु

समाधिः (Concentration) चित्तअर्थात मनको एकाग्रता

प्रज्ञाः (Wisdom) विवेकशिल वुद्धी, सत्यको ज्ञान,जुन वस्तु जस्तो छ त्यसलाई त्यहि रुपमा देख्न सक्नु, प्रत्यक्ष ज्ञान प्रज्ञा हो ।

विपाशना १० दिवशिय कोर्ष अवधिमा पंचशिलको पालना गर्नु अनिवार्य हुन्छ । पंचशिलमा तपशीलका नियमहरु पर्दछन ।

१. कुनै पनि प्राणीको हत्या हिसा नगर्नु ।
२. चोरी नगर्नु ।
३. कुनै पनि अवैध काम व्यभिचार नगर्नु ।
४. भुटा नवोल्नु ।
५. मादक पदार्थ वा नसा जन्य वस्तुबाट टाढा रहनु ।

जव शील, समाधि र प्रज्ञा जीवनको एउटै लयमा भेटिन्छन तव जीवन मुक्तको अवस्था प्राप्ती हुन्छ ।

सम्पर्क दिनको अर्को दिन विपाशना शिविरको पहिलो दिन सुरु हुन्छ यस दिन देखि तिन दिन सम्म आनापान र चौथो दिन देखि विपश्यना ध्यान सिकाइन्छ । १० दिन सम्म निश्चित नियम भित्र रहनु पर्ने हुन्छ । आर्य मौन दशौ दिन देखि खुल्छ मौनबाट अनुभव साटासाट गरिन्छ । ध्यानको अन्तिम दिन मंगलमैत्रीभावको कामना गरिन्छ ततपश्चात यो १० दिवशिय विपश्यना ध्यान शिविर सकिन्छ ।

**साराशः**

सारभूत रुपमा विपाशना ध्यान एउटा मानव दुःख दुर गर्ने तकनिकि हो । मस्तिस्क शुद्धिकरण गरी तनाव व्यवस्थापनका साथै सन्तुलन जीवन जीउने आध्यामिक मार्गअर्थात जीवन जीउने कला हो जसका माध्यमबाट समाजमा सकारात्क योगदान दिन सकिन्छ ।

# फणीश्वरनाथ रेणु - छोटो चर्चा



❖ मधु पोखरेल

भनिन्छ स्रष्टाको कुनै भूगोल हुँदैन, कुनै भौगोलिक सीमारेखाले छेक्न सक्तैन, कुनै राष्ट्रियताले पनि बाधा उत्पन्न गर्न सक्तैन स्रष्टालाई ।

आज पनि हामी होमर, दाँते, शेक्सपियर, किट्स, पी.वी. शेली, रविन्द्रनाथ टैगोर, प्रसाद पन्त, निराला प्रेमचन्द, भारतीय संविधान निर्माता डा. भीमराव अम्वेडकर, नागर्जुन, दिनकर, महापण्डित राहुल सांकृत्यायन, माहाश्वेता देवीका विश्वप्रसिद्ध कृतिहरूलाई अध्ययन गर्न लालायित भइरहेका हुन्छौँ, यदि ऊ साहित्यको विद्यार्थी हो भने ।

त्यस्तै नेपाल र भारतमा अत्यन्त लोकप्रिय आख्यानकार फणीश्वरनाथ रेणुका बारेमा केही लेख्ने प्रयास गरिरहेको छु । स्वयम् रेणुले स्वीकारेका छन् - "मेरो जन्मभूमि भारत भए पनि मेरो कर्मभूमि नेपाल हो । मेरा दुईवटा माता छन् एउटा भारत माता अर्को नेपाल माता ।"

रेणुका मात्र होइन, विश्वका कुनै कुनामा बस्ने साहित्यकार, कलाकार, लेखकका कालजयी कृतिहरू विभिन्न भाषामा अनुवाद भई अध्ययन गर्ने, मञ्चन गर्ने परिपाटीको विकास भइरहेको छ । त्यसरी नै रेणुका कृतिहरूको नेपाली लगायत धेरै भाषामा अनुवाद भएको छ, फिल्म पनि बनेर प्रदर्शन भइरहेको छ । विद्यालय, विश्वविद्यालयको पाठ्यक्रममा पनि राखिएको छ ।

फणीश्वरनाथ रेणुको जन्म नेपालकै सीमावर्ती प्रान्त विहारको पूर्णिया जिल्लाको औराही हिंगला गाउँमा ४ मार्च १९२१ मा भएको हो ।

माथि अनुच्छेद दुईमा उल्लिखित 'नेपाल मेरो दोस्रो माता (आमा) हो' भनेर रेणुले स्वीकार्नुको पछि अत्यन्त रोचक र सत्यमा आधारित कथा छ । नेपाालि क्रान्तिका नायक विश्वेश्वरप्रसाद कोइराला विराटनगर (नेपाल) आउनका लागि पटनाबाट सदम्पत्ति रेलमा थिए, बाहिर मुसलधार पानी परिरहेको थियो । यसैबेला एउटा ७/८ वर्षको केटो बाहिर ढोकामा झुण्डिएर भित्र आउने प्रयास गरिरहेको थियो । श्रीमती कोइरालाले यो दृश्य देखेर करुणाले द्रविभूत भई केटो त पानीले भिजेर मर्छ, ढोकाबाट खुट्टा खुस्किएर पनि बेहाल हुन्छ भन्ने सोचेर आफ्नै डिब्बामा भित्र तानिन् ।

"विराटनगर जान्छौ ?" भनी सोध्दा स्वीकृति सूचक टाउको हल्लाएपछि कोइराला निवासको सदस्यको रूपमा बसेर विराटनगरकै आदर्श विद्यालयमा पढेर त्यहीँबाट म्याट्रिकुलेसन पास गरे । वि.पि. कोइराला राजनीतिज्ञ र वरिष्ठ साहित्यकार थिए । उनैको सङ्गतले केटो पनि साहित्यमा अभिरुचि राख्न थाले । ती केटा थिए - फणीश्वरनाथ रेणु । यस कुराको जिकिर स्वयम् वि.पि. कोइरालाले आफ्नो लेखमा उल्लेख गरेका छन् ।

राजनैतिक र साहित्यिक रूपमा सक्रिय कोइराला परिवारको अभिन्न सदस्यको रूपमा रहेका रेणु भारतीय स्वतन्त्रता सङ्ग्राममा प्रमुख सेनानीको रूपमा कार्यरत रहे भने नेपालको १०४ वर्षे निरङ्कुश राणाशाहीका विरुद्धमा पनि अग्रिम मोर्चामा रही योगदान दिएका छन् - रेणुले ।

रेणुका धेरै कृतिहरू राजकमल प्रकाशन नयाँ दिल्लीबाट प्रकाशित भएका छन् । त्यस प्रकाशन संस्थाले रेणुको योगदानको मूल्याङ्कन कसरी गरेका छन्, त्यसलाई जस्ताको तस्तै (हिन्दी भाषामा) उद्धरण प्रस्तुत गर्न चाहन्छु ।

"सन् १९४२ के भारतीय स्वाधीनता सङ्ग्रामम में एक प्रमुख सेनानी की हैसियत से शामिल रहे । सन् १९५० में नेपाली जनता को राणा शाही के दमन और अत्याचारों से मुक्ति दिलाने के लिए वहाँ की सशस्त्र क्रान्ति और राजनीति में सक्रिय योगदान किया ।"

- दीर्घापता से ...

"प्रेमचन्द के बाद हिन्दी कथा, साहित्य में रेणु उन थोडे - से कथाकारों में अग्रगण्य है जिन्होनें भारतीय ग्रामीण जीवनका उस के सम्पूर्ण आन्तरिक यथार्थ के साथ चित्रण किया हो ।"

- प्रतिनिधि कहानियाँ से

"यह उपन्यास व्यक्तिगत सुख-दुःख, स्वार्थ-मोह से उपर उठकर देश के लिए जीने-मरने वालों के मानवीय, संवेदनशील रूप को उभरता है ।"

- कितने चौराहें (उपन्यास) से

यति मात्र होइन, उनका प्रत्येक कृतिहरूमा भारतका विद्वान्हरू, समालोचकहरूले रेणुको व्यक्तित्व र कृतित्वका बारेमा आ-आफ्ना अभिमत व्यक्त गरेका छन् ।

त्यति मात्र नभएर विहारको पटना, भरगामा, अररिया लगायत दिल्लीमा पनि रेणु जयन्ती मनाउने प्रचलन बढेको छ भने भरगामामा रेणु सामुदायिक भवन, अररियामा रेणुको सालिकमा वार्षिक रूपमा विभिन्न साहित्यिक र सामाजिक संस्थाहरूबाट स्मरण गर्ने गरिएको छ । भारतका विभिन्न पत्रपत्रिकाले त्यस अवसरमा रेणुका

योगदानको चर्चा गर्ने गरेको पाइएको छ ।

भारतीय स्वतन्त्रता सङ्ग्राममा महत्वपूर्ण योगदान दिए वापत सरकारद्वारा प्रदान गरिएको 'पद्मश्री' पुरस्कार बहिष्कार गरी एउटा क्रान्तिकारी चरित्र र स्वाभिमानको परिचय दिएका छन् - रेणुले ।

भारतीय हिन्दी साहित्य भण्डारमा रेणुले डेढ दर्जन बढी कृतिहरू प्रदान गरेका छन् । तीमध्ये कविता, कथा, उपन्यास र रिपोतार्जहरू छन् । रेणुद्वारा लिखित कृतिहरू हुन् - (१) मैला आँचल, (२) परती परिकथा, (३) दीर्घतया, (४) कलंक मुक्ति, (५) पन्टु बावुरोड, (६) ठुमरी, (७) कितने चौराहें, (८) जुलुस, (९) आदिम रात्री के महक, (१०) अच्छे आदमी, (११) ऋणजल-धनजल, (१२) नेपाली क्रान्ति कथा, (१३) श्रुत अश्रुत पूर्व, (१४) वन तुलसी कि गन्ध, (१५) एक श्रावणी-दोपहर की धूप, (१६) कवि रेणु कहे, (१७) तिसरी कसम, (१८) रेणु रचनावली, (१९) एकांकी के दृश्य, (२०) उत्तरनेहरू चरितम्, (२१) समय की शिलापर, (२२) आत्म परिचय ।

मैला आँचल र तिसरी कसमको त हिन्दीमा फिल्म पनि बनेका छन् भने केही कृतिहरूको नेपाली, भारतीय अन्य भाषामा पनि अनुवाद भएको छ ।

यस प्रकार भारत तथा नेपालमा लोकप्रिय साहित्यकार रेणुका कृतिहरूमा दुवै देशका ग्रामीण जनजीवनको सफल चित्रण गरेका छन् भने गाउँ समाजमा विद्यमान शोषण, उत्पिडन, रुढीवाद, सामाजिक विकृति, विसङ्गति र महिला, आदिवासी जनजाति र बहुसङ्ख्यक सीमान्तकृत वर्गका अन्तर्यमा पुगेर आफ्ना आख्यानहरूका कथावस्तुलाई नै पाठक सामु प्रस्तुत गरेका छन् । त्यसैले नै उनलाई मानव संवेदनका साहित्यकार मानेका छन् । यसका साथै आञ्चलिकता उनका कथावस्तुमा राम्ररी उजागर गर्न समर्थ छन् - उनका कविता, कथा र उपन्यासहरूमा ।

माथि उल्लिखित विशेषताहरूका आधारमा उनका जीवनलाई दुई कोणबाट हेर्न सकिन्छ । एक उनको क्रान्तिकारी व्यक्तित्व र दोस्रो साहित्यकार व्यक्तित्व । नेपाल तथा भारतमा चलेका स्वतन्त्रता सङ्ग्रामको अग्रीम मोर्चामा सशरीर होम्नु उनको क्रान्तिकारी व्यक्तित्व हो भने साहित्यका माध्यमबाट ग्रामीण जनजीवनमा जागरण ल्याउने उनको अथक प्रयास उनको अर्को व्यक्तित्व हो ।

अन्तमा, आम जनताका प्रिय साहित्यकार फणीश्वरनाथ रेणु जसको देहावसान ११ अप्रिल १९७७ मा भयो, उनीप्रति भावपूर्ण श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु ।

*विराटनगर (नेपाल)*

२०८१।०७।०६

ooo

# पहिलोपल्ट दरबार पस्दा

❖ अनिल पौडेल

कृषि विकास बैंकमा पेशागत संगठन जन्मेसँगै म पनि संगठित हुन पुगें । २०४६ सालको जन उभारले निर्दलियताको अन्त गर्यो । राजनैतिक क्षेत्रमा पार्टीहरु जन्मे । तर पेशागत संगठनहरु पार्टीको भातृ संगठनको रुपमा थिएनन् । एउटै संगठन भित्र बरु वैचारिक प्रतिस्पर्धा हुन्थ्यो । बहुदल आएपछि बैंक भित्र पनि पेशागत संगठन जन्मियो कर्मचारी संघको नाममा । म मोरङमा थिएँ । अञ्चल कार्यालय भनिन्थ्यो हालको प्रदेश कार्यालयलाई । कोशी अञ्चल कार्यालय विराटनगर अन्तर्गत मोरङको ईन्द्रपुर शाखामा लेखपाल थिएँ । हाम्रो कुर्शी मै छि–यो बहुदलको हावा र पेशागत संगठनको किरण कुनै एउटा शनिवार पारेर हामी सम्पूर्ण कर्मचारीहरु अञ्चल कार्यालयमा भेला भयौं । भाषण गऱ्यौं । अञ्चल प्रवन्धदेखि अर्दलीसम्मको भेलाले नेता छान्ने काम गऱ्यो । बा कसैथापियो भाषण गरियो, तालीखाईयो । टेवलमा काम गर्ने मध्येको सवैभन्दा सानो पद लेखपाल पद, त्यही पदको नयाँ मान्छेलाई मतदाताले अध्यक्ष बनाए । त्यो बनाईएको अर्थात गोप्य मतदानबाट वाजीमारिएको नामभने मेरो थियो । देशभरी नै सम्मेलनमार्फत नयाँ नेतृत्व जन्मेपछि केन्द्रमा सम्मेलन हुने भयो । कर्मचारी संख्याका आधारमा केन्द्रीय प्रतिनिधि मोरङले ५ जना पायो । त्यसमा पनि भोटिंङ भयो । ५ जनाभित्रमा निर्वाचित भएपछि केन्द्रीय नेतृत्व छान्न काठमाडौं हिँडियो ।

कृषि आयोजना सेवा केन्द्रको हल प्लाजामा राष्ट्रिय सम्मेलन भयो । ७५ वटै जिल्लावाट आएका प्रतिनिधि, पर्यवेक्षकहरु,नयाँ अर्थमन्त्री देवेन्द्र राज पाण्डे, नयाँ महाप्रवन्धक, विभिन्न संस्थान, वित्तिय क्षेत्रका पाहुनाहरु, गभर्नर, मन्त्रालयका प्रतिनिधिले त सम्मेलन स्थलआम सभाको भिडमा परिणत भयो । कहाँ, कसरी, कस्ले मलाई पनि अघि सार्‌यो “लुतपाइँको नाम पनि केन्द्रीय नेतृत्वको प्यानलमा छ । सदस्य पदमा उम्मेदवार दिनु होला । अहिले नै उम्मेदवारको चिनारी र संक्षिप्त मन्तव्यको पालो आउँछ, साहित्यिक सम्बोधन गर्नु होला, दह्रोसंग भोटिङ हुन्छ जित्नु पर्छ नि ।” भने अनुसार गरेँ । उम्मेदवारी परिचयको पालोमा आफ्नै कविताको पङतिले हलको ध्यानाकर्षण गराएँ । एकछिन पछि त वोल्दा पनि ताली बज्न थाल्यो । साँच्चै चुनाव हुने भयो । मतपत्र छापियो । बाकस आयो, सदस्य पदमा मेरो सवैभन्दा वढी मत आएछ ।

पेशागत संगठनमा पछि विभाजन आयो । राजनीतिक दलले अघोषित भातृ

संगठन बनाए । मैले भनेँ जागिर खाएको बेलादेखि सेवा अवधिले निवृत हुने दिनसम्म कर्मचारी संघमा नै आवद्धता जनाई रहें । ३० वर्षे जागीरे जीवनमा देखेका, भोगेका र सुनेका अनेकन अवयवहरु छन् । छुद्र छन्, अप्रिय छन्, प्रिय छन्, थरिथरि छन् । मन्त्रालय देखि दरवारसम्म जोडिएका छन् । अहिले दरवारसंग जोडिएकै एउटा स्मृति पस्किउँ है त !

कर्मचारी संघकै साथी मित्र खनाललाई एक दिन भने 'सर, हामीले धेरै पेलान खायौं । सरुवा, वढुवा, बैदेशिक तालीम कहीं पनि हाम्रा साथीहरु पर्दैनन् । व्यवस्थापनसंग कति झगडा गर्नु, कति आन्दोलन गर्नु, बरु यो जिएम नै फेरौं म पहल गर्छु ।'

फिष्टाले 'म रुखको हाँगो नुघाउँछु आमा' भनेर गफ दिए जस्तै लागेछ उहाँलाई । मेरो शिरदेखि तिरसम्म हेरेर मुस्कान फाल्नु भयो । 'बेलाबेला कविजी पनि मजाक गर्नु हुन्छ' भन्दै डँडाल्नुमा धाप मार्नु भयो । मैले उहाँलाई थप विश्वास दिलाउँदै भनेँ 'कस्तो विश्वास नगर्नु भएको ? तपाई त नजीकको साथी भएर पो भनेको त, एकजना साक्षी नराखी कसरी यत्रो काम गर्नु ? नभए एक्लै झ्याई दिने थिएँ ।' वल्ल मित्रले निधार खुम्च्याउनु भयो । मैले कर्मचारी संघको भित्री कोठा लक गरेँ र बाख्राले वाघलाई थुन्ने तरिका देखाई दिएँ । मेरो गफको गोटीचाल देखेर उहाँ चिन्तित हुनु भयो । दाहिने हातको पञ्जाले घाँटीको मयल माड्दै मलाई फौजी भाषामा आदेश दिनु भयो 'ल अनिल सर अगाडि बढ्नुस ।' मैले त्यही वेलावाचा वन्धन गराएँ– 'तर तपाईले यो गोपनियता भाउजुलाई पनि खोल्न पाउनु हुने छैन । परिणाम नआउञ्जेल हामी भित्र सीमित रहनु पर्छ । संघको नेतृत्वलाई पनि अन्तिममा मात्रै जानकारी गराउनु पर्छ ।' हामीले गोपनियताको सपथ लियौं, ग्याम्बे गर्‍यौं र छुट्यौं । म आफ्नो योजनामा लागें ।

एकजना अनन्य मित्र हुनुहुन्थ्यो मेरो । साहित्यिक कार्यक्रम, सभा समारोहमा उहाँसंग भेट भईरहन्थ्यो । भेटैपिच्छै मर्यादा राखेर हार्दिकता व्यक्त गर्थ्यौं । मलाई उहाँको मितव्ययी स्वभाव र प्रेमील शैलीले सम्मोहित गर्दै लगेको थियो । कृषि विकास बैंकबाट समष्टि साहित्यिक द्वैमासिक निस्कन्थ्यो । म त्यसको सम्पादक थिएँ । पत्रिकामा रचना माग्ने सन्दर्भमा एकदिन उहाँलाई भने– 'हाम्रो समष्टिले पनि तपाईको सिर्जना पाए हुन्थ्यो ।'उहाँले मुश्कानले भरिएर भन्नुभयो 'भई हाल्छ नि, के दिऊँ? मैले भने– 'जेतयारी छ' । त्यसपछि उहाँले मेरो ईमेल माग्नु भयो । मैले लेखी दिएँ ।

'अनिल सर, तपाईको फलानासँग राम्रो सम्बन्ध रहेछ, मलाई एउटा सहयोग गरिदिनु पर्‍यो ।'

प्रज्ञा प्रतिष्ठानमा एउटा उच्च स्तरीय गोष्ठी थियो, त्यहाँ एक जना ठुला मान्छेले

मलाई काने खुशी गरे । 'कस्तो काम होला सर? उनले के गर्न सक्छन् र ?' मैले जिज्ञासा राखेँ ।

'लौ तपाईलाई थाहा छैन ? ती तपाइँका साथी त राजदरवारका पावरवाला कर्मचारी हुन् नि । तपाईँको अफिस छेउमा महाप्रवन्धक पद खाली रहेछ । यसो भनि दिए भने आफ्नो पनि केही हुन्थ्यो कि ?'

ती मितव्ययी भलादमीको अनुहार मेरो स्मृतिमा फनफनी घुम्न थाल्यो । उनलाई दरवारको कर्मचारी भनेर अनुमान नै गरेको थिइन । समष्टि छापियो । उनको रचना पनि समष्टिमा छापियो । पारिश्रमिकलिनआउँदा क्यान्टिनमा लगेर खाजाखुवाई दिएं ।

सम्वन्धलाई अरु हार्दिकता पूर्ण बनाउँदै लगेपछि मैले ती ठूला मान्छेलाई 'असल महाप्रवन्धक भेट्न पाए कृषि क्षेत्रले धेरै कुरा पाउने थियो, ऐले त श्रीकृष्णका पालामा भएका कामको व्याज खाएर मात्र बसेका छौं' भन्दै लगें । ज्ञानेन्द्रले सत्ता हातमा लिएका थिए । अव मुलुकमा चमत्कार हुन्छ भन्ने हल्ला थियो । मैले ती राजदरवारका कर्मचारीलाई 'दरवारको स्पीड वुझ्ने मान्छे बैंक भित्रै छन्, इमान्दार र चाकडी गर्न नजान्ने भएकाले छाँयामा परेका छन्' पनि भनीदिएँ । भनेको भन्यै गरेपछि उनलाई पनि लागेछ - कृषि विकास बैंकमा त्यही मान्छे ल्याउनु पर्छ ।

समष्टिको कारण बैंकमा जिएम, डिजिएमहरुसंग भेट भइरहन्थ्यो । अफिसको समयमा सिधै कोठा भित्र पस्थें र आफ्ना कुरा राख्थेँ । त्यसो गर्दा मैले ती असल भनिएका डिजिएमलाई दरवार भित्र भएका केही केही कुराहरुको छनक भने दिन थालें । एक दिन ती भलादमी कर्मचारीले फोन गरे । अनि खराखरी भनेँ 'अनिल सर, सरकारको पोखरा सवारी भएको छ, क्याविनेटको दिन दरवारमा आएर उतै सवारी हुन्छ । १ महिनाको बसाई छ । मैले तपाईको कुरा मुख्य सचिव पशुपति भक्त महर्जनलाई भनी सकेको छु । पर्सी विहिवार १ वजे उहाँलाई लिएर राजदरवारको पश्चिम गेटमा आउनु होला । त्यहाँ तपाईंको नाम आर्मीले वोलाउँछ, टोपी लगाएर परिचयपत्र सहित आउनुपर्छ ।

मैले एकाहोरो हस्, हस्, हस् मात्र भनी रहें । त्यसपछि दरवार जाँदाको साक्षी खोज्न थालेँ । यूनियनका पदाधिकारी, अन्य विश्वासिला मित्रहरुको सम्झना गर्दा मित्र खनालको नम्वर वढी आयो । फेरि मित्रलाई खोजेँ । उनलाई विहिवार १ वजे राजदरवार जाने सूचना दिएँ र भने 'म डिजिएमलाई लिएर जान्छु । तपाई आफ्नो मोटर साईकलमा पछि पछि आउनु होला । पश्चिम गेटको पार्किगंमा छलिएर बस्नु । हामी दरवार भित्र पस्छौं, पस्दैनौ, कसरी पस्छौं, ती सवै दृश्य हेरिसकेर फर्किनु होला ।' दुई जनावीचको सल्लाह सकेर हाकीमकोमा पसें । 'एअनिलजी, तपाईंले त्यत्रो काम गर्न सक्छ र ? यहाँ त म अरुहरुकै नाम सुन्छु ।'

उनले 'बस' पनि नभनी फिस्टाको खुट्टी हेरेर मजाक गरें ।

'तेन्जीङंले पनि ३ पल्टमा सगरमाथा चढेका थिए सर, प्रयास हो गरी हेरौं न' । भन्दै उनलाई विहिवारको कुरा सुनाएँ । उल्टै मैले पो हाकीम पल्टेर आदेश फरमाएं- 'व्ल्याक एण्ड ह्वाईट कुरा गरेर हुँदैंन, तपाईले आफ्नो विजिनेश प्लान वनाउनु होला । हिजोसम्म मौका पाईएन भन्यौं, अव मौका पाउँदा के गर्छौं भन्ने कुरा देखाउने वेला आएको छ ।'

उनीत ट्वाँ परेर हेर्न थाले । 'हैन यो मान्छे त मापाको रहेछ' भनेर हाँसे बुधवार दिउसो २ वजे उनको आन्तरिक नम्वरमा फोन गरें । 'भोलि साढे १२ वजे बाहिर निस्कनु, म वीमा संस्थानको अगाडि उभिन्छु, त्यहीँवाट मलाई रिसिभ गर्नु, परिचयपत्र र टोपीन विर्सनु नि ।' भन्न भ्याएँ । मित्र-लाई 'डिजिएमको गाडि निस्कना साथ पिछा गर्नु 'भने । विहिवार विहानै हाकीमले फोन गरे 'ए अनिलजी, हामी साँच्चीकै दरवार जाने हो त ? म त कहिल्यै पनि पसेको छैन बा ।' उनले फेरि केहि सम्झेंझैं गरेर भने- 'म संग त टोपी रहेनछ यार, तपाइँसंग एक्स्ट्रा होला?' मैले 'ल मसंग छ । म लिएर आउँछु ।' भनेँ । १० वजे हाजिर गरेदेखि नै बेचैनी छु । मनमा अनेक किसिमका ज्वारभाटाहरू मच्चिरहेछन् । आज त कोट पनि लगाएको छु । ढाका टोपी ढल्काएको छु । सधैंको गेटअप हैन यो । आफ्ना लागि खास भएको छु । कविजीको कतै अपोईन्टमेन्ट छ जस्तो छ ।' मुसुक्क हाँसे गणेश पन्त । अर्थात मेरो हाकीम । 'मङ्गलम भगवान विष्णु भन्नुस दाइ' उनलाई गुमराहमा राख्न खोजेँ । खासमा उनीमलाई माया गर्छन । वेला वेलावाङ्गे हान्छन् ।

साढे वाह्र वज्यो । हाकीमलाई फोन गरें । मित्रलाई फोन गरें । पूर्वको वाटोवाट ओर्लेर वाहिर निस्किएँ । बैंकको गाडी आयो । छेउमा रोकियो । चढ्नु भन्दा पहिले पछाडि हेरें । मित्रको वाईक फुत्त देखियो । थपक्क गाडी भित्र चढें । ड्राईभरले ' कताजानु सर' भनेर सोध्यो । मैले सिधै राजदरवार नभनेर 'शिक्षा मन्त्रालय तिर जाउँन' भनें । जमल कटेपछि भने 'राजदरवारको पश्चिमी गेट' भनें । कोटको गोजीवाट टोपी झिकेर हाकीमलाई दिएँ । अलि सानो भएछ, खाँदेर लगाए । गेट वाहिर गाडीले ओराली दियो । मित्रको वाईक दक्षिणको पर्खाल छेउमा रोकियो । हामी दुई जनाका मात्र आँखा जुधे । कुनै ईशारा गरेनौं । ठ्याक्क १ वजेको थियो, आर्मीले लिष्ट हेरेर वोलायो 'अनि लपौडैल,..........।' दुवै जना गेट तिर गयौं । उसले परिचयपत्र हेर्‍यो र 'ऊ वहाँका पछि जानुस्' भनेर एउटा सेना तिर देखाई दियो । सेनाले 'युवराज धिराज सरकारको सचिवालय तिर हजुर' भनेर अगाडि बढायो ।

पहिलो पल्ट राजदरवार छिरेको थिएँ । कसैले देख्यो कि, चिन्यो कि भनेर खुट्टाहरू लर्वराई रहेका थिए । ज्ञानेन्द्रले राजनीतिक 'कु' गरेको बेला भएर

राजदरवारप्रतिको जनभावना घृणामा परिणत भएको थियो । अवकसलाई भेट्ने, के भन्ने, कसरी बोल्ने जस्ता प्रश्नहरु मनभित्र मडारिन थाले ।

आर्मीले सिधै १ तले घरभित्र पसायो र गद्दावाला सोफामा बसायो । एकछिनपछि तिनै हाकिम आए । 'कुनै समस्या त भएन?' भनेर सोधे । मेरा हाकीमले परिचय दिए र नमस्कार गरे । हामी दुवैजनालाई भित्र लगे । त्यहाँ धेरै कुराहरु भए । कुरोको चुरो यस्तो थियो 'अनिलसरले तपाईको धेरै सिफारिस गर्नु भयो र परिचय गर्न वोलाएको । दरवारले ल्याएको मान्छे भन्छन्, भ्रष्टाचारमा नाम आउनु हुँदैन । ईज्जत जोगाएर काम गर्नुहोला ।' हाकीमले म तिर देखाउँदै भने 'ऊ केटाहरुलाई थाहा छ, म त सोझो मान्छे हो । संस्थाको नेतृत्व गर्न पाएँ भनैँ सबैको शिर ठाडो हुनेगरी काम गर्छु । म लप्पन छप्पन जान्दैन ।'

लामै कुरा भएपछि चिया पिएर विदा भयौं । फेरि अर्को आर्मीले गेट वाहिरसम्म ल्याई दियो । अफिसको गाडी पर्खेर बसेकै थियो । त्यसैमा अफिस आयौं । म गेट वाहिर ओर्लिए । लिफ्टबाट माथि चढें । मित्र खनाललाई युनियनको कोठामा वोलाएर सवै कुरा भनीदिएँ ।

पाँचदिनसम्म चकमन्न भयो । कतैबाट केही संकेत आएन । दरवारले खेलाएको रहेछ भनेर मित्र र मैले अनुमान लगायौं । हाकीमले पनि ताकेता गर्न छाडे । २, ३ दिनभनेफोन गरेको गर्‍यै गरे । 'केही छ? फोन आयो ? तपाईंले सोध्नु भएन ।' भनी रहे ।

छैटौं दिन १ वजेतिर मेरो मोवाईलमा घण्टी वज्यो । उठाएं । तीनै भलादमी कर्मचारीको रहेछ । खुशीको सीमा रहेन । किनकी सम्वादहीन अवस्थाले ममाहिनता वोधको जन्म भईसकेको थियो । हतार हतार नमस्कार टक्राए । उताबाट प्रत्युत्तर सहितको आवाज आयो 'ल अनिल सर, ३ वजेको कान्तिपुर एफ.एम. सुन्नु होला । आजकेही भन्छ कि ?'

मेरोत सासै रोकिएला जस्तो भयो । उनले सम्वादसके । थप केही वोल्नै पाईएन । साथि भाइलाई जस्तो सर्म्पक गरी रहन पनि भएन ।

मित्रजीलाई लिएर माईतीघरको चिया पसलमा गएँ । त्यहा एफ.एम. गुन्जीरहेको हुन्थ्यो । खाजा खाईसकेपछि समाचार अघिको संगीत वज्यो । एकै छिनपछिको मुल समाचारामा भनि यो - 'कृषि विकास बैंकको महाप्रवन्धकमा..... नियुक्त' .......।

मित्र र मैले दोश्रो पल्ट ग्याम्बे गर्‍यौं ।

*मेलवर्न, अष्ट्रेलियाबाट*

# 'ठाँगे उक्लेपछि'को कष्टप्रद यात्रा

❖ प्रा. कपिल अज्ञात

नरेन्द्रराज प्रसाईंको नियात्राको कृति हो - **ठाँगो उक्लेपछि** (२०६०) । 'ठाँगे' भन्नु एक नामी लेक वा पर्वतको नाम हो । यो समुद्र सतहदेखि अठार हजार फिट उचाइमा स्थित छ । लेखकको कथनअनुसार यो लेखकीय जीवनको ठाँगे **उक्लेपछि**को यात्रा नै जीवनको सर्वोत्तम यात्रा हो । जीवनयात्राका अतिशय कष्टप्रद स्थिति बेहोरेर जीवनको गहिरो अनुभव हासिल गरेका छन्, त्यसैले सर्वोत्तम भनिएको हुनसक्छ । उनको यो यात्रा रोमाञ्चक र रोमहर्षक छ । यो जम्मा दश अध्यायमा फैलिएको छ । शुरु र अन्त्यको अध्यायलाई समावेश गर्दा यसमा जम्मा बाह्र अध्याय देखिन्छन् । यसका जम्मै अध्याय छोटँछरिता प्रकृतिका मझौला आकारमा निहित छन् ।

लेखनकालका दृष्टिले उनको यो यात्रा २०३५ साल असार ७ गतेदेखिको देखिन्छ । यस दृष्टिले यो आजभन्दा पैँतालिस वर्षअघिको यात्रा हो । त्यतिबेला लेखकको उमेर पच्चिस-छब्बिस वर्षको हुँदो हो । त्यतिबेला उनको आर्थिक अवस्था कमजोर रहेकाले आर्थिक गर्जो टार्न यात्रामा सहभागी भएका देखिन्छन् । यो उनकै साहित्यिक जीवनयात्रा एवम् नेपाली नियात्रा परम्पराकै महत्त्वपूर्ण कृति देखापर्छ । त्यतिबेलै निबन्धलाई कोरा विवरणमा मात्र प्रस्तुत गर्ने होइन, कलात्मक रूपमा प्रस्तुत गर्न सक्नुपर्छ भन्ने मान्यतालाई यसले स्थापित गरेको छ । नियात्राको त्यति विकास नभैसकेको बेलामा पनि नियात्रा सिर्जनसम्बन्धी सूक्ष्म, सिर्जनात्मक चेत विकसित भैसकेको पाइन्छ ।

'ठाँगे'को अर्थ थाहा नभए पनि ठाँगेको उखान भने प्रचलित रहेको पाइन्छ । भनिन्छ -बाक्लो लगाएपछि कुन ठाँगेले छुन्छ । यसबाट पनि ठाँगेमा ठिहिरो अधिक हुन्छ भन्ने सङ्केत मिल्छ । लेखकका अनुसार ठाँगेको परिवेश यस्तो छ - "मलाई लाग्यो त्यही डरलाग्दो उकालो, अत्यासलाग्दो बतास र मुटु छेड्ने जाडो नै ठाँगे रहेछ" (पृ. ४६) । त्यो बेलाको उनको यात्रा अति कष्टकर थियो । नेपालबाट नेपालैभित्र जान पनि भारतको बाटो भएर जान पर्थ्यो । किनभने त्यतिबेला यातायात पूरा खुलेको थिएन । बुटवलदेखि नेपालगन्जको बाटो बन्दै जाने क्रममा थियो । असार मास गर्मी हुने नै भयो । गोरखपुरतिर तातो हावा चल्थ्यो । जमिन नै तातेर फुट्लाजस्तो लाग्थ्यो । मायालुसँग माया गाँसेर पनि भर्खर बिछोडिनु परेको अवस्था थियो । यही मार्मिक अवस्था दर्शाउने क्रममा लेखक भन्दछन् - "मनमा वेदनाको

जतिसुकै भुतभुते तातो खनिए पनि छिनछिनमा नयाँ ठाउँको, नयाँ परिवेशको कौतुक थाहै नपाई मनभित्र घुस्तो रहेछ" (पृ. १८) । सुर्खेत पुगेपछि त्यहाँको बुलबुले तालले उनी प्रभावित भएका थिए । सुर्खेतबाट उनी साथीहरूसहित दैलेख लागे । बाटाभरि मायालुको याद आइरह्यो । मायालुलाई सम्झँदै उनी भन्छन्, "मेरी मायालुलाई कस्तो होला, उनी यति बेला के गर्दै होलिन् । आदि यस्तै विविध सम्झनाका तरङ्गहरूसँग विरहका छिपछिपाउँदा आँसु मेरा आँखामा रसाउँथे र म मेरा साथीहरूका आँखा छलेर आँसु पुछ्न आँखा मिच्ने गर्थें" (पृ. २१) ।

असार मासमा खेलानाला बढेकै हुन्छन् । जहाँतहीँ धमिला खोला तर्नुपर्थ्यो । यात्रा कति कष्टकर थियो, लेखककै शब्दमा "हिँड्दाहिँड्दै कहिले खान पाइँदैनथ्यो र कहिले बास पाइँदैनथ्यो । त्यस बेला हामीले कहिले जङ्गलको बीचमा सुत्नुपर्थ्यो अनि रोइरोइ रात कटाउनु पर्थ्यो । कहिले भने ज्वरोले निस्लोट पार्दा पनि लुगलुग काम्दै उकालीओराली गर्नुपर्थ्यो" (पृ. २१) ।

यात्रा लामो भए पनि अनुभव सङ्गालिने एक पक्ष महत्त्वपूर्ण पाटो हो भन्ने उनी देख्छन् । यात्रा कहालीलाग्दो ठाडो उकालो छ, निष्पट्ट अँध्यारो छ, झरी पनि परेको छ, जङ्गल पनि अत्यासलाग्दो र त्रासमय छ, त्यसमाथि स्वास्थ्य स्थिति पनि राम्रो छैन । यी सबै कठिनाइहरू झेलेर लेखक साथीहरूसहित गन्तव्यमा पुग्छन् । लेखकले यात्राका यावत् समस्याहरूको कारुणिक चित्र आफ्ना नियात्रामा उतारेका छन् । पढ्ने पाठकको मन पनि निकै द्रवित र उद्वेलित भएर आउने किसिमको छ । नियात्राको चौथो अध्याय कारुणिकताले ओतप्रोत रहेको छ । पाँचौँ अध्याय पनि त्यस्तै कारुणिक वर्णनले भरिएको छ । सबैभन्दा डरलाग्दो महाबुँको लेक छ, चिप्लेर ल्डे इहलीला नै समाप्त हुने खालको छ । भीर खोपेर बाटो बनाइएको छ । हिउँडी लेकको बाटो विकल्पमा हुँदाहुँदै उनीहरू छोटो र छिटो हुने बाटो रोजेका हुन्छन्, जुन खतरनाक छ । पछि उनीहरू आफ्नो मूर्खताप्रति झस्किन्छन् । बाटो पनि त्यति विकट हुन्छ भन्ने उनीहरूले कल्पनासम्म गरेका हुँदैनन् तर परेपछि बेहोर्नै पर्‍यो । गन्तव्यमा पुगेपछि कालकै मुखबाट बचेको सबैले महसुस गर्छन् । डिल्लीकोट भन्ने गाउँ पुगेपछि वासको खोजी हुन थाल्छ । आश्रयसम्म पनि सहज रूपले नपाउँदा उनीहरू शारीरिक र मानसिक रूपमै थकित र गलित हुन पुग्छन् । निकै अनुनयविनय गरेपछि वासको ठेगान लाग्छ । रात ढल्केपछि प्रभातमा विविध दृश्यहरूको अवलोकन गर्दै जुम्लाको सदरमुकाम खलङ्गामा पुग्छन्, त्यहाँ उनीहरूको मन केही हलुङ्गो हुन्छ । भातसँग झिँगा खानु परेको र जतासुकै फोहोरैफोहर भएको देखेर उनीहरूको मन विरक्तिन थाल्दछ । उनीहरू जुम्लालाई दुर्भाग्यको रूपमा देख्छन् । त्यहीँ भरत भन्ने साथीलाई हैजाले कस्तो बित्याँस पारेको थियो । नियतिवश सबै बच्छन् । उनीहरू हिँड्दाहिँड्दै जुम्लाको गोठीचौरमा पुग्छन्, त्यो ठाउँ प्राकृतिक सौन्दर्यले युक्त रहेछ ।

त्यहीँ उनीहरूको वासस्थान तोकिएको हुन्छ । त्यहीँ उनीहरू भेडाका दूधबाट बनेको खीरको स्वाद लिन्छन् । खीरकै कारणले हो कि उनीहरूलाई पखाला लाग्न थाल्छ, जसोतसो गोठीचौरबाट पनि प्रस्थान गर्छन् । बाटामा जुकाका स्याउँस्याउँ बेहोर्दै गोठीचौरबाट हिँडेको चौथो दिनमा डोल्पाको काइगाउँ आइपुग्छन् । काइगाउँ पछि ह्लु गाउँतिर लाग्छन् । त्यहाँका प्राकृतिक परिवेशको सौन्दर्यमय छटादेखि प्रभावित हुन्छन् । ह्लु गाउँबाट तिब्रीकोट गाउँतर्फ प्रस्थान गर्छन्, त्यसपछि डोल्पाको दुनै बजारमा प्रवेश गर्छन् । एउटा सानो खोँचभित्र दुनाको आकारजस्तो दुनै बजार रहेको हुन्छ । जुम्लाभन्दा डोल्पा अझै फोहोरी ठाउँ देख्छन् । त्यहाँ पनि झिँगाको प्रकोपले छोड्दैन । खाना खाँदा पनि वाकवाकी लाग्दो स्थिति हुन्छ । झिँगाको चित्रण यस्तो छ : “दुनै बजारको सबभन्दा ठूलो विशेषता के थियो भने त्यहाँका धेरैजसो मान्छेका मुखभरि झिँगैझिँगा बसेको देखिन्थ्यो । झिँगा टपक्कै टाँस्सिएर बालबच्चाका मुख त कालै देखिन्थे । बुढापाका मानिसहरू पनि अनुहारभरि झिँगा बोकेर हिँडेका देखिन्थे” (पृ. ४४) ।

डोल्पाबाट एक दिन पूरै नाके उकालो चढेपछि डोल्पाकै शहर तारा गाउँ आउँदो रहेछ । त्यसलाई डोल्पाको पेरिस पनि भन्दा रहेछन् । त्यसपछि मात्र डोल्पाको ठाँगे उकालो आउँदो रहेछ । लेखकले त्यहाँको मुटु छेड्ने जाडो, हायलकायल पार्ने बतासको पनि चित्रण गरेका छन् । ठाँगे कटेपछि आउने घोचाङ चौरको पनि वर्णन गरेका छन् । यात्राकै कठिनाइले खानपिनको तारतम्य नमिलेका कारण आफूलाई अल्सरजस्तो खतराजनक रोग लागेको पनि चाल पाउँछन् ।

यसरी यात्राको मार्मिक वृत्तचित्र उतार्नमा लेखक कुशल देखिन्छन् । त्यस्तो कष्टप्रद यात्रामा पनि प्राकृतिक परिवेशको सौन्दर्यमय अवस्थाको चित्रण गर्दै त्यसबाट आस्वादनको अनुभव पनि व्यक्त गरेका छन् । वर्णनमा कतै रोमाञ्चक, कतै रोमहर्षक, कतै त्रासमय स्थिति देखिन्छ । कृति आकारगत दृष्टिले सानो आकारको भए पनि निकै खँदिलो र गहकिलो छ । पढ्दा कतै आङै सिरिङ्ग हुने, कतै घृणाभाव उत्पन्न हुने, कतै उदेक लाग्ने, कतै विरक्तिने भाव उत्पन्न हून्छ । यो नियात्राकारको पहिलो नियात्राको कृति भए पनि मार्मिक अनुभूतिपरक र निकै प्रभावशाली छ । यसको मुख्य विशेषता कठिनतम यात्रा सङ्घर्षबाट प्राप्त सुखानुभूतिको चित्रण हो । नियात्रा परम्परामा यसको महत्त्वपूर्ण स्थान सुरक्षित हुने देखिन्छ ।

*कीर्तिपुर-२, मैत्रीनगर, कलङ्की, काठमाडौँ ।*

❐

# पुष्पराजको तेह्रदिने युद्ध तथा श्रीधरको खाट

❖ सञ्जीव उप्रेती

पुष्पराज आचार्य एक व्यावसायिक क्रियापुत्री हुन । मृत्युपछि गरिने १३ दिनको क्रियामा बस्न निम्ति उनलाई टाडा टाडाबाट बोलाउन आइरहन्छन । उनी जस्तै अरु पन्ध्र सोह्र जना क्रियापुत्रीहरु पशुपतिको घाट विकास तथा सेवा केन्द्रसँग आवद्ध छन् ।

मेरो उनीसँग एकजना आफन्तको घरमा मरीमराउ भएको बेला भेट भयो । पुष्पराज पशुपति घाट विकास केन्द्रसँग आबद्ध रहेछन् भन्ने पनि त्यसैबेला थाहा भयो । "मेरा केहि साथी क्रियापुत्रीहरु असाध्य पाखन्डी छन" पुष्पराजले नमीठो अनुहार लगाएर बताए, "कोही त तेह्र दिनको क्रिया चलेकै बेला लुकेर मम खानसम्म पनि पछि पर्दैनन् । अरु भने अर्काको पालो उछिनेर क्रियापुत्री बन्न अधि तम्सिनछन् । कतिले मेरै पालो समेत उछिनी सकेका छन् । खोइ, घाट विकास केन्द्रले यसको बारे केही गर्दैन ! म क्रिया-फीसको दश प्रतिशत केन्द्रलाई तिर्ने गर्छु । तर मेरो पालो बारम्बार उछिनिँदा पनि केन्द्रका कर्मचारीले टेर पुछार लाएका छैनन् ।"

पुष्पराज आचार्य दुब्ला र मध्यम कदका छन । प्राय सधैं नुन बिनाको भात, आलु र घिउको मात्रै भोजन गर्नु पर्ने भएकाले उनको शरीर दुब्लो र गाला पहेँला पिचीक्क परेका छन । तीसै वर्षको उमेरमा प्राय सबै दाँतहरु झरी सकेका छन । यो पनि तेह्र दिने क्रियामा पिइ रहनु पर्ने मिश्री काँडाको प्रभावले हुन सक्छ । उनको अनुहारको विशेषता हो उनका ठूला चम्किला आँखाहरु । यस्तो लाग्छ उनका आँखाहरुले तीसै वर्षको उमेरमा आकाश पाताल छिछोली सकेका छन । मृत्युका कर्मकाण्डहरुलाई हेर्दा हेर्दै जीवनका भ्रमहरुबाट मुक्त भइसकेका छन ।

"के तपाइँ वास्सवमै यस्ता कर्मकाण्डहरुमा विस्वास गर्नु हुन्छ ?" मैले सोधें

"गर्छु पनि र गर्दिन पनि" पुष्पराजले मुडुलो टाउको कन्याउँदै जवाफ दिए, "हुन सक्छ मरेकाहरुका आत्मा तेह्र दिनसम्म घरको वरीपरी मडारिइ रहन्छन । शायद क्रियाका कर्मकाण्डहरुले वास्तवमा नै ती आत्माहरुलाई परलोकसम्म पु-याउन मद्दत गर्छन । यो पनि हुन सक्छकी धेरै यस्ता मान्यताहरु फगत कल्पना हुन । तर जे भएता पनि क्रियाको काम त मेरो व्यवसाय नै हो । क्रियापुत्री बन्नुअघि म कुल्लीको काम गर्थे । तरकारीका गह्रौ भारी शिरमा बोकेर हिड्थें । तर अब त्यसको कठोर काम

गर्ने शक्ति छैन । क्रियाको नुन विहिन खानाले शरीरलाई झन झन कमजोर बनाउँदै लगेको छ । कल्पना गर्नु होस त एक सय पचास चोटी गरुड पुराण कसरी सुने होला ? हरेक तेह्र दिने क्रियामा सुन्नै पर्छ त्यो पुराण ! कतै तातो तेलको कुण्डमा डुबाइएको विवरण त कतै दनदनी बलेको आगोमा जलाइएका कथाहरु ! मलाई लाग्छ म सयौ चोटी तेलका कुण्डहरुमा डुवी सके । सयौ चोटी लपलपाउँदा ज्वालाहरुमा डढेर खरानी भइसकें।"

"कुनै कुनै घरमा क्रियापुत्री भएर बस्न अलि सजिलो हुन्छ" उनले थपे, "पत्र पत्रिका पढ्न दिन्छन, कतै त टेलिभिजन हेर्न समेत पाइन्छ । तर काहीँ भने नियमहरु अत्यन्त कडा हुन्छन । अखवार पत्रिका पढ्न फिटिक्कै पाइदैन । यसो पिसाब फेर्न निस्केका बेला पनि लुकेर रक्सी नै घुट्क्याउन खोज्या होकी जस्तो गरी शंका गर्छन । शायद कुनै दिन यी नियमहरु अलि उदार बन्दै जानेछन । शायद कुनै दिन क्रियापुत्रीहरुलाई भिडियो समेत हेर्न दिइनेछ ।"

तेह्र दिने किरियाका दौरान थुप्रै गफगाफ भए । पशुपतिको बृद्धाश्रममा बस्ने उनका बुबा श्रीधर आचार्यबारे समेत बताए ।

"म सानोमा साह्रै दुब्लो थिएँ । बिरामी भइ रहन्थेँ । बाउले मलाई लाछी भन्थे । त्यही बाउ अहिले असी वर्ष नाघेपछि रोगाएर आफै वृद्धाश्रममा बसेको छ," पुष्पराज थोत्रो मुख देखाउँदै हाँसे "हा-हा-हा.... अब को लाछी भयो त ? जीवनले सबैलाई लाछी बनाउँछ । हो, मेरो शरीर चाही अलिक कमजोर नै छ । तर कहिले काहीँ बलियो पनि महसुस गर्छु । शक्ति पनि घटबड भइरहन्छ । सधै एकनास कहाँ रहन्छ र ?"

तेह्रदिने कर्मकाण्ड सकिएपछि पुष्पराजलाई गाडीमा हालेर पशुपति क्षेत्रमा रहेको उनको डेरानिर पुगे । पुष्पराजले दौरा सुरुवाल माथि मेरा मृत आफन्तको लामो, खुकुलो ओभरकोट भिरेका थिए । न्यू योर्क याङ्की लेखिएको बेसबलको क्यापले उनको शोभा बढाइरहेको थियो । त्यो क्याप उनले किरिया सकिएपछि मेरा आफन्तहरूबाट दान स्वरूप पाएका थिए ।

पुष्पराज युद्ध जितेर फर्केका कुनै विजयी योद्धाझैँ लमक्क कदम बढाएर कारबाट ओर्ले । म र एकजना अर्का मित्र पुष्पराजलाई पछ्याउँदै साँधुरा, मैला पानीले भरीएका गल्लीहरुलाई नाध्दै हिँडिरहेका थियौं । हाम्रा हातमा पुष्पराजले उपहार स्वरुप पाएका लुगाकपडा, सिरानी र अन्य सामाग्रीहरु थिए । उनी तेह्र दिनको युद्धमा मृतकहरुमाथि विजय प्राप्त गरेर फर्कीरहेका कुनै मिथकका नायक जस्ता थिए भने उनलाई पछ्याउने हामी युद्धका साधारण सिपाहीहरु जस्ता ।

ओभरकोट र क्याप भिरेका पुष्पराजलाई हेर्न छिमेकीहरु पुराना इँटाले बनेका घरका वार्दलीहरुमा निस्कन थाले । काठको भऱ्याङ्को पछाडीबाट पुष्पराजकी श्रीमती तीन महिनाकी छोरी प्यारीलाई काखी च्यापेर निस्किन र श्रीमानलाई लजालु मुस्कान सहित स्वागत गरिन । उनले पुष्पराजलाई एउटा खुसीको खबर सुनाइन । अहिलेकै भाडामा घरवेटीले उनीहरुलाई माथिल्लो तल्लाको कोठामा सारिदिएको रहेछ । हुनत त्यो नयाँ कोठा अलि गुम्म परेको देखिन्थ्यो । तर पुष्पराजको उत्साहमा कुनै कमि आएन ।

“छ सय रुपया भाडामा सिमेन्टको घरमा यत्रो ठूलो कोठा पाउनु कुनै सानो कुरा होइन” पुष्पराजले भने, “अनि छानाबाट आर्यधाट प्रस्टै देखिन्छ।”

हामी पुष्पराजलाई पछ्याउँदै अर्को भर्याङ चडेर छानामा पुग्यौँ । आर्यघाट माथिको आकाश घाटबाट उठेको कालो ध्वाँसे मुस्लोमा रुमल्लिएको थियो । वागमतीको किनारमा चिताहरु दन्किरहेका थिए । पुष्पराजका आँखा उत्साहले चम्किरहेका थिए ।

“ओहो आज धेरै लाशहरु बलिरहेका छन् आर्यघाटमा,” उनले भने “म अब तुरुन्तै घाट विकास केन्द्रतिर लाग्छु ।

हामी भर्याङ ओर्लीएर घरबाहिर निस्कियौँ । पुष्पराज ओवरकोट मिलाउँदै आर्यघाटतिर लागे । हामी उनिसित बिदा लिएर पार्किङ लटतिर । हामी मृत्युको छाँयालाई पन्छाएर पुन जीवित व्यक्तिहरुको समाजमा फर्कँदै थियौँ । पुष्पराज नुनरहित खाना र गरुड पुराणसहितको अर्को नयाँ तेह्र दिने युद्धको लागि तयार हुँदै थिए ।

**श्रीधर आचार्यको खाट**

पुष्पराजसँग किरिया दौरान चिनजान भएपछि पशुपतितिर घुम्न जाँदा बेला बेला उनीसँग भेट भइरहन्थ्यो । एकदिन उनको पछि पछि लागेर पशुपति बृद्धाश्रम पुग्दा श्रीधर आचार्य सित भेट भयो । श्रीधर आचार्य पुष्पराज आचार्यका पिता रहेछन ।

“मेरा बुबा जीवितै छन् भन्ने कुरा कसैलाई नभन्नु होला,” बाटोमा पुष्पराजले मलाई भने “बुबा जीवितै भएकाहरूलाई पशुपति घाट केन्द्रले किरियापुत्री बस्न दिंदैन । आमा पाँच वर्षअघि मरेपछि बुढा काठमाडौं आए। मेरो आफ्नै हविगत छ, बुबालाई कसरी पाल्नु? त्यसैले बुढा वृद्धाश्रममा बस्न थाले ।”

हामी पशुपति मन्दिरको दक्षिणपट्टिको वृद्धाश्रममा पुग्यौँ । उक्त वृद्धाश्रमलाई सरकार तथा अन्य सामाजिक संस्थाले सहयोग गर्छन् । वृद्धाश्रममा लामा आकारका सामूहिक हलहरू छन् । हरेक हलका दुवै भित्ताहरू छेउ सुत्ने खाटहरू छन् र बीचमा

हिँडेने खाली ठाउँ छ । मैले श्रीधर आचार्यलाई भेट्दा उनी वृद्धाश्रमको पश्चिमी भागको पहिलो तल्लामा रहेको उनको खाटमा टुक्रुक्क बसिरहेका थिए ।

"मेरो बुबाका पाँचवटी श्रीमती थिए, थुप्रै दाजुभाइ भए," गफगाफ सुरु भएपछि श्रीधर आचार्यले मलाइ भने, "मैले भने तीनवटी मात्र विहा गरें । पहिली श्रीमतीको निक्कै माया लाग्थ्यो, तर विचरी कलिलै उमेरमा मरी । त्यसपछि दुईटी विहा गरे । दोस्री पोइल गइ, तेस्री पाँच वर्षअघि मरी ।"

"त्यही तेस्री श्रीमतीबाट यो मोरो जन्मियो," उनले पुष्पराजतिर हेर्दै थपे, "सानोमा साह्रै लिखुरे र अल्छी थियो । अहिले जेनतेन गरी खाएको छ ।"

पुष्पराजले मुख बंगायो । अनि हत्तपत्त कुरा परिवर्तन गरेर मतिर ओल्याउँदै "यी अखबार पत्रिकामा लेख्ने मानिस हुन्, चाहिने गफ मात्र गर्नुहोला" भन्यो । सुन्ने वित्तिकै श्रीधर आचार्यको अनुहारको भाव तुरुन्त परिवर्तित भयो । उनी अकस्मात उत्तेजित देखिए । भने- "त्यसो भए तपाईं अखबारमा त्यस दुष्ट गिरीको बारेमा लेख्नोस् । गिरी अति दुष्ट छ, तपाईंले उसको दुष्टताको पर्दाफास गर्नैं पर्छ ।"

"को हो त्यो गिरी," मैले सोधेँ, "अनि ऊ दुष्ट किन छ ?"

"गिरीको दुष्टता बुझ्न पहिले तपाईले मेरो खाटबारे बुझ्नु पर्छ" उनले भने

श्रीधर आचार्यको सम्पूर्ण सम्पत्ति (एउटा टिनको बक्सा, प्लाष्टिक भित्र बेरेर राखेको चियाको धुलो, नुन र अलैंची, केही पुराना कोटा र एउटा शिवको सानो सिंहमरमरको मूर्ति) जतनसँग राम्ररी मिलाएर उनि सुत्ने खाट मुनि राखिएको थियो ।

"खाट मुनिको टिनको बक्साबारे केही भन्नुहोस न त," मैले भनेँ, "अनि त्यो शिवको मूर्ति ?

"मैले यो टिनको बक्सा किन्दा २००७ सालको क्रान्ति अझै भएको थिएन" श्रीधर आचार्यले भने, "अनि त्यो मूर्ती त मैले चन्द्रशमशेरकै पालामा बनारस घुम्न जाँदा त्यहीँ किनेको । साथी-आफन्त कोइ कता, कोइ कता हराए । जे छ यही खाटमुनि छ ..... तर यो अहिलेको खाट मेरो मूलखाट होइन । काठमाडौं आएर वृद्धाश्रममा बस्न थाल्दा म अर्कै खाटमा सुत्थेँ । त्यही मेरो मूल खाट थियो । म त्यसैमा दिउँसो टुक्रुक्क बस्थे, अनि राती सुत्थे । गिरीको दुष्टता त्यसै खाटसित जोडिएको छ ।"

श्रीधर आचार्य बोल्दै गए, म सुन्दै । गिरीका दुष्टताका अध्यायहरू खुल्दै गए ।

शेरबहादुर देउवा पहिलो चोटी प्रधानमन्त्री हुँदा गिरी अन्य प्रतिद्वन्दीहरुलाई उछिनेर वृद्धाश्रम प्रमुख बनेका रहेछन् । त्यसबेला श्रीधर आचार्य अहिलेको खाटमा

बस्दैन थिए । वृद्धाश्रमको पूर्वी भागको भूइँतलाको उनको “ओरिजिनल” खाटमा बस्थे ।

“त्यही मेरो मूलखाट थियो” उनले निधार खुम्च्याउँदै भने, तर के गर्ने गिरीले देखी सहेन” ।

गिरी वृद्धाश्रमको सर्वेसर्वा बन्ने बित्तिकै श्रीधर आचार्यलाई भवनको पूर्वीबाट पश्चिमी र भूइँतलाबाट पहिलो तल्लामा सर्ने उर्दी दिएका रहेछन । मुख्य कुरो उनको उनको खाट नै साटिएछ। यो कुरा वृद्धको निम्ति असह्य भयो ।

“अहिले मेरो मूलखाटमा साँखुबाट आएको एउटा पाखन्डी बुढो बस्छ,” श्रीधर आचार्यले भने, “उसको उद्देश्य पशुपतिनाथलाई रिझाउनु नभई आश्रमका अधिकृतहरूलाई खुशी पार्नु हो । म त्यो सब गर्न नजान्ने परेँ । त्यसैले पाखन्डीले मेरो खाट अझै हत्याई राखेकैछ ।”

एकपल्ट जबरजस्ती हत्याइएको ओरिजिनल खाट पुनः प्राप्त गर्ने सम्भावना उब्जेको थियो । देउवा हटेर गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्दा वृद्धाश्रम भित्रको शक्ति सन्तुलनमा पनि परिवर्तन भयो । दुष्ट गिरी पदबाट हटाइयो र उसको रित्त पदमा आए सुवालजी । सुवालजी श्रीधर आचार्यको मर्कापृति संवेदनशील थिए । उनको खाट फर्काइदिने वाचा पनि गरे । तर विभिन्न किसिमका अस्पष्ट कारणले गर्दा श्रीधरलाई खाट फर्काउने दिन परपर सर्दै गयो । अन्त्यमा सबै कुरो मिल्नै लागेको थियो । मूलखाट नजिकै आइसकेको थियो ।

तर त्यत्तिकैमा देशको राजनीतिमा परिवर्तन भयो । गिरिजाप्रसाद प्रधानमन्त्रीको पदबाट बाहिरिए । उक्त पदमा एकपल्ट पुनः देउवा स्थापित भए । त्यसको साथै वृद्धाश्रम भित्रको शक्ति सन्तुलन पनि पुनः बदलियो । सुवालजी बाहिरिए र पुनः दुष्ट गिरीले प्रमुखको पद सम्हाले । यसैसाथ श्रीधरजीको नजिक आउँदै गएको खाट एकपल्ट पुनः टाढियो ।

“अझैसम्म पनि स्थिति जहाँको त्यहीँ छ,” श्रीधर आचार्यले भने, “पाखन्डी बुढोले मेरो मूलखाटलाई आफ्नो बनाएर बसेको छ । म भने यस खाटलाई मेरो भनेर बाँच्न विवश छु । मानिसले सोध्छन्– जुन खाट भए पनि त एउटै कुरा हो नि बाबै, किन जाबो एउटा खाटको निम्ति मरिहत्ते गर्नुभएको ? .... तिनले कुरो बुझ्दैनन् । म वृद्धाश्रम पहिलो चोटी आउँदा त्यसै खाटमा सुतेको थिएँ । दस वर्षसम्म त्यसै खाटमा बसेँ । मेरो आत्मा अझै त्यसै खाटमा छ । यस खाटमा त मेरो शरीर मात्र सुत्छ । लौ बाबु यस बारेमा पत्रिकाबाजी गरेर हुन्छ की के गरेर हुन्छ, मलाई मेरो खाट फिर्ता

दिलाइ दिनुपर्यो । नत्र मरे पछि पनि मेरो आत्माले शान्ति पाउने छैन । मेरो आत्मा हावामा मंडारिइ नै रहने छ, न यताको न उताको भएर ।”

श्रीधर आचार्यको जीवन कथा सुन्दै जाँदा सोचेँ- हामी सबै आ-आफ्ना व्यक्तिगत महत्वकांक्षाका मनोवैज्ञानिक झन्डा बोकेर बाँचिरहेका हुन्छौँ । त्यही महत्वाकांक्षालाई सन्तुष्टि दिन कोही नाम कमाउन पट्टि लाग्छन, कोही दाम कमाउन पट्टि । कसैले घर जग्गा किन्छन् ।कसैले बन्द व्यापार गर्छ, कोही लेखक बन्छन् । कोही राजनीतिज्ञ कोही समाजसेवी । यि सबै विपरीत श्रीधर आचार्यको महत्वाकांक्षा बढो सरल थियो- उनको जीवनको एक मात्र लक्ष्य थियो । उनीबाट खोसिएको मूलखाट एकपल्ट पुनः प्राप्त गर्नु ।

जति जति मृत्यु नजिक आउँदै थियो, उनको इच्छा झन्झन् दरो हुँदै जाँदै थियो । उनी उनको अशक्त हुँदै गएको वृद्ध शरीर तथा धमिलिँदै गएको परिचयलाई गुमेको खाटको ठोस वास्तविकतासँग जोड्न चाहन्थे । उनले आफ्ना भावना र स्मृतिहरू त्यसै खाटमाथि पोखेका थिए ।

श्रीधर आचार्यको निजात्मक व्यक्तिगत इच्छा राष्ट्रिय राजनीतिको आधिकारिक इतिहाससँग जोडिन पुगेको थियो । देउवा तथा कोइराला जस्ता राष्ट्रिय नेताको उदय वा अवसानसँगै उनको खाटको भविष्य पनि परिवर्तित भइरहेको थियो ।

आधिकारिक इतिहासको परिप्रेक्ष्यबाट हेर्दा श्रीधर आचार्यको कथा इतिहासको कुना-काप्चामासमेत थिएन । इतिहासको केन्द्रमा देउवा र कोइरालाहरू थिए । नेपाल, दहाल र भट्टराईहरू थिए । तर श्रीधर आचार्यको परिप्रेक्ष्यबाट हेर्ने हो भने इतिहासको केन्द्रमा उनको खाट थियो । उनको निम्ति गिरी र सुवालजी इतिहासका मुख्य खलनायक र नायक थिए । देउवा र कोइराला जस्ता नेता पर कतै चलायमान अदृष्य शक्तिहरू थिए । ती शक्तिहरूले कहिले गिरीलाई उठाउँथे, कहिले सुवालजीलाई । कहिले उनको खाट नजिक आउँथ्यो कहिले झन् परपर पुग्थ्यो । राष्ट्रको सार्वजनिक इतिहास तथा श्रीधर आचार्यको व्यक्तिगत इतिहासका प्रकृतिफरक थिए । एउटा इतिहास लेखिँदै थियो, अर्को अलिखित !

# लेख्न बाँकी कुरा ...

❖ अनिता पन्थी

एक  दुई दिन अघिदेखि म यही समयको प्रतीक्षामा थिएँ। आज मार्टिन चौतारीमा एउटा विशेष दिन छ। मेरो लागि विशेष भएर आएको समयप्रति म आभारी छु। वक्ता भएर आज केही बोल्नु छ। तर वक्तामा जुन क्षमता हुनुपर्छ त्यो त मसँग छ कि छैन कुन्नि ? आफैँप्रति सन्देह छ।

नवीन चेतले साहित्य गर्ने एक अग्रज स्रष्टा–पद्मावती सिंहका कृतिमाथि बोल्नु आफैँमा एउटा जटिल कुरा छ। आफ्नो जिम्मेवारीलाई मर्यादा राख्न के म सकुँली ?

आफ्नो कामप्रति ज्यादा सचेत भयो भने–पनि मान्छे डगमगाउँदो रहेछ। हो म पनि डगमगाउने गर्छु यदाकदा। त्यसो नहोस् भनी ज्यादा सचेतताबाट फर्किने गर्छु। अहिले पनि फर्किंदैछु। म अलिकति बेहोसी मिसाएर निस्फिक्री हुन चाहन्छु।

सगुना दिदी ! अहिले म एकदम आभारी छु। स्वीकार्नु होला त्यो आभारी हजुरकै लागि भएको हुँ। सुन्नू त त्यस दिनले मलाई केही लेख्न अनुरोध गरेको छ। मसँग यतिखेर त्यस क्षणको स्मृति छ। जुन स्मृति हजुरको निकट रहेको छ। हजुरले भन्नु भएको थियो–अनिता बहिनी ! मार्टिन चौतारीमा तपाईंलाई वक्ता बनाएर ल्याउन मन छ। तपाईं सधैं निष्पक्ष भएर समीक्षा लेख्नु हुन्छ–किताबको सबै पाटो समेटेर। यसपालि कि हिरण्य पाठक, कि पद्मावती सिंहका कथामा गर्न पऱ्यो कि सुधा शर्माको सिंहदरबारको घुम्ने मेचमाथि।

दिदी हजुरको यस मेसेजले मलाई एकचोटि झस्कायो। वास्तवमा मानिस बाहिर जस्तो परिचयले चिनिन्छ, साँच्ची नै ऊ त्यस्तो नहुन सक्छ। हजुरले मलाई जसरी बुझ्नु भएको छ, यथार्थमा त्यो बुझाइ सत्यदेखि निकै टाढा पो छ कि !

आफूप्रति मलाई नित्य सन्देह भइरहन्छ। आफूसँग अविश्वास हुँदाहुँदै पनि दिदी ! मैले हजुरको प्रस्ताव स्वीकारेँ। किनकि यो मेरो लागि ठूलो अवसर थियो। म अवसर गुमाउन चाहन्नथेँ। यही मूड लिएर म अहिले आफूसँग संवादमा छु।

आफ्नो स्वभावमा फर्किंदा कहिलेकाहीँ मलाई बडो उदेक लागेर आउँछ। म सधैँ आफू सानो हुन मन पराउँछु। अझ पनि मेरो स्वभावमा बाल सुलभता विलीन हुन सकेको छैन। मलाई यस्तै कच्चा बानी मन पर्छ। त्यही भएर हुन सक्छ म ठूलो

मान्छेको निकटतामा ज्यादा रमाउँछु । त्यस निकटतामा लाडिन मलाई खूब मन पर्छ । पुलपुलिएर प्यारो हुन मन पर्छ । सानो नानीलाई जसरी- उसले मलाई अभिभावकत्व दिओस् । अनि सम्झाओस्, बुझाओस्, हप्काओस् । यति मात्र होइन त्यसमा धेरै माया मिसाओस् । यस्तो अनौठो इच्छाले तत्पर हुँदा बिहानको खाना पश्चात् गुर्जुधारा गएँ– अनिता (कोइराला) दिदीको निवासमा । देख्छु अङ्कुशे लगाएर दिदी झ्यालबाट अम्बा टिप्दै हुनुहुन्छ । दिदीको बारीमा फलेको केरा, अम्बाको आतिथ्यले म तृप्त हुन्छु ।

दिदी बहिनी भेट भएपछि केके कुरा गर्दै समय बितेको हामीले ख्याल गरेनछौँ । मार्टिन चौतारीको प्रस्थानमा निस्किने समय विलम्ब हुन लागेछ थाहै नपाई । अघिको प्रचण्ड घाम अहिले निस्तेज हुँदैछ । मेघाच्छन्न आकाशमा डुब्ने समय नभई डुबेको छ घाम । पानी पर्न सक्छ भन्दै थियौँ । पानी पर्‍यो पनि । जलेको धर्ती ओसिएर बाफ उठेको छ ।

दिवाकालीन समय भएर होला गाडीको चाप कम्ती छ । केही गफ, केही मौनता, केही अन्तर मनको संवादले निर्देशित भएका हामी ! बाह्य दृश्यको होस राख्न मेसो पाएका छैनौँ । ए... हामी त त्रिपुरेश्वर आइपुगेछौँ । रेखा दिदीको फोन आएको छ– गन्तव्य पुगेको खबर लिएर ।

मार्टिन चौतारीको शान्त, शालीन वातावरण । अब झरी पनि थामिएको छ । वर्षाले भिजेको उद्यान मानौँ हाम्रै पर्खाइमा छ । मैले उसलाई प्रसन्नताको एक दृष्टि दिएँ । कृतज्ञताको एउटा भाव त्यहीँ पोखिदिएँ । म अलिकति त्यही पोखिएँ । ऊः अगाडिको बिल्डिङमा देख्छु रेखा  दिदी र शोभा ढुङ्गाना मेम हाम्रै प्रतीक्षामा हुनुहुन्छ ।

समय अगावै समय धेरै छिप्पिसके जस्तो झरिलो याम । मेरा उत्सुक दृष्टि परपर फैलिएका छन् । उः शरद (प्रधान) दाजु पनि आइपुग्नु भयो स्कुटीमा । उहाँको आगमनले म थप खुशी हुन्छु । यस शहरमा उहाँलाई देख्दा मलाई जहिल्यै एउटा अभिभावकको प्रत्याभूति हुन्छ । आज पनि उहाँले मलाई केही किताब ल्याइदिनु भएको छ–मोहन कोइरालाको 'हिमचुली रक्तिम छ', देवकुमारी थापाको 'भोक तृप्ति', धुस्वाँ सायमीको 'गंकी' र राजनारायण प्रधानको 'दार्जीलिङ डायरी' । यस्ता पुराना-दुर्लभ पाठ्य सामग्री उहाँले मलाई उपलब्ध गराउँदै आउनु भएको छ ।

एउटा उचाइमा पुग्नु भएको नारी स्रष्टा–पद्मावती (सिंह) दिदीलाई आज पहिलोचोटि भेट्दैछु । शायद उहाँले मलाई चिन्नु भएको छैन । उहाँको पुस्तकमा बोल्ने आजको वक्ता 'अनिता पन्थी' भन्ने कुरा त उहाँलाई थाहा छ । तथापि 'अनिता पन्थी' म नै हुँ भन्ने कुरा– हुन सक्छ उहाँलाई थाहा छैन ।

प्रतीक्षित मन केके सोच्दै थियो कुन्नि । त्यसै बेलो देखेँ–ऊः सगुना दिदी पनि आइपुग्नु भयो । गाडी पर कुनामा साइड लगाएर–हँसिलो मुद्रामा अगाडि बढ्नु भएको दिदीलाई म एकछिन रोकिएर हेर्छु । उहाँको सान्निध्य मलाई प्रिय लागेर आयो ।

बिस्तारै उपस्थितिको सङ्ख्या बढ्दैछ । कति परिचित कति अपरिचित सम्पूर्णमा मेरो नमस्कार छ । सम्मानपूर्ण अभिवादन छ । उहाँहरूको उपस्थितिले एउटा वक्ता हुनुको आनन्द मलाई मिलिरहेछ । औपचारिक रूपले कार्यक्रम आरम्भ हुन लाग्दा मेरो दृष्टि पुनः विस्फारित हुन्छ । बौद्धिक, वैचारिक व्यक्तित्वहरू केही सुन्न पर्खिए जस्तो तत्परताको अवस्थामा देख्छु । पत्रकार तथा साहित्यकार राजेश खनाल कलम र डायरीको साथमा हुनुहुन्छ । अरू पनि त्यस्तै सक्रिय मूडमा हुनुहुन्छ–डा. बिन्दुशर्मा, विक्रम भक्त जोशी, भवानी खतिवडा, राज राजक, मधुवन पौडेल, राधिका कल्पित, विना श्रेष्ठ, हरिश कल्पित, शोभा शरभ, रमा सुवेदी, ... । यसरी केही नाम सम्बोधन गरिरहँदा म क्षमा चाहन्छु । ठूलो सङ्ख्यामा उपस्थित हुनु भएका सम्पूर्णको नाम मैले उल्लेख गर्न सकिनँ । किनकि ती नामसँग म अनभिज्ञ छु ।

पद्मावती दिदीका बारेमा बोल्न मलाई केही डर डर लागेको छ । तर होइन । मलाई केही डर छैन । पूर्वाग्रही चेतदेखि म निकै दूर छु । म स्पष्ट छु, मैले स्वतन्त्र भएर बोल्नु पर्छ । निर्भीक भएर आफूलाई लागेको कुरा भन्न सक्नुपर्छ । यदि सक्दिनँ भने मलाई कदापि वक्ता हुने अधिकार छैन । वक्ताको स्वतन्त्रतालाई कायम राख्न म अनाग्रही हुन सक्नु पर्छ । यदि सक्दिनँ भने वक्ताको रूपमा मेरो यो जिम्मेवारी निर र्थक हुनेछ । मैले आफ्नो भूमिकालाई निरर्थक हुनबाट सुरक्षित राख्न समर्थ हुनुपर्छ ।

कृपया ! यतिखेर म  एउटा जानकारी गराउन चाहन्छु । वक्ता भएर जुन पुस्तकमा म बोलेँ–'पद्मावती सिंहका प्रतिनिधि कथाहरू'मा । अहिले मेरो लेखन ध्येय त्यस पुस्कतसँग सम्बन्धित हुने छैन । पद्मावती दिदीका कथाकारितामा म अहिले बोल्दै छैन । त्यस बारेमा 'पद्मावती सिंहका कथा प्रवृत्ति' शीर्षक दिएर भिन्दै आलेख तयार गरिसकेको छु । अहिले मेरो लेखन अभिप्राय त्यस दिन मलाई सोधिएका एक दुई प्रश्नको उत्तरमा केन्द्रिकृत हुने छ । कृति विमर्शको अन्त्य पश्चात् स्रष्टा र वक्ता दुवैलाई केही प्रश्नहरू आएका थिए । ती मध्ये केही प्रश्नले मलाई निष्क्रिय हुन दिएनन् । यतिखेर प्रश्न र प्रश्न-कर्ताप्रति पुनः हार्दिक आभार छ । अहिले यसरी केही थोक लेखिरहन मलाई तिनै प्रश्नहरूले अह्राउँदा म ब्यूँझिएको छु ।

समय अब अडियन्सतर्फ गएको छ । प्रश्न गर्न इच्छुक हातहरू उठ्दैछन् । त्यस मध्ये एउटा हात राधिका कल्पितको छ । उहाँका दुइटा अत्यन्तै समय सान्दर्भिक जिज्ञासा छन् । शुरुको जिज्ञासालाई म यहाँ उल्लेख गर्न चाहन्नँ । त्यो अर्कै आलेखमा

कहीँ महङ्खवपूर्ण विषय बनाउने छु । दोस्रो जिज्ञासा नै यहाँ मेरो लेखनको तात्पर्य रहेको छ । उहाँ भन्नु हुन्छ, 'अस्ति बाह्रखरी कथा प्रतियोगिता आह्वानमा नयनराज पाण्डेज्यूले भन्नु भएको थियो–अरूले नलेखेको कुरा लेख्नू । अरूले लेखेभन्दा नयाँ लेख्नू । लेख्न बाँकी रहेको कुरा लेख्नू । उसो भए अब हामीले कस्तो कुरा लेख्ने ? कस्तो कुरा लेखिन बाँकी छ ?'

राधिका दिदीको यस प्रश्नले ममा विचारहरू सल्बलाएका छन् । एकपछि अर्को विचारहरू जुर्मुराएका छन् । ती भीड लागेका विचारलाई नियन्त्रणमा लिएर मैले उहाँलाई उत्तर दिनु छ । साहित्य गर्नेहरूका निम्ति अहिले चुनौती बनेर आएको–दिदीको प्रश्न अत्यन्तै स्वागत योग्य छ । हामी सम्पूर्ण साहित्य प्रेमीमा यस प्रश्नको उत्तर थाहा हुन आवश्यक छ ।

मैले आफूलाई उत्तर दिन तयार गरेँ । अनि भनेँ–यहाँ लेखिन बाँकी केही थोक छैन । उही पुनरावृत्ति हो । जहिले जस्तो साहित्य लेखिए पनि, जहाँको साहित्य लेखिए पनि उही समाज छ, उही मानवीय सम्बन्धहरू छन्, उही मानवीय संवदेनाहरू छन् । उही हावा, उही प्रकृति, उही वायु, तेज छन् । उही पर्यावरण छ । उही धर्ती छ, उही वायुमण्डल छ । उनै जून तारा छन् । उही घाम छ, उही प्रकाश छ, आभा छ । उही समय छ । समय अनुसारको परिवेश छ । यस भन्दा बाहिर गएर केही लेखिने छैन । लेखिने आधार यिनै हुन् । यी कुरा हिजो पनि थिए, आज पनि छन् । हिजो पनि उस्तै थियो, आज पनि त्यही छ । युनिभर्सल सत्यहरू, सनातनी सत्य सदा उस्तै छन् । लेख्ने भनेको थाहा पाएर या थाहा नपाएर हामीले भोगेका यिनै ब्रह्माण्डका कुरा त हुन् । सृष्टिका प्रथम मानवले यस धर्तीलाई जसरी भोगे, हामी पनि त्यही भोग्दैछौँ । भलै भोग्ने तरिकाहरू फरक परे होलान् । अनि ती प्रथम मानवहरू जुन संवेदनाले, संवेगले निर्देशित थिए, हामी पनि त्यही संवेगले त्यही संवेदनाले परिचालित छौँ । उसो भए उनीहरू र हामीबीच भिन्नता नै के रह्यो र ? भलै हाम्रो जीवन शैली, हामीले भोगेका सभ्यतामा परिवर्तनहरू आए । फरक भन्नु त्यति नै त हो । परिवर्तन भनेको त्यही बदलिएको पृथकता हो । सभ्यताको विकास भनेको त्यही फेरिएको रूप हो । त्यही फेरिएको रूपले हाम्रो जीवन पद्धतीलाई भिन्न बनाउँदै लैजाने हो । जीवनको नवीनता भन्नु या लेखनको नवीनता भन्नु त्यति मात्रै हो ।

यति कुरा भनिरहँदा कृपया सम्झना राख्नूस्–युग अनुकूल बदलिने परिवर्तन भनेको उही विचार हो । जुन विचारले समाजलाई, युगलाई, परिस्थितिलाई बदलिरहेको हुन्छ । त्यही विचारले समाज, संस्कृति, रहनसहन, जीवनशैलीलाई समय अनुकूल बनाइरहेको हुन्छ । अब बुझ्नूस् हामीले लेख्ने भनेको त्यही विचार हो । त्यही विचारले

तपाईंको लेखनमा नवीनता ल्याउने छ । तपाईंलाई अरू भन्दा बेगल धारको बनाउने छ ।

यसरी अरू भन्दा बेग्लै हुनको लागि प्रथमतः तपाईं तयार हुनुपर्छ–आफ्नो दृष्टिकोण बदल्न । नवीनता लेख्न र अरूले भन्दा बेग्लै लेख्न र इच्छा गर्नेले नवीन दृष्टि खोज्न समर्थ हुनुपर्छ । अनि नूतनत्वलाई स्वीकार्ने आँट गर्नु पर्छ । साहित्यमा तपाईंको निजी चिनारी भनेको अर्थात् तपाईंको नयाँपन भनेको अर्थात् अरू भन्दा तपाईं पृथक हुनु भनेको तपाईंको दृष्टिकोण कस्तो छ ? त्यही नै तपाईंको चिनारी हो । तपाईं जस्तो दृष्टिकोण राख्नु हुन्छ त्यस्तै दृश्य निर्माण हुने छ । कला साहित्यमा तपाईंलाई अरूदेखि अलग्याउने मुख्य कुरा भनेकै– दृष्टि र दृश्य निर्माण तपाईं कसरी गर्नु हुन्छ ? कलालाई कसरी प्रस्तुत गर्नु हुन्छ ? त्यसमा निर्भर रहन्छ ।

अझ यसो पनि भनौँ–साहित्यमा पृथकता ल्याउनु भनेको पुरानो कुराको नवीकरण गर्नु हो । सुन्दर कलाले त्यसलाई नवीकरण गर्न जान्नु नै तपाईंको पृथकता हो । अन्ततः त्यही पृथकता तपाईंको निजी परिचय हुने छ । जस्तो अरूले भनेका कुरालाई यस अघि कसैले नभने जसरी प्रस्तुत गर्नु नै–तपाईंको सुन्दर अभिव्यक्ति कला हो । कलाको माध्यमबाट पहिलोचोटि नयाँ कुरा उत्खनन गरे जसरी अभिव्यक्त गर्दा त्यो कुरा तपाईंको निजी धारणा हुन जानेछ ।

आखिर त सबै भनिएका कुरा हुन् । अनुकरणको पनि अनुकरण त्यही त हो नि । भनिन बाँकी नै यहाँ के छ र ? बाँकी भन्नु त समय अनुसार बदलिने दृष्टि मात्रै हो अर्थात् विचार मात्रै हो । त्यसो त त्यो विचार पनि नवोदित कहाँ हो र ? जुन पहिल्यै थियो । यथावत थियो, सनातन थियो । बस् त्यसलाई हेर्ने हाम्रो दृष्टि मात्र नयाँ हुने हो । जस्तो अहिले पर्यावरणको बारे निकै चर्चा हुन थालेको छ, लैङ्गिकताको उस्तै बहस हुन गरेको छ । अभिघातको त्यस्तै छ । जुन कुरा सृष्टिको आरम्भिक चरणमै थिए । तथापि आज आएर हामीले त्यसलाई हेर्ने दृष्टिकोण निर्माण गरेका मात्रै हौँ । विज्ञान प्रविधि पनि त्यस्तै कुरा हुन् । यहाँ कोही वैज्ञानिकले, आविष्कारकले सनातनदेखि चल्दै आएको– सृष्टिदेखि बाहिर गएर कुनै नौलो कुरा अन्वेषण गरेका छैनन् । उनीहरूले प्रकृतिलाई बुझ्ने, रहस्यलाई खोज्ने चेष्टा गरेका मात्र हुन् । न्यूटनले गुरुत्वाकर्ष शक्तिबारे ज्ञान राख्नु अघि पनि–त्यो शक्ति यथावत थियो नै । उनले गुरुत्वाकर्षण शक्ति निर्माण गरेका होइनन् । बरु गुरुत्वाकर्षण शक्ति पनि छ है भन्ने कुरा जानेका मात्र हुन् । हाम्रो नवीनता भनेको त्यही अज्ञात कुरा जान्नु मात्र हो । त्यसलाई हेर्ने दृष्टि तयार गर्नु मात्रै हो । जुन कुरालाई हेर्ने दृष्टि हामी तयार गर्दैछौँ–त्यो हेरिने कुरा हाम्रो आविष्कार होइन । बरु त्यसलाई बुझ्ने

प्रयास मात्रै हो ।

आजको विज्ञान प्रविधि जुन उत्कर्षमा पुगेको छ । आखिर त्यो त प्रकृतिकै पिठ्युमा टेकेर उठेको उपलब्धि न हो । होइन र ? यी सम्पूर्ण थोक प्रकृतिकै अनुकृति हुन् । प्रकृतिको अनुकरण गरी भौतिकतामा परिवर्तन ल्याएको सभ्यतामा हामी बाँचिरहेका छौँ । भौतिक विज्ञान जति नै उत्कर्षमा पुगोस् आखिर त्यसलाई टेको लगाउने धरातल भनेको त प्रकृति नै हो । जुन सदा अस्तित्वमा रहिरहने छ । उत्कर्षमा एक दिन विज्ञान ढल्ने निश्चित छ । तर प्रकृति कदापि ढल्ने छैन । प्रकृतिको स्वरूप फेरिएला तर अस्तित्वबाट विलीन हुने छैन ।

सन्दर्भ त साहित्यकै छ । लेखनमा अरूदेखि आफूलाई कसरी बेगल बनाउने विषयमा छ । त्यस दिन एक मित्रले भने, 'सधैँ एउटै कुरा कति लेख्नु ? नवीन विषय केही छैन । सप्पै लेखिएकै छन् । त्यसो हुँदा मैले यसपालि विदेशको घटनालाई लिएर एउटा उपन्यास तयार गर्दैछु ।' उनका कुरा सुनेर मलाई बडो उदेक लागेर आयो ।

नवीनता ल्याउनको लागि घटना नौलो हुनु पर्ने उनको बुझाइप्रति म सहमत भइनँ । कथावस्तुले आफ्नो सिर्जनालाई नयाँ बनाउने होइन । अघि नै भनिएको छ– नवीनता त विचारले ल्याउने कुरा हो । हामी आफैँले भोगेको जीवनलाई त हामीले विश्वसनीय बनाउन सकेका छैनौँ, कलापूर्ण बनाउन सकेका छैनौँ भने आफूले नभोगेको विदेशलाई लिएर कस्तो सिर्जना तयार होला ?

यसरी नूतनत्वको लागि हामी अहिले एकदम अन्योलमा छौँ । अपेक्षा छ हामी अरूदेखि भिन्न हुन चाहन्छौँ । तर भिन्न हुने नौलो विषयवस्तु नपाएर असमञ्जसमा छौँ । मित्र ! मेरो विचारमा तिमी त्यसरी कथावस्तुको लागि भौँतारिनु आवश्यक छैन । त्यसरी कदापि नभौँतारिनू । मेरो अनुरोध छ–तिमीले यस अघि जस्तो लेख्दै आयौ । हो तिनै घटना, पात्र अनि परिवेशलाई हेर्ने तिम्रो दृष्टि पृथक बनाएरत हेर ! त्यसपछि तिमीले आफ्नो लेखनमा चमत्कार ल्याउने छौँ । स्वतः तिम्रो सिर्जनामा पृथकता सिर्जिने निश्चित छ ।

प्रिय मित्र ! तिमीले यो कुरा बुझ्न आवश्यक छ–लेख्ने विषयको कहिल्यै अन्त छैन । लेखनको लागि आफूले नभोगेको, नदेखेको, पूर्ण ज्ञान नभएको विषय तिमी कदापि नटिप्नू । साँच्ची नै तिमी लेख्न चाहन्छौ भने तिमी आफैँले भोगेका, अनुभूति गरेका, जानेका, सुनेका विषयहरू असीमित छन्, अनन्त छन् । बस् त्यो अनन्ततालाई तिमीले देख्न सक्नु पर्छ । समय र परिस्थिति अनुसार त्यसलाई पर्गेल्ने दृष्टि फेर्नुपर्छ । अनि त सब थोक नवीन भएर आउने छ ।

यसै क्रममा भन्ने इच्छा हुन्छ । प्रकृतिको एउटा निमय छ । समय र परिस्थिति अनुसार आफूलाई समायोजन गर्न नसक्नेको–त्यसै क्षण अन्त्य निश्चित छ । कला साहित्यमा पनि त्यही कुरा लागू हुन्छ । युगानुकूल दृष्टि निर्माण गर्न नसक्नेको अन्त्य पनि नजिकै रहेको हुनेछ ।

साहित्यमा हामी कला लेख्ने गर्‍यौँ । विचार लेख्ने गर्‍यौँ । विचारको परिवर्तित रूप लेख्ने गर्‍यौँ अर्थात् समाजको परिवर्तनलाई लेख्यौँ । तब त हाम्रो लेखनको अन्त्य किमार्थ हुने छैन । विचार र कला यी दुवै समयानुकूल फेरिइरहन्छन् । एकपछि अर्को रूप लिएर आइरहन्छन् । नवीकरण भइरहन्छन् । यसरी साहित्यमा विचार अनि कलालाई लेखनको उद्देश्य बनाएपछि कथानक– आफैँ निर्माण हुन थाल्ने छ । आफैँ घटना परिघटना अनि पात्र र परिस्थितिहरू बन्दै जाने छन् । यसरी विचारले आफू बस्ने घर आफैँ बनाउने छ ।

त्यसो हुँदा कला साहित्यमा–समाजलाई हेर्ने, समयलाई हेर्ने, परिस्थितिलाई हेर्ने युगानुकूल दृष्टि छनोट गर्‍यौँ । दृश्य नवीन भए पनि त्यसलाई हेर्ने आँखामा नूतनत्व छैन भने, कलापूर्ण दृष्टि छैन भने दृश्यको नवीनताले कुनै अर्थ राख्ने छैन ।

सम्पूर्ण कला साहित्य-प्रेमीमा हार्दिक निमन्त्रणा छ । विचारको क्रान्तिमा सम्मिलित हुनको लागि निमन्त्रणा छ । विचार बदलौँ साहित्य आफैँ बदलिन्छ भन्ने चेतनाको आह्वानमा–आउनुस् हामी सबै एक भएर मनन गरौं । साहित्य साधनामा सचेत भएर लागौं । लेख्नकै लागि मात्र लेख्ने नगरौँ ।

भन्नु त अब केही पनि थिएन । तैपनि बोल्न मन भइरहन्छ । अन्त्यमा बाँकी एउटै कुरा छ–जब साहित्यमा हामी घटना लेख्न बस्छौँ, त्यस क्षण तिनै कुराको पुनरावृत्ति मात्रै हुनेछ । त्यसै क्षण हाम्रो लेखनको अन्त्य पनि हुनेछ । केवल अन्त्य ... ! विचारले मात्रै आफूलाई अरू भन्दा बेग्लै, अरू भन्दा नयाँ बनाउन सक्छ । किनकि प्रत्येक मानिसका आआफ्नै दृष्टि हुन्छन्, आफ्नै धारणा । त्यही धारणा नै तपाईंको पृथकता हुने छ, तपाईंको चिनारी बन्ने छ, तपाईंको आफ्नो निजता हुने छ । कला साहित्यमा त्यही निजतालाई लेख्ने गर्नूस् ... !

ADBL
NRN खाता

विदेशी मुद्राको खाता

# NRN Saving Account
# NRN Fixed Deposit Account



- गैह्र आवासीय नेपालीले खोल्न मिल्ने ।
- विदेशी पर्यटकले खोल्न मिल्ने ।
- विदेशबाट फर्केका नेपालीहरुको लागि मात्र ।
- विदेशी मुद्राको आयश्रोत भएका स्वदेशी नागरिकले खोल्न मिल्ने ।
- स्वदेश तथा विदेशबाट खोल्न मिल्ने ।

कमाई विदेशमा
बचत नेपालमा

* शर्तहरु लागु हुनेछन् ।

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA




Agricultural Development Bank Ltd.

कृषि विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक SWIFT: ADBLNPKA